अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा

आधारभूत तह (कक्षा ६,७ र ८) का सिकारुहरुका लागि

स्वाध्ययन सामग्री

# सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा

सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा





नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा
आधारभूत तह (कक्षा ६,७ र ८) का सिकारुहरूका लागि

स्वाध्ययन सामग्री

# सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा

**लेखक**
सञ्जय ज्ञवाली
सूर्यबहादुर गुरुङ

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी,भक्तपुर
२०७७

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७७

# भूमिका

विभिन्न कारणले उपयुक्त उमेरमा विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नपाएका १५ वर्षदेखि माथिको उमेर समूहका सिकारुहरूलाई लक्षित गरी सिकारुहरूकै अनुकुल समयमा वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने अभिप्रायले अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा ल्याइएको छ । सिकारुहरूको सिकाइ क्षेत्रलाई केन्द्रबिन्दुमा राखी उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्नेगरी पाठ्यक्रम विकास केन्द्रबाट विकास हुने पाठ्यपुस्तकहरूको सहयोगी वैकल्पिक सामग्रीको रूपमा अझ सरलीकृत हुनेगरी अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा आधारभूत तह (कक्षा ६, ७ र ८) का सिकारुहरूका लागि स्वाध्ययन सामग्री विकास गरिएको छ ।

विषयवस्तुहरूलाई प्रौढमैत्री तथा सिकारु केन्द्रित क्रियाकलापमा सहभागी गराएर शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । शिक्षण सिकाइका क्रममा सहजकर्ताले सिकारुहरूको अनुभवलाई सङ्गठित गर्दै शिक्षण सहजीकरण गर्नुपर्ने हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै पाठ्यपुस्तकलाई क्रियाकलापमुखी र प्रौढमैत्री बनाउने प्रयास गरिएको छ ।

यस सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको पुस्तक लेखनकार्य गर्नुहुने लेखकद्वय श्री सन्जय ज्ञवाली र श्री सूर्यबहादुर गुरुङलाई धन्यवाद दिन चाहन्छु । पुस्तक लेखनका क्रममा समय समयमा सल्लाह र सुझाव प्रदान गर्नुहुने यस केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी र लेखन कार्यको संयोजन गर्नुहुने पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री राजकुमार थापा, शाखा अधिकृत श्री भीमादेवी कोइरालालाई धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकको भाषा सम्पादन गर्नुहुने पाठ्यक्रम विकास केन्द्रका निर्देशक श्री गणेशप्रसाद भट्टराई, विषयवस्तु सम्पादन गर्नुहुने शाखा अधिकृत श्री भीमादेवी कोइराला, चित्र तथा लेआउट डिजाइन र कभरपेज डिजाइन गर्नुहुने श्री जयराम कुइँकेल प्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस पुस्तकलाई थप परिमार्जित र परिष्कृत बनाउन सम्बन्धित पाठक तथा सरोकारवालाहरूबाट सदैव रचनात्मक सुझाव तथा प्रतिक्रियाको अपेक्षा समेत गर्दछु ।

डा. तुलसीप्रसाद थपलिया
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| पाठ | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ एक | हामी, हाम्रो समुदाय र राष्ट्र | १ |
| पाठ १ : | विकास | २ |
| पाठ २ : | सङ्घीय राज्यको अवधारणा | ५ |
| पाठ ३ : | विकासका पूर्वाधारको रूपमा खानेपानी, ऊर्जा र जनशक्ति | ९ |
| पाठ ४ : | जनशक्ति | १२ |
| पाठ ५ : | हाम्रो देशमा भएका विकासका प्रमुख कार्यहरू | १६ |
| एकाइ दुई | हाम्रो सामाजिक मूल्य र मान्यता | १९ |
| पाठ १ : | नेपालका सामाजिक परम्परा र प्रचलन | २० |
| पाठ २ : | नेपालमा सामाजिक तथा धार्मिक प्रचलन | २३ |
| पाठ ३ : | सामजिक सद्भाव | २७ |
| पाठ ४ : | राष्ट्रिय सम्पदाहरू | ३० |
| पाठ ५ : | अन्तर्राष्ट्रिय व्यक्तित्वहरू | ३३ |
| एकाइ तीन | सामाजिक समस्या र समाधान | ३६ |
| पाठ १ : | सामाजिक समस्याहरू | ३७ |
| पाठ २ : | सामाजिक समस्या: भ्रष्टाचार | ४१ |
| पाठ ३ : | द्वन्द्व र त्यसको व्यवस्थापन | ४३ |
| पाठ ४ : | शान्ति र यसको आवश्यकता | ४६ |
| पाठ ५ : | दिगो विकास | ४८ |
| पाठ ६ : | सुशासन | ५० |
| पाठ ७ : | अन्तराष्ट्रिय सङ्घ सङ्घसंस्थाहरू | ५२ |

| | | |
|---|---|---|
| एकाइ चार | नागरिक चेतना | ५४ |
| पाठ १ : | सामाजिक नियम | ५५ |
| पाठ २ : | मानव अधिकार | ५७ |
| पाठ ३ : | महिला अधिकार | ६१ |
| पाठ ४ : | समावेशीकरण | ६३ |
| पाठ ५ : | संविधानका विशेषताहरू | ६७ |
| पाठ ६ : | व्यवस्थापिका | ७० |
| पाठ ७ : | कार्यपालिका | ७४ |
| पाठ ८ : | न्यायपालिका | ७७ |
| पाठ ९ : | नागरिकको भूमिका | ८० |
| एकाइ पाँच | हाम्रो पृथ्वी | ८३ |
| पाठ १ : | ऋतु परिवर्तन | ८४ |
| पाठ २ : | मौसम र हावापानी | ८८ |
| पाठ ३ : | पृथ्वीको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू | ९२ |
| पाठ ४ : | जलवायु परिवर्तन | ९५ |
| पाठ ५ : | अक्षांश र देशान्तरको प्रभाव | ९९ |
| पाठ ६ : | नेपालका जिल्ला र प्रदेशहरू | १०४ |
| पाठ ७ : | नेपालको नक्सा उतार्ने तरिका | १०७ |
| पाठ ८ : | विपत् व्यवस्थापन | १११ |
| पाठ ९ : | अफ्रिका महादेश | ११७ |
| पाठ १० : | उत्तर अमेरिका | १२० |
| पाठ ११ : | दक्षिण अमेरिका | १२३ |

| | | |
|---|---|---|
| एकाइ छ | हाम्रो विगत | १२६ |
| पाठ १ : | नेपाल एकीकरण अभियानमा जनताको सहभागिता | १२७ |
| पाठ २ : | नेपाल एकीकरणको अभियान | १३० |
| पाठ ३ : | सुगौली सन्धिपछिको राजनीतिक घटना क्रम | १३४ |
| पाठ ४ : | राणकालीन राजनीतिक क्रियाकलाप | १३६ |
| पाठ ५ : | राणाकालीन आर्थिक तथा सामाजिक उपलब्धिहरू | १३९ |
| पाठ ६ : | २००७ साल पछिको प्रमुख घटनाक्रम र उपलब्धि | १४१ |
| पाठ ७ : | ग्रिस र रोमको सभ्यता | १४४ |
| पाठ ८ : | पुनर्जागरण | १४७ |
| एकाइ सात | हाम्रो आर्थिक क्रियाकलाप | १५० |
| पाठ १ : | पर्यटन उद्योग | १५१ |
| पाठ २ : | नेपालको वैदेशिक व्यापार | १५६ |
| पाठ ३ : | सहकारिता | १६१ |
| पाठ ४ : | मुद्रा | १६४ |
| पाठ ५ : | बैङ्क | १६७ |
| पाठ ६ : | वस्तुको मूल्य निर्धारण | १७१ |
| पाठ ७ : | पुँजी निर्माण | १७४ |
| पाठ ८ : | रोजगारी | १७८ |
| एकाइ आठ | हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १८१ |
| पाठ १ : | हाम्रा मित्रराष्ट्रहरू | १८२ |
| पाठ २ : | संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू | १८५ |
| पाठ ३ : | संयुक्त राष्ट्रसङ्घ र नेपाल | १८९ |
| पाठ ४ : | कुटनीतिक नियोग | १९२ |

| | | |
|---|---|---|
| एकाइ नौ | जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था | १९६ |
| पाठ १ : | जनसाङ्ख्यिकीको अवधारणा | १९७ |
| पाठ २ : | जनसाङ्ख्यिक परिवर्तनका निर्धारकहरू | २०१ |
| पाठ ३ : | जनसाङ्ख्यिक मापन | २०३ |
| पाठ ४ : | मृत्युदरको मापन | २०७ |
| पाठ ५ : | बसाइँसराइ दरको मापन | २१० |
| पाठ ६ : | नेपालको जनसङ्ख्याको बनोट | २१४ |
| पाठ ७ : | नेपालमा जनसङ्ख्याको वितरण | २१९ |
| पाठ ८ : | नेपालमा बसाइँसराइ | २२२ |
| एकाइ दश | जनसङ्ख्या वृद्धि र व्यवस्थापन | २२५ |
| पाठ १ : | जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवन | २२६ |
| पाठ २ : | जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरू | २२९ |
| पाठ ३ : | नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू | २३१ |
| पाठ ४ : | जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका | २३५ |
| पाठ ५ : | विश्वमा जनसङ्ख्याको आकार र वृद्धिदर | २३९ |

**एकाइ एक**

# हामी, हाम्रो समुदाय र राष्ट्र



राष्ट्रको विकासका लागि समुदायको विकासलाई प्रमुख आधारको रूपमा लिइन्छ । समुदायमा हुने सकारात्मक र प्रगतितर्फ उन्मुख परिवर्तन नै समुदायको विकास हो । व्यक्ति, समुदाय र राष्ट्रका हरेक पक्ष परिवर्तनशील हुन्छन् । विकास मानव समुदायका लागि हुने भएकाले विकासका पूर्वाधारहरू र शासकीय स्वरूपसम्बन्धी विषयहरूमा आवश्यक ज्ञान तथा सिप प्रत्येक व्यक्तिमा हुनुपर्दछ। यस सन्दर्भमा विकासको अवधारणा, विकासका पूर्वाधार र शासकीय स्वरूपसम्बन्धी विषयवस्तु सङ्घीय राज्य र प्रदेश, विकास, खानेपानी, ऊर्जा, जनशक्ति र नेपालमा विकास आयोजनासम्बन्धी विषयवस्तु यस एकाइमा समावेश गरिएको छ ।

**सिकाइ उपलब्धि**

- सङ्घीय राज्यको अवधारणा व्यक्त गर्न
- विकासको अवधारणा बताई विकासका पूर्वाधारका रूपमा रहेका खानेपानी, ऊर्जा तथा जनशक्तिको परिचय दिन र विकासको अवस्था वर्णन गर्न
- हाम्रो देशमा भएका मुख्य विकास कार्यहरूको खोजी गरी विकासको वर्तमान अवस्था पत्ता लगाउन

# पाठ १ : विकास

मानिसको जीवनमा प्रत्यक्ष रूपमा देखिने वा अनुभव गरिने सबै प्रकारका सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । विकास निरन्तर चलिरहने प्रक्रिया हो । विकासका लागि स्रोत र साधनहरूको आवश्यकता पर्दछ । प्राकृतिक स्रोत साधन र मानव संसाधन यसका आधारभूत तत्त्वहरू हुन् । यिनीहरूकै आधारमा विकासको ढिलो वा द्रुत हुने निर्भर गर्दछ । विकास हुँदा मानव जीवन सहज हुने र नहुँदा गरिबी देखा पर्दछ । यसले जनताको आवश्यकता परिपूर्ति र पहुँचमा प्रभाव पर्दछ । हाम्रोगाउँ समुदायमा देखा पर्ने सकारात्मक परिवर्तनले विकासलाई जनाउँछ । हालको अवस्थाबाट अझ राम्रो अवस्थातर्फ उन्मुख हुनु नै विकास हो ।

विकासका लागि प्राकृतिक, मानवीय र आर्थिक स्रोतको आवश्यकता पर्दछ । प्राकृतिक स्रोतमा खनिज देशमा विद्यमान रहेको पानी, खनिज पदार्थ, वनजङ्गल, हिमाल, पहाड, हावा आदि । यसै गरी मानवीय स्रोतमा दक्ष जनशक्ति, श्रम, सिप र बौद्धिक क्षमता आदि पर्दछन् । आर्थिक स्रोत साधनमा पुँजी, मुद्रा र वित्तीय व्यवस्था रहन्छन् । देश विकासको मुख्य आधार आर्थिक क्रियाकलाप हो ।

## गाउँ समुदायमा विकासका लागि गर्नुपर्ने कार्यहरू

कुनै पनि गाउँ समुदायको विकासका लागिस्रोत र साधनको आवश्यकता पर्दछ । हाम्रोगाउँ समुदायमा रहेका प्राकृतिक स्रोत साधनको उचित परिचालन गर्न सक्नुपर्दछ । गाउँको प्रमुख आवश्यकता के हो ? सोको यकिन गरी योजनाबद्धरूपमा शिक्षाका लागि विद्यालय, स्वास्थ्य उपचारका लागि अस्पताल, विद्युत्, खानेपानी, मोटरबाटोको विकास गरेमा गाउँ समुदायको विकास हुन्छ ।


## नेपालमा विकासका सम्भावनाहरू

नेपाल प्राकृतिक स्रोत साधनले भरिपूर्ण देश हो । यहाँ भौगोलिकरूपमा विविधता रहेको छ । पर्याप्त मात्रामा वनजङ्गल, नदीनाला र मनमोहक र सुन्दर स्थलहरू रहेकाछन्। पर्यटकीय दृष्टिकोणले नेपाल विश्वकै एक आकर्षक मुलुकको रूपमा रहेको छ । विद्युत् उत्पादनका लागि नेपाल अपार जलस्रोत भएको देशको रूपमा परिचित छ । यसरी नेपाल

विभिन्न क्षेत्रमा साधन स्रोतले भरिपूर्ण भएकाले नेपालमा विकासका सम्भावनाहरू पर्याप्ततामा रहेको छ ।









**नेपाललाई विकसित बनाउने उपायहरू**

नेपालमा रहेको विद्यमान प्राकृतिक स्रोत साधनको उचित परिचालन गर्नुपर्दछ । यहाँको मानवीय जनशक्तिको उच्चतम परिचालन गर्नुपर्दछ । देशमा सुशासन कायम गरिनुपर्दछ । सबै नागरिकहरूले देशको माया गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण र संवर्धन गर्ने बानीको विकास हुनुपर्दछ । उद्योगहरूको स्थापना र सञ्चालन गर्ने, पर्यटकहरूलाई आकर्षित गर्नका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्नुपर्दछ । कृषि, विद्युत्, खानेपानी, यातायात शिक्षा र स्वास्थ्य क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी जनतालाई सहजरूपमा सेवा सुविधा प्राप्त गर्ने अवसर प्रदान गरिनुपर्दछ । विकासका कार्यहरूमा जन सहभागितामा जोड दिनुपर्दछ । यसैगरी स्वदेशी पुँजी परिचालन र विदेशी आर्थिक स्रोत जुटाएर पूर्वाधारहरूको विकास गर्नुपर्दछ । समाजमा शान्ति र स्थिरता कायम गर्दै सभ्य, शिक्षित र सुसंस्कृत समाजको निर्माण गरी नेपालको विकास गर्न सकिन्छ ।

### क्रियाकलाप

१.तपाईंको गाउँ समुदायको विकासका लागि के कस्ता कार्यहरू गर्नुपर्ला ?लेख्नुहोस् ।

२. नेपाललाई विकसित बनाउने उपायहरू साथीहरूसँग छलफल गरी टिपोट गर्नुहोस् ।

## अभ्यास

१. विकास भनेको के हो ?

२. नेपालमा विकासका सम्भावनाहरू चार बुँदामा लेख्नुहोस् ।

३. विकासको महत्त्व उल्लेख गर्नुहोस् ।

# पाठ २ : सङ्घीय राज्यको अवधारणा


## परिचय

नेपालको विकासका लागि आदिमकालदेखि विभिन्न प्रयासहरू हुँदै आएकाछन् । विभिन्न समयमा भिन्न खालका शासन् व्यवस्थाहरू सञ्चालनमा आए । राणाशासन् र पञ्चायती व्यवस्थामा विकासको गति ढिलो रह्यो । यसले गर्दा जनताको आकाङ्क्षाअनुरूप विकास हुन नसकेकाले शासन् व्यवस्थामा पनि नयाँ अभ्यासहरू भए । नेपाललाई १४ अञ्चल, ७५ जिल्लामा विभाजन गरी विकास कार्यलाई अघि बढाउने प्रयास गरियो । यसबाट देशको समानुपातिक विकास हुन सकेन । यसै गरी क्षेत्रीय विकासको अवधारणाअनुसार पाँच विकास क्षेत्रमा विभाजन गरेर विकासका कार्य अघि बढाइयो । यस कार्यबाट पनि सोचे जस्तो परिणाम प्राप्त हुन सकेन । जनतामा असन्तुष्टिहरू देखा पर्न थाले । त्यसपछि बहुदलीय प्रजातान्त्रिक संसदीय शासन् व्यवस्था सुरु भयो नेपालको अन्तरिम संविधान २०६३ ले सङ्घीय शासनको अवधारण समावेश भएको हो ।

सिङ्गो एक राष्ट्रलाई विभिन्न प्रान्त वा राज्यमा विभाजन गरी आफ्नो राज्य सञ्चालनमा सरकार निर्माण गर्नेदेखि अन्य विविध अधिकारहरू प्रत्यायोजन गरी सञ्चालन गरिने विकेन्द्रित  शासन् प्रणालीलाई सङ्घीयता भनिन्छ । यस व्यवस्थामा शक्ति विकेन्द्रित भई तल्लो तहसम्म पुग्दछ । स्थानीय नेतृत्वको विकासको अवसर रहन्छ । लोकतन्त्रको अभ्यास पूर्ण रूपमा हुन्छ । सरकार र जनताको सम्बन्ध नजिक हुन्छ र विविधतालाई समेट्न सकिन्छ ।

हाल विश्वमा सङ्घीय शासन् व्यवस्था भएका मुलुकहरूको अभ्यासलाई हेर्दा सिङ्गो एक राष्ट्रलाई  विभिन्न राज्य वा प्रदेशमा विभाजन गरी शासन् पद्धति सञ्चालन गरिएको हुन्छ । केन्द्रीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकारमार्फत शासकीय व्यवस्था सञ्चालन गरिएको हुन्छ ।

## नेपालमा सङ्घीय शासन् व्यवस्था




वि.सं.२०७२ असोज ३ गते संविधान सभाबाट जारी भएको नेपालको संविधानमा सङ्घीय शासन् प्रणालीको व्यवस्था गरियो । यसरी नेपाल एकात्मक राज्य प्रणालीबाट सङ्घीय राज्य प्रणालीमा रूपान्तरण भएको छ । जनतालाई अधिकारसम्पन्न तुल्याएर स्वस्फूर्त विकासलाई अघि बढाउन सङ्घीय संरचना अपनाइएको हो । सङ्घीय प्रणालीअनुसार राज्यलाई विभिन्न प्रान्तमा विभाजन गरी राज्यको सञ्चालन र विकास गर्ने कार्य तीन तहमा हुने व्यवस्था गरिएको छ । देशलाईस्थानीय स्तरबाटै सक्षम, आत्मनिर्भर बनाई समानुपातिक, न्योचित र सन्तुलित ढङ्गबाट विकासलगायतका कार्य सञ्चालन गर्न सङ्घीय प्रदेशको अवधारणा आएको हो। केन्द्रमा सङ्घीय सरकार रहेको हुन्छ। प्रदेशहरूमा प्रादेशिक सरकार र स्थानीय स्तरमा स्थानीय सरकार रहन्छन् । यी तीनओटै तहबिचमा शक्ति र अधिकारको बाँडफाँडको व्यवस्था संविधानमा गरिएको छ । यसका लागि नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । प्रादेशिक क्षेत्रको महत्त्व निम्नानुसार रहेको छ :

- देशको  सबै स्थानमा समानुपातिक विकास गर्नु
- प्रादेशिक सन्तुलन कायम गर्नु
- ऐतिहासिक, भाषिक तथा सांस्कृतिक धरोहरहरूको पहिचान, संरक्षण र प्रवर्धन गर्नु
- शुसासन् कायम गरी जनतालाई सेवा र सुविधा सहज र सरलरूपमा उपलब्ध गराउनु

## प्रदेश र प्रदेशअन्तर्गत पर्ने जिल्लाहरू

| प्रदेश | प्रदेशमा पर्ने जिल्लाहरू |
|---|---|
| प्रदेश १ | १. ताप्लेजुङ, २. पाँचथर ३. इलाम ४. सङ्खुवासभा, ५. तेरथुम ६. धनकुटा ७. भोजपुर ८. खोटाङ ९. सोलुखुम्बु १०. ओखलढुङ्गा ११. उदयपुर १२. झापा १३. मोरङ १४. सुनसरी |
| प्रदेश २ | १. सप्तरी २. सिराहा ३. धनुषा ४. महोत्तरी ५. सर्लाही ६.रौतहट ७. बारा ८. पर्सा |
| बाग्मती | १. दोलखा २. रामेछाप ३. सिन्धुली ४. काभ्रेपलाञ्चोक ५. सिन्धुपाल्चोक ६. रसुवा ७. नुवाकोट ८. धादिङ ९. चितवन १०. मकवानपुर ११. भक्तपुर १२. ललितपुर १३. काठमाडौँ |
| गण्डकी | १. गोरखा २. लमजुङ ३. तनहुँ ४. कास्की ५. मनाङ ६. मुस्ताङ ७. पर्वत ८. स्याङ्जा ९. म्याग्दी १०. बाग्लुङ ११. नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| प्रदेश ५ | १. नवलपरासी (बर्दघाट सुस्तापश्चिम) २. रूपन्देही ३. कपिलवस्तु ४. पाल्पा ५. अर्घाखाँची ६. गुल्मी ७. रुकुम (पुर्बी भाग) ८. रोल्पा ९. प्युठान १०. दाङ ११. बाँके १२. बर्दिया |
| कर्णाली | १. रुकुम (पश्चिम भाग) २. सल्यान ३. डोल्पा ४. जुम्ला ५. मुगु ६. हुम्ला ७. कालिकोट ८. जाजरकोट ९. दैलेख १०. सुर्खेत |
| सुदूरपश्चिम | १. बाजुरा २. बझाङ ३. डोटी ४. अछाम ५. दार्चुला ६. बैतडी ७. डडेल्धुरा ८. कञ्चनपुर ९. कैलाली |

## सङ्घ, प्रदेश  र स्थानीय तहका सरकारले गर्ने कार्यहरू

| सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| • देशको सिमा सुरक्षा<br>• वैदेशिक मामिला<br>• सेना परिचालन<br>• मुद्रा<br>• देशका प्रमुख आयोजनाहरू सञ्चालन गर्ने | • दैनिक प्रशासन सञ्चालन<br>• विकासका लागि नीति तथा कार्यक्रमहरू विकास र कार्यान्वयन गर्ने | • योजना तर्जुमा गर्ने<br>• स्थानीय विकासका कार्यहरू<br>• जनतालाई सेवा र सुविधा सहज र सरलरूपमा उपलब्ध गराउने |

**क्रियाकलाप**

१. नेपालको नक्सालाई सात प्रदेशमा विभाजन गर्नुहोस् र रङ भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँ कुन प्रदेशमा बस्नुहुन्छ? नक्सामा आफू बस्ने प्रदेश र जिल्ला देखाउनुहोस् ।

## अभ्यास

१. सङ्घीयताको परिचय दिनुहोस् ।

२. सङ्घीयताको महत्त्व उल्लेख गर्नुहोस् ।

३. सङ्घीय र प्रादेशिक सरकारको तीनतीनओटा कार्यहरूलेख्नुहोस् ।

# पाठ ३ : विकासका पूर्वाधारको रूपमा खानेपानी, ऊर्जा र जनशक्ति

## खानेपानी

नेपालमा खानेपानीको सुविधा जनसङ्ख्याको बढी चाप भएको सहरी इलाका र ग्रामीण बस्तीमा पर्याप्त मात्रामा पुगेको देखिँदैन। नेपालको शतप्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानीको सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ। ऊर्जाले आर्थिक समृद्धिमा बल पुऱ्याउँछ। विकासका पूर्वाधारमध्ये खानेपानी एक महत्त्वपूर्ण पूर्वाधार हो। शुद्ध र स्वच्छ खानेपानी पाएमा मात्र जनताहरू स्वस्थ भई धेरै उत्पादन गर्न सक्छन् र देश सम्पन्न हुन्छ।

नेपाल जलस्रोतको भण्डार हो। कोसी, कर्णाली, गण्डकी, महाकालीलगायतका नदीहरूबाट शुद्ध र कञ्चन जल प्रवाहित भइरहेको छ। बादललाई समुद्रबाट उडाएर हामी माथिको आकाशसम्म ल्याई वर्षा गराउन मदत गर्ने वायुलाई हामी देवता मान्छौँ। साथै पानीको भण्डारका रूपमा रहेका समुद्र देवलाई पनि मान्दै आएका छौँ। त्यहाँ दिसापिसाब गर्ने र फोहोर फाल्ने कार्य गर्नु हुँदैन भन्ने धार्मिक एवम् सांस्कृतिक मान्यता रहेको छ।

खानेपानी सेवाले मानव जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ। त्यसै कारणले पनि नेपालको संविधानले खानेपानीलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। यसै गरी दिगो विकासको लक्ष्यको रूपमा निर्धारण गरिएको छ। नेपालमा हाल ८८ प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको खानेपानी सुविधा रहेको छ।

नेपाल जलस्रोतको धनी देश भएर पनि खानेपानीको समस्या रहेको देखिन्छ। एक गाग्री पानी लिनका लागि घन्टौँ लाग्ने बस्तीहरू अझै बाँकी रहेका छन्। सरकारी र सामुदायिक स्तरबाट यो समस्या हल गर्न पाइपको पानी घर र बस्तीसम्म पुऱ्याउने कार्य भइरहेको छ। तराई र भित्री मधेसमा पानीको मुख्य स्रोत भूमिगत जल हो। यहाँ इनार र ट्युबवेलबाट भूमिगत जल निकाली प्रयोग गरिन्छ। त्यहाँका कतिपय इनार र ट्युबवेलको पानीमा आर्सेनिक नामक हानिकारक रासायनिक पदार्थ पाइएकाले खानका लागि अयोग्य छ।

**खानेपानीको प्रयोग गर्दा  ध्यान दिनुपर्ने पक्ष**

- धारा प्रयोग गरिसकेपछि बन्द गर्नुपर्ने
- धारामा टुटी राख्नुपर्ने
- खानेपानीलाई सिँचाइमा प्रयोग नगर्ने
- लुगा धुन र सरसफाइमा आकाशे पानीको प्रयोग गर्ने
- पानी सिधै नखाने । छानेर, औषधी राखेर, सोडिस गरेर वा उमालेर मात्र खाने
- पानी राख्ने भाँडा, पानी थाप्ने स्थान र पानी पिउने भाँडा र हात सफा गरेर मात्र प्रयोग गर्ने
- पानीको मुहान वरपर फोहोर नगर्ने
- अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई  सहज हुने स्थान र उचाइमा धारा राख्ने

## ऊर्जा

ऊर्जाले हाम्रो सरल र व्यवस्थित बनाउने कार्य गर्दछ । ऊर्जा देशको आर्थिक विकास र वृद्धिको आधार हो । पृथ्वीको निम्ति ऊर्जाको सबैभन्दा ठुलो  स्रोत सूर्य हो । सूर्यबाट हामीले ताप र प्रकाश प्राप्त गर्दछौँ । यसै ऊर्जाका कारण यस पृथ्वीमा प्राणी र वनस्पति अस्तिवमा रहेका छन् । यदि सूर्यबाट ऊर्जा प्राप्त नगर्ने हो भने यो पृथ्वी अत्यन्त चिसो हिउँको ठल्लो मात्र हुन्थ्यो होला । आधुनिक युगमा यातायातका साधन र कलकारखाना चलाउन कोइला, खनिज तेल र ग्यासको खोजी गरियो । पछि विद्युत्को आविष्कार भयो र विद्युतीय उपकरणहरूको व्यापक विकास गरियो । दैनिक घरायसी प्रयोगदेखि कलकारखाना र यातायातका साधन सञ्चालनमा समेत विद्युत्को प्रयोग दिन प्रतिदिन बढिरहेको छ ।

## ऊर्जाका स्रोतहरू

- पानी
- प्राकृतिक ग्याँस
- सौर्य शक्ति
- वायोग्यास
- कोइला
- वायुशक्ति
- दाउरा
- पेट्रोलियम पर्दाथ
- आणविक भट्टी

## ऊर्जाको महत्त्व

ऊर्जाका महत्त्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

- घरायसी काममा उपयोग
- दाउरा
- कार्यालय सञ्चालनमा सहयोग
- अस्पतालमा विभिन्न  उपचारका औजारहरू चलाउन
- उद्योग सञ्चालन गरी राष्ट्रको आर्थिक स्तर वृद्धि गर्न
- विभिन्न सञ्चारका साधनहरू प्रसारण, प्रकाशन गरी सूचनाको हक प्रदान गर्न
- व्यक्तिगत जीवनलाई सरल, सहज र सुखी बनाउन

नेपालमा ऊर्जाका स्रोतहरूमा सौर्य ऊर्जा, वायु ऊर्जा, जल विद्युत्, बायो ग्याँस र खनिज तेल तथा ग्यास रहेकाछन् । नेपालमा ऊर्जाको  ठुलो सम्भावना  रहेको छ । नेपालमाअटुट रूपमा बग्ने  नदीहरू प्रशस्त भएकाले आर्थिक  तथा प्राविधिकरूपमा पनि विद्युत् उत्पादन गर्ने सम्भावना रहेको अवस्था छ । हालसम्म  करिब एक हजार मेघाावाट विद्युत् उत्पादन विद्युत्को बढी उपयोगमा सहरी क्षेत्रमा छ भने गाउँ समुदायमा भरपर्दो ऊर्जाको उत्पादनको पहुँच पुऱ्याउन सकिएको छैन ।

ऊर्जा विकासको पूर्वाधार हो । ऊर्जा नभएमा हाम्रो दैनिक घरायसी कामकाजलगायत हरेक क्षेत्रमा समस्या उत्पन्न हुन्छ । विद्युत्को अभावमा सञ्चारका कुनै पनि साधनहरू

सञ्चालन गर्न सकिँदैन । कलकारखानाहरू बन्द हुन्छन् । शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका हरेक क्षेत्रमा त्यसको प्रत्यक्ष असर पर्ने हुनाले राष्ट्र विकासमा ऊर्जाको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले ऊर्जाको उत्पादन, मितव्ययी ढङ्गबाट प्रयोग र सदुपयोग गर्न सके राष्ट्रको विकासमा मदत पुग्ने छ ।

ऊर्जाको बचतका एक जिम्मेवार नागरिकले ध्यान दिनुपर्दछ :

- घरमा कम विद्युत् उपयोग गर्ने उपकरणहरूको प्रयोग गर्ने
- विद्युत् कम चाहिने सिएफएल चिम वा लिड बत्तीको प्रयोग गर्ने
- कोठामा सेतो वा पहेँलो रङको प्रयोग गर्ने
- सुधारिएको चुलो प्रयोग गर्ने
- ग्याँस प्रयोग गर्दा ज्याल खोल्ने र प्रयोग गरिसकेपछि रेगुलेटर बन्द गर्ने
- गुइँठा बाल्नुभन्दा गोबर ग्याँसको प्रयोग गर्ने

## क्रियाकलाप

१. गाउँ समुदायमा खानेपानीको स्रोतहरू के के हुन सक्छन्?लेख्नुहोस् ।

२. तपाईंको घर वा समुदाय दैनिक जीवनमा कुन कुन स्रोतबाट ऊर्जाको प्रयोग गर्ने गरिन्छ ? तीमध्ये कुन कुन कार्यमा विद्युत्को प्रयोग भएको छ ? सूची तयार गर्नुहोस् ।

३. दैनिक जीवनमा प्रयोग हुने ऊर्जा बचतका लागि एक जिम्मेवार नागरिकको भूमिका उल्लेख गर्नुहोस् ।

४. आफ्नो टोलमा खानेपानीको वर्तमान अवस्थाबारे सोध्नेजस्तै खानेपानी स्वच्छ छ कि छैन ? पानीको आपूर्ति नियमित छ कि छैन ?

## अभ्यास

१. खानेपानीको महत्त्व लेख्नुहोस् ।


२. ऊर्जा भनेको के हो ? यसका स्रोतहरू उल्लेख गर्नुहोस् ।

# पाठ ४ : जनशक्ति

विकास निरन्तर चलिरहने प्रक्रिया हो । विकासका लागि विभिन्न क्षेत्रमा पूर्वाधारहरूको आवश्यकता पर्दछ। जनशक्ति विकासका लागि अति महत्त्वपूर्ण साधन हो। देशको आर्थिक र सामाजिक विकासका लागि जनशक्तिको आवश्यकता पर्दछ । शिक्षा, ज्ञान, सिप र अनुभव प्राप्त, शारीरिक रूपमा स्वस्थ र मानसिक रूपमा सचेत एवम् विवेकशील सक्रिय जनसङ्ख्यालाई मानव संशाधन वा जनशक्ति भनिन्छ। यसै गरी यस्तो जनसङ्ख्यालाई मानव पुँजी पनि भनिन्छ । देशको विकासका लागि सबै विभिन्न खालको जनशक्तिको आवश्यकता पर्दछ ।

जनशक्ति दक्षताको आधारमा अदक्ष, अर्धदक्ष र दक्ष तीन किसिमबाट वर्गीकरण गरिएको हुन्छ । सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरी तालिम पनि लिएको जनशक्तिलाई दक्ष जनशक्ति भनिन्छ। तालिम नलिई सम्बन्धित विषयमा सिप र अनुभव हासिल गरेको जनशक्तिलाई अर्ध दक्ष जनशक्ति भनिन्छ। सम्बन्धित काममा तालिम र अनुभव हासिल नगरेको जनशक्तिलाई अदक्ष जनशक्ति भनिन्छ। जनशक्ति मात्र भएर पनि देशको विकास हुने होइन । यसका लागि देशमा स्रोत र साधनको उपलब्धता आवश्यक हुन्छ । स्रोत साधनको उचित परिचालनबाट मात्रै देशको विकास गर्न सकिन्छ।

हाम्रो समुदायमा विभिन्न प्रकारका जनशक्ति क्रियाशील रहेका छन् । ती जनशक्तिले देशमा उपलब्ध प्राकृतिक र आर्थिक स्रोत साधनको परिचालन गरेपछि मात्र देशको विकास हुन्छ । निष्क्रिय रहेको साधनलाई सक्रिय बनाउने कार्य जनशक्तिले गर्दछन् । दक्ष जनशक्तिको अभावमा एकातिर देशमा उपलब्ध स्रोत साधनहरू खेर गइरहेका हुन्छन् भने अर्कातिर जनताको आवश्यकता पूरा हुन सकेको हुँदैन । त्यसैले दक्ष जनशक्तिलाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिने गरिन्छ। दक्ष जनशक्तिका लागि शिक्षा र तालिमको आवश्यकता पर्दछ । जसले व्यक्तिलाई सिर्जनशील, उत्तरदायी, सहयोगी, स्वावलम्बी र विवेकशील बनाँउछ। हाम्रो देशको विकासका लागि आर्थिक वृद्धिदर बढाउन सबै क्षेत्रमा दक्ष एवम् सिपयुक्त जनशक्तिको उत्पादन गर्नुपर्ने आवश्यकता देखिन्छ।



देशको विकासका लागि सबै क्षेत्रमा समानुपातिक विकास हुनुपर्दछ । शिक्षा क्षेत्रको विकासका लागि योग्य र दक्ष शिक्षक, प्रधानाध्यापक, प्राध्यापकहरू जस्ता जनशक्तिको आवश्यकता पर्दछ । यसै गरी स्वास्थ्य क्षेत्रको विकासका लागि अनमि, अहेव, नर्स, डाक्टर, ल्याब एसिसटेन्ट, वैद्य, कविराज, फर्माकोलोजिस्ट जस्ता जनशक्तिको आवश्यकता पर्दछ । यसै गरी कृषि क्षेत्रको विकासका लागि कृषक, जेटिए, जेटी, पशु डाक्टर, कृषि विज्ञ जस्ता जनशक्तिको आवश्यकता पर्दछ । यसै गरी विभिन्न क्षेत्रको विकासका लागि इन्जिनियर, योजनाविद्, कानुनविद् र प्रशासकहरूको आवश्यकता पर्दछ । नेपालमा  दक्ष प्राविधिक जनशक्तिका कमी रहेको छ । सरकारले विद्यमान जनशक्तिको लेखाजोखा गरी देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि योजनबद्धरूपमा नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । सबै क्षेत्रमा पर्याप्त जनशक्तिको विकास र परिचालन गर्न सकेमा मात्र देशको विकास गर्न सकिन्छ ।

## क्रियाकलाप

१. देशको विकासका लागि कुन कुन किसिमको जनशक्तिको आवश्कयता पर्दछ ? सूची तयार गर्नुहोस् ।

२. नेपालमा आर्थिक र सामाजिक विकासका लागि दक्ष जनशक्ति उत्पादन गर्न के कस्ता प्रयासहरू गरिएका छन् । सोधखोज गरी लेख्नुहोस् ।

## अभ्यास

१. देश विकासमा जनशक्तिको महत्त्व बुँदामा लेख्नुहोस् ।

२. कस्तो जनशक्तिलाई दक्ष जनशक्ति भनिन्छ ?

३. अर्ध दक्ष र अदक्ष जनशक्तिबिचको भिन्नता उल्लेख गर्नुहोस् ।

# पाठ ५ : हाम्रो देशमा भएका विकासका प्रमुख कार्यहरू

देशको उन्नतिकालागि यातायात, खानेपानी, सिँचाइ, सञ्चार, ऊर्जा, शिक्षा र स्वास्थ्यलगायतका विविध क्षेत्रमा समानुपातिक विकासको आवश्यकता पर्दछ । यसका लागि सरकारबाट विभिन्न आयोजनाहरू सञ्चालन भइरहेकाछन् । विकासका आयोजनहरूबाट नै रोजागरीमा र उत्पादकत्वमा वृद्धि हुन्छ । आयोजनाहरूको सञ्चालनबाट स्थानीय स्तरमा सडक तथा विकासका अन्य पूर्वाधारहरूको निर्माण भई स्थानीयस्तरका जनताको दैनिक जीवनयापनमा समेत सहयोग पुग्दछ । तीमध्ये केही आयोजनाहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

## १. मध्य पहाडी लोकमार्ग

नेपालका मध्य पहाडी जिल्लाहरूलाई पूर्वदेखि पश्चिमसम्म जोड्ने उद्देश्यका साथ यो लोकमार्गको निर्माण सुरु गरिएको हो । पाँचथर जिल्लाको चिवा भन्ज्याङबाट सुरु भई बैतडी जिल्लाको झुलाघाटसम्म पुग्ने यस लोक मार्गबाट पहाडी क्षेत्रका २३ जिल्ला जोडिने छ । यस राजमार्गको कुल लम्बाइ १७७६ कि.मि. हुनेछ जसमध्ये ६८१ कि.मि. सडक नयाँ निर्माण गर्नुपर्ने छ भने बाँकी सडक पहिले निर्माण भइसकेको सडकमा जोडिने छ । यसको निर्माणले त्यस क्षेत्रको कृषि, जल विद्युत्, पर्यटनको विकासमा टेवा पुऱ्याउने छ । दश वर्षभित्र सम्पन्न गर्ने लक्षका साथ वि. सं. २०६४ मा सुरु गरिएको यस राजमार्गको निर्माणपश्चात् पहाडी भेगमा विकासको आधार तयार हुने विश्वास लिइएको छ । व्यवस्थित सहरीकरणका लागि विभिन्न १० ओटा ठाउँहरूलाई सहरी विकास बस्ती बनाउने लक्ष्यसमेत यस आयोजनाले लिएको छ ।

## २. बुढी गण्डकी जलविद्युत् आयोजना

यो आयोजना गोरखा र धादिङ जिल्लाको सिमानामा अवस्थित रहेको छ । यस आयोजनाको क्षतमा १२०० मेगावाट विद्युत् उत्पादन गर्नु हो । यस आयोजनाको निर्माण कार्य  सुरु भएको आठ वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यो आयोजना सम्पन्न भएपछि नेपालमा ऊर्जाको व्यवस्थापन सहज हुने विश्वास गरिएको छ । यसैगरी यस आयोजनाको निर्माणको क्रममा पनि ठुलो रोजगारीका अवसरहरू

सिर्जना भई जनताको दैनिक जीवनस्तर सुधार गर्न  सहयोग पुग्ने छ । यसबाट आर्थिक वृद्धिमा समेत टेवा पुग्नेछ ।

## ३. पूर्व पश्चिम रेलमार्ग

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म रेलमार्ग निर्माण गर्ने लक्ष्य लिई यो आयोजना सुरुवात गरिएको हो । यस आयोजनाको कुल लागत रु. ६५४१४ करोड रहेको छ । सन् २०११ बाट सुरु गरेर २०१८ मा सम्पन्न गर्ने लक्ष्य लिइएको भएपनि हालसम्म सम्पन्न हुन सकेको छैन । यस आयोजना सम्पन्न भएपछि नेपालको तराईका जिल्लाहरू रेलमार्गबाट जोडिएर सामान ढुवानी गर्न र आवतजावत गर्न सहज र सस्तो हुने छ। यो आयोजना सम्पन्न भएपछि देशको विकास र समृद्धिमा सहयोग पुऱ्याउनेछ ।

उपर्युक्त  विकासका आयोजनाहरूबाहेक नेपालमा अन्य धेरै आयोजनाहरू सञ्चालनमा रहेकाछन् । तीमध्ये कतिपय स्थानीयस्तरमा र कतिपय राष्ट्रियस्तरमा गौरव आयोजनाको रूपमा सञ्चालन गरिएकाछन् । विभिन्न क्षेत्रमा सञ्चालित आयोजनाहरू जनताको जीवनस्तरमा सुधार गरी देशको समृद्धिका लागि कोशेढुङ्गाको रूपमा रहनेछन् ।

## क्रियाकलाप

१. पाठमा उल्लिखितबाहेक नेपालमा हाल सञ्चालनमा रहेका कुनै दुई आयोजनाहरूका बारेमा खोजी गरी सङ्क्षिप्तरूपमा लेख्नुहोस् ।

२. तपाईंको विद्यालय वा समुदाय वरपर पनि विभिन्न प्रकारका विकास अयोजनाहरू सञ्चालन भइरहेका हुन सक्दछन् । कुनै आयोजनाको अवलोकन भ्रमण गरी एक विवरण तयार पार्नुहोस् ।

३. पुराना पत्रपत्रिकाहरूबाट नेपालमा सञ्चालित विभिन्न विकास आयोजनाहरूसम्बन्धी समाचार, चित्र, फोटो, लेख सङ्कलन गरी  एक सादा कागजमा टाँसेर पोस्टर तयार गर्नुहोस् ।

## अभ्यास


१. मध्य पहाडी लोकमार्गको प्रमुख विशेषताहरू लेख्नुहोस् ।

२. विकास आयोजनाहरूको महत्त्व उल्लेख गर्नुहोस् ।

३. हाम्रो देशमा ठुला आयोजनाहरूले गति लिन नसक्नाका कारणहरू उल्लेख गर्नुहोस् ।

एकाइ दुई

# हाम्रो सामाजिक मूल्य र मान्यता





प्रत्येक समाजका आआफ्नै खालका मौलिक सामाजिक मूल्य र मान्यताहरू रहेका हुन्छन् । नेपाली समाजका पनि आफ्ना मूल्य र मान्यताहरू रहेकाछन् । यस एकाइमा नेपालको सामाजिक तथा धार्मिक परम्परा र प्रचलनहरू, विविधतामा एकताका रूपमा नेपाल, सामाजिक सद्भाव र सहिष्णुता, नेपालका राष्ट्रिय सम्पदाहरू र विभिन्न अन्तर्राष्ट्रिय व्यक्तित्वहरूसँग सम्बन्धित विषयवस्तु समेत यस एकाइमा समावेश गरिएको छ ।

## सिकाइ उपलब्धि

- नेपालको सामाजिक तथा धार्मिक परम्परा र प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन
- विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न
- नेपालका राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण कार्यमा सहयोग गर्न
- विभिन्न अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको खाजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन

# पाठ १ : नेपालका सामाजिक परम्परा र प्रचलन

नेपाली समाजमा विविधता रहेकोछ । नेपाल बहुजातीय र बहुसांस्कृतिक देश हो । यहाँ बसोबास गर्ने विभिन्न जात जातिहरूको आआफ्नै परम्परा र प्रचलनहरू रहेका छन् । तिनै परम्परा र प्रचलनलाई नै नेपालका सामाजिक परम्परा र प्रचलन भनिन्छ । हिन्दु परम्पराअनुसार हरेक शुभकर्मको सुरुवात मङ्गल कार्यबाट गर्नुपर्छ । उज्यालोको प्रतीक दीप, पवित्रताको प्रतीक कलश र सिद्धिको प्रतीक गणेशको स्थापना गरेर “मङ्गलम् भगवान् विष्णुर्मङ्गलम् गरुडध्वजः । मङ्गलम् पुण्डरीकाक्षो मङ्गलाय तनो हरिः ।” भन्ने मन्त्रोच्चारणसहित गरिएको कार्य शुभ हुने हाम्रो विश्वास छ । घरको जग हाल्दा, नयाँ व्यवसाय सुरु गर्दा, विवाह गर्दा, नयाँ यातायातको साधन प्रयोग गर्दा, नयाँ पद सम्हाल्दा, नयाँ जग्गा किन्दा पनि यसो गर्ने प्रचलन हाम्रो समाजमा रहेको छ । नेपाली समाजका केही सामाजिक परम्परा एवम् प्रचलनहरूको बारेमा चर्चा गरिएको छ ।









नेवार समुदायमा प्रचलनमा रहेको गुठी एक प्रमुख सामाजिक परम्पराको रूपमालिन सकिन्छ । यसको प्रचलन लिच्छिविकालदेखि सुरु भएको मानिन्छ । गुठीमा प्रतिनिधित्व गर्ने घरमुलीलाई गुठियार र गुठीका प्रमुख व्यक्तिलाई थकाली भनिन्छ । जन्म मृत्यु संस्कार, जात्रा,संस्कृतिको संरक्षण, धार्मिक सम्पत्तिहरूको रेखदेख तथा व्यवस्थापनका लागि गुठीहरूको भूमिका उल्लेखनीय रहेको हुन्छ ।

गुरुङ समुदायमा प्रचलित सामाजिक परम्परा रोदी हो । गुरुङ समुदायमा घरमुलीको सल्लाह र निर्देशनमा साँझको समयमा युवायुवतीहरू जम्मा भई नाचगान तथा रमाइलो गर्ने समाजिक परम्परालाई रोदी भनिन्छ । यस्ता भेटघाटहरूले समुदायमा एकआपसी सम्बन्ध बलियो र सहयोगी बनाउँछ । भोलिपल्ट कहाँ कुन काम कसरी गर्ने भन्ने विषयमा समेत रोदी घरमा छलफल हुने गर्दछ ।

नेपाली समाजको अर्को सामाजिक परम्परा थारु जातिहरूले मनाउँदै आएको बडघर प्रथा हो ।गाउँ समुदायका प्रमुख व्यक्तिलाई जनाउने शब्द नै बडघर हो । थारु समुदायले प्रत्येक वर्ष माघ महिनामा बडघरको छनोट गर्दछन् । गाउँ समुदायमा एकता कायम गराउन, जन्म,मृत्यु आदि संस्कार सम्पन्न गराउन र सामाजिक नियमको पालना गराउन बडघरले नेतृत्व गर्छ ।

मगर जातिहरूको सामाजिक प्रचलनमा रहेको परपम्परा भेजा हो । भेजाले मगर समुदायमा धार्मिक, कृषि, आर्थिक, सामुदायिक एकता र मनोरञ्जन जस्ता कार्यहरूलाई व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्दछ । मगर समुदायका वरिष्ठ व्यक्तिलाई भेजाको सदस्यहरूको बैठकले मुखियाका रूपमा छनोट गरिन्छ ।

नेपाली समाजमा सनातनदेखिको धर्म, संस्कृति, परम्परा र प्रचलनहरूको संरक्षण गर्न समाजलाई शिक्षित गर्नुपर्छ । हाम्रो परम्परादेखि चलिआएका राम्रा र असल पक्षको प्रचारप्रसार गर्नुपर्छ । चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । नेपालीका आआफ्ना धार्मिक, सांस्कृतिक तथा सामाजिक परम्परा छन् । थारु जातिको बडघर, मगर जातिको भेजा, नेवार जातिको गुठी, गुरुङहरूको रोदी जस्ता परम्पराहरूले समाजलाई व्यवस्थित गर्न सहयोग गरिरहेका छन् । यसैगरी पैँचो, पर्म, ढिकुटी जस्ता परम्परामा आधारित रीतिरिवाज, मूल्य, मान्यतामा आधारित कार्यहरूलाई निरन्तरता दिनुपर्छ । समयअनुसार

कतिपय असान्दर्भिक परम्परा र प्रचलनलाई समयसापेक्ष सुधार गर्दै जानुपर्दछ । खराब परम्परा र प्रचलनलाई छोड्दै जानुपर्दछ ।

### क्रियाकलाप

१. तपाईं रहेको स्थानीय समुदायमा विभिन्न सामाजिक प्रचलनहरू रहेका हुन सक्छन् । यसले समुदायको आर्थिक, सामाजिक, एवम् सांस्कृतिक उत्थानमा सहयोग पुऱ्याएका छन् । त्यस्ता सामाजिक परम्पराहरूको खोजी गरी तिनीहरूको महत्त्व र संरक्षणका उपाय समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

२. नेपालमा मानी आएका परम्परा वा संस्कृतिहरू झल्कने चित्र वा पोस्टर तयार गर्नुहोस् ।

३. समाजमा प्रचलित राम्रा परम्परा र प्रचलनहरू झल्कने भूमिका अभिनय गर्नुहोस् ।

४. वैदिक परम्पराअनुसार जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा प्रयोग हुने प्रचलित परम्परा र प्रचलनहरूको तालिका बनाउनुहोस् ।

## अभ्यास

१. भेजा र रोदी बिचका समानता र असमानता लेख्नुहोस् ।

२. नेपालमा प्रचलित सामाजिक परम्पराको महत्त्व उल्लेख गर्नुहोस् ।

३. नेपालका सामाजिक परम्परा तथा प्रचलनहरूको संरक्षणका उपायहरू लेख्नुहोस् ।

# पाठ २ : नेपालमा सामाजिक तथा धार्मिक प्रचलन

व्यक्तिको नैतिक आचरणलाई सुधार गरी आध्यात्मिक ज्ञान प्रदान गर्ने माध्यम धर्म हो। धर्मले असल काम र असल आचरणका लागि प्रेरित गर्दछन् । सबै धर्मको जोड मानव कल्याण गर्नु हो । संविधानअनुसार नेपाल बहुधार्मिक देश हो । यहाँ विभिन्न धर्मावलम्बीहरूको बसोवास रहेको छ। नेपालमा प्रचलित मुख्य धर्महरू यस प्रकार रहेका छन् ।

## हिन्दु धर्म



वैदिक सनातन हिन्दु धर्म विश्वकै सबैभन्दा पुरानो धर्म हो । यो धर्म सनातनदेखि चलिआएको छ । हिन्दु धर्मावलम्बीहरू भगवान्का रूपमा ब्रह्मा, विष्णु, शिव, दुर्गा, सरस्वती, लक्ष्मी, गणेश, सूर्य, चन्द्रमालगायत तेत्तिस कोटि देवता भएको विश्वास गरिन्छ । हिन्दु धर्ममा विभिन्न देवीदेवताको पूजा आराधना तथा दानादि परोपकारी कार्य गरेमा यस लोकमा सुख समृद्धि पाइनुका साथै परलोकमा मुक्ति पाइन्छ भन्ने विश्वास

रहेको छ । हिन्दु धर्मले सत्य बोल्नु, क्षमा गर्नु, अरूलाई सहयोग गर्नु, माया गर्नु, असल आचरणमा रहनु भन्ने पाठ सिकाउँछ । वेद, उपनिषद्, गीता, रामायण, महाभारत, पुराण आदि हिन्दु धर्मका ग्रन्थहरू हुन् । हिन्दुहरूले दसैं, तिहार, रामानवमी, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, शिवरात्रि, तीज आदि चार्डपर्वहरू मनाउँछन् । पशुपतिनाथ हिन्दुहरूको प्रमुख तिर्थस्थल र आस्थाको आधारस्थलको रूपमा रहेको छ।

## बौद्ध धर्म



भगवान् बुद्धको जन्म स्थल  लुम्बिनी नेपालमा पर्दछ । यहाँ विश्वभरका बौद्ध धर्म मान्ने मानिसहरू आई पूजाध्यान गर्दछन् । नेपाल, श्रीलङ्का, चीन, थाइल्यान्ड, जापान, कोरियालगायत विश्वका धेरै देशका मानिसहरूले बुद्ध धर्म मान्दछन् । त्रिपिटक र जातक कथा यस धर्मका पवित्र धर्मग्रन्थ हुन् । नेपालमा बौद्ध धर्ममार्गीहरूले बुद्धजयन्ती र ल्होसारलाई मुख्य चाडका रूपमा मनाउँछन् । उनीहरू बुद्धको स्तूप र गुम्बामा गई पूजा प्रार्थना गर्दछन् । बौद्ध धर्मले अहिंसा, शान्ति, सत्यवादिता र दयाको पाठ सिकाउँछ । चोरी नगर्नु, खराब आचारण नगर्नु, झूटो नबोल्नु बुद्धका उपदेशहरू हुन् ।

## किरात धर्म

किराँतधर्ममा ईश्वरका रूपमा प्रकृतिलाई पूजा गरिन्छ । फाल्गुनन्द लिङ्देन यस धर्मका धर्मगुरु हुन् । मुन्धुम यस धर्मको प्रमुख ग्रन्थ हो । यो सनातनदेखि मान्दै आएको प्राचीन धर्म हो । नेपालको पुर्बी पहाडी इलाकामा बसोबास गर्ने किरात जातिले मनाउँछन् । आगो, वनस्पति, नदीको पूजा गरिने यस धर्मको धार्मिक स्थललाई मार्गास्थान भनिन्छ । सुम्निमा र पारुहाङलाई देवताका रूपमा पूजा गरिन्छ । उँधौली र उँभौली किरातहरूका मुख्य पर्व हुन् । यस धर्मको धर्मग्रन्थ मुन्धुम हो ।

## इसाइ धर्म

यस धर्मलाई क्रिस्चियन धर्म भनेर चिनिन्छ । इसाई धर्मालम्बीहरूले  इसु खिस्टलाई ईश्वरका रूपमा मान्छन् । यस धर्मको मुख्य ग्रन्थ बाइबल हो ।  चर्च इसाइहरूको प्रार्थना

गर्ने थलो हो । यस धर्मको मुख्य पर्व क्रिस्मस हो । अरूको सेवा गर्नु, क्षमा गर्नु, असल आचरण गर्नु र सहयोग गर्नु यस धर्मका उपदेशहरू हुन् ।

## इस्लाम धर्म

इस्लाम धर्मालम्बीहरूमस्जिदमा प्रार्थना गर्दछन् । इस्लाम धर्मको ग्रन्थ कुर्आन हो । हजरत मुहम्मद यस धर्मका प्रवर्तक हुन् । इस्लाम धर्मावलम्बीहरू अल्लाहलाई ईश्वरका रूपमा मान्दछन् । दान गर्नु, असल आचरण गर्नु, सत्यको पक्षमा लाग्नु, दु:खीहरूको सेवा गर्नु आदि यस धर्मका उपदेश हुन् । इद, बकर इद र रमजान यस धर्मका मुख्य पर्वहरू हुन् ।

## सिख्ख धर्म

सिख्ख धर्मको प्रमुख ग्रन्थ साहिब हो । यस धर्मका प्रतिपादक गुरु नानक हुन् । यस धर्मावलम्बीहरूको प्रार्थना गर्ने स्थललाई गुरुद्वारा भनिन्छ । यस धर्मका उपदेशहरू गुरुवाणीको पालना गर्नु, दुखीको सेवा गर्नु, हिंसा नगर्नु, सबैसँग मैत्रीभाव कायम गर्नु र धर्मको रक्षा गर्नुहुन् ।

## नेपालमा मानिने प्रमुख धर्महरू ग्रन्थ र उपदेशहरू

| धर्म | ग्रन्थ | उपदेश |
|---|---|---|
| हिन्दु | वेद, गीता,पुराण | दया गर्नु, अरलाई सहयोग गर्नु,सत्य बोल्नु, असल आचरण गर्नु |
| बुद्ध | त्रिपिटक र जातक कथा | चोरी नगर्नु, खराब आचारण नगर्नु, झूटो नबोल्नु |
| किराँत | मुन्धुम | |
| इसाई | बाइबल | अरूको सेवा गर्नु, क्षमा गर्नु, असल आचरण गर्नु र सहयोग गर्नु |

| | | |
|---|---|---|
| इस्लाम | कुर्आन | दान गर्नु, असल आचरण गर्नु, सत्यको पक्षमा लाग्नु, दुःखीहरूको सेवा गर्नु |
| सिख्ख | साहिब | गुरुवाणीको पालना गर्नु, दुखीको सेवा गर्नु, हिंसा नगर्नु, सबैसँग मैत्रीभाव कयम गर्नु र धर्मको रक्ष गर्नु |

नेपालमा उपर्युक्त धर्मका अतिरिक्त शिख, जैन, बहाई ताओ, सिन्तो आदि धर्म मान्ने मानिसहरू पनि बसोबास गर्दछन् । नेपालीहरू आपसमा मिलेर एकअर्काका धर्मलाई सम्मान गर्दै धार्मिक क्रियाकलापमा सहभागी हुन्छन् । यसलाई धार्मिक सहिष्णुता भनिन्छ । नेपाल धर्म निरपेक्ष राष्ट्र भएकाले राज्यले कसैको धर्ममा पनि हस्तक्षेप गर्दैन । सबै धर्महरूलाई समान व्यवहार गर्दछ ।

### क्रियाकलाप

१. कुनै एक धर्मसँग समबिन्धित चित्र, तस्बिर आदि सङ्कलन गरी बिगबुक तयार गर्नुहोस् ।

२. गाउँ समुदायमा विभिन्न धर्म मान्ने व्यक्तिलाई भेटी उनीहरूसँग सम्बन्धित धर्मका सम्बन्धमा छलफल गर्नुहोस् ।

३. विभिन्न धर्मबिचका समानता र भिन्नता देखाउने तालिका तयार गर्नुहोस् ।

## अभ्यास

१. नेपालमा प्रचलित कुनै एक धर्मको परिचय दिनुहोस् ।

२. समुदायमा विभिन्न धर्म मान्ने मानिसहरूबिचमा सहिष्णुता कायम गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

३. तपाईं कुन धर्म मान्नुहुन्छ ? आफ्नो धर्मका बारेमा सङ्क्षिप्त विवरण तयार पार्नुहोस् ।

# पाठ ३ : सामजिक सद्भाव

नेपाल भौगोलिक विविधताले भरिएको मुलुक हो । यहाँ हिमाल, पहाड, तराई, उपत्यका जस्ता भौगोलिक स्वरूपमा फरक फरकभएकाले हावापानीमा विषमता रहेकोछ । ठाउँअनुसार लवाइखवाइ, वेशभूषा र रहनसहनमा पनि विविधता रहेको छ। धर्म, भाषा र संस्कृतिमा पनि विविधता छ। वि.स.२०६८ को जनगणनाअनुसार नेपालमा १२५ जातजाति र १२३ भाषाहरू बोल्ने गरिन्छ। यसै गरी १० भन्दा बढी धर्म समुदाय रहेकाछन् ।यस्तो विविधता भएर पनि हामी एकआपसमा मिलेर बसेका छौँ। एकअर्काप्रति आदरभाव राखी सम्मान गर्छौं । यसलाई नै सामाजिक सद्भाव भनिन्छ । विविधतामा एकता नै नेपालीहरूको मौलिक स्वभाव र पहिचान पनि हो ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो । नेपाल सांस्कृतिक रूपले देश हो । विभिन्न वेशभूषा, गीत, सङ्गीत, नृत्य, कला, रीतिरिवाजहरूमा पनि विविधता रहेको छ ।नेपालीहरू बिचमा जाति, धर्म, संस्कृति आदिमा परस्पर सहयोगको वातावरण रहेको छ। नेपाल सबै धर्म संस्कृतिको संरक्षण स्थल पनि हो। तराईमा प्रशस्त अन्न उब्जन्छ। हिमाली क्षेत्रमा र विकट पहाडी भागमा प्रायः अनिकाल पर्छ। तराईको उत्पादन पहाडका मानिसले उपभोग गर्दछन्। यसै गरी नेपालमा सातओटा प्रदेश रहेका छन्। एक प्रदेश र अर्को प्रदेशबिच सुमधुर रहेको छ। एक प्रदेशको मानिस अर्को प्रदेशमा गएर कार्य गर्ने गर्दछन् । नेपालभित्र जहाँसुकै गए पनि विविध जाति, धर्म, भाषा, पेसा आदिका मानिसहरू एक आपसमा मिलेर बसेका देखिन्छन्। हामी जातीय, भाषिक, पेसागत वा अन्य हिसाबले अनेक भएर पनि एउटै नेपाली जातिभित्र एकताबद्ध भएका छौँ। यही नै विविधतामा एकता हो ।



एउटा फूलबारीमा विभिन्न जात, रङ, आकार प्रकार र बास्ना भएका फूलहरू सजिँदा सुन्दरता र आनन्द दिन्छ । त्यसै गरी नेपाल पनि विभिन्न जाति, वर्ण, धर्म, संस्कृति, वेशभूषा, भाषा आदिका जनता आपसमा मिलेर बसेको देश हो । यही विविधताले गर्दा नेपाललाई सुन्दर फूलबारी भनिएको हो । यिनीहरू कहिले पनि आपसमा साम्प्रदायिक द्वन्द्वमा फसेका छैनन् ।नेपाली समाजमा अनुशासन, सहिष्णुता र सद्भाव कायम भएको छ । नेपालमा हिन्दु धर्ममाथि आस्था र विश्वास राख्ने तथा यो सनातन धर्म अँगाल्नेहरूको सङ्ख्या अत्यधिक छ । एकआपसमा मिलेर बसेकाछौँ ।

सामाजिक सदभाव कायम गर्नका लागि एकले अर्कोलाई सम्मान गर्नुपर्दछ । अन्य जातजाति, भाषा र धर्मालम्बीहरूको विचार र उनीहरूको वेशभूषा, चाडपर्व र संस्कृतिको सम्मान गर्ने, क्रियाकलापहरूमा सहभागी हुने गर्नुपर्दछ । यसै गरी एकले अर्कोलाई सहयोग गर्ने गर्नुपर्दछ ।

## क्रियाकलाप

१. नेपालका विभिन्न वेशभूषा वा चाडपर्व वा संस्कृति वा रितिरिवाज झल्कने चित्र बनाउनुहोस् ।

२. तपाईंले आफ्नो समुदायमा विभिन्न जाति, धर्म, वर्णका मानिसहरू बिचमा के कस्ता कार्यमा मेलमिलाप र सहयोग आदान प्रदान भएको देख्नुभएको छ ? सोबारेमा एक प्रतिवेदन तयार गर्नुहोस् ।

३. धर्मले समाजमा सद्भाव र सहिष्णुता कायम गर्न मदत गर्दछ । सामाजमा सद्भाव कायम गर्नमा मदत गर्ने हिन्दु धर्मका राम्रा कुराहरू र सुधार गर्नुपर्ने कुराहरूको सूची तयार पार्नुहोस् ।

| राम्रा कुराहरू | सुधार गर्नुपर्ने कुराहरू |
|---|---|
| | |

## अभ्यास

१. सामाजिक सद्भाव भनेको के हो ?


२. सामाजिक सद्भाव कायम राख्न हामीले के कस्ता उपायहरू अपनाउनु पर्दछ ?


३. सामाजिक सद्भाव कायम राख्न सहयोग गर्ने हाम्रो नेपाली परम्परा तथा चालचलनहरू के के हुन् ? तिनले कसरी सहयोग गर्दछन् ?

४. नेपालमा हिन्दु र बौद्ध धर्मबिचको धार्मिक सहिष्णुताको उदाहरण प्रस्तुत गर्नुहोस् ।

## पाठ ४ : राष्ट्रिय सम्पदाहरू

कुनै पनि व्यक्ति, समूह वा सम्प्रदायको स्वामित्वमा नभई सबै जनताको साझा सम्पत्तिको रूपमा रहेका सम्पत्तिहरूलाई नै राष्ट्रिय सम्पदा भनिन्छ । कुनै पनि नागरिकको अधिकार रहने साझा सम्पत्ति नै राष्ट्रिय सम्पदा हुन् ।नेपालमा रहेका हिमाल, पहाड, नदीनाला, जङ्गल, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू राष्ट्रिय सम्पदा हुन् । यसैगरी विभिन्न जातजातिहरूका वेशभूषा, लोकबाजा, चाडपर्व, गीत, सङ्गीतहरू पनि राष्ट्रिय सम्पदाहरू हुन् । नेपाल ऐतिहासिक तथा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरू सुन्दर र अद्वितीय रहेकाछन् । नेपालका दशओटा सांस्कृतिक तथा प्राकृतिक सम्पदा क्षेत्रहरूलाई युनेस्को नामक संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको संस्थाले विश्व सम्पदा सूचीमा समावेश गरेको छ । तीमध्ये काठमाडौँ उपत्यकामा पशुपतिनाथ मन्दिर, बौद्धनाथ स्तूप, स्वयम्भूनाथ चैत्य, चाँगुनारायण मन्दिर, हनुमान ढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र र भक्तपुर दरबार क्षेत्र समाविष्ट छन् ।







उपत्यका बाहिर रहेकासगरमाथा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र लुम्बिनीलाई पनि सो सूचीमा समावेश गरिएको छ । सम्पदाहरूलाई संरक्षण र संवर्धनगर्नु हामी सम्पूर्ण नेपाली नागरिकहरूको कर्तव्य हो ।

नेपालका कोसी, गण्डकीलगायतका नदीहरू सम्पदा हुन् । हिमालतर्फका सुन्दर हिमशृङ्खला, रमणीय वनजङ्गल, डाँडा र थुम्काहरूसमेत यहाँका दर्शनीय स्थल हुन् । विश्वभरका पर्यटकहरू नेपालका यस्ता दर्शनीय स्थलमा घुम्न आउँछन् ।





नेपालका प्रत्येक धार्मिक स्थल, देवालय, हिमालय, जङ्गल, पहाड, नदी हाम्रो राष्ट्रिय सम्पदा हुन् ।

राष्ट्रिय सम्पदाहरूको संरक्षण, विकास र प्रवर्धनबाट नै देशको विकास र समृद्धिमा टेवा पुऱ्याउन सक्छ । प्राकृतिक स्रोत साधनको उचित परिचालन गर्न सकेमा अर्थिक वृद्धिमा सहयोग पुग्दछ । यसै गरी पर्यटकहरूलाई आकर्षण गरी  धेरैभन्दा धेरै पईटकहरू ल्याउँदा देशमा रोजगारीमा वृद्धि हुन्छ ।

## क्रियाकलाप

१. स्थानीय वा राष्ट्रिय पत्रिका प्रकाशित राष्ट्रिय सम्पदाहरूसँग सम्बन्धित चित्र तथा समाचारहरू खोजी सङ्कलन गर्नुहोस् ।

२. तपाईंको गाउँ, समुदाय तथा वरपर रहेका धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको सूची तयार पार्नुहोस् ।

३. तपाईंको समुदायमा रहेको प्राकृतिक वा सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सिफारिस माग गर्दै आफ्नो स्थानीय तहलाई लेखेको एउटा पत्रको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

१. राष्ट्रिय सम्पदाको भनेको के हो ?

३. राष्ट्रिय सम्पदाका संरक्षणका उपायहरू लेख्नुहोस् ।


४. आफूले भ्रमण गरेको कुनै एक धार्मिक स्थलका बारेमा यात्रा विवरण तयार पार्नुहोस् ।

५. विश्व सम्पदा सूचीमा समावेश नेपालका सम्पदा समेटेर एक चार्ट तयार गर्नुहोस् ।

६. राष्ट्रिय सम्पदाको महत्त्व उल्लेख गर्नुहोस् ।

## पाठ ५ : अन्तर्राष्ट्रिय व्यक्तित्वहरू

### महात्मा गान्धी



महात्मा गान्धीको जन्म सन् १८६९ अक्टोबर २ मा भारतको गुजरातमा भएको थियो । उनलाई शान्तिका अग्रदूतकारूपमा पनि चिनिन्छ । सन् १९४७ मा भारतलाई अग्रेजहरूको शासनबाट मुक्त बनाउन शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनको नेतृत्व महात्मा गान्धीले गरेका थिए । महात्मा गान्धीले हिंसा, तोडफोड र आगजनीजस्ता कार्यहरू नगरिकन पनि आन्दोलन गर्न सकिन्छ भने प्रमाणित गरेकाछन् । उनको नेतृत्वमा नै असहयोग,भद्र अवज्ञा र भारत छोड जस्ता अहिंसात्मक आन्दोलन भएका थिए । आफ्ना सहयोगी तथा अनुयायीहरूबाट कडा आन्दोलनका लागिसल्लाह दिँदा पनि उनी सधैँ शान्तिपूर्ण आन्दोलनको पक्षमा रही सफल भए । भारतलाई पनि स्वतन्त्र बनाई स्वतन्त्र बनाए । उनी सादा जीवन उच्च विचारका धनी थिए ।

उनी राष्ट्रभक्त थिए । उनले सर्वसाधारण जनताले लगाउने कपडाहरू नै लगाउँथे । उनले आफ्नै देशमा उत्पादन भएका कपडाहरूको प्रयोग गर्नुपर्दछ भन्ने मान्यता राखी चर्खा आन्दोलनको सुरुवात गरेका थिए । स्वदेशी सामान सामान प्रयोग गरेमा मात्र देश विकास गर्न सकिन्छ भन्ने मान्यता उनमा रहेको थियो । विश्वभर उनी शान्ति र अहिंसाका प्रतिकको रूपमा रहेकाछन् । उनीबाट हिंसा र उग्ररूपका आन्दोलबाट प्राप्त गर्न नसकिने उपलब्धिहरू शान्ति र अहिंसाबाट प्राप्त गर्न सकिन्छ भन्ने प्रेरणा लिन सकिन्छ ।

### फ्लोरेन्स नाइटिङ्गेल



फ्लोरेन्स नाइटिङ्गेलको जन्म सन् १८२० मा इटलीमा भएको हो । बिरामीहरूको हेरचाह तथा सहयोग गर्ने नर्सको रूपमा विश्वभर परिचित नाम फ्लोरेन्स नाइटिङ्गेल हो । उनले सानैदेखि पुतलीको खेलौनाहरूको हेरचाह गर्ने गर्थिन् । १७ वर्षको उमेरदेखि नै उनलाई नर्सिङको काम गर्ने मन लाग्यो । यसले गर्दा उनी जर्मनीको कैसनवर्थमा गएर नर्सिङ अधययन गरिन् । त्यसपछि उनी क्रिमियाको युद्धमा घाइते भएका सैनिकहरूको उपचार गर्न ३८ जना नर्सहरूसहित बेलाइतका मिलिटरी अस्पतालमा गइन् ।

त्यहाँ उनको  समूहले सरसफाइ गऱ्यो । उनी रातभर हातमा बत्ती लिएर बिरामीको सेवा गरिन् । बिरामीका परिवारलाई चिठी लेखेर पठाउन सहयोग गर्थिन् । आफ्नो तलब बिरामीहरको उपचारमा खर्च गर्थिन् । बिरामीहरूले उनलाई बत्ती लिएकी केटी (Lady with Lamp) भन्ने गर्थे । उनलाई  बिरामीहरूले असल साथी भनेर पनि बोलाउँथे । उनको त्यो सेवाको प्रशंसा भयो । क्रिमियाबाट फर्केपछि पुरस्कारहरू प्राप्त गरिन् । यसले गर्दा उनले स्कुटरी अस्पताल स्थापना गरिन् आफ्ना अभिावकबाट उनको धनी केटासँग विवाह गरिदिने विचार गरे पनि उनले सेवालाई निरनतरता दिइन् । जीवनभर बिरामीको सेवामा गर्दा गर्दै उनको मृत्यु भयो । आज पनि विश्वभर उनले बिरामीहरूका लागि गरेको सेवाले नै मानिहरू उनलाई सम्मान गर्दछन् ।

## गौतम बुद्ध



नेपालको प्रदेश न ५ अर्न्तगत लुम्बिनी अञ्चलको रूपन्देही जिल्लामा सिद्धार्थ गौतमको जन्म भएको थियो । पिता शुद्धोधन शाक्य र माता मायादेवीका जेष्ठ पुत्रका रूपमा आजभन्दा करिब पच्चिस सय वर्ष अगाडि उनको जन्म भएको थियो । उनको विवाह यशोधरा नामकी राजकुमारीसँग भएको थियो । गौतम बुद्ध सानैदेखि ज्ञानको खोजीमा लागि रहे ।उनले आफ्नै अगाडि मानिसहरू बिरामी परेको, वृद्ध भएको र मृत्यु भएको घटना देखेपछि उनी जीवनको दु:खबाट मुक्ति पाउने उपायको खोजीमा निस्केका थिए ।  खोजी गर्दैउनी भारतको गया भन्ने ठाउँमा पुगे  ।त्यहाँ उनी त्यहाँ एउटा ठुलो पिपलको रुखमुनि तपस्या गरी  गर्दा वैशाख पूर्णिमाको दिन तपस्या गरिरहेको अवस्थामा उनलाई ज्ञान प्राप्त भयो । जुन आज बुद्धगयाको नामले प्रसिद्ध रहेकोछ ।

ज्ञान प्राप्त भएपछि गौतम बुद्धले आफूले पाएको ज्ञानको प्रचार गर्न सुरु गरे ।संसारमा दु:ख छ, दु:खको कारण हुन्छ र दु:खबाट मुक्ति पाउने उपाय पनि हुन्छ । उनले दिएका उपदेशहरू निकै लोकप्रिय छन् । बुद्ध आज विश्वभर शान्तिका अग्रदूतका रूपमा चिनिन्छन् । उनका अनुयायीहरूले उनलाई भगवान् मानेर बौद्ध धर्म मान्दै आएका छन् । सधैँ साँचो कुरा बोल्नु, हिंसा नगर्नु,सबै प्राणीलाई दया गर्नु, शुद्ध आचरणमा रहनु र चोरी नगर्नु बुद्धका  प्रमुख उपदेशहरू हुन् ।यी उपदेशहरूको पालना गर्नु हामी सबैको कर्तव्य हो । यसबाट समभ्य समाज निर्माणका लागि सहयोग पुग्दछ ।

## क्रियाकलाप

१. सामाजिक सेवा, विज्ञान तथा प्रविधिका क्षेत्रमा योगदान पुऱ्याएका अन्तर्राष्ट्रिय स्तरमा व्यक्तित्वहरूको खोजी गरी पोस्टर तयार गर्नुहोस् ।

२. सामाजिक सेवा, विज्ञान तथा प्रविधि र धार्मिक क्षेत्रमा योगदान पुऱ्याएका स्थानीय क्षेत्रका व्यक्तिको खोजी गरी उनको योगदान उल्लेख गर्नुहोस् ।

३. फ्लोरेन्स नाइटिङ्गेल र महात्मा गान्धीका योगदानहरूको समेटेर एक चार्ट तयार गर्नुहोस् ।

## अभ्यास

१. महात्मा गान्धीकाको सङ्क्षिप्त परिचय दिनुहोस् ।

२. फ्लोरेन्स नाइटिङ्गेललाई किन अन्तर्राष्ट्रिय व्यक्तिव भनिएको हो ?

३. गौतम बुद्धका उपदेशहरूको सूची बनाउनुहोस् ।

४. फ्लोरेन्स नाइटिङ्गेलका जीवनीबाट सिक्न सकिने कुनै तीनओटा सिकाइहरूटिपोट गर्नुहोस् ।

एकाइ तीन

# सामाजिक समस्या र समाधान



यस एकाइमा विभिन्न सामाजिक समस्या तथा विकृतिहरू दाइजो प्रथा, लागु पदार्थ दुर्व्यसन, भष्टाचार, विदेश पलायन जस्ता समस्याहरूको पहिचान र समाधानका उपायहरूर समाजमा हुने द्वन्द्वका कारण र यसको व्यवस्थापनका उपायहरूबारेमा समावेश गरिएको छ । यसैगरी सुशासन र दिगो विकास, शान्तिको अवधारणा र यसको आवश्यकतासम्बन्धी विषयवस्तुसमेत यस एकाइमा समावेश गरिएको छ ।

## सिकाइ उपलब्धि

- विभिन्न सामाजिक समस्या तथा विकृतिको पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन र त्यसको समाधानमा विभिन्न सङ्घ संस्थाहरूको भूमिका उल्लेख गर्न
- समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायहरू खोजी गर्न र द्वन्द्व व्यवस्थापनमा सहयोग गर्न

# पाठ १ : सामाजिक समस्याहरू

## १. लागु पदार्थ दुर्व्यसन



मानिस सामाजिक प्राणी भएकाले समाजबाट भिन्न रहन सक्दैन । समाजमा कतिपय समस्याहरू परम्परादेखि चलिआएका छन् भने कतिपय बाह्य संस्कृतिको प्रभावले भित्रिएका छन् । जस्तै : समाजमा शिवरात्रिका बेला शिवजीको प्रसाद र शिवबुटी भन्दै गाँजा खान प्रेरित गरेको देखिन्छ । यस्तो पदार्थले त हाम्रो शारीरिक र मानसिक अवस्थामा नराम्रो असर पारेर हाम्रो यो अमूल्य मानव जीवन नै बर्बाद पारिदिन्छ । हाम्रो वरपर गाँजा र लागु पदार्थ खानेहरूको जीवन हेऱ्यो भने पनि यस कुराको पुष्टि हुन्छ । लाऊँलाऊँ खाऊँखाऊँ भन्ने उमेरमा मसान घाटमा पुऱ्याउँछ । बाँचिएछ भने पनि इज्जत र प्रतिष्ठा गुम्छ । कमजोर र रोगी भएर हेपिएर बस्नुपर्छ । युवाहरू कुलतमा फस्दै जानु ठुलै सामाजिक समस्या बन्न गएको छ । यसलाई समाधान गरिनुपर्छ । खराब सङ्गतका कारण पनि लागु पदार्थको दुर्व्यसनमा फस्न सकिन्छ । खराब साथीहरूले चुरोट, गाँजा, भाङ, अफिम, जाँड, रक्सीजस्ता नसालु पदार्थको सेवन तथा इन्जेक्सनको लगाउने कार्यका लागि करकाप गर्न र लोभ देखाउन पनि सक्छन् । त्यस्ताको सङ्गतबाट टाढा रहनुपर्छ ।

**लागु पदार्थ दुर्व्यसनका असरहरू**

- क्यान्सर जस्तो रोग लागि रोगि हुनु
- मस्तिष्क घात
- धनको क्षति हुने
- एचआइभी एड्स
- समाजमा इज्जत र प्रतिष्ठा नहुनु
- व्यक्ति, परिवार र समाजमा तनाव हुनु

- अकालमा मृत्यु हुनु आदि

**लागु पदार्थ दुर्व्यसन् रोकथामका उपायहरू**

- साथी सङ्गत कस्तो छ भनी परिवारले विशेष ध्यान दिने
- खराब साथी सङ्गत पुनर्स्थापना केन्द्रमा लग्ने
- निरन्तररूपमा उचित परामर्श  दिने
- जीवनोपयोगी सिप सिक्न उत्प्रेरित गर्ने

## २. दाइजो प्रथा



हाम्रो समाजमा भएको अर्को प्रमुख सामाजिक समस्याका दाइजो प्रथा हो ।विवाहको समयमा केटी पक्षले केटा पक्षलाई दिने नगद वा जिन्सीलाई तिलक वा दाइजो भनिन्छ । दाइजो लिने दिने प्रचलनलाई दाइजो प्रथा भनिन्छ । हाम्रो समाजमा हिजोआज यसरी दाइजो दिने वा लिने चलनले समाजमा विभिन्न प्रकारका विकृति बढेको छ । दाइजो नल्याएको नाममा बुहारीमाथि कुटपिट गर्ने, हेला गर्ने र आक्रमण गर्ने जस्ता दण्डनीय कार्य भइरहेका छन् । विवाह सम्पत्ति र दाइजोका लागि नभई सुखमय जीवनका लागि हुनुपर्दछ ।

**दाइजो प्रथाले पारेको नकारात्मक असर**

- कमजोर आर्थिक अवस्था भएका महिलाको विवाह नै हुन नसक्नु
- आमाबाबु ऋणमा डुब्नुपर्ने अवस्थाको समेत सिर्जना हुनु
- महिलाहरू घरेलु हिंसामा पर्नु
- घर परिवारमा बेमेल र द्वन्द्व हुनु
- मनसिक दवाव र मनोवैज्ञानिक असर बढ्दै जानु

**दाइजो प्रथा रोकथामका उपाय**

यो सामाजिक समस्यालाई निर्मूल पार्न सरकारी तथा जनस्तरबाट प्रयास हुनुपर्दछ । यसका लागि गर्नुपर्ने प्रमुख कार्यहरू यसप्रकार रहेकाछन्:

- महिला शिक्षामा विशेष जोड दिई छोरीलाई दाइजो होइन, गुणस्तरीय शिक्षा दिने
- महिलाहरूलाई सिपमूलक शिक्षा दिई रोजगारीका अवसरहरूमा वृद्धि गर्ने
- दाइजो प्रथाका विरुद्ध जनचेतना जागृत गर्ने
- कानुनबमोजिम दण्ड सजाय गर्ने
- दाइजो माग्ने व्यक्तिहरूलाई समाजले बहिष्कार गर्ने

## ३. बौद्धिक पलायन

यसैगरी हाम्रो देशको अर्को सामाजिक समस्या बौद्धिक पलायन पनि हो । अहिले नेपालका पढेलेखेका बौद्धिक र प्राविधिक सिप भएका मानिसहरू बिदेसिने क्रम बढेको छ । यसलाई बौद्धिकपलायन भनिन्छ । बौद्धिक पलायनबाट विकासको आधार मानिने मानवीय पुँजीपलायन भई देशलाई अपूर्ण क्षति हुन्छ । देशका जान्ने सुन्ने, काम गर्ने जति विदेश गएपछि यो देशको विकासमा बाधा पुग्दछ । जनताको सुख र समृद्धिको कल्पना गर्न पनि सकिँदैन । यसले गर्दा देश पछाडि पर्दछ । हामीले “जननी जन्मभूमिश्च, स्वर्गादपि गरीयसी” भन्ने भनाइलाई बिर्सनु हुँदैन । आफ्नो अध्ययन पूरा गरेपछि स्वदेशमा नै रोजगरीको सिर्जना गरेर यही देशको सेवा गर्नु हामीले सबैलाई सचेत बनाउनुपर्दछ ।

| **बौद्धिक पलायनका कारणहरू** | **बौद्धिक पलायन रोक्ने उपायहरू** |
|---|---|
| ● क्षमताअनुसारको अवसर प्राप्त नहुनु<br>● गुणस्तरीय शिक्षाको कमी<br>● रोजगारीका अवसरहरूमा कमी | ● गुणस्तरीय प्राविधिक शिक्षामा अवसरहरू बढाउने<br>● क्षमताअनुसारका अवसरहरू प्रदान गर्ने |

| | |
|---|---|
| • विश्व एक गाउँको रूपमा विकसित हुँदै जानु<br>• सबै तह र क्षेत्रमा राम्राभन्दा हाम्रोलाई अवसर दिने परिपाटीको विकास हुनु | • खोज र अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षामा जोड दिने<br>• रोजगारीका अवसरहरू सिर्जना गर्ने<br>• नागरिकको राज्य प्रतिको दायित्वको अनुभूति गराउने |

## क्रियाकलाप

१. पुराना पत्रपत्रिकाबाट समाजमा रहेका समाजिक समस्या सम्बन्धी चित्रहरू, समाचार, विज्ञापन, आदि कटिङ गर्नुहोस् र पत्रिकामा टाँस्नुहोस् ।

२. बौद्धिकपलायन, दाइजो प्रथा र लागु पदार्थ दुर्व्यसन् जस्ता समस्याको परिणाम र समाधानका उपायहरू समेटी चार्ट तयार गर्नुहोस् ।

३. लागु पदार्थ दुर्व्यसनका विरुद्धमा जनचेतना जगाउन पर्चा, पम्प्लेट, पोस्टर, प्लेकार्डमध्ये कुनै एकका लागि सामग्री तयार पार्नुहोस् ।

## अभ्यास

१. सामाजिक समस्या भनेको के हो ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. हाम्रो समाजमा के कस्ता सामाजिक समस्याहरू छन् ? तिनको सूची तयार पार्नुहोस् ।

३. सामाजिक विकृति हटाउन जनचेतनामूलक नाराहरू तयार गर्नुहोस् ।

# पाठ २ : सामाजिक समस्याः भ्रष्टाचार

व्यक्तिगत फाइदाका लागि सार्वजनिक पदको हैसियतले कानुन विपरित कार्य गर्नेकार्य नै भ्रष्टाचार हो । यसै गरी सरकारी सम्पत्तिको हिनामिना गर्ने वा कसैबाट घुस लिने वा दिने कार्यलाई भ्रष्टाचार भनिन्छ । देशमा उपलब्ध स्रोत साधनहरूको दुरुपयोग गर्नु वा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने कार्य भ्रष्टाचार हो । घुसखोरी, सरकारी सम्पत्तिको हिनामिना, नातागोता हेर्ने प्रवृत्ति र दुराशयपूर्ण नीतिलाई भ्रष्टाचारको प्रवृत्तिको रूपमा लिइन्छ । कानुनको उल्लङ्घन गर्नु, तोकिएको जिम्मेवारी पूरा नगर्नु अथवा कर्तव्यको पालना नगर्नु जस्ता क्रियाकलाप भ्रष्टाचारअन्तर्गत पर्दछन् । भ्रष्टाचारले देशलाई कमजोर बनाउँछ । यसबाट जनताले प्राप्त गर्न सक्ने सेवा र सुविधाहरूवञ्चित गराउँछ । विश्व समुदायमा देशको बदनाम हुन्छ । देशले अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त गर्ने वैदेशिक सहयोग तथा अनुदान घट्दै जान्छ ।

## भ्रष्टाचारका कारणहरू

- छिटोछिटो धनी बन्ने प्रवृत्ति बढ्नु
- समाजले सम्पत्तिको स्रोतलाई भन्दा स्वरूपलाई महत्त्व दिनु
- परदर्शिताको कमी
- सरकारी निगरानी कमजोर हुनु
- भ्रष्टाचारीहरूलाई कानुनबमोजिम दण्ड सजाय नहुनु
- नागरिक समाजको सक्रियता कमजोर हुनु

## भ्रष्टाचार निवारणका उपायहरू

- नैतिक शिक्षा र सदाचार, कर्तव्य पालना जस्ता व्यावहारिक शिक्षामा जोड दिने
- भ्रष्टाचार विरुद्ध चेतना जगाउने
- भ्रष्टाचारीलाई सामाजिक रूपमा बहिष्कार गर्ने अभियान चलाउने
- आर्थिक पारदर्शितामा जोड दिने
- सरकारी काम कारवाहीलाई आधुनिक सूचना प्रविधिसँग जोड्ने
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सक्रिय बनाउन सबैले सहयोग गर्ने

- देशमा भ्रष्टाचार विरुद्ध आवाज उठाउन नागरिक समाज जागरुक हुने
- सामाजिक सदाचारमा जोड दिने
- कानुनको प्रभावकारी कार्यान्वयन गर्ने

भ्रष्टाचार नियन्त्रणका लागि नेपालको संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ ।




यसैगरी राष्टिय सतर्कता केन्द्र पनि भ्रष्टाचार नियन्त्रणका लागि कार्य गर्दछ । ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्ररष्टाचार निवारणका लागि समयसमयमा सरकारलाई सचेत बनाउने कार्य गर्दछ ।देशको विकासका लागि भ्रष्टाचारलाई समयमा नै निवारण गर्नुपर्दछ ।

## क्रियाकलाप

१. भ्रष्टाचारका कारणहरू झल्कने गरी एक चार्ट तयार गर्नुहोस् ।

२. भ्रष्टाचार निवारणका उपायहरूका बारेमा समूहमा छलफल गरी बुँदा टिपोट गर्नुहोस् ।

३. भ्रष्टाचार विरुद्धको नाटक, कविता, गीतमध्ये कुनै एक सामग्री तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. भ्रष्टाचार भनेको के हो ?

२. भ्रष्टाचारलाई किन सामाजिक समस्याका रूपमा लिइएको हो ?

# पाठ ३ : द्वन्द्व र त्यसको व्यवस्थापन

हामी एक स्थानबाट अर्को स्थानमा जान्छौँ । समूहमा बसेर कार्य गर्दछौँ । हामी जन्मदेखि नै फरक फरक व्यवहार एवम् संस्कृति अवलम्बन गर्दै आएका हुन्छौँ । यसले गर्दा व्यक्तिको सोच, विचार र व्यवहारमा पनि भिन्नता रहन्छ ।यसरी जब मानिस समूहमा रहन्छ । काम गर्छौं । घरपरिवारमा सदस्यहरूबिच विचारमा भिन्नता हुनसक्छ । यसरी सँगै बस्दा, काम गर्दाव्यक्ति वा समूहमा आउने मतभेद नै द्वन्द्व हो दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहका बिच कुनै पनि विषयमा मतभेद भई सिर्जना हुने विवादको अवस्थालाई द्वन्द्व भनिन्छ । फरक सोच र असहमतिले द्वन्द्व निम्त्याउँछ । द्वन्द्व सकारात्मक र नकारात्मक दुवै हुन्छन् ।

समाजमा सकारात्मक परिवर्तन ल्याउने द्वन्द्वलाई सकारात्मक द्वन्द्व भनिन्छ । हिंसा, विवाद, झगडा, युद्ध आदि निम्त्याउन द्वन्द्वलाई नकारात्मक द्वन्द्व भनिन्छ । द्वन्द्व पारिवारिक, सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने गर्दछ ।

## द्वन्द्वका कारणहरू

व्यक्तिगत, आर्थिक, सामाजिक, राजनीतिक, भाषिक, धार्मिक आदि कारणहरूले गर्दा द्वन्द्व उत्पन्न हुन्छ । व्यक्ति व्यक्तिबिचको अहमता र प्रतिस्पर्धाको कारण पनि द्वन्द्व हुन सक्दछ । हाम्रो देशमा द्वन्द्व सिर्जना गर्ने केही मुख्य कारणहरू निम्नलिखित छन् :

- धर्म, जातजाति, लिङ्ग र क्षेत्रीय आधारमा हुने व्यवहार
- दण्डहीनता
- मानव अधिकारको उल्लङ्घन
- स्रोत साधन तथा अवसरमा असमानता र विभेद हुनु
- गरिबीका कारणले स्रोत साधनमा कमी
- रोजगारीको अवसर प्राप्त नहुनु
- राजनीतिक अस्थिरता रहनु
- राजनीतिक स्वार्थबाट प्रेरित भई कार्यहरू गर्नु

- पहिचान, आत्मसम्मान र स्वाभिमानमा चोट पुऱ्याउनु

द्वन्द्वको सुरुवात मतभेद र मनमुटावबाट हुन्छ । यस्ता असन्तुष्टिले मानसिक तनावलाई बढाउँदै लैजान्छ र सामाजिक एकता र सुरक्षामा नकारात्मक असर पुऱ्याउँछ । द्वन्द्वबाट गरिएका आशाहरूलाई समयमा सही तरिकाबाट व्यवस्थापन गर्न सकिएमा पुनः द्वन्द्व हुँदैन । यसलाई द्वन्द्वको रूपान्तरण भनिन्छ ।

## द्वन्द्वका नकारात्मक असरहरू

- काम गर्ने वातावरण नहुनु
- मानसिक तनाव उत्पन्न हुने
- धनजनको क्षति
- सम्बन्ध बिग्रँदै गई सहयोगको भावना हराउँदै जाने
- सामाजिक, आर्थिक संरचनाहरू नाश हुने
- मानव अधिकार उल्लङ्घनका घटनाहरू बढ्दै जाने

## द्वन्द्व व्यवस्थापनका चरणहरू

द्वन्द्व समाधानका लागि वार्ता, संवाद वा सञ्चार र मध्यस्थता हुनुपर्दछ । । एकअर्काका बिचमा राम्रो सञ्चार वा कुराकानी नहुँदा द्वन्द्व उत्पन्न हुन सक्छ । एकअर्को पक्षबिच हुने गलत बुझाइ र अस्पटताहरू आपसी कुराकानीमार्फत कम भई दुवैपक्षबिच बुझाइमा एकरूपता र विचारमा स्पष्टता कायम गरी समाधन गर्न सहज हुन्छ । यसै गरी मध्यस्थताले पनि द्वन्द्व कम गर्न सहज बनाउँछ । असल मध्यस्थताले दुवैको जित हुने गरी समस्याको समाधन गर्न सहजीकरण गर्दछन् । यसबाट द्वन्द्व व्यवस्थापन गर्न सहयोग पुग्दछ ।

- द्वन्द्वरत दुवै पक्षबिच मध्यस्थकर्ताले सकारात्मक वार्ता गराउने वातावरण तयार गर्ने
- द्वन्द्व सहज कर्ताले संवादमार्फत निष्पक्ष रही सहयोग गर्ने
- शिष्ट, सम्मानित र बोलचालको भाषा प्रयोग गरी वैकल्पिक उपायहरूको खोजी गर्ने
- दुवै पक्षको सोचाइ, बुझाइलाई स्पष्ट पार्ने मौका दिने

- आपसी मतभेदलाई अन्त्य गर्न साझा विन्दुको पहिचान गर्ने
- दुवैलाई मेलमिलाप गराई द्वन्द्व व्यवस्थापन गर्ने
- पुनः द्वन्द्व हुन नदिन दुवैको सहभागितामा नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने

उपर्युक्त चरणहरूमार्फत द्वन्द्व रूपान्तरण भई समाजमा मेलमिलाप र शान्ति कायम हुन्छ । द्वन्द्व समाधानमा समाजको भूमिका अहम् रहेको हुन्छ । समाजमा विद्यमान द्वन्द्व पहिचान गर्ने, समाजमा रहेका प्रतिष्ठित व्यक्तिहरूमार्फत मध्यस्थता कायम गर्ने, दुवै पक्षका कुरा राम्रोसँग राख्न दिई सुनी वार्ता गराउने र दुवै पक्षको जित हुने गरी साझा सहमति खोजी द्वन्द्व व्यवस्थापन गर्न समाजले कार्य गर्न सक्दछ ।

## क्रियाकलाप

१. तपाईंको विद्यालय वा समाजमा भएका द्वन्द्वका घटनाहरू खोजी कुनै एकको कारणहरू उल्लेख गर्नुहोस् ।

२. के तपाईंले कुनै झगडा मिलाउनुभएको छ वा झगडा मिलाएको देख्नुभएको छ ? झगडा कसरी मिलाईंदो रहेछ ? आफ्नो अनुभवलाई टिपोट गर्नुहोस् ।

३. आफ्नो समुदायलाई द्वन्द्वमुक्त बनाउन के के गर्नुपर्ला ? समुदायका व्यक्तिहरूसँग छलफल गरी उपायहरूतयार गर्नुहोस् ।

## अभ्यास

१. द्वन्द्व भनेको के हो ?द्वन्द्व कति प्रकारका हुन्छन् ?लेख्नुहोस् ।

२. द्वन्द्वका कारणहरू समेटी एक चार्ट तयार गर्नुहोस् ।

३. द्वन्द्वबाट पर्ने कुनै तीनओटा नकारात्मक असरहरू लेख्नुहोस् ।

४. द्वन्द्व समाधानका लागि समाजको के कस्तो भूमिका हुन्छ?

## पाठ ४ : शान्ति र यसको आवश्यकता

कुनै पनि व्यक्तिले स्वतन्त्र र आनन्दपूर्वक आफ्ना कार्यहरू सञ्चालन गर्न पाउने अवस्था नै शान्ति हो । माया र ममता पाउनुपनि शान्ति हो । अन्याय, डर, हिंसा, युद्ध वा लडाइँको अवस्था नहुनु नै शान्ति हो । समाजमा सामाजिक न्यायको अवस्था रहनु नै शान्ति हो । एकआपसलाई सम्मान गर्नु, न्याय पाउनु नै शान्ति हो । शान्ति हामीले अनुभव गर्ने कुरा हो । सबै मानिसहरूले निर्धक्क भएर आफ्नो क्षमताअनुसारको काम गरेर सम्मानपूर्वक बाँच्न पाएको अवस्थालाई शान्तिपूर्ण अवस्था भनिन्छ ।

शान्तिका लागि केही तत्त्वहरू आवश्यक हुन्छन् । तीमध्येसबै सहभागिता, सक्रिय सुनाइ, मेललिाप, लोकतान्त्रिक संस्कार, साझा बुझाइ, समानता र समता विधिको शासन, सामाजिक न्याय, सकारात्मक सोचाइ, सहनशीलता, सहयोग, आदर र सम्मान, पादर्शिता, सुरक्षा, आदर र सम्मान र आधारभूत आवश्यकताको पूर्ति शान्तिका लागि नभई नहुने तत्त्व हुन् । यी तत्त्वहरूलाई व्यहारमा लागू गर्न सकिएमा शान्ति प्राप्त गर्न सकिन्छ ।

शान्तिका सकारात्मक र नकारात्मक गरी दुई स्वरूप रहेको हुन्छ ।प्रत्यक्ष कुटपिट, लुटपाट र महिलामाथि प्रत्यक्ष हिंसा, नभएको तर समाजमा सामाजिक असमानता, गरिबी, लैङ्गिक, जातीय, वर्गीय, धार्मिक, क्षेत्रीय भेदभाव भएको स्थिति नकारात्मक शान्ति हो । यस्तो अवस्थामा व्यक्तिले सम्मानपूर्ण जीवन बिताउन सक्ने अवस्था रहँदैन ।लैङ्गिक समानता, जातीय असमानता, बालअधिकारको सम्मान भएको, सबै मानिसको आधारभूत आवश्यकता पूर्ति भएको परिवार र समाजमा आपसी सद्भाव र मेलमिलाप स्थिति रहेको र गरिबी, बेरोजगारी असमानता, भेदभाव नभएको अवस्था नै सकारात्मकशान्तिको अवस्था हो ।

समाजमा सामाजिक न्यायका लागि शान्तिको आवश्यकता पर्दछ । कुनै पनि व्यक्ति सुखी र खुसी रहन पनि शान्तिको आवश्यकता पर्दछ । यसै गरी समाजमा मेलमिलाप राख्न, समुदायबिच सहिष्णुता कायम गर्न यसको आवश्यकता पर्दछ । यसै गरी विकास र समृद्धिका लागि शान्तिको आवश्यकता पर्दछ । यसै गरी अनुशासन् पालन गर्न,भेदभावरहित वातावरणका लागि शान्तिको आवश्यकता पर्दछ ।

विद्यालयमा शान्तिको वातावरण बनाउने, भयमुक्त वातावरण सिर्जना गर्ने, भेदभावरहित व्यवहार गर्ने, समावेशी वातावरण कायम गर्न, अनुशासनको पालना गर्ने, सबै आदर सम्मान र माया गर्ने र बालमैत्री शिक्षण सञ्चलान गर्ने जस्ता कार्यहरू गर्न सक्नुपर्दछ ।

### क्रियाकलाप

१. तपाईंको गाउँ र समुदायमा शान्ति कसरी प्राप्त हुन्छ ? समुदायका प्रबुद्ध वर्गहरूलाई सोधी उपायहरू तयार गर्नुहोस् ।

२. शान्ति विकासको आधार भन्ने शीर्षकमा एक निबन्ध तयार गर्नुहोस् ।

## अभ्यास

१. शान्ति भनेको के हो ? लेख्नुहोस् ।

२. सकारात्मक शान्ति भन्नाले के बुझिन्छ ?

३. शान्तिका लागि आवश्यक तत्त्वहरू समेटी चार्ट बनाउनुहोस् ।

४. शान्तिको आवश्यकता किन पर्छ ?

# पाठ ५ : दिगो विकास

दिगो विकास आफैँमा धान्न सकिने विकास हो । यसलाई वातावरणमैत्रीर टिकाउ हुने विकासको रूपमा पनि चिनिन्छ। विकासका लागि साधन र स्रोतको दोहन गर्दा वर्तमानमा मात्र लाभ नभई भविष्य सम्मका लागि स्रोतको सुनिश्चिता गर्ने अवधारणा दिगो विकास हो ।

## उद्देश्य

- जनताको सहभागितामा वृद्धि गर्नु
- वातावरणको संरक्षण गर्नु
- प्राकृतिक स्रोत र साधनको सावधानीपूर्वक उपयोग गर्नु
- सामाजिक न्याय स्थापित गर्नु
- देशको आर्थिक वृद्धि गर्नु
- मानवीय विकासमा जोड दिनु

## दिगो विकाका लागि ध्यान दिनुपर्ने पक्षहरू

- प्राकृतिक स्रोत र साधनको संरक्षण गर्ने
- स्थानीय प्रविधिमुखी विकास निर्माणमा जोड दिने
- वृक्षरोपण गर्ने
- सहर बजारमा निस्कने फोहोरको उचित व्यवस्थापन गर्ने
- नदी, खोलाबाट ढुङ्गा, गिटी र बालुवा झिक्ने कार्य नियन्त्रण हुनुपर्ने
- जैविक खेतीमा जोड दिने
- जनसङ्ख्या वृद्धिदर नियन्त्रण गर्नुपर्ने
- नवीकरणीय र वैकल्पिक ऊर्जाको प्रयोगमा जोड दिने

## दिगो विकासका लागि नागरिकको भूमिका

दिगो विकासका लागि नागरिक सचेत हुनुपर्दछ । वातावरण्को संरक्षण गर्ने, सामाजिक न्यायमा जोड दिने र जैविक खेतीलाई प्रवर्धन गर्नेकार्यमा लाग्नुपर्दछ। प्रत्येक नागरिकबाट यस्ता कार्यहरू भएका दिगोविकासलाई प्रभावकारी रूपमाकार्यान्वयन गर्न सकिन्छ । नागरिक तहबाट नै जनसङ्ख्या वृद्धिदर कम गर्न सचेतना र पैरवीहरू सञ्चालन गर्न सकिन्छ ।

### क्रियाकलाप

१. दिगो विकासका लागि नागरिकको भूमिका समेटी एक चार्ट तयार गर्नुहोस् ।

२. समुदायमा रहेका पछाडि परेका वर्ग वा समूहलाई अन्य व्यक्ति वा समूह सरह अगाडि ल्याउन के गर्नुपर्ला ? समुदायमा रहेका व्यक्तिहरूसँग छलफल गरी लेख्नुहोस् ।

### अभ्यास

१. दिगो विकास भनेको के हो ?बुँदामा लेख्नुहोस् ।

२. दिगो विकासको महत्त्व उल्लेख गर्नुहोस् ।

३. दिगो विकासको प्रवर्धनका लागि के कस्ता कार्यहरू गर्नुपर्ला ?

पाठ ६ : **सुशासन**

जनताप्रति उत्तरदायी सरकारले मात्र सुशासनको प्रत्याभूति दिन सक्दछ । सुशासनलाई राम्रो वा असल शासन भनिन्छ । जनमुखी शासन व्यवस्थाबाट सुशासन दिन सकिन्छ । यसका लागि पारदर्शी निर्णय प्रक्रिया र भ्रष्टाचारमुक्त समाज यसका आधारभूत पक्षहरू हुन् । सुशासनका प्रमुख तत्त्वहरू सहभागिता, जवाफदेही, कानुनी शासन, पारदर्शिता, विकेन्द्रीकरण, उत्तरदायित्व र मानव अधिकारको प्रत्याभूति हुन् ।

**सुशासनको तत्त्व चार्टमा देखाउने**

**सुशासनको महत्त्व**

- भ्रष्टाचारमा कमी हुने
- शान्ति र अमनचयन कायम हुने
- शासक र जनताबिच सुमधुर सम्बन्ध कायम हुने
- जनताको आारभूत मानवअधिकारको सुनिश्चित्ता हुने
- सेवा र सुविधामा जनताको पहुँचमा वृद्धि हुने
- स्रोत र साधनको समुचित वितरण हुने

**सुशासन प्रवर्धनका लागि गनुपर्ने कार्यहरू**

- सबैले कानुनको पालना गर्नुपर्ने
- कानुनको प्रभावकारी कार्यान्वयन गर्ने
- प्रत्येक निर्णय र गरिने कार्यहरू पारदर्शी हुनुपर्ने
- जनताले छिटो छरितो सेवा र सुविधा उपलब्ध गराउनुपर्ने
- शान्ति सुव्यवस्था कायम गर्ने
- जनताको आधारभूत आवश्यकताको परिपूर्ति हुनुपर्ने

## क्रियाकलाप

१. सुशासनका तत्त्वहरू समेटेर चार्ट तयार गर्नुहोस् ।

२. सुशासन प्रवर्धनका लागि गर्नुपर्ने कार्यहरू समेटी आफ्नो गाउँपालिका/नगरपालिकाका प्रमुखलाई चिठीलेख्नुहोस् ।

## अभ्यास

१. सुशासन भनेको के हो ? लेख्नुहोस् ।

२. सुशासनको महत्त्व चार बुँदामा लेख्नुहोस् ।

३. सुशासन कायम नहुँदा के कस्ता समस्याहरू आउँछन् ?

# पाठ ७ : अन्तराष्ट्रिय सङ्घ संस्थाहरू

नेपालमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले सामाजिक समस्या समाधान र देशको पूर्वाधार विकासमा  सहयोग गरिरहेकाछन् । यसबाट नेपालले विभिन्न क्षेत्रमा लाभ लिइरहेको छ । तीमध्ये केही अन्तर्राष्ट्रिय संस्थाहरूको परिचय र योगदानको सङ्क्षिप्त चर्चा गरिएको छ ।

## १. ट्रान्सपरेन्सी इन्टरनेसनल (Transparency International)

ट्रान्सपरेन्सी इन्टरनेसनल एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यसको स्थापना सन् १९९३ मा भएको हो । यसको प्रधान कार्यालय जर्मनीको बर्लिनमा रहेको छ । यसले७० भन्दा बढी देशमा आफ्ना सम्पूर्ण गतिविधिहरूलाई सञ्चालन गरिरहेको छ । यो संस्था स्थापना गर्नुको प्रमुख उद्देश्य भ्रष्टाचार नियन्त्रण गर्नु हो । समाजका हरेक क्षेत्रमा नैतिकता र इमान्दारी कायम गर्नु यसको उद्देश्य हो । भ्रष्टाचारमुक्त समाजको निर्माण गर्न यसले आफ्नो कार्यक्षेत्र व्यापक विस्तार गरेकोछ । नेपालमा भ्रष्टाचारको अन्त्य गर्न र समुन्नत समाजको निर्माण गर्न ट्रान्सपरेन्सी इन्टरनेसनल निरन्तर कार्यरत छ ।

## २. युनिसेफ (UNICEF)

सन् १९४६ मा स्थापना भएको युनिसेफ बालबालिकाको हितमा कार्य गर्ने एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यस संस्थाले विकासोन्मुख देशमा जोखिममा रहेका बालबालिकाको शिक्षा, स्वास्थ, पोषण र सुरक्षित मातृत्वका क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको छ । यसका साथै गरिबी निवारण, एचआईभी एड्सको रोकथाम, लागु पदार्थ दुर्व्यसन, लैङ्गिक विभेद तथा महिला हिंसाका विरुद्धमा विविध कार्यहरू सञ्चालन गरी जनचेतना जागृत गर्दै आएको छ ।  नेपालमा शिक्षा, स्वास्थ्य र बालबालिका तथा महिलाको क्षेत्रमा यस संस्थाले सहयोग गरी पहुँच र

गुणस्तरमा सुधारमा योगदान गरेको छ । नेपालमा यस संस्थाले बालबालिकाहरूको हितका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## ३. सेभ द चिल्ड्रेन (Save The Children)

सन् १९१९ मा बेलायतमा स्थापना भएकायो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यसले बालसंरक्षण, एच्आइभी एड्स र गरिबी तथा द्वन्द्व प्रभावित क्षेत्रका बालबालिकालाई सहयोग र उद्धार एवम् सुरक्षाका विषयमा कार्य गर्दछ । यसैगरी विद्यालयका बालबालिकाहरूलाई विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरी सामाजिक समस्या निराकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यस संस्थाले नेपालमा आपतकालीन सहयोग एवम् उद्धार एवम् द्वन्द्व प्रभावित बाबालिकाहरूको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## क्रियाकलाप

१. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले गरेका कार्यहरूको सम्बन्धमा पत्रपत्रिकामा खोजी गरी कुनै दुईओटाले गरेका कार्यहरू समेटी चार्ट तयार गर्नुहोस् ।

२. ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपालमा भ्रष्टाचार रोक्न गर्दै आएका कार्यहरूका बारेमा पत्रिकाका लागि एक लेख तयार पार्नुहोस् ।

३. ट्रान्सपरेसी इन्टरनेसनल, युनिसेफ र सेभ द चिल्ड्रेनले नेपालमा गरेको योगदान तालिकामा उल्लेख गर्नुहोस् ।

## अभ्यास

१. ट्रान्सपरेन्सी इन्टरनेसनलको परिचय दिनुहोस् ।

२. युनिसेफको लोगो बनाई यसका कार्यहरू उल्लेख गर्नुहोस् ।

३. सेभ द चिल्ड्रेनको परिचय लेख्नुहोस् ।

एकाइ चार

# नागरिक चेतना




कुनै पनि नागरिकहरूको चेतनाले नै समाज र देशको विकासमा सहयोग पुग्दछ । यस एकाइमा सामाजिक नियमको पालना, मानव अधिकारको उपयोग र संरक्षण, समावेशीकरणको अवधारणा, वर्तमान संविधानका विशेषताहरू, देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तथा देशको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिकासम्बन्धी विषयवस्तु समावेश गरिएको छ ।

## सिकाइ उपलब्धि

- सामाजिक नियमको पालना गरी मानव अधिकारको उपयोग र संरक्षण गर्न
- समावेशीकरणको अवधारणाअनुरूप व्यवहार गर्न
- वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिका बताउन र सोअनुरूप व्यवहार गर्न ।

# पाठ १ : सामाजिक नियम

कुनै पनि मानिस समाजको एक सदस्यको रूपमा रहेको हुन्छ । यसले गर्दा उसले समाजअनुकूलको व्यवहार गर्नुपर्छ । समाजलाई स्वस्थ, सुन्दर, सभ्य र व्यवस्थित राख्न समाजका सदस्यहरूको सहमतिमा आफ्नै नियमहरू बनाइएका हुन्छन् । समाजले बनाएका नियमहरू नै सामाजिक नियम हुन् । सबै समाजका सबैखालका सामाजिक नियमहरूले कानुनी मान्यता नहुन सक्छन् । मानिसलाई अनुशासनमा राख्न, समाज व्यवस्थित बनाउन, आपसमा सद्भाव कायम गर्न, सहयोग र बन्धुत्वको भावना विकास गर्न एवम् स्थानीय स्तरमा न्याय निसाफ गर्न समेत यसले मदत गर्दछ। कानुनले व्यवस्था गरेको भन्दा विपरीत भएमा त्यस्ता समाजिक नियमहरूलाई सुधार गर्दै जानुपनि समाजको कर्तव्य रहन्छ ।



समाजलाई अनुशासित र सभ्य बनाउन विभिन्न समुदायमा विभिन्न नियमहरू बनाइएको हुन्छ । हाम्रो गाउँ समुदायमा बनाइएका केही सामाजिक नियमहरू निम्नानुसार रहेका छन् । यसलाई नमुनाको रूपमा पनि लिन सकिन्छ ।

- समुदायमा मादक पदार्थ बेच बिखन गर्न नपाइने

- स्थानीय देवीस्थानमा देवीको मूर्तिमा बलि दिन नपाइने । तोकिएको छुट्टै ठाउँमा मात्र नरिवल फुटाउन र बलि दिन पाइने
- फोहर मैला जथाभावी फाल्न नपाइने
- सार्वजनिक स्थानमा फोहोर गर्नेलाई तत्काल रु.१०० जरिवाना लिने
- कसैको घरमा आपत्विपत् पर्दा गाउँका सबै घरबाट अनिवार्य रूपमा भेला भई सहयोग गर्नुपर्ने
- व्यक्तिहरू बिचमा विवाद उत्पन्न भएमा गाउँमा छलफल गरी सहयोगमा टुङ्गो लगाउने
- प्रत्येक घरबाट दैनिक एक मुठी अन्न छुट्याएर गुठीको कोषमा जम्मा गर्नुपर्ने
- समुदायमा आपत्विपत् पर्दा र सामाजिक काम गर्नुपर्दा सो कोषको उपयोग गर्न

हाम्रोगाउँ समुदायमा रहेका सामाजिक सङ्घसंस्थाहरूमा, टोल सुधार समिति, आमा समूह, गुठी, स्थानीय क्लवहरूले माथि जस्तै सामाजिक नियमहरू बनाई कार्यान्वयन गर्ने ग र्दछन् । यस्ता सङ्घसंस्थाहरूबाट बनाएका केही सामाजिक नयिमहरूलाई सुधार गर्दै जानुपर्ने हुन्छ ।

## क्रियाकलाप

१. आफ्नो समाजमा प्रचलनमा रहेका सामाजिक नियमहरूका बारेमा अभिभावकहरूसँग सोधी सूची तयार पार्नुहोस् ।

२. समाजमा प्रचलित सामाजिक कुरीतिका रूपमा रहेका समाजिक नियमहरूको खोजी गरी तिनीहरूलाई सुधार गर्न के गर्नुपर्छ ?उल्लेख गर्नुहोस् ।

## अभ्यास

१. सामाजिक नियम भन्नाले के बुझिन्छ ?

२. समाजमा प्रचलित कस्ता नियमहरूलाई सुधार गर्दै लैजानुपर्छ ? उल्लेख गर्नुहोस् ।

३. सामाजिक नियमको पालनाको महत्त्व उल्लेख गर्नुहोस् ।

४. सामाजिक नियमले सामाजिक अपराध नियन्त्रणमा कसरी सहयोग पुऱ्याउँछ ?

# पाठ २ : मानव अधिकार

मानव भएको कारणले आफ्नो स्वतन्त्रताको उपभोग गर्दा अरूको स्वतन्त्रता हनन् नहोस् भन्ने कुरामा सबै सचेत रहनुपर्दछ । प्रत्येक व्यक्ति आफ्नो इज्जत  र आत्मसम्मानका साथ बाँचेको हुन्छ । उसलाई कसैले पनि जाति, वर्ण, भाषा, धर्म, लिङ्ग, क्षेत्र, राष्ट्रियता आदिको आधारमा भेदभाव गर्नुहुँदैन । उसले राज्यको नागरिक भएको नाताले समान रूपमा पाउनुपर्ने अधिकार नै मानव अधिकार हो । राज्यले यसको सुनिश्चित्ता गर्नुपर्छ ।

इलेनोर रुजवेल्टले मानव अधिकारको अवधारणा अगाडि ल्याउनुभएको हो । सयुक्त राष्ट्रसङ्घले सन् १९४८ डिसेम्वर १० मा मानवअधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरेहको हो ।  तिनै अधिकारहरूलाई मानव अधिकारको रूपमा संरक्षण र प्रवर्धन गर्ने गरिएको हो । यसले विश्वव्यापी रूपमा मानव अधिकारलाई सुनिश्चित गर्न र यसको संवर्धन गर्न मदत गरेको छ ।



विश्वव्यापी घोषणापत्रमा ३०  ओटा धाराहरू (Articles) रहेका छन् । यो घोषणा पत्र जरी भएको दिन १० डिसेम्बरलाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रूपमा मनाउने गरिन्छ । नेपालले घोषणापत्रको पालना गर्ने प्रतीव्रद्धता जनाएको छ ।  घोषण पत्रमा उल्लिखित अधिकारहरू यसप्रकार रहेका छन् :

| | | | |
|---|---|---|---|
| १ | सबै स्वतन्त्र जन्मन्छन् र समान छन् । | १६ | विवाह गर्ने र परिवार बसाउने अधिकार |
| २ | कसैलाई पनि विभेद गर्न पाइँदैन । | १७ | आफ्नो सम्पत्तिमाथिको अधिकार |
| ३ | स्वतन्त्र र सुरक्षित रूपमा बाच्न पाउने अधिकार | १८ | आफ्नो चाहनाअनुरूपको धर्म अँगाल्ने र विश्वास गर्न पाउने अधिकार |

| | | | |
|---|---|---|---|
| ४ | दासत्व विरुद्धको अधिकार | १९ | अभिव्यक्ति स्वतन्त्रता |
| ५ | यातना विरुद्धको अधिकार | २० | एकै ठाउँमा भेला हुन र सङ्गठित हुन पाउने अधिकार |
| ६ | मानिस जहाँ भए पनि अधिकार समान हुन्छ । | २१ | सरकार निर्माणमा सहभागी हुने र मत दिने अधिकार |
| ७ | कानुनको अगाडि सबै समान छन् । | २२ | सामाजिक सुरक्षाको अधिकार |
| ८ | मानव अधिकार कानुनद्वारा संरक्षित हुनुपर्छ । | २३ | काम गर्ने र न्यायोचित ज्याला पाउने अधिकार |
| ९ | विना कसुर थुनामा राख्न नपाइने र देश निकाला गर्न नपाइने | २४ | निश्चित समयको कामपछि विश्राम र मनोरञ्जन गर्न पाउने अधिकार |
| १० | कानुनी उपचारको अधिकार | २५ | गाँस, बास र अशक्तहरूका लागि हेरचाहको अधिकार |
| ११ | कसुर प्रमाणित नभएसम्म निर्दोष मानिने | २६ | शिक्षाको अधिकार |
| १२ | गोपनीयताको अधिकार | २७ | आफ्नो सिर्जनाको प्रतिलिपि अधिकार |
| १३ | देशभित्र विनारोकतोक आवतजावत गर्न पाउने | २८ | मानव अधिकार र स्वतन्त्रताको उपभोग निर्वाध रूपमा गर्न पाउने व्यवस्था हुनुपर्ने |
| १४ | आफू सुरक्षित हुन जहाँसुकै जान पाउने | २९ | अरूको अधिकारको हनन नगर्ने दायित्व |

| | | | |
|---|---|---|---|
| १५ | नागरिकताको अधिकार | ३० | मानव अधिकारको उल्लङ्घन कसैले गर्न नपाउने |

नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि संवैधानिक अङ्गका रूपमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरिएको छ । आयोगले देशभित्र मानव अधिकारको उल्लङ्घनका घटनाहरूको छानबिन गर्ने, पीडितलाई क्षतिपूर्ति दिन आदेश दिने एवम् उल्लङ्घनकर्तालाई कार्बाहीको सिफारिस गर्ने जस्ता कार्य गर्दछ । आयोगले मानव अधिकारप्रति जनचेतना अभिवृद्धि गर्ने कार्यहरू समेत गर्दछ । नेपालमा एम्नेस्टी इन्टरनेसनल र अनौपचारिक सेवा केन्द्र (इन्सेक) जस्ता गैरसरकारी संस्थाहरूले पनि मानव अधिकारका सरक्षण र प्रवर्धनका लागि जनतालाई सचेत गराउने कार्यरत रहेका छन् ।




मानव अधिकार हनन भएमा त्यस्ता कार्यहरूलाई दोहोरिन नदिन सबै नागरिक सचेत हुनुपर्दछ । मानव अधिकारका हननका घटनाहरू भएमा सोको जनाकारी राष्ट्रिय मानव अधिकार आयोग र मातहतका कार्यालय तथा अन्य मानव अधिकारसँग सम्बद्ध सङ्घसंस्थाहरू, स्थानीय सरकार र पत्रकारहरूलाई जानकारी गराई घटनाहरू सार्वजनिक गरी दोहोरिन दिनु हुँदैन । मानव अधिकार हनन गर्ने व्यक्तिलाई कानुनबमोजिम कारवही गर्नुपर्दछ ।

## क्रियाकलाप

१. तपाईंको गाउँ समुदायमा कुन कुन मानव अधिकारहरू हनन भएका घटनाहरू देखिन्छन् ? सूची बनाउनुहोस् ।

२. मानव अधिकारको संरक्षण गर्न विद्यालयको कस्तो भूमिका हुन सक्छ ? छलफल गरी लेख्नुहोस् ।

३. पुराना पत्रपत्रिकाहरूबाट मानव अधिकारसम्बन्धी समाचार, चित्र, लेख आदि सङ्कलन गरी चार्ट तयार गर्नुहोस् ।

## अभ्यास

१. मानव अधिकार भनेको के हो ? लेख्नुहोस् ।

२. राष्ट्रिय मानव अधिकार आयोगले के कस्ता कार्यहरू गर्दछ ?उल्लेख गर्नुहोस् ।

३. विश्वव्यापी मानव अधिकारको घोषण पत्रअनुसार कुनै चारओटा अधिकारहरू लेख्नुहोस् ।

# पाठ ३ : महिला अधिकार

महिला र पुरुष एउटै सिक्काका दुई पाटा हुन् । पूर्वीय दर्शनले नारीलाई उच्च सम्मान दिएको पाइन्छ । नारीलाई शक्तिस्वरूपा र धरती माताको रूपमा मान्ने गरिएको छ । तरपनि महिलाहरूले पुरुष समान जीवन जिउन सक्ने अवस्था रहेको देखिँदैन । समय बित्दै जाँदा नारीलाई कमजोर रूपमा प्रस्तुत गर्न थालियो । पुरुषहरूले हैकम जमाउन थाले र नारी जातिको अपमान हुन थाल्यो । हामीले मानव अधिकारको कुरा गर्दा महिला अधिकार पनि सँगै आउने गर्दछ । नेपालको सन्दर्भमा हेर्ने हो भने आधाभन्दा बढी जनसङ्ख्या महिलाको छ । जबसम्म महिलाहरूले पुरुषसरह जीवन जिउन पाउँदैनन् तबसम्म मानव अधिकारले पूर्णता पाउन सक्दैन । त्यसैले विश्वमा चेतनशील नारीहरूले महिला अधिकारको सवाल उठाएका हुन्। सन् १९६७ मा सयुक्त राष्टसङ्घको साधारण सभाले महिलाहरूको हकसँग सम्बन्धित  अधिकारहरूको बोरमा वक्तव्य प्रकाशित गरेको थियो । महिला अधिकार निम्नानुसार रहेकाछन् :

- महिला हिंसा तथा लिङ्गको आधारमा महिलामाथि हुने भेदभावको अन्त्य
- समान प्रकृतिको कामका लागि पुरुषसरह समान ज्याला
- मातृस्वास्थ्य, लैङ्गिक तथा प्रजनन अधिकार
- सुत्केरी हुँदा तलबी बिदा पाउनुपर्ने
- सम्पत्तिमा महिलाको समान अधिकार
- वैवाहिक, पारिवारिक तथा धार्मिक अधिकार
- महिलाहरूको शिक्षा पाउने अधिकार
- बाल विवाह जस्ता सामाजिक कुरीतिको अन्त्य

महिला अधिकारलाई नेपालको संविधानले मौलिक हकभित्र राखेको छ । हाम्रो समाज पितृसत्तात्मक  हाम्रो समाजमा महिलाहरू पछि पर्नुका कारणहरू यसप्रकार रहेकाछन् :

- परम्परागत सोच
- समाज पितृसत्तात्मक र पुरुष प्रधान हुनु
- महिलाहरू शिक्षाको अवसरबाट वञ्चित हुनु
- प्रजनन स्वास्थ्य सेवाको उपलब्धता पर्याप्त नहुनु

- महिलाहरूको सशक्तीकरणका लागि कार्यक्रमहरू प्रभावकारीरूपमा सञ्चालन नहुनु
- महलिा र पुरुषबिच विभेद कायम रहनु

नेपालमा महिला अधिकारको संरक्षण र महिलाहरूको सशक्तीकरणका लागि नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी पैतृक सम्पत्तिमा महिलाको समान अधिकारलाई स्थापित गरेको छ। महिलाहरूको सशक्तीकरणकालागि  शिक्षा, स्वास्थ्य तथा रोजगारीका लागि राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ। महिलामाथि हुने सबै प्रकारका हिंसाजन्य क्रियाकलापहरू दण्डनीय हुने कुरा संविधानमा उल्लेख गरिएको छ। राज्यका सबै अङ्गहरूमा महिलाहरूको समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था गरिएको छ।

नेपालले महिलाउपर हुने सबै प्रकारका भेलभावको उन्मूलन गर्ने महासन्धि १९६९लाई अनुमोदन गरेको छ। संविधानले राष्ट्रिय महिला आयोगको गठनको व्यवस्था गरेअनुरूप आयोग गठन भएको छ। प्रत्येक वर्ष ८ मार्चका दिन अन्तराष्टिय महिला दिवस मनाइन्छ। यसरी महिला अधिकारलाई सुनिश्चित गर्न संविधान र कानुनहरूमा सुधार गर्ने कार्य भइरहेको छ। यी प्रावधानहरूको कार्यान्वयन गर्न जनचेतनाको पनि आवश्यकता पर्दछ।  महिला अधिकारहरूको संरक्षण र प्रवर्धनका लाीग मानव  अधिकार र महिला अधिकारसँग सम्बन्धित पैरवी र शिक्षा निरन्तर दिनुपर्दछ ।

## क्रियाकलाप

१. तपाईंकोगाउँ समुदायमा भएका महिला अधिकार हननसम्बन्धी घटनाहरूको विवरण तयार गर्नुहोस्। महिलाहरूलाई हिंसाबाट बचाउने उपायहरू खेजी गरी लेख्नुहोस्।

२. समाजमा महिलाहरूको भूमिकालाई पुरुषको सरह बनाउन के के गर्नुपर्ला ? अभिभावसँग छलफल गरी बुँदाहरू तयार पार्नुहोस्।

३. महिला अधिकार र वर्तमान समाज शीर्षकमा गीत, कविता, कथा, संवाद, चित्र तयार गर्नुहोस्।

## अभ्यास

१. महिला अधिकार भनेको के हो ? लेख्नुहोस्।

२. महिला अधिकार भन्नाले के कस्ता अधिकारहरू पर्दछन् ? सूची तयार गर्नुहोस्।

३. महिलाहरूको सशक्तीकरणका लागि के कस्ता कार्यहरू गर्नुपर्दछ ? लेख्नुहोस्।

## पाठ ४ : समावेशीकरण



हाम्रो देश नेपाल प्राकृतिक मनोरम एवम् सुन्दर छ । विविधता नै नेपालको पहिचान हो । हिमालदेखि तराईसम्म जमिनको स्वरूपमा विविधता छ, हावापानीमा विविधता छ । हावापानीअनुसार वनस्पतिमा पनि विवधता छ । दक्षिणमा सदावहार वनस्पति पाइन्छ । मध्यभागमा पतझर वनस्पति पाइन्छ भने उत्तरमा कोणधारी वनस्पति पाइन्छ । जीवजन्तुमा पनि विविधता पाइन्छ ।

नेपाली समाज विभिन्न जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक रूपले विविधतायुक्त समाज हो । वेशभूषा, रहनसहन र संस्कृतिमा पनि विविधता छ । नेपालमा विभिन्न धार्मिक सम्प्रदायका मानिसहरू बसेका गर्दछन् । यसैले नेपाललाई विभिन्न जाति, भाषा, धर्म, लिङ्ग र संस्कृतिका मानिसहरूको साझा फूलबारीको रूपमा लिइन्छ । नेपाल र नेपाली नै सबैको राष्ट्रिय पहिचान हो । नेपालमा बसोबास गर्ने सबै नेपालीले सम्मानपूर्वक बाँच्न र  समान अवसर पाउनुपर्दछ । कसैमाथि भेदभाव हुनु हुँदैन । सबै नेपालीले हामी नेपाली, हाम्रो देश नेपाल भनी गर्व गर्न पाउनुपर्छ । यस्तो स्थितिको सिर्जना हुनु नै समावेशीकरण हो । जातीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक, अपाङ्गता, वर्गीय, भाषिक र अल्पसङ्ख्यक समुदायहरूको सहभागिता नै समावेशीकरण हो । सबैले आफ्नो अधिकारको उपयोग गर्न पाउने व्यवस्था हुनु नै समावेशीकरण हो । हाम्रो राष्ट्रिय गानले सबै जात जाति र क्षेत्रको विविधतालाई सम्बोधन गरेको छ । समावेशीकरणको मर्मलाई सम्बोधन गरेको छ ।

## नेपालमा  समावेशीकरणका प्रावधानहरू

नेपालको संविधानमा  समावेशीकरणका लागि भएका  प्रमुख प्रावाधानहरू यसप्रकार उल्लेख गरिएको छ

| भाग र धारा | भएको व्यवस्था |
| --- | --- |
| भाग १ धारा ३ राष्ट्र | बहुजातीय, बहुधार्मिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको ....सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट हो । |
| भाग १ धारा ६ राष्ट्र भाषा | (१) नेपालमा बोलिने सबै भाषाहरू राष्ट्र भाषा हुन् । |
| भाग ३ धारा १८ समानताको हक | (३) राज्यले नागरिकहरूको बिच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा  भेदभाव गर्ने छैन । तर महिला, दलित , आदिवासी, मधेसी  वा किसान ............।<br>(४) समान कामका लागि महिला र पुरुषबिच पारिश्रमिक तथा सामाजिक सुरक्षमा भेदभाव गरिने  छैन । |
| भाग ३ धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक | (१) कुनै पनि व्यक्तिलाई जातजाति, समुदाय पेसा वा शारीरिक अवस्थाका आधारमा कुनै किसिमको छुवाछुत भेदभाव गरिने छैन । भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् । |
| भाग ३ धारा ४२ सामाजिक न्यायको हक | सामाजिक रूपले पछाडि परेका महिला, दलित आदिवासी, जनजाति, मधेसी, थारु, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडिएका वर्ग,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई |

| | |
|---|---|
| | समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । |
| भाग ८ धारा ८४ प्रतिनिधि सभाको गठन | (२) सामानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी, खस, आर्य, मधेसी, थारु, मुसिलम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । |

समावेशीकरणका लागि नेपालमको संविधाका भएका व्यवस्थाहरूलाई कार्यान्वयनका लागि विविध प्रयासहरू भएका छन् । तीमध्ये केही समावेशीकरणका लागि भएका प्रयासहरू यसप्रकार रहेकाछन् :

- हरेक क्षेत्रमा तेत्तिस प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको
- संविधानमा मौलिक हकअन्तर्गत नै महिला दलित, मधेसी, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चित्ता गरिएको
- राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिएको
- शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा आरक्षणको व्यवस्था गरिएको
- संसद्मा समानुपातिक निर्वाचन प्रक्रियाबाट सदस्य निर्वाचित हुने व्यवस्था भएको
- जाति, वर्ण, भाषा, धर्म र लिङ्गका व्यक्तिको पहिचान र सम्मान गर्ने कानुनी व्यवस्था भएको
- अशक्त र अपाङ्गहरूका लागि विशेष अवसर प्रदान गरिएको
- राष्ट्रिय समावेशी आयोग, महिला आयोग, दलित आयोग, मधेशी आयोग, जनजाति आयोग, मुस्लिम आयोगलगायतका आयोगहरूलाई संवैधानिक आयोगकै रूपमा व्यवस्था गरिएको

## नेपालमा समावेशीकरणका लागि अवलम्बन गनुपर्ने उपायहरू

- राज्यका सबै निकायमा  समानुपातकि प्रतिनिधिलाई सुनिश्चित गर्ने
- शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरू वृद्धि गर्ने
- पिछडिएका वर्ग र सुदायलाई स्थान सुरक्षित गर्ने
- सबै वर्ग र समुदायको  पहिचालाई सम्मान गर्ने
- सबै नागरिकहरूलाई न्यायको अनुभूति दिलाउने
- अशक्त र अपाङ्गताहरूका लागि विशेक्ष अवसर प्रदान गर्ने
- विकास निर्माणमा सबैको सहभागिता र क्षेत्रीय सन्तुलन कायम गर्ने
- धार्मिक तथा सांस्कृतिक  सहिष्णुता र सामाजिक सदभाव कायम गर्ने

समावेशीकरणले देशलाई बलियो बनाउन सहयोग गर्दछ । यसबाट देशमा बसोबास गर्ने सबै जातजातिमा देशप्रतिको माया ममता र सदभाव बढ्दछ । यसैगरी अपनत्व बढ्ने भएकाले राष्ट्रलाई बलियोबनाउन समावेशीकरणले सहयोग गर्दछ। देशभित्र एकअर्काबिच सद्भाव र सहयोग बढी देशको विकासमा टेवा पुग्दछ। यसबाट पछाडि परेका समूह र वर्गलाई अन्यसरह बनाउन सहयोग पुग्दछ । यसबाट समतामूलक समाज स्थापना र नागरिकलाई न्यायको अनुभूति गराउन समावेशीकरण्ले सहयोग गर्दछ ।

## क्रियाकलाप

१. नेपालको नक्सा कोर्नुहोस्र त्यसमा समावेशिताको झलक देखाउनुहोस् ।

२. समावेशीकरणका लागि नेपालमा भएका प्रयासहरू समेटी सूची तयार गर्नुहोस् ।

३. समतामूलक समाज र सकारात्मक विभेदका बारेमा बहस गर्नुहोस् ।

## अभ्यास

१. समावेशीकरण भनेको के हो ?

२. समावेशीकरण्ले देशलाई कसरी बलियो बनाउछ?लेख्नुहोस् ।

३. समावेशीकरणका लागि अवलम्बन गर्नुपर्ने कुनै चार उपायहरूउल्लेख गर्नुहोस् ।

## पाठ ५ : संविधानका विशेषताहरू

कुनै पनि देशको शासन् व्यवस्था संविधानबमोजिम सञ्चालन भएको हुन्छ। सोहीबमोजिम नेपालको शासन् व्यवस्था जनताबाट निर्वाचित जनप्रतिनिधिहरूको सहभागितामा सविंधान सभाबाट २०७२ सालमा जारी गरिएको नेपालको संविधानको व्यवस्थाबमोजिम सञ्चालन भएको छ। देशका सबै कानुनहरू संविधानबमोजिम तर्जुमा गरी कार्यान्वयन गरिन्छ।



*राष्ट्रपतीबाट नेपालको संविधान जारी गर्दै*

नेपालको शासन् व्यवस्थाहरूको परिवर्तनसँगै विभिन्न समयमा विभिन्न प्रकारका संविधानहरू बने र समयअनुसार सुधार हुँदै पनि गए । नेपाली जनतालाई ती संविधानहरूले पूर्णरूपमा अधिकारसम्पन्न गर्न नसकेकाले वि. सं. २०६२/६३ मा दोस्रो जनआन्दोलन भयो। आन्दोलनको उपलब्धिस्वरूप संविधान सभाबाट नयाँ संविधान जारी गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन् व्यवस्थाको स्थापना गरियो। संविधान सभाले वि.सं. २०७२ असोज ३ गतेका दिन नेपालको संविधान पारित गऱ्यो । नेपाली जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट बनाई जारी गरिएको र संविधान सभाको ९० प्रतिशत सदस्यले हस्ताक्षर गरी पारित गरेको नेपालको पहिलो संविधान हो । यस संविधानका मुख्य विशेषताहरू यसप्रकार छन् :

| क्र.स. | प्रमुख विशेषताहरू | भएको व्यवस्था |
|---|---|---|
| १ | सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान: | नेपालको संविधानले सङ्घीय लोकतन्त्रिक गणतन्त्रतात्मक शासनको व्यवस्था गरेको छ। राष्ट्रपति राष्ट्र प्रमुख हुने व्यवस्था गरिएको छ । सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था गरिएको छ । |
| २ | सार्वभौभ सत्ता जनतामा निहित | यस संविधानले राज्य सञ्चालनको स्रोत जनतालाई मानी जनताको सर्वोच्चतालाई स्थापित गरेको छ। नेपालको सार्वभौमिकता र राजकीय सत्ता जनतामा निहित हुने व्यवस्था गरेको छ । |
| ३ | मानव अधिकारको पूर्ण प्रत्याभूति र मौलिकहकको व्यवस्था | यस संविधानले जनताको मौलिकहकको प्रत्याभूति गरेको छ । मानव अधिकारको विश्वव्यापीघोषणाका प्रावधानहरूलाई स्वीकार गरेको छ । |
| ४ | स्वतन्त्र न्यायपालिका र कानुनी राज्य | स्वतन्त्र न्यायपीलिका र कानुनी शासनको अवधारणालाई स्वीकार गरेको छ। यस संविधानले कानुनको नजरमा सबैसमान हुने व्यवस्था गरेको छ । |
| ५ | बहुलवादमा आधारित बहुदलीय शासन् व्यवस्था | आाफ्नो विचारधारा र दर्शनअनुरूप राजनीतिक दल खोल्न, सञ्चालन गर्न र जनताको समर्थन प्राप्त गर्न पाइने व्यवस्था गरेको छ । |
| ६ | समावेशी संविधान | यस संविधानले जातजाति, वर्ण, भाषा, धर्म, लिङ्गका आधारमा कुनै किसिमको भेदभाव नगर्ने, सबैको पहिचानको सम्मान गर्ने व्यवस्था गरेको छ । सामाजिक न्याय स्थापित गर्ने कुरा उल्लेख गरेको छ । |

| | | |
|---|---|---|
| ७ | मिश्रित निर्वाचन प्रणाली | पहिलो हुने निर्वाचित हुने र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणालीको अवलम्बन गरिएको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको छ । |
| ८ | धर्म निरपेक्षता | नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको छ । विभिन्न धर्मका बिच समानता एवम् सहअस्तिवका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गर्ने कुरा उल्लेख भएको छ । |

यसै गरीबढीमा २५ जनासम्मको मात्र मन्त्रिपरिषद् हुने व्यवस्रथा, राष्ट्रपति राष्ट्रप्रमुख हुने र प्रधानमन्त्री कार्यकारी हुने व्यवस्था, सङ्घीय व्यवस्थापिकाको दुई तिहाइ बहुमतबाट संशोधन गर्न सकिने र आमाको नामबाट समेत नागरिकता लिन सकिने व्यवस्था पनि यस संविधानका विशेषताहरू हुन् ।

### क्रियाकलाप

१. नेपालको संविधानका प्रमुख विशेषताहरू समेटी चार्ट तयार गर्नुहोस् ।

२. नेपालमा हालसम्म सातओटा संविधान जारी भएकाछन् । किन यति धेरै संविधान जारी गर्नुपरेको होला ? सोध खोज गरी लेख्नुहोस् ।

### अभ्यास

१. संविधान भनेको के हो ?

२. नेपालको संविधानका विशेषताहरू झल्कने एक संवाद तयार पार्नुहोस् ।

३. नेपालको संविधानलाई समावेशी संविधान भन्नुको कारण उल्लेख गर्नुहोस् ।

# पाठ ६ : व्यवस्थापिका



जननिर्वाचित प्रतिनिधिहरूबाट बनेको राज्यको कानुन निर्माण गर्ने सर्वोच्च निकाय व्यवस्थापिका हो । विभिन्न देशमा व्यवस्थापिकासम्बन्धी आआफ्नै किसिमका भिन्न भिन्न हुने गर्दछ । देशको जनसङ्ख्या, क्षेत्रफल, भौगोलिक अवस्था आदिका आधारमा व्यवस्थापिकाको निर्वाचन प्रक्रिया, सदस्य सङ्ख्या एवम् कार्यविधि निर्धारण गरिएको हुछ। नेपालको संविधानअनुसार केन्द्रमा सङ्घीय व्यवस्थापिका, प्रदेशमा प्रादेशिक व्यवस्थापिका र स्थानीय स्तरमा गाउँपालिका र नगरपालिकासहितको स्थानीय व्यवस्थापिका गरी तीन तहको व्यवस्थापिका रहने व्यवस्था छ। यी सबै व्यवस्थापिका बिचमा अन्तरसम्बन्ध छ भने यिनीहरूको काम, कर्तव्य र अधिकार क्षेत्र संविधानमा व्यवस्था गरिएको छ। नेपालको संविधानको भाग ८ मा सङ्घीय व्यवस्थापिकाको उल्लेख गरिएको छ।

## १. सङ्घीय व्यवस्थापिका

नेपालको संविधानअनुसार दुई सदनात्मक सङ्घीय व्यवस्थापिका रहेको छ। तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभा भनिन्छ। यी दुवैको संयुक्त रूपलाई संसद् भनिन्छ।

१. **प्रतिनधि सभा** : प्रत्यक्ष अर्थात् पहिलो हुनविजयी हुने निर्वाचन प्रणालीबाट १६५ जना र समानुपातिक निर्वाचन प्रणालीबमोजिम जनताले चुनेर पठाएका ११० जना गरी कुल २७५ सदस्य रहेको एक प्रतिनिधि सभा रहेको छ। प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुन्छ। प्रतिनिधि सभाको उम्मेदवार हुन कम्तीमा २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्दछ। यस निर्वाचनमा १८ वर्ष उमेर पुगेका नेपाली नागरिकले मतदान गर्न पाउने व्यवस्था छ। प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ। प्रतिनिधि सभामा एक सभामुख र एक उपसभामुख रहन्छन्।

२. **राष्ट्रिय सभा :** नेपालमा स्थायी सदनका रूपमा राष्ट्रिय सभा रहेको छ र यसको कार्यकाल ६ वर्षको हुन्छ । प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष एवम् नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलले प्रत्येक प्रदेशबाट ८ जनाका दरले छनोट भएका ५६ जना र नेपाल सरकारको सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मनोनीत ३ जना गरी छनोट कुल ५९ जना सदस्य राष्ट्रिय सभामा रहने व्यवस्था छ । प्रत्येक प्रदेशबाट तीन महिला, एक दलित, एक अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जनाका दरले ५६ जनालाई निर्वाचित गर्दछ । राष्ट्रिय सभाको उम्मेदवार हुन कम्तीमा ३५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्दछ । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको म्याद प्रत्येक दुई वर्षमा समाप्त हुन्छ । पहिलो पटकका लागि गोला प्रथाद्वारा सदस्यहरूको तीन किसिमको कार्यकाल निर्धारण गरिने व्यवस्था छ । राष्ट्रिय सभामा एक अध्यक्ष र एक उपाध्यक्ष रहन्छन् ।

**सङ्घीय व्यवस्थापिकाका मुख्य कार्यहरू यसप्रकार रहेका छन् :**

(क) सङ्घीय कानुन बनाउने वा संशोधन गर्ने

(ख) प्रधानमन्त्री, सभामुख, उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने

(ग) राज्यको वार्षिक बजेट पारित गर्ने

(घ) सरकारको काममा निगरानी गर्ने

(ङ) संविधान संशोधन गर्ने

(च) आर्थिक नियन्त्रण सम्बन्धी कार्य गर्ने

व्यवस्थापिकाको प्रमुख कार्य कानुन बनाउनु हो । कानुन बनाउनका लागि सङ्घीय संसद्मा प्रस्तुत हुने मस्यौदा प्रस्तावलाई विधेयक भनिन्छ । सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ । तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गर्न सकिन्छ । एक सदनबाट पास भएको विधेयक प्रमाणित गरी अर्को सदनमा पठाउनुपर्दछ । दुवै सदनले पास गरेपछि राष्ट्रपतीबाट प्रमाणीकरण परेपछि कानुन बन्छ ।

## २. प्रादेशिक व्यवस्थापिका

प्रत्येक प्रदेशमा एक सदनात्मक व्यवस्थापिका रहन्छ र त्यसलाई प्रदेश सभा भनिन्छ । प्रदेश सभाको प्रत्यक्ष निर्वाचित हुने सदस्य सङ्ख्या सङ्घीय प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सांसद् सङ्ख्या जति हुन्छ त्यसको दोब्बर सङ्ख्या बराबर हुन्छ । प्रदेश सभामा एक सभामुख र एक उपसभामुख रहन्छन् । प्रदेश व्यवस्थापिकाको काम यस प्रकार रहेको छ :

(क) आआफ्नो प्रदेशका निमित्त कानुन बनाउने वा संशोधन गर्ने

(ख) मुख्य मन्त्री, प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन गर्ने

(ग) प्रदेशको वार्षिक बजेट पारित गर्ने

(घ) प्रदेश सरकारको काममा निगरानी गर्ने

(ङ) आर्थिक नियन्त्रण सम्बन्धी कार्य गर्ने

## ३. स्थानीय व्यवस्थापिका

प्रत्येक गाउँपालिकामा गाउँ सभा र नगरपालिकामा नगर सभा नामको स्थानीय व्यवस्थपिका रहेको छ । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू र उक्त गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण वडाका वडा समितिका सदस्यहरू गाउँ सभाका सदस्य हुन्छन् । नगरपालिकामा पनि यही प्रक्रियाबाट नगरपालिकाका प्रमुख, उपप्रमुख, सदस्यहरू, वडा समितिका सदस्यहरू र मनोनीत सदस्यसहितको नगर सभाको गठन हुन्छ । गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा एक वडा अध्यक्ष र चार सदस्यसहितको पाँच सदस्यीय वडा समिति रहन्छ । गाउँ सभा र नगर सभाका सम्पूर्ण निर्वाचित सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । गाउँ सभा र नगर सभाको सदस्यमा उम्मेदवार हुन २१ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्दछ । स्थानीय व्यवस्थापिकाको काम यसप्रकार रहेको छ :

(क) गाउँपालिका वा नगरपालिकाका लागि कानुन बनाउने वा संशोधन गर्ने

(ख) गाउँपालिका वा नगरपालिकाको वार्षिक बजेट पारित गर्ने

(ग) गाउँपालिका वा नगरपालिकाको काममा निगरानी गर्ने

## क्रियाकलाप

१. सङ्घीय संसद्को गठन प्रक्रिया समेटी चार्ट तयार गर्नुहोस् ।

२. व्यवस्थापिकाको गतिविधि सम्बन्धमा रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिबाट प्रकाशित र प्रसारित समाचारहरू सङ्कलन गरी प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको आफ्नो जिल्लाबाट प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा प्रतिनिधित्व गरेका सदस्यको सूची तयार गर्नुहोस् ।

## अभ्यास

१. व्यवस्थापिका भनेको के हो?

२. प्रतिनिधि सभाको गठन प्रक्रियाउल्लेख गर्नुहोस् ।

३. विद्ययेक भन्नाले के बुझिन्छ ? लेख ।

४. व्यवस्थापिकाको कार्यहरूलेख्नुहोस् ।

५. प्रदेश सभा र स्थानीय व्यवस्थापिकाबिच भिन्नता छुट्याउनुहोस् ।

# पाठ ७ : कार्यपालिका



व्यवस्थापिकामार्फत निर्मित कानुन कार्यान्वयन गर्ने प्रमुख निकाय कार्यपालिका हो । मन्त्रिपरिषद् वा सरकारलाई नै कार्यपालिका भनिन्छ । नेपालको संविधानको भाग ७मा व्यवस्था भएअनुसार नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित छ । साथै नेपालमा बहुदलीय प्रतिस्पर्धाका आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन् प्रणाली कायम भएको छ। नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहेको छ । नेपालको शासन् व्यवस्थाको सामान्य निर्देशन, सञ्चालन र नियन्त्रण गर्ने अभिभारा मन्त्रिपरिषद्को हुने र यसले नेपाल सरकारको नाममा काम गर्ने व्यवस्था छ । नेपालको संविधानबमोजिम तीन तहको सरकारको व्यवस्था गरेको छ। कार्यपालिकासम्बन्धी व्यवस्था निम्नानुसार रहेकोछः

**सङ्घीय कार्यपालिकाको गठन** : प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएपछि सङ्घीय मन्त्रिपरिषद्को गठन प्रक्रिया सुरु हुन्छ । प्रतिनिधि सभाबाट राष्ट्रपतिले प्रधानमन्त्रीको नियुक्ति गरेपछि प्रधानमन्त्रीले बाँकी मन्त्रीहरूको नियुक्ति गर्नेछन् । मन्त्रिपरिषद्मा प्रधानमन्त्री, उपप्रधानमन्त्री, राज्यमन्त्री र सहायकमन्त्री सहित बढीमा २५ जनासम्म मात्र रहने व्यवस्था संविधानले गरेको छ । मन्त्रीहरू प्रधानमन्त्री र संसद्प्रति उत्तरदायी हुन्छन् । प्रधानमन्त्रीको नियुक्ति निम्नानुसार हुने छ :

(क) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरेपछि प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ ।

(ख) यदि कुनै पनि दलले प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न नसकेको अवस्था भएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छन् । त्यस्तो प्रधानमन्त्रीले नियुक्त भएको तिस दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्नुपर्छ ।

(ग) दुई वा दुईभन्दा बढी दलको समर्थनमा नियुक्त भएको प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछन् । त्यस्तो प्रधानमन्त्रीले पनि नियुक्त भएको तिस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।

(घ) सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेताको रूपमा नियुक्त भएका प्रधानमन्त्रीले पनि विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभामा विश्वासको मत पुऱ्याउन सक्छु भनी दाबी गर्ने प्रतिनिधि सभाको कुनै सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछन् । त्यस्तो प्रधानमन्त्रीले पनि तिस दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।

**प्रदेश कार्यपालिका :** संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था गरिएको छ । प्रदेशको कार्यकारिणी अधिकार संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था गरिएको छ । प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहने व्यवस्था छ । प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्य मन्त्री नियुक्त गर्नेछन् र मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ । प्रदेश सभाको निर्वाचन भएको वा मुख्य मन्त्रीको पद रिक्त भएको ३५ दिनभित्र मुख्य मन्त्रीको नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गरिसक्नुपर्ने व्यवस्था रहेको छ । यदि कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले सङ्घीय कार्यपालिकामा प्रधानमन्त्री नियुक्तिका लागि अपनाइएका विकल्पहरू नै क्रमश: अपनाउने छन् ।

**स्थानीय कार्यपालिका :** गाउँ/नगरपालिकाभित्रको शासन् व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न गाउँ क्षेत्रमा गाउँपालिका र नगर क्षेत्रमा नगरपालिकाको व्यवस्था गरिएको छ । गाउँ/नगरपालिका क्षेत्रभित्रका १८ वर्ष उमेर पुगेका मतदाताले गोप्य मतदानका माध्यमबाट गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको छनोट गर्नेछन् । त्यसै गरी नगरपालिकामा पनि नगर प्रमुख र उपप्रमुखको छनोट हुनेछ । गाउँ/नगर कार्यपालिकामा यी दुई पदका अलावा प्रत्येक वडाबाट निर्वाचित भई आएका वडाध्यक्ष र समानुपातिक एवम् समावेशी कोटाबाट निर्वाचित वा मनोनीत भएका सदस्यहरू सदस्य रहने व्यवस्था रहेको छ ।

**कार्यपालिकाको कार्यहरू**

- व्यवस्थापिकाद्धारा पारित कानुनको कार्यान्वयन गर्ने
- संविधान र अन्य कानुनको अधीनमा रही राज्यको शासन् व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन गर्ने
- मुलुकमा अमनचयन शान्ति कायम राख्नुको साथै शान्ति सुरक्षाको व्यवस्था गर्ने
- देशको वार्षिक बजेट तयार गर्ने
- बाहृय अतिक्रमण आक्रमणबाट देशको रक्षा गर्ने
- परराष्ट्र मामिलासम्बन्धी कार्य गर्ने
- कर निर्धारण गर्ने, राष्ट्रिय ढुकुटीबाट रकम झिक्ने, राज्यलाई आवश्यक पर्ने रकम ऋण लिने
- देशको विकासका लागि पूर्वाधारहरू निर्माणका कार्यहरू सञ्चालन गर्ने

सरकारले आफ्ना मातहतमा सरकारी कार्यालयहरू स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दछ । यसै गरी कानुनको कार्यान्वयन पनि मातहतका कार्यालयहरूमार्फत कार्यान्वयन गर्दछ ।

## क्रियाकलाप

१. तपाईंको गाउँ समुदायमा सरकारले गरेका कार्यहरूका बारेमा खोजी गरी सूची तयार गर्नुहोस् ।

२. नेपालको संविधानअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय कार्यपालिकाको गठन प्रक्रिया तयार गरी चार्ट तयार गर्नुहोस् ।

## अभ्यास

१. नेपालको संविधानअनुसार सङ्घीय कार्यपालिकासम्बन्धी व्यवस्था चार बुँदाटिपोट गर्नुहोस् ।

२. कार्यपालिकाले गर्ने मुख्य कार्यहरू के के हुन् ?

३. संसद्मा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेमा कार्यपालिकाको गठन कसरी हुन्छ ? उल्लेख गर्नुहोस् ।

## पाठ ८ : न्यायपालिका

संवैधानिक सर्वोच्चता सहितको न्यायिक र सभ्य समाज निर्माणको मुख्य आधार नै स्वतन्त्र न्यायपालिका हो । यसले अन्यायामा परेका जनतालाई न्याय दिने तथा कानुन तोड्नेलाई स्वतन्त्र र निष्पक्षरूपमा सजाय दिने कार्य गर्दछ । नेपालको संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ। संविधान र प्रचलित कानुनबमोजिम न्याय सम्पादन गर्न नेपालको संविधानले तीन तहका अदालतहरूको व्यवस्था गरेकोछ ।







१. **सर्वोच्च अदालत (केन्द्रमा) :** नेपालको संविधानले न्यायपालिकाको सबैभन्दा माथिल्लो तहको अदालतको रूपमा सर्वोच्च अदालत हुने व्यवस्था रहेको छ। यस अदालतलाई अभिलेख अदालत पनि भनिन्छ । अन्य अदालतहरू र न्यायिक निकायहरू सर्वोच्च अदालतको मातहतमा रहने व्यवस्था छ। सर्वोच्च अदालतका प्रमुखका रूपमा प्रधान न्यायाधीश रहन्छन् । संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतीबाट प्रधान न्यायाधीशको नियुक्ति हुन्छ । यस अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने व्यवस्था छ । न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ ।

सर्वोच्च अदालतले संविधान र कानुनको व्याख्या गर्ने, आफ्नो अधिकार क्षेत्रभित्रका अदालत वा न्यायिक निकायहरूको निरीक्षण, सुपरिवेक्षण र निर्देशन गर्ने,मौलिक हक सम्बन्धमा कानुनी उपचार प्रदान गर्ने, न्याय प्रशासन् सञ्चालन गर्ने र न्याय सम्पादन गर्ने जस्ता प्रमुख कार्यहरू गर्दछ ।

२. **उच्च अदालत :** संविधानअनुसार प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरिएको छ । उच्च अदालतमा रहने मुख्य न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था छ । न्याय सम्पादन गर्ने, पुनरावेदन सुन्ने र सङ्घीय कानुनमा व्यवस्था भएबमोजिमका न्यायिक कार्यहरू उच्च अदालतबाट गरिन्छ ।

३. **जिल्ला अदालत :** प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था संविधानले गरेको छ । जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था छ । उजुरीको सुरु कार्बाही र किनारा गर्ने, अर्धन्यायिक निकायले गरेको निर्णयमा पुनरावेदन सुन्ने र सङ्घीय कानुनबमोजिम न्यायिक कार्यहरू जिल्ला अदालतबाट हुने व्यवस्था छ ।

**न्यायपालिकाबाट सम्पादन हुने प्रमखु कार्यहरू**

- कानुनको व्याख्या गर्ने
- न्याय सम्पादन गर्ने
- जनताका हक अधिकारको संरक्षण गर्ने
- कानुन तोड्नेलाई कानुनबमोजिम दण्ड सजाय तोक्ने
- विभिन्न जटिल कानुनी प्रश्न र समस्याहरूमा कार्यपीलका र व्यवस्थापिकालाई परामर्श दिने
- कानुनको कार्यान्वयन उचित तवरले भए नभएको हेर्ने

## क्रियाकलाप

१. समूहमा बसेर तलका कुराहरूका बारेमा स्थानीय कानुन व्यवसायीसँग छलफल गर्नुहोस् :

अदालत, न्यायअन्याय, कानुन, वकिल, इजलास, पक्ष, विपक्ष, पुनरावेदन, मुद्दा, सुनुवाई, वारेस, तारेख, फैसला, बहस, तामेली, पेसी, मुचुल्का, मिसिल, रिट

२. नेपालको संविधानअनुसार न्यायपालिकाको प्रकार र गठन तालिकामा देखाउनुहोस् ।

## अभ्यास


१. न्यायपालिकाको परिचय लेख्नुहोस् ।

२. नेपालको संविधानअनुसार अदालतका प्रकार र तिनका कार्यको सूची तयार पार्नुहोस् ।

३. आफूलाई अन्याय परेको सम्बन्धमा अदालतमा उजुरी दिन एक निवेदनको नमुना तयार पार्नुहोस् ।

४. सर्वोच्च अदालतलाई अभिलेख अदालत पनि भनिन्छ । किन ?

# पाठ ९ : नागरिकको भूमिका




जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट जनताको हितका लागि शासन् सञ्चालन गने व्यवस्था लोकतान्त्रिक व्यवस्था हो । यो शासन् व्यवस्थामा जनता नै प्रशासन् सञ्चालनकास्रोत हुने भएकाले उत्कृष्ट व्यवस्था हो । देशको संविधान र कानुनबमोजिम देशभित्र स्थायीरूपमा बसोवास गर्ने बासिन्दाहरूलाई नागरिक भनिन्छ । आफ्ना नागरिकको सुख, शान्ति र सुरक्षा गर्नु राज्यको दायित्व हो । राज्य आफ्नो हो भन्ने अनुभूति राज्यले नागरिकलाई गराउन सक्नुपर्दछ । यसै गरी राज्यको सुरक्षा र समृद्धिका लागि सहयोग गर्नु नागरिकको दायित्व हो । नेपालको संविधानले नेपाली नागरिकका निम्ति मौलिक हकहरूको ग्यारेन्टी गर्नुका साथै नागरिकका कर्तव्यहरूको समेत व्यवस्था गरेको छ । देशको जिम्मेवार नागरिकले निम्नानुसारका दायित्वहरू निर्वाह गर्नुपर्छ :

१. **कानुनको पालना :** जनताका प्रतिनिधिहरूले कानुनको निर्माण गर्छन् । देशको आवश्यकता र जनताको हित अनुकूल हुने गरी कानुनको निर्माण गरिएको हुन्छ । कानुन सबैका लागि समान हुन्छ । त्यसैले संविधान र कानुनको पालना गर्नु हामी सबै नागरिकको कर्तव्य हो ।

२. **मताधिकारको प्रयोग :** जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट कानुन बनाउँछन् । सो कानुन सबै नागरिकहरूले पालन गर्नुपर्ने भएकाले आफ्ना प्रतिनिधिहरू निर्वाचनमार्फत मताधिकारको अनिवार्य प्रयोग गर्नुपर्दछ । प्रत्येक नागरिकले सो हकको सदुपयोग गर्नु उसको कर्तव्य हो । यदि उसले सो हकको उपयोग गरेन वा गलत तरिकाले प्रयोग गऱ्यो भने गलत व्यक्ति चुनिन सक्छ । त्यसैले मतदानमा भाग लिनु र विवेकपूर्ण रूपमा मतदान गर्नुप्रत्येक नागरिकको दायित्व हो ।

३. **सरकार सञ्चालनमा सहयोग :** जनताले छानेका प्रतिनिधिहरूबाट सरकार सञ्चालन हुने भएकाले सकारलाईसहयोग गर्नुप्रत्येक नागरिकको कतर्व्य हो । नेपाल सरकार नेपाली नागरिकको प्रतिनिधिमूलक निकाय हो । हामीले सरकारद्वारा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयमा सहयोग गर्नुपर्छ । संविधान र कानुनको परिधिभित्र रहेर सरकारले गरेका राम्रा कार्यहरूमा सहयोग गर्ने र कमीकमजोरी भएमा खबरदारी गर्ने तथा सचेत गराउने कार्य पनि नागरिकको हो ।

४. **कर तिर्नु :** राज्य सञ्चालनको एउटा प्रमुख स्रोत कर हो । नागरिकले तिरेको करबाट नै राज्य सञ्चालन र विकास निर्माणको कार्य हुने गर्दछ । तसर्थ कानुनले निर्धारण गरेबमोजिमको कर समयमै तिर्नुप्रत्येक नागरिकको दायित्व हो ।

५. **विकास निर्माणमा सहभागी हुनु :** राष्ट्रिय तथा स्थानीय स्तरमा सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सडक निर्माणलगायतका विकासका पूर्वाधारका क्षेत्रमा विकास निर्माणका कार्यहरूको सञ्चालन गर्नुपर्दछ । विकासका कार्यहरूमा सहभागी भई सहयोग गर्नु एक असल नागरिकको दायित्व हो ।

६. **अरूको अधिकारको सम्मान गर्नु :** राज्यले संविधान र कानुनबमोजिम नागरिकलाई प्रदान गरिएको हकको निर्वाध रूपमा प्रयोग गर्न पाउनु हक हो । तर आफूलाई प्राप्त अधिकारको उपयोग गर्दै अरुको अधिकारको सम्मान गर्नुपनि नागरिक कर्तव्य हो ।

७. **राष्ट्रिय हित विपरीतको कुरामा खबरदारी गर्नु** : कुनै पनि व्यक्ति वा सङ्घबाट राष्ट्रिय अखण्डता र स्वाभिमानमा आँच पुग्ने कार्य भएमा त्यसका विरुद्ध एकजुट भएर राष्ट्रको स्वाधीनता बचाउनतर्फ लाग्नुप्रत्येक नागरिकको दायित्व हो । राष्ट्रिय हित विपरीतका कार्यहरूको निगरानी र खबरदारी गर्नुपनि एक नागरिकको दायित्व हो ।

८. **सार्वजनिक सम्पत्तिको सदुपयोग र संरक्षण गर्नु :** सार्वजनिक सम्पत्तिमा प्रत्येक जनताको हक हुने भएकाले यसलाई साझा सम्पत्तिको रूपमा पनि लिइन्छ । तसर्थ यसको सदुपयोग र संरक्षण गर्नुपर्दछ ।

उपर्युक्तअनुसारका दायित्वहरू इमानदारीका साथ गर्न प्रत्येक नागरिकले भूमिका खेल्नुपर्दछ । नागरिकको सक्रिय भूमिकाबाट नै लोकतान्त्रिक गणतन्त्रामक व्यवस्थालाई प्रभावकारी बनाउन सहयोग पुग्दछ ।

## क्रियाकलाप

१. प्रत्येक नागरिकलाई निर्वाचनमा मातदान गर्न जानका लागि प्रेरित गर्ने उपायहरू समेटी सूची तयार गर्नुहोस् ।

२. लोकतान्त्रिक गणतन्त्रामक व्यवस्थालाई प्रभावकारी बनाउन नागरिकको भुमिका विषयमा गीत, कविता, मुक्तक वा चित्रमध्ये कुनै एक विधामा लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. नागरिक दायित्वहरू समेटी सूची बनाउनुहोस् ।

२. नागरिक हक र कर्तव्य एकअर्काका परिपूरक हुन् । यस भनाइमा आधारित रहेर वक्तृत्वकला प्रतियोगिताका लागि वक्तृता तयार पार्नुहोस् ।

एकाइ पाँच

# हाम्रो पृथ्वी







## सिकाइ उपलब्धि

- अक्षांश, देशान्तर, प्रतिलोम, दुरी, मौसम, हावापानी आदिको परिचय दिन र यिनीहरूको प्रभाव बताउन
- ऋतु परिवर्तन र यसको असर वर्णन गर्न
- जलवायु परिवर्तनको परिचय र तत्त्वहरू उल्लेख गरी यसले सामाजिक जीवानमा पारेको प्रभाव वर्णन गर्न
- भूकम्प र हावाहुरीबाट बच्ने तरिका अवलम्बन गर्न
- नेपालको प्राकृतिक तथा प्रशासनिक स्वरूपको वर्णन गर्न
- नेपालको नक्सासम्बन्धी कार्य गर्न
- उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन उल्लेख गरी नक्सामा भौगोलिक तथ्यहरू भर्न

## पाठ १ : ऋतु परिवर्तन

तपाईँलाई थाहा छ ? हामीले कहिले जाडो, कहिले गर्मी, कहिले वर्षा र कहिले सुक्खा मौसमको अनुभूति किन गर्छौं ? यो पृथ्वीमा हुने ऋतु परिवर्तनका कारण हो । यस बारेमा यस पाठमा छोटो जानकारी लियौँ ।




पृथ्वीले सूर्यलाई एक निश्चित अदृश्य बाटो भई परिक्रमा गरिरहेको हुन्छ । यसलाई पृथ्वीको कक्ष भनिन्छ । पृथ्वी आफ्नो कक्षमा ६६.५ डिग्रीको कोण बनाएर ढल्किएको छ । पृथ्वीले सूर्यलाई आफ्नो कक्षमा रहेर घुम्दा सधैँ एकै दिशातर्फ ढल्किएर घुम्दछ । यसरी एकै दिशातर्फ ढल्किएर घुम्दा वर्षमा एक पटक पृथ्वीको उत्तरी गोलार्ध सूर्यको सामुन्ने पर्दछ र त्यहाँ ग्रीष्म ऋतु हुन्छ । उत्तरी गोलार्ध सूर्यको सामुन्ने परेको बेला दक्षिणी गोलार्ध सूर्यको विमुख पर्दछ र त्यहाँ जाडो हुन्छ । त्यसै गरी दक्षिणी गोलार्ध सूर्यको सामुन्ने परेको बेला उत्तरी गोलार्धमा जाडो वा हिउँद् ऋतु हुन्छ । भूमध्य रेखा अर्थात् पृथ्वीको बिचको भाग सूर्यको सामुन्ने परेको बेला दुवै गोलार्धमा न धेरै जाडो हुन्छ न धेरै गर्मी हुन्छ । यसलाई हिउँदपछि भएमा वसन्त ऋतु र वर्षापछि भएमा शरद् ऋतु भनिन्छ ।


*जन्नुपर्ने कुरा:*

*पृथ्वीको बिच भागमा पर्ने गरी खिचिएको काल्पनिक रेखालाई भूमध्य रेखा भनिन्छ । यसबाट माथि अर्थात् उत्तरतर्फको भागलाई उत्तरी गोलार्ध र तल अर्थात् दक्षिणतर्फको भागलाई दक्षिणी गोलार्ध भनिन्छ । नेपाल उत्तरी गोलार्धमा पर्दछ ।*

उत्तरी गोलार्धमा डिसेम्बर २२ देखि मार्च २१ सम्म वसन्त ऋतु, मार्च २१ देखि जुन २१ सम्म ग्रीष्म ऋतु, जुन २१ देखि सेप्टेम्बर २३ सम्म शरद ऋतु र सेप्टेम्बर २३ देखि डिसेम्बर २२ सम्म हिउँद रहन्छ ।

यसलाई प्रस्तुत चित्रको मध्यमबाट प्रस्ट हुने कोशिश गरौँ ।

| उत्तरी गोलार्धमा ऋतु परिवर्तनको अवस्था | |
|---|---|
| अवधि | ऋतु |
| डिसेम्बर २२ देखि मार्च २१ सम्म | वसन्त ऋतु |
| मार्च २१ देखि जुन २१ सम्म | ग्रीष्मऋतु |
| जुन २१ देखि सेप्टेम्बर २३ सम्म | शरद ऋतु |
| सेप्टेम्बर २३ देखि डिसेम्बर २२ सम्म | हिउँद ऋतु |




चित्रमा देखाइएअनुसार डिसेम्बर २२ तारिखका दिन पृथ्वी क स्थानमा अर्थात् मकर रेखाको सिधा पर्दछ । यस समयमा सूर्यको किरण दक्षिणी गोलार्धमा सिधा पर्दछ भने उत्तरी गोलार्धमा छड्के पर्दछ। छड्के किरणको तताउने शक्ति कम हुने हुनाले उत्तरी गोलार्धमा चिसो हुन्छ। उक्त दिन उत्तरी गोलार्धमा सबै भन्दा छोटो दिन र सबैभन्दा लामो रात हुन्छ। बिस्तारै पृथ्वी तीन महिनाको अवधि लगाउँछ र क स्थानबाट मार्च २१ तारिखका दिन पृथ्वी ख स्थानमा पुग्दछ। यस अवधिलाई वसन्त ऋतु भनिन्छ। यो अवधिमा जाडो कम र गर्मी बढ्दै हुँदै गएको हुन्छ।

मार्च २१ तारिखका दिन सूर्यको किरण भूमध्य रेखाको सामुन्ने पर्ने हुनाले उत्तरी र दक्षिणी दुवै गोलार्धमा सूर्यको किरण समान रूपले पर्दछ। त्यसैले सो दिन दुवै गोलार्धमा दिन र

रातको लम्बाइ बराबर हुन्छ । पृथ्वी अर्को तीन महिनाको अवधि लगाउँछ र जुन महिनाको २१ तारिखका दिन ख स्थानबाट ग स्थानमा पुग्छ । यो अवधिलाई ग्रीष्म ऋृतु भनिन्छ ।

जुन २१का दिन सूर्य उत्तरी गोलार्धको कर्कट रेखाको सामुन्ने पर्ने हुनाले उत्तरी गोलार्धमा सूर्यको किरण सिधा पर्दछ । सिधा किरणको तताउने शक्ति बढी हुने हुनाले सो अवधिमा उत्तरी गोलार्धमा गर्मी हुन्छ । जुन २१ का दिन उत्तरी गोलार्धमा सबै भन्दा लामो दिन र सबै भन्दा छोटो रात हुन्छ ।

बिस्तारै पृथ्वी ग स्थानबाट अघि बढ्दै सेप्टेम्बर २३ तारिखका दिन घ स्थानमा पुग्दछ । यस अवधिलाई शरद् ऋृतु भनिन्छ । यो अवधिमा उत्तरी गोलार्धमा गर्मी र वर्षा कम हुँदै जान्छ । सेप्टेम्बर २३ तारिखका दिन पुनः सूर्यको किरण भूमध्य रेखाको सामुन्ने पर्ने हुनाले उत्तरी र दक्षिणी दुवै गोलार्धमा सूर्यको किरण समान रूपले पर्दछ । त्यसैले सेप्टेम्बर २३ तारिखका दिन दुवै गोलार्धमा दिन र रातको लम्बाइ बराबर हुन्छ ।

बिस्तारै पृथ्वी ३ महिनाको अवधि लगाउँर घ स्थानबाट डिसेम्बर २२ तारिखका दिन पृथ्वी पुनः क स्थानमा पुग्दछ । यस अवधिलाई हिउँद ऋृतु भनिन्छ । यो अवधिमा गर्मी कम र जाड बढ्दै हुँदै गएको हुन्छ । यसरी उत्तरी गोलार्धमा एक वर्षमा चारओटा ऋृतु परिर्वतन हुन्छ । उत्तरी र दक्षिणी गोलार्धमा विपरीत ऋृतु पाइने हुनाले उत्तरी गोलार्धको ऋृतु परिवर्तनलाई आधार मानेर दक्षिणी गोलार्धको ऋृतु परिवर्तनको अवस्था व्याख्या गर्न सकिन्छ । त्यसैले समूहमा छलफल गरेर दक्षिणी गोलार्धको ऋृतु परिवर्तनको अवस्था व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप

१. अँध्यारो कोठामा टेबलको बिचमा एउटा बत्ती बाल्नुहोस् र त्यस बत्तीको वरिपरि ग्लोबलाई एकै दिशातर्फ ढल्कने गरी घुमाएर हेर्नुहोस् । ग्लोब कहाँ पुग्दा यसको कुन क्षेत्रमा उज्यालो सिधा पर्दछ हेरी पुस्तकको ऋृतु परिवर्तनसम्बन्धी चित्रसँग तुलना गर्नुहोस् । अब कक्षामा दुवै गोलार्धको ऋृतु परिवर्तनका कारण र प्रक्रियाका बारेमा छलफल गर्नुहोस् ।

२. कक्षामा छलफल गरेर निम्नलिखित प्रश्नहरूको जवाफ खोज्ने प्रयास गर्नुहोस् :

(क) पृथ्वी एकै दिशातर्फ नढल्किएर उत्तर दक्षिण सिधा भए के हुन्थ्यो होला ?

(ख) सूर्यलाई पृथ्वीले नघुमेर एकै ठाउँमा मात्र अडिएर रहेको भए के हुन्थ्यो होला ?

## अभ्यास

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) ऋतु परिवर्तन भनेको के हो?

(ख) के कारणले ऋतु परिवर्तन हुन्छ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) कुन रेखालाई भूमध्य रेखा भनिन्छ?

(घ) कुनकुन दिन सूर्यको किरण भूमध्य रेखाको सामुन्ने पर्दछ ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) पाठमा दिइएको उत्तरी गोलार्धको ऋतु परिवर्तनको आधारमा दक्षिणी गोलार्धको ऋतु परिवर्तनको सचित्र व्याख्या गर्नुहोस् ।

(ख) ऋतु परिवर्तन हुने कारणहरू उल्लेख गर्नुहोस् ।


(ग) ऋतु परिवर्तनका फाइदाहरू उल्लेख गर्नुहोस् ।

(घ) सूर्य वर्षको कतिपटक भूमध्य रेखाको सामुन्ने पर्दछ ? कारणसहित प्रस्ट पार्नुहोस् ।

## पाठ २ : मौसम र हावापानी

**तलको मौसमा सम्बन्धीजानकारी पढ्नुहोस् :**

आज बिहान जाडो भएको महसुँस गरी जाकेट लगाउँर आएको दिउँसो असाध्यै गर्मी भएर कहाँ फालौँ कहाँ फालौँ भएको थियो । अहिले पानी पर्ला जस्तो छ । छाता ल्याएको छैन के गर्ने होला ?



*आजको मौसमसम्बन्धी समाचार:*

धनकुटाको अधिकतम तापक्रम २८ डिग्री सेल्सियस न्युनतम तापक्रम १९ डिग्री सेन्टिग्रेट, काठमाडौँको अधिकतम तापक्रम ३० डिग्री सेन्टिग्रेट, न्युनतम तापक्रम २२ डिग्री सेन्टिग्रेट, पोखराको अधिकतम तापक्रम ३१ डिग्री सेल्सियस, न्युनतम तापक्रम २१ डिग्री सेल्सियस र वर्षा फाटफुट, वीरेन्द्रनगरको अधिकतम तापक्रम ३५ डिग्री सेल्सियस, न्युनतम तापक्रम २६ डिग्री सेल्सियस र दिपायलको अधिकतम तापक्रम ३४ डिग्री सेल्सियस, न्युनतम तापक्रम २५ डिग्री सेल्सियस रहेको छ भने आज दिनभर नेपालको पुर्बी खण्डमा आंशिक बदली हुने छ । मध्य पहाडी भागमा मेघगर्जनसहित वर्षा हुने सम्भावना छ र पश्चिमी खण्डमा मौसम सफा रहने जानकारी मौसम विज्ञान विभागबाट प्राप्त भएको छ । आज बिहान छ बजेको तापक्रम १५ डिग्री सेल्सियस रहेको थियो भने अबको २४ घण्टाको तापक्रम १५ र २६ डिग्री सेल्सियसका बिच रहने अनुमान गरिएको छ ।



## मौसम (Weather)

माथिको मौसमसम्बन्धी जानकारीबाट यो प्रस्ट भयो होला कि मौसमा छिनछिनमा परिवर्तन हुन्छ र सानो सानो क्षेत्रमा फरक फरक हुन्छ। हो सानो क्षेत्रमा क्षण क्षणमा हुने वायुमण्डलीय परिवर्तनलाई मौसम भनिन्छ । मौसमा छिटो छिटो परिवर्तन भइरहन्छ। यो अनिश्चित र अस्थिर हुन्छ। त्यसैले यसको भविष्यवाणी गर्न पनि कठिन हुन्छ। कुनै स्थानमा पानी परिरहेको बेला नजिकैको अर्को स्थानमा घाम लागिरहेको हुन सक्दछ। एकै क्षणमा त्यही ठाउँमा वर्षा रोकिएर घाम लाग्न वा हुरी चल्न पनि सक्दछ।

**तल दिइएको विभिन्न देशका नागरिकको भनाइलाई अध्ययन गर्नुहोस् :**

म उत्तरपुर्बी युरोपमा पर्ने एक देशको नागरिक हुँ । मेरो देशमा ग्रीष्म ऋतुको औसततापक्रम २१ देखि २७ डिग्री सेल्सियस सम्म हुन्छ भने हिउँदमा ५ देखि ११ डिग्री सेल्सियससम्म पुग्दछ। यसै गरी यहाँको वार्षिक औसत वर्षा २५ देखि ७५ से.मि. सम्म हुन्छ। यहाँ विषम खालको हावापानी पाइन्छ।

म सिङ्गापुरमा बस्छु । यहाँ वर्षभरिनै गर्मी र ओसिलो हुन्छ । यहाँको वार्षिक औसततापक्रम २७ डिग्री सेल्सियस हुन्छ भने औसत वर्षा २०० से.मि. भन्दा बढी हुन्छ। भूमध्य रेखाको नजिक पर्ने हुनाले यहाँ ऋतु परिवर्तन भने हुँदैन।

मेरो साथी भरखरै अस्ट्रेलियाबाट आएको छ। ऊ त्यहाँ भिक्टोरियामा बस्छ। भूमध्यसागरिय हावापानी पाइन्छ रे। यहाँ ग्रीष्ममा आकाश स्वच्छ भई पानी नपर्ने हुनाले औसततापक्रम २७ डिग्री सेल्सियस पुग्दछ रे। यहाँ हिउँदमा समुद्री सतहबाट बाफिलो पश्चिमी वायु बहने हुनाले वर्षा हुन्छ रे। कस्तो अचम्म नेपालमा त हिउँदमा सुक्खा र जाडो हुन्छ भने ग्रीष्म ऋतुमा पानी पर्छ त।

## हावापानी (Climate )

कुनै ठुलो क्षेत्रको वर्षभरिको मौसमको औसत अवस्थालाई हावापानी भनिन्छ। हावापानीलाई जलवायु पनि भन्ने गरिन्छ। हावापानी सामान्यतया स्थिर र निश्चित हुन्छ। कुनैपनि क्षेत्रको हावापानी सामान्यतया हरेक वर्ष उस्तै देखिन्छ। हावापानीले सामान्यतया ठुलो क्षेत्रको प्रतिनिधित्व गर्दछ। दक्षिण एसियाभरि हिउँदमा सुक्खा र ग्रीष्ममा वर्षा हुने हावापानी पाइन्छ। अफ्रिकाको साहारा मरुभूमिमा वर्षभरि नै गर्मी र सुक्खा हुने हावापानी पाइन्छ।

## क्रियाकलाप

१. विद्यालयमा राखिएको थर्मोमिटर कक्षाकोठामा ल्याएर राख्नुहोस् र प्रत्येक घन्टीको तापक्रमको अवस्था टिपोट गरी अधिकतम र न्यूनतम तापक्रम पत्ता लगाई प्रत्येक दिनको औसततापक्रम निकाल्नुहोस् :

$$\text{औसत तापक्रम} = \frac{\text{अधिकतम तापक्रम} + \text{न्यूनतम तापक्रम}}{२}$$

(दिनभरिको सबैभन्दा बढी तापक्रमलाई अधिकतम तापक्रम र सबैभन्दा कम तापक्रमलाई न्यूनतम तापक्रम भनिन्छ।)

२. बजारमा पाइने मिनरल वाटरको बोतलको माथिल्लो भागलाई काटी सोली बनाएर त्यसलाई पारदर्शी सिसाको बोतलमा उल्टो पारेर राख्नुहोस् र बाहिर खुला ठाउँमा राखी प्रत्येक दिन बोतलमा जम्मा भएको वर्षाको पानी रुलरले नापी कति वर्षा भयो पत्ता लगाउनुहोस्।

## अभ्यास

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सिङ्गापुरमा किन ऋतु परिवर्तन हुँदैन ? कुनै एक कारण लेख्नुहोस् ।

(ख) नेपालमा कुन हावापानी पाइन्छ ?

(ग) मौसमको किन भविष्यवाणी गर्न सकिँदैन? कुनै एक कारण लेख्नुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मौसम र हावापानीकोबिचका छओटा फरक लेख्नुहोस् ।

(ख) "हावापानी वर्षभरिको मौसमको अवस्था हो ।" यसभनाइलाई पुष्टि गर्नुहोस् ।


(ग) पाठमा दिइएको नागरिकको भनाइका आधारमा पुर्बी युरोप र अस्ट्रेलियाको हावापानीको फरक लेख्नुहोस् ।

(घ) मौसम अनिश्चित र अस्थिर हुनुको पछाडि के कारण होला ? समूहमा छलफल गरी लेख्नुहोस् ।


# पाठ ३ : पृथ्वीको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू

हावापानी एकैनासको नहुनुमा विभिन्न तत्त्वहरूले प्रभाव पारेका हुन्छन् । तीमध्ये केहीको यस पाठमा अध्ययन गरौँ :

१. **अक्षांश** : पृथ्वीको मध्य भागबाट पूर्वदेखि पश्चिमसम्म खिचिएको काल्पनिक रेखालाई भूमध्य रेखा भनिन्छ । भूमध्य रेखादेखि कोणिक दुरीमा खिचिएको काल्पनिक रेखाहरूलाई अक्षांश भनिन्छ । भूमध्य रेखा शून्य डिग्रीको अक्षांश रेखा हो । हामीलाई थाहा छ बत्तीमाथि हात राख्दा बत्तीको सिधामाथि धेरै तातो र त्यसको दायाँ बायाँ क्रमशः तातोपन घट्दै गएको पाइन्छ । त्यस्तै भूमध्य रेखामा सूर्यको किरण सिधा पर्ने हुनाले यहाँ सधैँभरि गर्मी हुन्छ । यहाँ धेरै गर्मी हुनेहुनाले हावा ओसिलो भई सधैँभरि वर्षा हुन्छ । सामान्यतया भूमध्य रेखाबाट जति उत्तर वा दक्षिणतर्फ गयो उति नै तापक्रम र वर्षाको मात्रा घट्दै जान्छ । तसर्थ अक्षांश हावापानीमा प्रभाव पार्ने एउटा तत्त्व हो ।





२. **उचाइ** : पृथ्वीको गरुत्वाकर्षणका कारण वायुमण्डलको तल्लो तहमा दवाव बढी पर्दछ । यसका कारण त्यहाँको हावाको घनत्व बढी हुन जान्छ किनकि त्यहाँ हावाका कणहरू धेरै सङ्ख्यामा खाँदिएर बसेका हुन्छन् । उचाइ बढ्दै जाँदा वायुमण्डलमा हावाको दबाब घट्दै जान्छ । फलस्वरूप हावाका कणहरूको घनत्व पनि घट्दै जान्छ ।





जब सूर्यको किरण सिधै पृथ्वीको सतहमा आउँछ त्यसले सबैभन्दा पहिले सतहलाई त्ताउँछ । त्यसपछि बिस्तारै सतह नजिकका हावाका कणहरू तात्न थाल्दछन् । अनि हामीलाई गर्मी अनुभव हुन थाल्दछ । उचाइ बढ्दा हावाको कणहरूको घनत्व घट्दै जाने हुनाले तापक्रम घट्छ भने उचाइ घट्दा तापक्रम बढ्छ । त्यसैले होचो र

समथर जमिन भएको क्षेत्रमा गर्मी हावापानी पाइन्छ । अग्लो र पहाडी क्षेत्रमा ठन्डा वा चिसो हावापानी पाइन्छ । यसरी उचाइले पनि हावापानीमा प्रभाव पार्दछ ।

३. **समुद्रदेखिको दुरी :** समुद्रको नजिक रम्य (न धेरै जाडो न धेरै गर्मी हुने) हावापानी पाइन्छ । समुद्रको टाढा विषम (दिनमा धेरै गर्मी हुने र रातमा धेरै जाडो हुने)




हावापानी पाइन्छ । पानीमा ताप भित्रैसम्म पुग्ने हुनाले पानी ढिलो तात्छ, ढिलो सेलाउँछ । जमिनमा ताप भित्र छिर्न नसक्ने हुनाले जमिन छिटो, तात्छ छिटै सेलाउँछ । चिसो ठाउँमा हावाको चाप उच्च र तातो ठाउँमा हावाको चाप कम हुन्छ । हावा सधैँ उच्च चापको क्षेत्रबाट निम्न चापतर्फ बहन्छ । समुद्र नजिकको क्षेत्रमा दिउँसो जमिन र समुद्र दुवैमा समान रूपले सूर्यको किरण पर्दछ । जमिन तातिसक्दा पनि समुद्र चिसै हुने हुँदा जमिनमा भन्दा समुद्रमा हावाको चाप बढी हुन्छ र समुद्रबाट जमिनतर्फ हावा बहन्छ । समुद्रबाट बहने हावा (Sea Breeze ) को प्रभावले समुद्री किनाराका जमिनमा धेरै गर्मी हुन पाउँदैन । रातमा जमिन सेलाइसकेको हुन्छ तर समुद्र न्यानो नै हुन्छ । समुद्रमा भन्दा जमिनमा हावाको चाप उच्च भएको कारण जमिनबाट समुद्रतर्फ हावा बहन्छ । जमिनबाट चिसो हावा (Land Breeze ) समुद्रतर्फ बहने हुँदा त्यहाँ धेरै चिसो हुन पाउँदैन । समुद्रदेखि टाढाको क्षेत्रमा समुद्रको वायुको प्रभाव नपर्ने भएको हुनाले दिनमा ज्यादै गर्मी र रातमा जाडो हुन्छ । त्यस्तै ती क्षेत्रमा हिउँदमा धेरै जाडो र ग्रीष्ममा धेरै गर्मी हुन्छ ।

४. **समुद्री धार :** समुद्रको किनारै किनार नियमित रूपमा नदीझैँ बगिरहने पानीको प्रवाहलाई समुद्री धार भनिन्छ । समुद्री धार न्यानो र चिसो गरी दुई किसिमको हुन्छ । न्यानो धार वहने समुद्री किनारमा न्यानो र आर्द्र हावापानी पाइन्छ । चिसो धार वहने किनारमा ठन्डा र सुक्खा हावापानी पाइन्छ ।

## क्रियाकलाप

१. एटलसमा रहेको विश्वको हावापानी देखाउने नक्सा हेर्नुहोस् र विश्वका गर्मी क्षेत्र, जाडो क्षेत्र, समशीतोष्ण क्षेत्र, सुक्खा क्षेत्र र वर्षा हुने क्षेत्रहरूमा पर्ने कम्तीमा पाँच पाँच देशहरूको नाम पनि लेख्नुहोस् ।

२. एक जान मानिसको तलको भनाइ पढ्दा ऊ अलमलमा परेको देखिन्छ । उनको कुतूहल मेटाउन तपाईँ के जबाफ दिनुहुन्छ ? सङ्क्षेपमा लेख्नुहोस् ।

*साउदी अरब गएका काकाले त्यहाँ पानी नै पर्दैन भनेको सुन्दा अचम्म लाग्छ । कङ्गो गएकी दिदीले जहिले पनि पानी परिरहन्छ भनेको सुनेर छक्क पर्छु । इजरायल गएकी काकीले असार साउन महिनामा पनि ठ्याम्मै पानी पर्दैन भनेको सुन्दा कुतूहल झन् बढ्दछ जबकि यहाँ सोही समयमा साउने झरी परिरहेको हुन्छ ।*

## अभ्यास

**१. प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) पाठमा दिइएको बाहेक हावापानीलाई प्रभाव पार्ने कुनै दुईओटा तत्त्वहरू उल्लेख गर्नुहोस् ।

(ख) समुद्रको किनारमा कस्तो हावापानी पाइन्छ ?

(ग) अक्षांश भनेको के हो?

**२. प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) अरबका धेरै जसो ठाउँमा दिनमा धेरै गर्मी र रातमा जाडो किन हुन्छ? कारणसहित लेख्नुहोस् ।

(ख) अक्षांशको हिसाबले नेपालको हिमालय पर्वत श्रेणी गर्मी क्षेत्रमा पर्ने भएतापनि यो क्षेत्र किन सधैँभरि हिउँले ढाकिएको हुन्छ ?

३. "अक्षांश बढ्दै जाँदा तापक्रम घट्दै जान्छ ।" यो भनाइलाई कारणसहित पुष्टि गर्नुहोस् ।

४. विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरूको नाम लेखी कुनै एक तत्त्वको वर्णन गर्नुहोस् ।

# पाठ ४ : जलवायु परिवर्तन

नेपाल टेलिभिजनमा कार्यरत एक पत्रकारले एक जलवायु परिवर्तनका विषयमा अध्यापन गर्ने एक शिक्षकसँग अन्तर्वार्ता लिएको थियो । सो अन्तर्वार्तामा जलवायु परिवर्तन भनेको के हो ?, के कारणले जलवायु परिवर्तन हुन्छ ?, यसबाट हुने असरहरू कसरी कम गर्न सकिन्छ ? भन्ने सम्बन्धमा शिक्षकले प्रस्ट पार्नुभएको छ ।सो अन्तर्वार्ताका केही महत्त्वपूर्ण अंश यहाँ प्रस्तुत गरिएको छ ।

पत्रकार : नमस्ते सर ! नेपाल टेलिभिजनमा तपाईँलाई स्वागत छ ।

शिक्षक : नमस्कार पत्रकारज्यू ! मलाई यो टेलिभिजनमा बोलाएर आफ्ना धारणा राख्न दिनुभएकामा यहाँ र यहाँको सम्पूर्ण टिमलाई धन्यवाद दिन्छु ।

पत्रकार : सर, यहाँले लामो समयदेखि नै जलवायु परिवर्तनसम्बन्धी अध्यापन गरिरहनुभएको छ । देश विदेशमा हुने सभा, सम्मेलन तथा तालिमहरूमा नियमित रूपमै संलग्न हुनुहुन्छ । यहाँले जलवायु परिवर्तनसम्बन्धी हाम्रा श्रोताहरूको जिज्ञासा मेटाइदिन हुन्छ भन्ने आशाकासाथ आजको कुराकानी सुरु गर्न चाहन्छु ।

शिक्षक : हुन्छ नि । मैले जानेबुझेसम्म यहाँहरूको जिज्ञासा मेटाउने प्रयास गर्ने छु ।

पत्रकार : सर, हिजोआज विश्व समुदायमा जलवायु परिवर्तनसम्बन्धी चर्चा हुन थालेको छ । वास्तवमा जलवायु परिवर्तन भनेको के हो ?

शिक्षक : छोटोमा भन्नुपर्दा पृथ्वीमा वायुमण्डलको तापक्रममा भएको वृद्धिले जल, वायु र वातावरणमा हुने नकारात्मक परिवर्तन नै जलवायु परिवर्तन हो ।

पत्रकार : जलवायु परिवर्तनको असरका बारेमा केही स्पस्ट पादिनुहुन्छ कि ?

शिक्षक : सुन्नुहोस्, यस पृथ्वीमा रहेका हरेक प्राणी, जीवजन्तु, बोटबिरुवा आदिमा हुने जैविक प्रणालीले स्थानीय हावापानीअनुकूल आफूलाई समायोजन गरेका हुन्छन् । जब तापक्रमवृद्धि हुन्छ तब जलवायुको सन्तुलन बिग्रन्छ । यिनीहरूमा अस्वाभाविक परिवर्तनहरू देखा पर्न थाल्दछन् ।

जस्तै, असारमा हुनुपर्ने मनसुनी वर्षा जेठमा नै हुनु या साउनसम्ममा पनि वर्षा नहुनु । मङ्सिर-पुसमा पनि गर्मी भइरहनुका साथै चैत-वैशाखसम्म पनि जाडो भइरहनु । तराईमा शीतलहर चल्नु । भित्री हिमाली क्षेत्रमा भारी वर्षा हुनु । त्यसैगरी हिमालयको हिउँ पग्लनु र समुद्रको पानीको सतह बढ्नु । यी सबै जालवायु परिवर्तनकै असर हुन् । चराहरूले समय भन्दा पहिले नै बच्चा हुर्काउनु, नयाँ नयाँ ब्याक्टेरिया र भइरसहरू देखा पर्नु हिउँदमा लामखुट्टे देखा पर्नु, नयाँ रोग र किराहरूको प्रकोप बढ्नु, चरा, पुतली आदि लोप भएर जानु, समयभन्दा पहिले नै फुल फुल्नु र फल पाक्नु आदि पनि जलवायु परिवर्तनकै असर हुन् ।

पत्रकार : सर, जलवायु परिवर्तन हुनुको मुख्य कारणबारे बताइदिनुहोस् न ।

शिक्षक : जब विश्वमा कोइला, खनिज तेल र ग्याँस पत्ता लागेर यसको उपभोग सुरु भयो तब दोस्रो औद्योगिक क्रान्ति सुरु भयो । त्यसै समयमा खनिज तेल बाल्दा के कस्तो प्रभाव पर्दछ भनी अध्ययन सुरु भएको थियो । सन् १९५९ मा बेलायती वैज्ञानिक जोन टिन्डलले हरित गृह प्रभाव (green house effect) का बारेमा पत्ता लगाएका थिए । कोइला, खनिज तेल र ग्याँसको प्रयोग अत्यधिक भएपछि हावामा कार्बनडाइअक्साइडको मात्रा तीव्र गतिमा बढ्न थाल्यो । कार्बनडाइअक्साइड र कार्बनमोनोअक्साइड ग्यासले सूर्यबाट आएको तापलाई रोक्न त सक्दैन तर पृथ्वीले परिवर्तन गर्ने तापलाई रोकिदिन्छन् जसका कारण वायुमण्डलको तापक्रमको वृद्धि हुन्छ । यसलाई हरित गृह प्रभाव (Greenhouse Effect) भनिन्छ । हाम्रो मानवीय क्रियाकलापका कारण कार्बनडाइअक्साइडको मात्रा वायुमण्डलमा दिनप्रतिदिन बढिरहेको छ । यसका कारणले पृथ्वीको तापक्रम पनि सँगसँगै बढिरहेको छ । यो क्रम जारी रहने हो भने केही वर्ष भित्र भयावह स्थिति आउन सक्दछ ।

पत्रकार : त्यसो भए त मानवीय क्रियाकलाप नै जलवायु परिवर्तनको प्रमुख कारण पो रहेछ । हैन त सर ?

शिक्षक : हो तपाईंले ठिक बुझ्नुभो । मानवीय क्रियाकलापले नै वायुमण्डलमा हरित गृह प्रभाव बढ्दै जान्छ र तापक्रम बढ्छ । यसको असरले नै पृथ्वीमा जलवायु परिवर्तन हुन्छ । हामीले नै यसको असरलाई न्यूनीकरणका सक्नुपर्दछ ।

पत्रकार : त्यसो भए जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न के गर्नुपर्ला सर ?

शिक्षक : पृथ्वीलाई जलवायु परिवर्तनबाट बचाउन सबैभन्दा पहिला आजैदेखि हामीले कार्बनडाइअक्साइड उत्पादनमा कमी ल्याउनुपर्दछ । यसका लागि हामीले निम्नानुसारका उपायहरू अपनाउनुपर्दछ :

- कोइला, खनिज तेल, ग्यास आदिको प्रयोग कम गर्नुपर्छ । यसको सट्टामा जलविद्युत्, सौर्यशक्ति, गोबरग्याँस आदिको प्रयोग गर्नुपर्छ ।
- वनजङ्गलको संरक्षण गर्नुपर्छ ।
- जथाभावी फोहोर मैला फाल्नु हुँदैन र स्वच्छ वातावरण कायम राख्नुपर्दछ ।
- धुवाँ आउने उद्योगहरूमा धुवाँ र धुलो प्रशोधन संयन्त्र जडान गरी कार्बन डाइअक्साइडको मात्रा घटाउने ।

पत्रकार : हवस् त । यहाँले हाम्रो स्टुडियोसम्म आएर जलवायु परिवर्तको विषयमा प्रस्ट पारिदिनुभयो । यसका लागि यहाँलाई धेरै धेरै धन्यवाद छ ।

शिक्षक : मलाई पनि यहाँ आएर जलवायु परिवर्तको विषयमा विचार राख्ने अवसर दिनुभयो । यसका लागि तपाईंलाई धन्यवाद दिन चाहन्छु ।

## क्रियाकलाप

१. जलवायु परिवर्तनका कारणहरू र असरहरूलाई तालिकामा देखाउनुहोस् :

| जलवायु परिवर्तनका कारणहरू | जलवायु परिवर्तनका असररू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ६. | ६. |

२. आफ्नो वरिपरिको विगतका हावापानी, मौसम, वातावरण र वनस्पतिको अवस्थालाई तिनीहरूको वर्तमान अवस्थासँग तुलना गर्नुहोस् र तलको तालिका भर्नुहोस् ।

## अभ्यास

**१. प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) जलवायु परिवर्तन भनेको के हो?

(ख) हरित गृह ग्याँस के के हुन्?

(ग) जलवायु परिवर्तनका मुख्य कारण उल्लेख गर्नुहोस् ।

**२. प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**


(क) जलवायु परिवर्तनको परिचय दिई यसका असरहरूको सूची बनाउनुहोस् ।

(ख) तपाईंको समुदायमा गरिने जलवायु परिवर्तन निम्त्याउन सक्ने क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा परेको जलवायु परिवर्तनका कुनै छओटा असरहरू उल्लेख गर्नुहोस् ।

(घ) जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरू उल्लेख गर्दै साथीलाई चिठ्ठी लेख्नुहोस् ।

# पाठ ५ : अक्षांश र देशान्तरको प्रभाव




माथिका चित्रहरू हेरेर निम्नलिखित प्रश्नका आधारमा छलफल गरौँ :

(क) चित्र क मा पृथ्वीको बिच भागबाट बायाँदेखि दायाँतर्फ खिचिएको रेखा कुन होला ?

(ख) चित्र ख मा पृथ्वीको बिच भागबाट माथिदेखि तलसम्म देखाएको रेखा कुन होला ?

(ग) चित्र क मा पृथ्वीको बिच भागबाट बायाँदेखि दायाँतर्फ खिचिएको रेखासँग समानान्तर हुने गरी खिचिएको अरू रेखाहरूलाई के भनिन्छ ?


(घ) चित्र ख मा पृथ्वीको बिच भागबट माथिदेखि तलसम्म देखाएको रेखारेखासँग समानान्तर हुने गरि खिचिएको अरू रेखाहरूलाई के भनिन्छ ?


(ङ) यी रेखाहरू किन खिचिएका हुन् ?

पृथ्वीको सम्पूर्ण भागलाई एकैपटकमा एउटै स्थानबाट हेर्न सकिँदैन । यसको कुनै एक ठाउँमा बसेर अन्य ठाउँको बारेमा जानकारी पाउन, त्यहाँको दुरी, अवस्थिति थाहा पाउन सबैलाई देखिने गरी विश्वको नक्सा उतारिन्छ । त्यसका लागि अक्षांश र देशान्तर रेखाहरूको कल्पना गरिएको छ । यसको सहायताले एउटै नक्सामा पुरै पृथ्वी एकै पटक हेर्न सकिन्छ । ती अक्षांश र देशान्तर रेखाहरूको प्रभावका बारेमा हामी यस पाठमा अध्ययन गर्दछौँ ।

**अक्षांश :** पृथ्वीको ठिक बिच भागबाट बायाँदेखि दायाँतर्फ खिचिएको रेखा काल्पनिक रेखालाई भूमध्य रेखा भनिन्छ । यो शून्य डिग्रीको अक्षांश रेखा हो । भूमध्य रेखा वृत्ताकार रूपमा रहेको हुन्छ जुन एउटा भकुन्डोलाई चुरा लगाएजस्तै काल्पनिक रेखा हो । भूमध्य

रेखादेखि उत्तर र दक्षिणतर्फ समानान्तर हुने गरी कोणिक दुरीमा यस्तै रेखहरू खिचिएका हुन्छन्। ती रेखाहरूलाई अक्षांश भनिन्छ । भूमध्य रेखादेखि उत्तरतिर फैलिएका अक्षांश रेखाहरूलाई उत्तरी अक्षांश भनिन्छ । दक्षिणतर्फ फैलिएका अक्षांश रेखाहरूलाई दक्षिणी अक्षांश भनिन्छ । यी रेखाहरू  शून्य देखि ९० डिग्रीसम्म फैलिएका हुन्छन् । ९० डिग्री उत्तरी अक्षांशलाई उत्तरी ध्रुव र ९० डिग्री दक्षिणी अक्षांशलाई दक्षिणी ध्रुव भनेर भनिन्छ ।  पृथ्वीको आकार गोलो भएकाले अक्षांश रेखाहरू पनि वृत्ताकार हुन्छन् ।




भूमध्य रेखाबाट अन्य अक्षांशहरूको कोण कसरी नापिन्छन्  त भन्ने जिज्ञासा धेरै जसो व्यक्तिमा हुने गर्दछ । वास्तवमा यी डिग्रीहरू पृथ्वीको बाहिरी सतहमा नभएर पृथ्वीको केन्द्रमा बनेका हुन्छन् । भूमध्य रेखाबाट पृथ्वीको केन्द्रसम्म एउटा रेखा गएको कल्पना गरौं । उक्त रेखालाई आधार रेखा मानौं । जस्तै दिइएको चित्रमा कछ अर्ध वृत्ताकार चाप भूमध्ध रेखा हो । अ पृथ्वीको केन्द्र हो । भूमध्य रेखाको कुनै विन्दुबाट पृथ्वीको केन्द्रसम्म एक सरल रेखाको कल्पना गरिएको हुन्छ जसलाई आधार रेखा भनिन्छ । कअ आधार रेखा हो ।  उक्त आधार रेखासँग भूमध्य रेखा देखि उत्तरतर्फको कुनै पनि विन्दुबाट केन्द्रसम्म खिचिएको रेखाले आधर रेखासँग बनाएको कोण नै अक्षांश हो । चित्रमा ख भन्ने स्थानबाट पृथ्वीको केन्द्र अ सम्म खअ रेखा गएको छ । उक्त रेखाले आधार रेखा कअ सँग ३० डिग्रीको कोण खअक बनाएको छ । त्यसैले ख भन्ने स्थानको अक्षांश ३० डिग्री हुन गयो । ख विन्दुबाट पृथ्वीको वरिपरि ३० डिग्रीको अक्षांश रेखा खिचिन्छ । यो चित्रले उत्तरी गोलार्धको अक्षांशको बनोट देखाएको छ । दक्षिणी गोलार्धमा पनि यसैगरी अक्षांश खिचिन्छ । अक्षांशको माध्यामबाट हावापानी पत्तालगाउन सकिन्छ ।

## अक्षांशको प्रभाव :


१. **विश्वको हावापानीमा पार्ने प्रभाव :** भूमध्य रेखाबाट जति जति उत्तर या दक्षिणतर्फ गयो, हावापानी पति त्यतिनै चिसो हुँदै जान्छ। उत्तरी र दक्षिणी ध्रुवमा सधैँ हिउँ जमिरहन्छ।

२. **नक्सा निर्माण र अध्ययनमा प्रभाव :** अक्षांशको साहयताले कुनैपनि स्थान कहाँ अवस्थित छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ।

३. **दिन र रातको लम्बाइमा प्रभाव :** भूमध्य रेखामा सूर्यको किरण सधैँ सिधा पर्नेहुनाले यहाँ दिन र रातको लम्बाइ बारबार हुन्छ भने जति जति उत्तर या दक्षिणतर्फ गयो दिन र रातको लम्बाइ पनि उतिनै फरक पर्दै जान्छ।

**देशान्तर :** पृथ्वीको बिच भागबाट माथिदेखि तलसम्म खिचिएको काल्पानिक रेखालाई प्रधान मध्यान्ह रेखा भनिन्छ। यो रेखा बेलायतको ग्रिनविच भन्ने स्थानहुँदै पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुव जोड्ने गरी खिचिएको छ। अक्षांश जस्तै देशान्तर पनि पृथ्वीको केन्द्रमा बन्ने कोण हो। प्रधान मध्यान्ह रेखा (ठाडो रेखा) र भूमध्य रेखा तेर्सो रेखा एउटा विन्दुमा गएर एकअर्कामा काटिन्छन्। सो काटिएको विन्दुबाट पृथ्वीको केन्द्रसम्म गएको रेखालाई आधार रेखा भनिन्छ।

दिइएको चित्रमा पृथ्वीको दक्षिणी गोलार्धको आधा भाग देखाइएको छ। वृत्ताकार घेरा भूमध्य रेखा हो। कच रेखा प्रधान मध्यान्ह रेखा हो। प्रधान मध्यान्ह रेखा र भूमध्य रेखा क विन्दुमा एकअर्कामा खप्टिएका छन्। अ विन्दु पृथ्वीको केन्द्र हो। क विन्दुबाट अ विन्दु अर्थात् पृथ्वीको केन्द्रसम्म गएको रेखा आधार रेखा हो। भूमध्य रेखा र प्रधान मध्यान्ह रेखा खप्टिएको विन्दु क बाट पृथ्वीको केन्द्रसम्म गएको रेखा कअ आधार रेखा हो। उक्त




आधार रेखासँग भूमध्य रेखाको कुनै पनि विन्दुबाट गएको रेखाले पृथ्वीको केन्द्रमा बनाउने कोण नै देशान्तर हो। चित्रमा ख विन्दुबाट गएको रेखा खअ ले आधार रेखासँग ३० डिग्रीको कोण कअख बनाएको छ। त्यसैले ख भन्ने स्थानको देशान्तर ३० डिग्री हुन्छ। यसरी प्रधान मध्यान्ह रेखाबाट पूर्व (दायाँ) तर्फ १८० डिग्री र पश्चिम (बायाँ)

तर्फ १८० डिग्री सम्म देशान्तर फैलिएको हुन्छ । पूर्वतर्फको देशान्तरलाई पुर्बी देशान्तर र पश्चिम तर्फको देशान्तरलाई पश्चिमी देशान्तर भनिन्छ ।

## देशान्तरको प्रभाव

१. एउटा वृत्तमा ३६० डिग्री हुनेहुनाले पृथ्वीमा ३६० देखान्तरको कल्पना गरिएको छ । पृथ्वीलाई  आफ्नो अक्षमा एक फन्को लगाउन २४ घण्टा लाग्दछ  । तसर्थ प्रत्येक १ डिग्री देखान्तरको फरकमा ४ मिनेट समय फरक पर्दछ। यसैलाई आधार मानेर विभिन्न स्थानको समय पत्ता लगाइन्छ ।


| | |
|---|---|
| २४ घण्टा = ३६० डिग्री | १५ डिग्री =१ घण्टा  अर्थात ६० मिनेट |
| १  घण्टा  = ३६०/२४ | १ डिग्री = ६०/१५ |
| १ घण्टा  =  १५ डिग्री | १  डिग्री = ४ मिनेट |

पृथ्वीमा अवस्थित विभिन्न ठाउँको समय उक्त ठाउँ र प्रधान मध्यान्ह रेखाको कोणिक दुरीको अधारमा पत्ता लगाइन्छ । पृथ्वी आफ्नो दैनिक गतिअनुसार पश्चिमबाट पूर्वतर्फ घुम्छ । कुनै  देशान्तरको पूर्वतर्फको समय छिटो वा चलाख हुन्छ भने पश्चिमतर्फको समय ढिलो हुन्छ। जस्तैः ६० डिग्री पुर्बी देशान्तरमा अवस्थित कुनै एक ठाउँमा बिहानको ९ बजेको रहेछ भने ७५ डिग्री पूर्वमा बिहानको  १० बजेको हुन्छ भने ४५ डिग्री पश्चिममा बिहानको ८ बजेको हुन्छ ।

२. अन्तर्राष्ट्रिय तिथि रेखा पार गरेपछि गते र बार परिवर्तन हुन्छ। अर्थात् यस रेखाको दायाँ र बायाँ २४ घण्टाको फरक पर्न जान्छ ।

३. देशान्तर रेखाको सहायताले कुन स्थान प्रधान मध्यान्ह रेखा कति पूर्व वा पश्चिम छ भनी पत्ता लगाउन सकिन्छ ।

## प्रतिलोम




प्रतिलोमको शाब्दिक अर्थ “उल्टो खुट्टा” हो । अर्थात्पृथ्वीको सतहमा रहेको कुनै विन्दुको ठिक विपरीत स्थानमा रहेको विन्दुलाई प्रतिलोम (antipode) भनिन्छ । प्रस्तुत चित्रमा देखाइएजस्तै क भन्ने स्थानको प्रतिलोम ख भन्ने स्थान हुन्छ । अक्षांश, समय र देशान्तरमा यस्तो प्रतिलोम गणना गर्ने गरिन्छ ।

**अक्षांशको प्रतिलोम :** उत्तरी गोलार्दमा पर्ने कुनैअक्षांशको प्रतिलोम दक्षिणी गोलार्धमा पर्ने सोही बराबरको अक्षांश हुन्छ । त्यसैगरी कुनै दक्षिणी अक्षांशको प्रतिलोम त्यही बराबरको उत्तरी अक्षांश हुन्छ । जस्तै, ४० डिग्री उत्तरी अक्षांशको प्रतिलोम ४० डिग्री दक्षिणी अक्षांश हुन्छ ।

### क्रियाकलाप

१. एउटा गोलाकार फर्सी वा भोगटे लिईत्यसलाई माथिबाट एक चौथाइ भाग काट्नुहोस्  र काटिएको ठाडो सतहमा चित्रमा देखाइएजस्तै गरी देशान्तरका कोणहरू नाप्ने कोसिस गर्नुहोस् । एउटा कागजलाई सोही गोलाकार वस्तुको आकारमा काटेर पाठमा दिइएको चित्रमा देखाइएजस्तै गरी देशान्तर कोणहरू खिच्नुहोस् । सो कागज काटिएको गोलाकार वस्तुमा लगेर टाँसी देशान्तर रेखाहरू खिच्नुहोस्  । यही प्रक्रिया अक्षांशका कोणहरू खिच्न पनि प्रयोग गर्न सकिन्छ ।

२. कक्षाकोठामा ग्लोब लिएर आउनुहोस् र त्यसलाई हेरेर विभिन्न ठाउँको अक्षांश र देशान्तर पत्ता लगाउनुहोस् ।

## अभ्यास

**१. प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) अक्षांश भनेको के हो?

(ख) प्रतिलोमको परिचय एक वाक्यमा दिनुहोस् ।

(ग) ५५ डिग्री उत्तरी अक्षांशको प्रतिलोम कति हुन्छ ?

(घ) पश्चिममा रहेको कुनै ठाउँको समय पूर्वको कुनै ठाउँको समय भन्दा किन ढिलो हुन्छ ?


**२. प्रश्नहरूको छोटो उत्तर दिनुहोस्:**

(क) अक्षांश र देशान्तरको चित्रसहित परिचय दिनुहोस् ।

(ख) अक्षांश र देशान्तरको उपयोग कसरी गर्न सकिन्छ ?

(ग) "अक्षांश र देशान्तर रेखाहरू हेर्दा सरल रेखा जस्तो देखिन्छ तर डिग्रीमा नापिन्छ ।" कारणसहित पुष्टि गर्नुहोस् ।

# नेपालका जिल्ला र प्रदेशहरू




माथिको नेपालको नक्सा हेरेर छलफल गरी तलका प्रश्नहरूको उत्तर खोजौँ :

(क) नेपाललाई कति प्रदेशमा बाँडेको छ ?

(ख) सबैभन्दा पूर्वको र सबैभन्दा पश्चिमको प्रदेशहरू कुन कुन हुन् ?

(ग) नेपाललाई प्रदेशहरूमा किन विभाजन गर्नुपर्‍यो ?

(घ) नेपालको सबैभन्दा ठुलो र सबैभन्दा सानो प्रदेशहरू कुन कुन हुन् ?

विकेन्द्रीकरणको सिद्धान्तअनुरूप देशका कुनाकाप्चासम्म विकास गर्न र जनतालाई सेवा सुविधा पुर्‍याउने उद्देश्यले नेपाललाई वि.सं. २०१८ सालमा प्रशासनिक रूपमा चौध अञ्चल, पचहत्तर जिल्ला र विभिन्न नगर तथा गाउँ पञ्चायतहरूमा विभाजन गरिएको थियो । यस विभाजनले विकासमा भन्दा प्रशासनिक कार्यमा बढी मदत गरेको हुँदा देशको सबै भागमा विकासको फल पुर्‍याउन सकेन । त्यसैले वि. सं. २०२९ सालमा देशलाई चारओटा विकास क्षेत्रमा र वि. सं. २०३७ सालमा पाँच विकास क्षेत्रमा विभाजन गरियो । यस अवधारणाले पनि विकासको गतिलाई तीव्रता दिन सकेन । जनआन्दोलन २०६२/६३ सफलतापछि नेपाल सङ्घीयतामा प्रवेश गरेको छ । देशमा विभिन्न समयमा

भएका आन्दोलन र असन्तुष्टिलाई सम्बोधन गर्ने गरी नेपालको संविधानले नेपालमा सात प्रदेशको व्यवस्था गरेको छ ।

नेपाललाई विभिन्न प्रदेशमा विभाजन गर्नुको मुख्य उद्देश्य देशको केन्द्रमा रहेको शासनको अधिकारलाई जनतासम्म पुऱ्याई विकेन्द्रीकरणको सिद्धान्तलाई पूर्ण रूपमा लागु गराउनु हो । यसको उद्देश्य जनताले आफ्नो क्षेत्रको विकास आफैँ गर्ने मौका पाऊन् र त्यसमा केन्द्रले अनावश्यक रूपमा हस्तक्षेप नगरोस्, साथै विकासको प्रतिफल सबै क्षेत्रका जनतासम्म पुगोस् भन्ने पनि हो ।

नेपालको संविधानअनुसार नेपालका ७ प्रदेश र ७७ जिल्लाहरू यसप्रकार छन् :

| **प्रदेशहरू** | **जिल्लाहरू** |
|---|---|
| प्रदेश नं १ | ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ र सुनसरी |
| प्रदेश नं २ | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा( ठोरीबाहेक) |
| बागमती प्रदेश | दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर, काठमाडौँ, पर्साको ठोरी क्षेत्र |
| गण्डकी प्रदेश | गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, बाग्लुङ, नवलपरासी (बर्दघाट सुस्तापूर्व ) |
| प्रदेश नं ५ | नवलपरासी (बर्दघाट सुस्तापश्चिम ) रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पुर्बी भाग) रोल्पा, प्युठान, दाङ, बाँके |
| कर्णाली प्रदेश | रुकुम (पश्चिम भाग) सल्यान, डोल्पा, जुम्ला,मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत |

| | |
|---|---|
| सुदूरपश्चिम प्रदेश | बाजुरा, बझाङ,डोटी, अछाम, दार्चुला, वैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली |

## क्रियाकलाप

१. वर्तमान नेपालको सात प्रदेशको नक्साको अलग अलग टुक्रा लिई सातओटा टुक्रा जोडेर नेपालको पूर्ण नक्सा बनाउनुहोस् र त्यसमा प्रदेशअनुसार अलग अलग रङ भर्नुहोस् ।

२. विभिन्न प्रदेशका जिल्लाहरूका सम्बन्धमा एक जनाले २० ओटा प्रश्न बनाउनुहोस् र ती प्रश्नहरूलाई काँटछाँट गरी कक्षामा हाजिरी जवाफ प्रतियोगिता गर्नुहोस् ।

## अभ्यास

**१. प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घियता भनेको के हो?

(ख) विकेन्द्रीकरणको परिचय एक वाक्यमा दिनुहोस् ।

(ग) बागमती प्रदेशमा पर्ने कुनै२ जिल्लाहरूको नाम लेख्नुहोस् ।

(घ) चीनको सिमानालाई नछुने प्रदेशको नाम लेख्नुहोस् ।

**२. प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) प्रदेश नं. १ मा पर्ने जिल्लहरूको नाम लेख्नुहोस् ।

(ख) नेपालको नक्सा कोरी त्यसमा आफ्नो प्रदेश छुट्याउनुहोस् ।


(ग) नेपाललाई ७ प्रदेशहरूमा विभाजन नगरेको भए के हुन्थ्यो ? छलफल गरी लेख्नुहोस् ।

# पाठ ७ : नेपालको नक्सा उतार्ने तरिका


प्रत्येक नागरिकले आफ्नो देशको नक्सा बनाउन जान्नुपर्दछ । आफ्नो देशको भौगोलिक आर्थिक सामाजिक अवस्थाका बारेमा जानकारी राख्नुपर्दछ । हामी पनि नेपालको नक्सा उतार्ने अभ्यास गरौँ ।

नेपालको नक्सा बनाउनुभन्दा पहिले नेपालको नक्साको आकृति सम्बन्धमा निम्नलिखित पाँचओटा महत्त्वपूर्ण आकारहरू सम्झनुपर्दछ :

- नेपाल आयताकार छ ।



- नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ ।



- नेपाल पश्चिमतर्फ फराकिलो र पूर्वमा साँघुरो छ ।




- नेपाल करिब अर्ध चन्द्राकार जस्तो गरी बाङ्गिएको छ ।



- सिमानामा स्पष्ट देखिने भित्र घुसेका र बाहिर निस्केका केही भागहरू छन् ।



- नेपालको उत्तरी सीमाको करिब बिचमा उल्टो यु आकारमा नेपालको सिमाना तीब्बततर्फ घुसेको छ । मध्य भागमा नै दक्षिणी सिमानामा प्लेट घोप्टो पारेजस्तै गरी भारतको सिमाना नेपालतर्फ घुसेको छ । पुर्बी सिमानामा अङ्ग्रेजी एस जस्तै आकार बनाउने । उत्तर पश्चिमी सिमानामा अङ्ग्रेजी जे आकारमा नेपालतर्फ सीमा घुसेको देखाउने । उत्तर पूर्वमा कोदारी क्षेत्रमा र गणेश हिमाल क्षेत्रमा नेपालको सीमा तीब्बतत्तर्फ घुसेको र तिब्बतको भूभाग नेपालतर्फ घुसेको देखाउने



अब क्रमशः सिमानाका अन्य आकार प्रकारहरू नक्सामा देखाएजस्तै गरी कोर्दै जाने । यो अभ्यास पटक पटक गरेमा नेपालको नक्सा सजिलै उतार्न सकिन्छ ।

कापीमा पेन्सिलको सहायताले अर्धचन्द्राकार आयत खिच्ने । त्यसमा माथि भनिएझैँ इरेजरले मेट्दै सिमानाका आकृतिहरू कोर्दै जाने । सामान्य आकारप्रकार मिलेको नेपालको नक्सा बनाउन सकिन्छ । नेपालको नक्सा उतार्ने धेरै विधिहरू छन् । तीमध्ये यो विधि एक सरल विधिहो । यस विधिको प्रयोगले छोटो समयमा धेरैभन्दा धेरै आकार प्रकारहरू मिलाएर नेपालको नक्सा उतार्न सकिन्छ । यसबाहेक नेपालको नक्सा उतार्न प्रयोग गरिने अन्य विधिहरू छन् । ती यसप्रकार छन् ।

१. **अभ्यास विधि (Practicing Method) :** "अभ्यासले नै मानिसलाई सक्षम बनाउँछ ।" (Practice makes a man Perfect) र "कला हृदयदेखि नै आउँछ ।" (The art comes from Heart) भन्ने धारणाको माध्यमबाट नक्सा निर्माणको अभ्यास गर्न एउटा राम्रो सफा नेपालको नक्सा हेर्दै सादा कागजमा बिस्तारै नक्सा कोर्ने र बिग्रेको ठाउँमा मिलाउने । यस्तो प्रक्रिया Free hand नक्सा कोर्न नसक्ने वेलासम्म दोहोऱ्याइरहने

२. **सार्ने विधि (Coping Method) :** एउटा राम्रो र सफा नेपालको नक्सा, त्यसको तल carbon paper र त्यसभन्दा पनि तल सफा कागज राख्ने र सिसा कलमले नेपालको नक्सा माथि लेख्ने र सिमानामा

   तलमाथि भएका ठाउँहरू तथा ढल्काई याद गर्दै नक्सा बनाउने । त्यसपछि सफा कागजमा नेपालको नक्सा छापिन्छ ।

३. **ट्रेसिङ विधि (Tracing Method):** नक्सा उतार्नका लागि प्रयोग हुने सफा पारदर्शी कागजलाई ट्रेसिङ पेपर भनिन्छ । एउटा सफा ट्रेसिङ पेपर नेपालको सफा र राम्रो नक्सामाथि राखी बिस्तारै सिमानामा तल माथि भएका ठाउँहरू तथा ढल्काई याद गर्दै नेपालको नक्सा उतार्ने । यो विधिलाई ट्रेसिङ विधि (Tracing Method) भनिन्छ ।

४. **ग्राफ विधि (Graph Method)**: एउटा सफा र राम्रो नेपालको नक्सामा आफैँले Graph को निर्माण गर्ने । त्यही नापोको ग्राफ सादा कागजमा कोर्ने । नक्सामा कोरिएको ग्राफमा कुन कोठामा नक्साको कुन आकार परेको छ सोही आकार खाली कागजमा कोरिएको ग्राफको सोही कोठामा बनाउँदै जाने । यसरी प्रत्येक कोठाको आकृति जोड्दै जाँदा सिङ्गो नक्सा उतार्न सकिन्छ ।

## नक्सा अध्ययनमा दुरीको प्रयोग


समाजमा रहँदा बस्दा जग्गाको साँध किल्लाका विषयमा विवाद हुने गर्दछ। हाम्रो समाजमा बस्ने मानिसहरूलाई नक्सामा नापो (Scale) को प्रयोगबारे सामान्य ज्ञान नहुँदा झैझगडा हुने गरेको हो । त्यसैले हामीलाई नक्सा कार्य गर्दा नापोको बारेमा जान्नुपर्दछ। हामीलाई थाहा भएकै कुरा हो । कुनै पनि वस्तुको पूरा आकार जस्ताको तस्तै कागजमा देखाउन असम्भाव नै हुन्छ। यसका लागि नापोको प्रयोग गरिन्छ। पृथ्वीको सतहको कुनै भागको वास्ताविक दुरी र कागजमा देखाइको उक्त स्थानको दुरीबिचको अनुपात नै नापो हो । नापोले कुनै ठाउँको वास्तविक दुरीलाई आवश्यक्ताअनुसार सानो या ठुलो पारेर कागजमा देखाउन सहयोग गर्दछ। नापोलाई निम्नलिखित तीन प्रकारले व्यक्त गर्न सकिन्छ ।

१. **कथानात्मक नापो (Statement Scale)**: कागज र धरातालको दुरीको अनुपातलाई शब्दद्वारा व्यक्त गरिने विधिलाई कथानात्मक नापो भनिन्छ। जस्तै १ से.मि. = ५० मिटर। यसको अर्थ कागजको १ से.मि. दुरीले वास्तविक जमिनको ५० मिटर भन्ने बुझाउँछ ।

२. **प्रतिनिधि भिन्न नापो (Representative Fraction Scale) :** कागज र धरातालको दुरीको अनुपातलाई भिन्नमा व्यक्त गरिने विधिलाई प्रतिनिधि भिन्न नापो भनिन्छ। यसमा कागजको १ से.मि. दुरीले वास्तविक जमिनको १० मिटर दुरीलाई देखाउनुपर्दा १: १००० लेखिन्छ ।


३. **चित्रात्मक नापो (Linear Scale) :** नक्साले प्रतिनिधित्व गरेको नापोलाई एक सरल रेखामा देखाइने विधिलाई चित्रात्मक नापो भनिन्छ । यसमा कागजको १ से.मि. दुरीले वास्तविक जमिनको ४० मिटर दुरीलाई

यसरी देखाइन्छ :




## क्रियाकलाप

१. एउटा पानामा लम्बाइ २० से.मि. र चौडाइ १२ से.मि. आयताकार खिच्नुहोस् र क ख ग घ नाम दिनुहोस् । क देखि ख सम्म र ग देखि घ सम्म १०/१० से.मि. नाप्नुहोस् र ङ च नाम दिई जोड्नुहोस् । त्यसपछि क देखि ङ सम्म, क देखि घ सम्म ग देखि ख सम्म र ग देखि च सम्म ४/४ से.मि. नापलिई क्रमशः छज र झञ नाम दिनुहोस् । अब उक्त चतुर्भुजमा छझ र जञलाई जोडी अर्को चर्तुर्भुज बनाई त्यसभित्र नेपालको नक्सा बनाउनुहोस् ।



२. नेपालको खाली नक्सामा नेपालका मुख्य मुख्य हिमालहरू, नदिहरू, तालहरू, सहरहरू, तिर्थस्थलहरू सङ्केतद्वारा भरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

**१. नेपालको नक्सामाथि पातलो कागज राखेर रेखाङ्कित नक्सा कोर्नुहोस् र तलका तथ्यहरू भर्नुहोस् :**

रारा राष्ट्रिय निकुन्ज, सगरमाथा हिमाल, फेवा ताल, बराह क्षेत्र, काठमाडौँ, शिद्धार्थ राजमार्ग

२. हामीले किन नेपालको नक्सा बनाउन सिक्नुपर्छ ? यसबाट के के फाइदा पुग्दछ ? समूहमा छलफल गरी कुनै चार कारणहरू उल्लेख गर्नुहोस् ।

३. नेपालको नक्सा बनाउँदा बुझ्नुपर्ने पाँचओटा महत्त्वपूर्ण आकारहरू के के हुन्, उल्लेख गर्नुहोस् ।

# पाठ ८ : विपत् व्यवस्थापन

मानिसहरूको जीवनमा विभिन्न खालका समस्या र विपत्तिहरू आइपर्छन् । आगलागी, बाढी, पहिरो, डढेलो, रोगव्याधि भूकम्प, हावाहुरी आदि जस्ता विपत्तिबाट धनजनको नष्ट भइरहेको छ । ठुलो सङ्ख्यामा मानिस र जीवजन्तुको मृत्यु पनि भइरहेको छ । यस्ता विपत्तिहरूले गर्दा मानिसहरू घाइते तथा अपाङ्गता भई कष्टकर जीवन बिताइरहेका छन् । यस्ता विपत्तिहरूलाई पूर्ण रूपमा नियन्त्रण गर्न सक्दैनौँ तर सावधानीका उपायहरू अपनाएर त्यसबाट हुने ठुलो क्षतिलाई कम गर्न सकिन्छ । यस पाठमा हामीले प्राकृतिक विपत्तिहरूमध्ये भूकम्प र हावाहुरीका बारेमा अध्ययन गर्छौँ ।

## भूकम्प

**भूकम्पले ल्याएको विपत्तिका बारेमा तल दिइएको जानकारी पढौँ :**

**भूकम्पले ल्याएको विपत्ति**

*२०७२ वैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर ७.८ रेक्टर स्केलको भूकम्प गएको थियो । त्यसपछि वैशाख १३ र २९ गते सिन्धुपाल्चोक र दोलखालाई केन्दविन्दु बनाएर ठुला परकम्पहरू गए । भूकम्पबाट देशका १४ जिल्लाहरू पूर्णरूपमा प्रभावित भएका छन् । यस विनाशकारी भूकम्पबाट पाँच लाखभन्दा बढी घर ध्वस्त भए र आठ हजारभन्दा बढी मानिसको मृत्यु भयो । हजारौँ मानिसहरू घाइते तथा अपाङ्ग भए । यस भूकम्पका कारण धेरै मानिसहरू घरबार विहीन भएका छन् । धेरैले त त्यस ठाउँबाट अन्यत्र गई कष्टकर जीवन बिताइरेका छन् । यसले काठमाडौँका ऐतिहासिक र सांस्कृतिक स्मारकहरूमा ठुलो क्षति पुऱ्याएको छ । नेपालमा यस्ता खालका विनाशकारी भूकम्प वि.सं. १९९० माघ २, वि.सं. २०४५ भाद्र ५ र वि.सं. २०६८ असोज १ पनि आएको थियो । त्यति बेला पनि धेरै धनजनको विनास भएको थियो ।*

**अब छलफल गरौँ :**

- तपाईँले यस्ता खालका अन्य जानकारी, समाचार, लेख रचना आदि पढ्ने, सुन्ने या टेलिभिजनमा हेर्ने गर्नुभएको छ ?
- यस्ता खालका जानकारी सुन्दा या पढ्दा तपाईँलाई कस्तो लाग्छ ?

- भूकम्पबाट बच्न के कस्ता उपायहरू अप्नाउन सकिएला ?

भूकम्पबारे केही विषयवस्तुको अध्ययन गरौँ न त ।

जमिन हल्लिनु वा काँप्नुलाई भूकम्प भनिन्छ । भूकम्प जाँदा जमिन धेरै हल्लिएर घरहरू भत्किन सक्छन् र जमिन पनि फाट्न सक्छ । धेरै धनजनको क्षति हुन सक्छ । भूकम्प जान सक्ने धेरै कारणहरू छन् । तीमध्ये ढिक्का प्रणाली (tectonic plate system) एक महत्त्वपूर्ण कारण हो । पृथ्वीको केन्द्रमण्डलमा ज्यादै तातो पदार्थ म्याग्मा रहेको छ । म्याग्माको वरिपरि कडा चट्टानले बनेको तहले ढाकेको छ । उक्त तह सिङ्गो नभई विभिन्न ढिक्काहरू (Plate) मा विभाजित छ । पृथ्वीको सतहमुनि रहेको म्याग्मा (तातोको कारणले फलाम जस्ता कडा धातु पनि पग्लेर लेदो अवस्थामा रहेका पदार्थ ) तलमाथि घुम्दै बग्ने कारणले गर्दा यी ढिक्काहरू चलायमान छन् । कुनै ढिक्काहरू आपसमा जोडिँदै छन् भने कुनै ढिक्काहरू छुट्टिँदै छन् । कुनै ठुलो ढिक्काको मुनि साना ढिक्काहरू घुस्रिँदै पनि छन् । यसरी स्थल सतहका ढिक्काहरू छुट्टिने, जोडिने र घुस्रिने क्रममा चट्टान चिरा पर्ने, भाँचिने र धसिने हुन सक्छ । त्यस्तो अवस्थामा त्यहाँ शक्ति पैदा हुन्छ र सतहमा कम्पन पैदा हुन्छ । यसैलाई हामी भूकम्प भन्दछौँ । जमिन मुनिको भूकम्पको उत्पत्ति भएको स्थानलाई इपिसेन्टर र सो कम्प सिधा सतहमा आइपुग्ने केन्द्रलाई हाइपोसेन्टर भनिन्छ । भूकम्प रेक्टर स्केलमा नापिन्छ । एक रेक्टर स्केल बढ्दा १३ गुणा शक्ति बढ्ने हुनाले भूकम्पको इन्टेन्सिटी १ रेक्टर स्केल बढ्नु भनेको १३ गुणा क्षति बढ्नु हो ।

नेपाल भूकम्प जानसक्ने विभिन्न ठाउँहरूमध्ये एक हो । यो भुकम्प पैदा गर्नसक्ने ढिक्काहरूजोडिएको ठाउँमा रहेको छ । दक्षिणतर्फको भारतको ढिक्का उत्तरतर्फको तिब्बतीय ढिक्कातर्फ घुस्दैछ । नेपालको गोरखादेखि पश्चिमतर्फ देहरादुनसम्मको क्षेत्रमा करिब ५०० वर्षदेखि महाभूकम्प नगएको हुनाले त्यहाँ महाभूकम्प जानको निम्ति पर्याप्त शक्ति जम्मा भइसकेको भनाइ वैज्ञानिकहरूको छ । त्यसको असर देशभरि पर्ने हुनाले हामी आजैदेखि सचेत भएर बस्नुपर्दछ र सुरक्षाको तयारीमा लाग्नुपर्दछ । भूकम्पको क्षति कम गर्न र सुरक्षित हुन निम्नानुसारका उपाय अपनाउनुपर्दछ :

## भूकम्प आउनुअघि

- परिवार, छरछिमेक, विद्यालय, स्थानीय निकायहरूमा सम्बन्धित सबै मिलेर भूकम्पीय सुरक्षा योजना बनाउने । भूकम्पीय दृष्टिले सुरक्षित स्थानहरू पहिचान गरिराख्ने । योजनाअनुसारका टोलीहरू बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने । भूकम्पीय स्थानान्तरणको नक्सा निर्माण गरी सबैले देख्ने स्थानमा टाँस्ने
- प्रत्येकले  भूकम्पीय सुरक्षा पूर्वाभ्यास (Drill) गर्ने
- आपत्कालीन सामग्रीसहितको झटपट झोला तयार पारी सबैले भेट्ने गरी राख्ने

## भूकम्प आइरहेको समयमा




- अतालिलिएर नदौडने । कक्षा वा घरभित्र भए सकेसम्म घर बाहिरको खुला ठाउँमा जाने । बाहिर जान नसकिने भएमा डेस्कबेन्च या खाटको खुट्टा समाएर या साथीलाई समाएर डेस्कबेन्च या खाट मुनि बस्ने
- डेस्कबेन्च वा टेबुल नभएको ठाउँमा पुगिएको रहेछ भने पहिले नै तोकिएका सुरक्षित स्थानहरूमा हात वा झोला वा अन्य वस्तुले टाउको छोपेर थचक्क बस्ने । शरीरलाई सकेसम्म सानो बनाउने र चित्रमा देखाइएजस्तै गरी घुँडा टेकी गुडुल्की ओत लागी बस्ने
- घर वा अन्य भवनको बाहिर पुगिएको भए बाहिर नै खुलाठाउँमा सुरक्षित ठाउँ हेरेर बस्ने
- पर्खाल, भित्ता, बिजुलीको तार र रुखहरूबाट टाढा बस्ने ।

## भूकम्प गइसकेपछि

- कराउने, आत्तिने, दौडने नगरी शान्त भएर होसियारीका साथ बस्ने
- हल्ला नगरी लाइन लागेर हडबड नगरिकन सकेसम्म छिटो बाहिर निस्कने
- पहिले नै तोकिएको सुरक्षित स्थानतर्फ गई हल्ला नगरी बस्ने  पर्दछ ।

- आफ्ना साथी या परिवारका सदस्यहरू आए आएनन् हेरेर नआएका भए उद्धार टोलीलाई या विद्यालयमा भए शिक्षकलाई तुरुन्त खबर गर्ने
- उद्धार टोलीलाई उद्धार कार्यमा सघाउने
- आफू च्यापिएको वा थुनिएको अवस्थामा धैर्यका साथ उद्धार टोलीको प्रतीक्षा गर्ने र उद्धार टोली आएको सङ्केत पाएपछि मात्र आवाज दिने
- झटपट झोला लिएर बाहिर निस्कने

## हावाहुरी

पृथ्वीको वायुमण्डलमा रहेको हावा (air) एक ठाउँबाट अर्को ठाउँमा बह्ने अवस्थालाई वायु (wind) भनिन्छ । वायुको गति तीव्र भएमा त्यसलाई हुरीबतास वा आँधी भनिन्छ । वायु बढी चापबाट घटी चापतर्फ बहने स्वभावको हुन्छ । पृथ्वीको सतहमा हावाले चापको सन्तुलन बनाएर बसेको हुन्छ । जहाँ हावाका धेरै कणहरू एकै ठाउँमा खाँदिएर बसेका हुन्छन् त्यस स्थानमा हावाको चाप (दबाब) बढी हुन्छ । कुनै कारणवश कुनै स्थानमा हावाका कणहरू छरिए वा अन्यत्र गए भने त्यहाँ हावाको चाप कम हुन्छ । त्यसपछि वायु बढी चापबाट घटी चापतर्फ बहन थाल्दछ । कुनै स्थानमा एक्कासी वायुको चाप कम भयो भने त्यहाँ आँधी वा हुरी चल्न सुरु गर्दछ ।

के तपाईंले चउरमा भुमरी परेर कागज र धुलोका कणहरू घुमाउँदै आकाशतर्फ उडाएको देख्नुभएको छ ? वास्तवमा कुनै स्थानमा तापक्रम एक्कासी बढेर हावाको चाप तीव्र गतिमा घट्यो भने चारैतिरबाट त्यस स्थानतर्फ वायु बहन्छ । वरिपरिबाट एकै पटक हावा आएपछि त्यहाँ हावाको मात्रा एक्कासी बढ्छ । अनि हावा घुमी घुमी माथितर्फ जान्छ । यसलाई चक्रवात पनि भनिन्छ । समुद्री किनारका ठाउँहरूमा यस्तो चक्रवातका कारण वर्षा सहितको भयानक हुरीबतास चल्दछ जसलाई समुद्री आँधी भनिन्छ । जापानमा यसलाई ताइफुन, अमेरिकामा हरिकेन र टर्नाडो एवम् बङ्गलादेश र भारतमा आँधी भनिन्छ ।

हुरीबतास विध्वंसात्मक हुन्छ । यसले घरका छाना उडाउने, घर भत्काउने, बिजुलीका तारहरू चुँडाल्ने, रुख र खम्बाहरू ढाल्ने, घरका सिसा फुटाउने, गाडीहरू पल्टाइदिने र मानिसको ज्यान समेत लिने गर्दछ । आँधी चलिरहेका समयमा र रोकिएपछि पनि घरबाट निस्कन र जथाभावी हिँडडुल गर्न हुँदैन ।

नेपालको हिमाली प्रदेशमा पनि मध्यान्हदेखि वायु चल्न थाल्दछ। मध्यान्हसम्म बेँसीको हावा तातेर माथि जान्छ र बेँसीमा हावाको चाप कम हुन जान्छ, अनि बेँसीतर्फ वायु बहन्छ। साँझ परेपछि बेँसीमा हावाको चाप बढ्न गई फेरि पूर्वतर्फ वायु बहन थाल्छ। हुरीबतास चलेको



समयमा घरमा अगेनो वा चुलोको आगो निभाउनुपर्दछ। झ्यालढोकाबाट वायु भित्र छिऱ्यो भने निस्कने ठाउँ पाउँदैन र छाना नै उडाएर निस्कन सक्छ। त्यसैले हुरी चलेको समयमा झ्याल ढोका बन्द गरेर घर भित्र वायु छिर्न दिनु हुँदैन । हुरीबतास लागेको समयमा बिजुलीको तार, खम्बा र रुखको नजिक बस्नु हुँदैन । भुमरी परेको वा भुमरी आइरहेको दिशातर्फ जानु हुँदैन ।

## क्रियाकलाप

१ भूकम्पीय सुरक्षा सम्बन्धमा जनचेतना जगाउन सडक नाटक तयार पार्नुहोस् र एकएकओटा पम्प्लेट वा पोस्टर वा पर्चा वा प्लेकार्ड लिई समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुहोस् ।

२. कक्षाका सबैलाई विभिन्न तीन समूहमा विभाजन गरी हावाहुरी आउनुअघि, आइरहेको समयमा र आइसकेपछि अपनाउनुपर्ने सावधानीहरू समूहमा छलफल गर्नुहोस्। छलफलमा आएका विषयवस्तु बुँदाटिपोट गरी पालैपालो कक्षामा प्रस्तुत गर्दै जानुहोस् ।

## अभ्यास

**१. प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) विपत् व्यवस्थापन भनेको के हो?

(ख) हुरीबतास किन चल्छ ? एक वाक्यमा दिनुहोस्।

(ग) नेपालमा ठुला भूकम्पहरू कहिले गएको थियो ?

(घ) इपिसेन्टर र हाइपोसेन्टरबिचको फरक लेख्नुहोस्।


## २. प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) भूकम्प जानुअघि, गइरहेको समयमा र गइसकेपछि के के गर्नुपर्छ ?

(ख) सामुद्रिक आँधी आउने कारणहरू र त्यासबाट हुने क्षति कम गर्न अपनाउनुपर्ने उपायहरूको सूची बनाउनुहोस् ।

(ग) सामान्यतया सबै स्थानहरूमा दिउँसो १२ बजेपछि हावा चल्न थाल्दछ । किन होला ?

# पाठ ९ : अफ्रिका महादेश




विश्वमा सातओटा महादेशहरू छन् । तीमध्ये अफ्रिका एसियापछिको दोस्रो ठुलो महादेश हो । यस महादेशको क्षेत्रफल करिब ३ करोड २ लाख ४७ हजार वर्ग किमि. छ । विश्व मानचित्रमा यो महादेश ३७ डिग्री उत्तरी अक्षांश देखि ३५ डिग्री दक्षिणी अक्षांश र १७ डिग्री पश्चिम देशान्तरदेखि ५१ डिग्री पुर्वी देशान्तरसम्म फैलिएको छ ।अफ्रिकाको आकृति झट्ट हेर्दा अङ्ग्रेजी अङ्क सात (7) जस्तै देखिन्छ । यसको पूर्वमा हिन्द महासागर र एसिया महादेश, पश्चिममा आन्ध्र महासागर, उत्तरमा भूमध्य सागर र युरोप र दक्षिणमा एन्टार्टिक महासागर पर्दछ ।

## प्राकृतिक तथा भौगोलिक अवस्था

अफ्रिकालाई भौगोलिक दृष्टिले पाँच भागमा विभाजन गर्न सकिन्छ ।यस महादेशको अधिकांश भाग (उत्तर पश्चिमी र दक्षिणको केप शृङ्खलाबाहेक) उच्च समस्थलीले ढाकेको छ । उच्च समस्थली भनेको वरिपरिबाट हेर्दा अग्लो पहाडजस्तो देखिने तर माथि समथर परेको मैदान भएको भूभाग हो । यसको उत्तर पश्चिमी क्षेत्रमा एटलस पर्वत श्रेणी छ । यो पहाडी भाग हाम्रो देशमा भएको हिमालय पर्वत शृङ्खला जस्तै छ । त्यसदेखि दक्षिणतर्फ विश्वकै ठुलो मरुभूमि सहारा मरुभूमि पूर्वपश्चिम फैलिएर रहेको छ । अफ्रिकाको पुर्वी खण्डमा ३००० मिटर गहिरो उपत्यका छ जसलाई धसान घाँटी (Rift Valley) भनिन्छ । अफ्रिकाको दक्षिण पुर्वी भागमा सामान्य उचाइ भएका पर्वत श्रेणी रहेका छन् । यहाँ महादेशकै अग्लो

पर्वत माउन्ट किलिमन्जारो (५८९५ मीटर) रहेको छ । यस महादेशको पुर्वी भागमा भिक्टोरिया तालबाट निस्केर उत्तरतर्फ बहेको विश्वकै सबैभन्दा लामो नदी नाइल रहेको छ । यस बाहेक जायर, नाइजर र जाम्बेजी नदीहरू

यस महादेशका मुख्य नदीहरू हुन् ।

यस महादेशको धेरैजसो क्षेत्र कर्कट रेखा र मकर रेखाको बिच अर्थात् ऊष्ण प्रदेशमा पर्दछ । त्यसैले यसको अधिकांश भागमा वर्षभरि नै गर्मी हुन्छ । अफ्रिकाको मध्यपश्चिमी भाग कङ्गो बेँसीमा भूमध्य रेखीय हावापानी पाइन्छ । यहाँ दैनिक रूपमा भारी वर्षा हुन्छ । यहाँ विशाल रुखहरू भएको घना जङ्गल पाइन्छ । ५०-२०० अक्षांशको बिचमा ऊष्ण तृण भूमीय हावापानी पाइन्छ । यहाँ गर्मी रकम वर्षा हुन्छ । यस क्षेत्रमा थोरै पानी पर्ने ऊष्ण घाँसे मैदान फैलिएको छ । यो घाँसे मैदान विविध प्रकारका जङ्गली जनावरहरूको वासस्थान हो । त्यसैले यस क्षेत्रलाई विश्वको चिडियाखाना पनि भनिन्छ । यस क्षेत्रका मानिसहरू पशुपालन र कृषि पेसामा संलग्न छन् । हिजोआज यस क्षेत्रमा ठुलाठुला राष्ट्रिय निकुञ्जहरू स्थापना भएका हुनाले पर्यटन व्यवसाय पनि फस्टाएको छ । सहारा, नामिब  र कालाहारी मरुभूमि क्षेत्रमा ज्यादै सुक्खा खालको हावापानी पाइन्छ । यहाँ सिउँडी जातका (cactus) काँडा भएका तर पात नभएका वनस्पतिहरू पाइन्छन् । यहाँको मुख्य जनावर उँट हो । अफ्रिकाको उत्तरी र दक्षिणी समुद्री किनारी भागमा भूमध्य सागरीय हावापानी पाइन्छ ।यस क्षेत्रमा ग्रीष्ममा गर्मी र सुक्खा र हिउँदमा जाडो र वार्षा हुन्छ । दक्षिण अफ्रिकाको उच्चसमस्थली क्षेत्रमा समशीतोष्ण तृणभूमीय हावापानी पाइन्छ । यस क्षेत्रमा पाइने घाँसे मैदानलाई भेल्ड भनिन्छ ।

## सामाजिक र आर्थिक अवस्था

अफ्रिकामा आठ सयभन्दा बढी प्रकारका जाति र प्रजातिका मानिसहरू बासोबास गर्दछन् । यो महादेश प्रशस्तै प्राकृतिक साधनहरू उपलब्ध  भएतापनि आर्थिक रूपले पछाडि परेको महादेश हो । यहाँ सुन, चाँदी, फलाम, तामा, युरेनियमजस्ता बहुमूल्य र उपयोगी खनिज पदार्थको भण्डार छ । अफ्रिकीहरूले त्यसबाट खासै फाइदा लिन पाएका छैनन् । दक्षिण अफ्रिका, अल्जेरिया, इजिप्टजस्ता मुलुकहरूले भने खनिजबाट आर्थिक विकास गरेका छन् । यातायातको सुविधा नभएका कारण पनि यहाँका खनिजहरू उपयोगमा आउन नसकेका हुन् । अफ्रिकाको उत्तरी क्षेत्रमा पेट्रोल र ग्याँसको भण्डार छ । अफ्रिका महादेश सबैभन्दा कम सहरीकरण भएको महादेश हो । यहाँका अधिकांश मानिसहरू कृषि पेसामा लागे पनि यो जीवन निर्वाह गर्ने खालको मात्र छ । नायल नदीको किनारमा सबभन्दा पहिलो मानव सभ्यता (नाइल सभ्यता)को विकास भएको थियो ।सभ्यताको विकास भए पनि सहारा मरुभूमि, ऊष्ण घाँसे मैदान र ऊष्ण वर्षा जङ्गल

क्षेत्रमा अझै पनि प्रारम्भिक प्रकारको जनजीवन भेटिन्छ । धेरैजसो देशलाई गृहयुद्ध, रोग र भोकले सताएको छ । उत्तर र दक्षिणका केही देश भने सम्पन्न छन् र विकासको गतिमा विश्वका विकसित मुलुकसँग प्रतिस्पर्धा गर्न खोजिरहेका छन् । यहाँको घाँसे मैदानमा पर्यटन व्यवसायको ठुलो सम्भावना छ । मरुभूमि क्षेत्रमा प्रशस्त मात्रामा खनिज पदार्थहरू भएको हुनाले त्यसको सदुपयोग गर्न सकिन्छ । शिक्षाको राम्रो विकास हुन सकेमा यस महादेशमा विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् ।

## क्रियाकलाप

१. समूहमा बसेर एटलसमा रहेका अफ्रिका महादेशका नक्साहरू, पाठ्यपुस्तक, सन्दर्भ सामग्री र इन्टरनेटको प्रयोग गरी अफ्रिका महादेशका बारेमा बढीभन्दा बढी जानकारी सङ्कलन गर्नुहोस् । उक्त जानकारी, तस्बिर र चार्टहरू समेटेर पोस्टर वा बिगबुक तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मानौँ तपाईँले अफ्रिका महादेशको भ्रमण आफैँले गरेको भए तपाईँको यात्रा विवरण कस्तो हुन्थ्यो होला ? यात्रा विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. अफ्रिकालाई कति भौगोलिक प्रदेशमा विभाजन गर्न सकिन्छ ? प्रत्येकको छोटो परिचय दिनुहोस् ।

२. नेपाल र अफ्रिका महादेशका मिल्ने र नमिल्ने कुराहरूको सूची बनाउनुहोस् ।

३. अफ्रिका विकासमा पछाडि पर्नुका कारणहरू खोजी गरी त्यसलाई विकसित महादेश बनाउन के के गर्नुपर्ला ? आफ्नो विचार लेख्नुहोस् ।

४ अफ्रिका महादेशको हावापानी र वनस्पतिको अवस्था उल्लेख गर्नुहोस् ।


५ आफ्रिका महादेशको आर्थिक क्रियाकलापहरूको वर्णन गर्नुहोस् ।

६ अफ्रिकाको सभाना क्षेत्रमा आर्थिक विकासको ठुलो सम्भावना छ, पुष्टि गर्नुहोस् ।

७ अफ्रिकाको रेखाङ्कित नक्सामा तलका तथ्यहरू भर्नुहोस् :

कङ्गो बेँसी, नाइल नदी, भिक्टोरिया ताल, कायरो, मदागास्कर टापु, किलिमन्जारो पर्वत, कालाहारी मरुभूमि

# पाठ १० : उत्तर अमेरिका




उत्तर अमेरिका विश्वका सात महादेशहरूमध्ये एसिया र अफ्रिका पछिको तेस्रो ठुलो महादेश हो । यो उत्तरी गोलार्धमा रहेको छ । यसको क्षेत्रफल २ करोड ४२ लाख २७ हजार वर्ग किलोमिटर रहेको छ । विश्व मानचित्रमा यो महादेश ८ डिग्री उत्तरी अक्षांश देखि ८२ डिग्री दक्षिणी अक्षांश र २० डिग्री पश्चिम देशान्तरदेखि १६५ डिग्री पुर्बी देशान्तरसम्म फैलिएको छ । यस महादेशको पूर्वमा उत्तरी आन्ध्र महासागर, पश्चिममा उत्तरी प्रशान्त महासागर, दक्षिणमा दक्षिण अमेरिका र उत्तरमा आर्कटिक महासागर पर्दछ । यस महादेशलाई बेरिङ जलसंयोजकले एसियासँग र पानामा नहरले दक्षिण अमेरिकासँग छुट्याएको छ ।

## प्राकृतिक तथा भौगोलिक अवस्था

धरातलीय स्वरूपको आधारमा उत्तरी अमेरिकालाई पश्चिम मोडदार पहाड, मध्य मैदान र पुर्बी उच्चभूमि गरी तीन खण्डमा विभाजन गर्न सकिन्छ । आलस्कादेखि दक्षिणमा पनामा नहरसम्म महादेशको पश्चिम भागमा फैलिएको रकी पर्वत शृङ्खला उत्तर अमेरिकाको निकै लामो पर्वतीय भाग हो । यहाँ म्याकिन्ले, लोगन, राइनियर, ब्वाइट्ने र एलवर्ट जस्ता अग्ला पर्वतहरू पर्दछन् । महादेशको पुर्बी भागमा अप्लेचियन नाम गरेको होचा पहाडहरू भएको क्षेत्र छ । यी दुईका बिचमा क्यानाडादेखि मेक्सिकोसम्म सम्मो भूमि रहेको छ । त्यसलाई मध्य मैदान भनेर भनिन्छ ।

हावापानीमा प्रभाव पार्ने विभिन्न तत्त्वहरूका कारण उत्तरी अमेरिकामा विभिन्न खालका हावापानी पाइन्छ । उत्तरी भागमा अत्यन्त चिसो ध्रुवीय हावापानी पाइन्छ । यहाँ मानिसहरूको वस्ती छैन तर कहीँकहीँ एस्किमो जातिका मानिसहरूको बसोबास छ । यहाँ पेन्गुइन नामको चरा, सेतो हिउँ भालु, सिल माछा जस्ता जीवजन्तुहरू पाइन्छन् । यस क्षेत्रमा टुन्ड्रा वनस्पति पाइन्छ । चिसो प्रदेशको दक्षिणतर्फ जाडो समशीतोष्ण हावापानी पाइन्छ । त्यहाँ विशाल कोणधारी वनस्पतिको जङ्गल छ । त्यहाँ सल्ला, धुपी र देवदार जातका रुखहरू पाइन्छन् । त्यहाँ प्लाइउड र कागजका कारखानाहरू छन् । उत्तर

अमेरिकाको मध्य भागमा प्रेरिज नाम गरेको विशाल घाँसे मैदान छ । यहाँ समशीतोष्ण हावापानी पाइन्छ । यहाँ ग्रीष्ममा न्यानो तर हिउँदमा ज्यादै चिसो हुन्छ । यस मैदानमा व्यावसायिक रूपमा गहुँ खेती गरिन्छ। खेतीको सबै काम मेसिनबाट हुन्छ। त्यहाँ उत्पादन भएको गहुँ युरोप, दक्षिण अमेरिका र अफ्रिकासम्म निकासी हुन्छ । त्यसैले यस क्षेत्रलाई विश्वको अन्नको भण्डार पनि भनिन्छ । मेक्सिको वरिपरि ऊष्ण हावापनी पाइन्छ । यस क्षेत्रमा घना सदाबहार जङ्गल पाइन्छ । त्यसैगरी क्यालिफोरनिया क्षेत्रमा भूमध्यसागरीय हावा पानी पाइन्छ । यहाँ हिउँदमा चिसो र वर्षा हुन्छ भने ग्रीष्ममा गर्मी र सुक्खा हुन्छ । यस महादेशको पुर्बी भागमा ऊष्ण मौसमी हावापानी पाइन्छ । सेन्टलरेन्स, मिसिसिपी, कोलोराडो आदि यहाँका मुख्य नदीहरू हुन् । ग्रेटबियर, ग्रेटस्लेभ, विनिपेग, सुपेरियर, हुरेन आदि यहाँका तालहरू हुन् ।

## सामाजिक र आर्थिक अवस्था

उत्तर अमेरिका सांस्कृतिक विविधता भएको महादेश हो । यहाँ इसाई समुदायको बाहुल्य भएपनि अमेरिका र क्यानाडामा प्रशस्त हिन्दु धर्मावलम्बीहरूको बसोबास छ । यो महादेशमा गोरा जातिका मानिसहरूको बाहुल्य भए पनि विविध जातिका मानिसहरू बसावास गर्दछन् ।

उत्तर अमेरिका प्राकृतिक स्रोत साधनले धनी र अनुकूल हावापानी भएकाले संसारमै विकसित र सम्पन्न महादेश बनेको छ । आर्थिक विकासमा अग्रपङ्क्तिमा रहेको यस महादेशले प्राकृतिक स्रोत र मानवीय संसाधनको अधिकतम उपयोग गर्दै आएको छ । क्यानाडा, यु.एस.ए. र मेक्सिकोलाई यहाँको विकसित मुलुकका रूपमा गनिन्छन् । दक्षिणतर्फको साँघुरो प्रायद्वीपमा ससाना विकासोन्मुख देशहरू रहेका छन् । उत्तर अमेरिकामा कृषि, उद्योग, व्यापार र पर्यटन व्यवसायको राम्रो विकास भएको छ। विश्वकै सबैभन्दा ठुलो आर्थिक गतिविधि हुने अमेरिका र क्यानाडाले आफ्नो देशमा जनशक्तिको आपूर्ति गर्न डिभी र पिआरमार्फत विश्वभरबाट मानिसहरू भित्र्याउने गर्दछन् । यहाँ ठुलाठुला कारखानाहरू छन् । अत्यन्त आधुनिक प्रविधि अपनाई विशाल फाँटहरूमा गहुँ खेती गरिन्छ। ।

## क्रियाकलाप

१. पुराना पत्रपत्रिकाहरू तथा गुगल सर्चमा गएर उत्तर अमेरिकाका कुनै पनि देशसँग सम्बन्धित समाचार, विज्ञापन, तस्बिर आदि सङ्कलन गरेर एक पोस्टर वा बिगबुक तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तलको अनुच्छेद पढ्नुहोस् र समूहमा छलफल गरी देश विकासका लागि आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

*अमेरिका र क्यानडामा मानिसहरू विकासको चरम अवस्थामा पुगिसकेका छन् । त्यहाँका सडकहरू, भवनहरू, भौतिक सुखसुविधाहरू र नियमकानुनको पालनाको अवस्था हाम्रो जस्तो मुलुकका जनताहरूलाई प्रेरणा स्रोतबनेका छन् । हाम्रो देशमा पनि प्रशस्त प्राकृतिक स्रोत साधनहरू छन् । त्यसको परिचालन गर्न सके हामी पनि अमेरिका जस्तै विकसित हुन सक्छौँ । त्यसैले एक दिन हामी पनि हाम्रो देश नेपाललाई अमेरिकाभन्दा विकसित र सम्पन्न बनाएर देखाउन छ ।"*

## अभ्यास

१. उत्तर अमेरिकाको हावापानी र वनस्पतिको परिचय दिनुहोस् ।

२. उत्तर अमेरिकाको विकासको अवस्थाबारेमा प्रकाश पार्दै आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

३. उत्तर अमेरिकामा बसोबास गर्ने मानिसहरूको आर्थिक र सामाजिक जनजीवनबारे छोटकारीमा लेख्नुहोस् ।

४. उत्तर अमेरिकाकाको आर्थिक अवस्था समृद्ध हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

५. उत्तर अमेरिकाको रेखाङ्कित नक्सामा निम्नलिखित तथ्यहरू भर्नुहोस् :

रकी पर्वत श्रेणी, सुपेरियर ताल, सेन्टलरेन्स नदी, क्यालिफोरनिया, प्रेरिज घाँसे मैदान, मेक्सिको, ग्रिनल्यान्ड, अलास्का, हड्सन् खाडी, कोणधारी जङ्गल क्षेत्र, अपलेचियन पर्वत

# पाठ ११ : दक्षिण अमेरिका

## दक्षिण अमेरिकाको बारेमा निम्नलिखित जानकारी लिऔँ :




- दक्षिण अमेरिका विश्वको चौथो ठुलो महादेश हो । एसिया, अफ्रिका र उत्तर अमेरिका यो महादेशभन्दा ठुला छन् भने एन्टार्टिका, युरोप र अस्ट्रेलिया यसभन्दा साना छन् ।
- विश्व मानचित्रमा दक्षिण अमेरिका १२ डिग्री उत्तरी अक्षांशदेखि ५५ डिग्री दक्षिणी अक्षांश र ३५ डिग्री पश्चिम देशान्तरदेखि ८१ डिग्री पुर्बी देशान्तरसम्म फैलिएको छ ।
- यसको क्षेत्रफल १ करोड ७८लाख ३२ हजार वर्ग कि.मि. छ ।
- यस महादेशको पूर्वमा दक्षिण आन्ध्र महासागर, पश्चिममा दक्षिण प्रशान्त महासागर, दक्षिणमा एन्टार्टिका महासागर र उत्तरमा उत्तर अमेरिका पर्दछ। यस महादेशलाई पानामा नहरले उत्तर अमेरिकासँग छुट्याएको छ ।
- यसको पश्चिमी भागमा उत्तरमा भेनेज्वेलादेखि दक्षिणमा केप हर्नसम्म उत्तर दक्षिण भएर एन्डिज पर्वत शृङ्खला फैलिएको छ । यो विश्वकै सबैभन्दा लामो पर्वत शृङ्खला हो ।
- अमेजन, पाराना, पाराग्वे, उरुग्वे, नेग्रो आदि मुख्य नदीहरू हुन् । यहाँ टिटिकाका ताल, माराकैवा ताल र मार चिक्युटा तालहरू अवस्थित छन् ।
- भूमध्य रेखाको आसपासमा भूमध्यरेखीय हावापानी पाइन्छ । अमेजन नदीको आसपासमा रहेको यो क्षेत्रलाई अमेजन बैँसी पनि भनिन्छ । यस क्षेत्रमा विशाल सदावहार जङ्गल रहेको छ। यहाँ दैनिक रूपमा भारी वर्षा हुने हुनाले कृषि व्यवसाय

राम्रो हुँदैन । यहाँ काठ काट्ने व्यवसाय सञ्चालन हुन्छ । अमेजन क्षेत्रमा अझै पनि प्रारम्भिक प्रकारका मानिसहरूको बसोबास छ जो सिकार खेलेर जीविकोपार्जन गर्दछन् । यो क्षेत्र अलि सुक्खा भएपनि यहाँ कफी खेतीका लागि उपयुक्त माटो. र हावापानी पाइने हुनाले प्रशस्त मात्रामा कफी उत्पादन हुन्छ । यहाँ ठुलाठुला कफी प्रशोधन कारखानाहरू रहेका छन्

- अमेजन बेँसी र ब्राजिलको उच्च भूमिको बिचमा ऊष्ण घाँसे भूमि रहेको छ ।यहाँ राष्ट्रिय निकुञ्जहरू पनि रहेका छन् । यहाँ अफ्रिकाको सभाना क्षेत्रको जस्तै हावापानी र अग्लाअग्ला घाँस तथा फाटफुट रुखहरू भएको वनस्पति पाइन्छ । यहाँका मानिसहरू कृषि र पशुपालन व्यवसायमा संलग्न रहेका छन् ।
- यहाँका मानिसहरू हाम्रो देशमा जस्तै पशुपालन र कृषि पेसा गर्दछन् । यहाँ लामा नाम गरेको एकप्रकारको बाखा जस्तै जनावर पाइन्छ । भेनेज्वेलामा पानीको तालबाट पेट्रोलियम पदार्थ निकालिन्छ ।
- दक्षिण अमेरिकाको दक्षिणपुर्बी खण्डमा समथर घाँसे फाँट रहेको छ, जसलाई पम्पास भनिन्छ । अर्जेन्टिनामा पर्ने यो घाँसे मैदानको केही भाग उरुग्वेमा पनि फैलिएको छ । यस फाँटमा गहुँ खेती गरिन्छ । यसका अलावा उक्त घाँसे भूमिमा भेडा र गाई पालन गरिन्छ । यहाँ व्यावसायिक रूपमा एउटै किसानले सयौँ गाई र हजारौँ भेडा पालेका हुन्छन् । भेडाको उन काट्ने र गाईको दुध दुहुने काम मेसिनबाट गरिन्छ ।

## क्रियाकलाप

१. विभिन्न स्रोत जस्तै इन्टरनेट, ब्रिटानिका, एटलस, विश्वको भूगोलसम्बन्धी पुस्तक वा विश्वकोशबाट दक्षिण अमेरिकाका बारेमा जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. दक्षिण अमेरिकाका विभिन्न तथ्यहरूको अध्ययनपश्चात् त्यहाँ हुने गरेका आर्थिक गतिविधि सम्बन्धमा छोटा संवादहरू तयार पारी र अभिनयका साथ कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशका बारेमा हाजिरी जवाफ प्रतियोगिताका निमित्त प्रश्नहरू तयार  गरी कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस्  ।

## अभ्यास

१ दक्षिण अमेरिकाको भौगोलिक अवस्थाको वर्णन गर्नुहोस् ।

२ दक्षिण ओरिकाको हावापानी र प्राकृतिक वनस्पतिको परिचय दिनुहोस् ।

३ दक्षिण अमेरिकाको रेखाङ्कित नक्सामा निम्नलिखित कुराहरू देखाउनुहोस् ।


एण्डिज पर्वत श्रेणी, रियो दि जेनेरो, अमेजनको जङ्गल, केपहर्न, अटाकामा मरुभूमि,.

४ दक्षिण अमेरिकाको आर्थिक क्रियाकलापको वर्णन गर्नुहोस्  ।

५ दक्षिण अमेरिका र नेपालका बिचमा तुलना गर्नुहोस्  ।

# हाम्रो विगत



## सिकाइ उपलब्धि

- आधुनिक नेपालको एकीकरण अभियान र यसमा जनताको भूमिका उल्लेख गर्न
- सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था र राणाकालीन नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक सुधारहरूको वर्णन गर्न
- वि. सं. २००७ देखि हालसम्मका प्रमुख राजनीतिक घटना क्रम र त्यस समयमा भएका सामाजिक तथा आर्थिक उपलब्धि उल्लेख गर्न
- ग्रिस र रोमको सभ्यता तथा पुनर्जागरण कालमा भएका सुधारहरू र मानव चेतनामा आएको परिवर्तनको वर्णन गर्न

# पाठ १ : नेपाल एकीकरण अभियानमा जनताको सहभागिता



एकीकरणपूर्व हालका एकीकृत, स्वतन्त्र र सार्वभौम नेपाल विभिन्न ससाना राज्यहरूमा विभाजित थियो । कर्णाली क्षेत्रमा बाइसी राज्य, गण्डकी क्षेत्रमा चौबिसी राज्य, पूर्वमा सेन राज्य र काठमाडौँ उपत्यकामा मल्ल राज्यहरू थिए । एकीकरणपूर्व यी राज्यहरूमा बेमेल थियो । आपसमा सहयोगको भावना र राष्ट्रियताको ख्याल थिएन । प्रायः जसो एक आपसमा लडाइ भइरहने यी राज्यहरू कमजोर थिए । त्यसैगरी दक्षिण तर्फबाट अङ्ग्रेजहरू नेपाललाई आफ्नो कब्जामा लिन मौका हेरेर बसिरहेका थिए । यस्तो अवस्थामा यी सबै परिदृश्यलाई नजिकैबाट नियालिरहेका गोरखाका राजा पृथ्वीनारायण शाहले सानो क्षेत्रमा सीमित गोरखा राज्यलाई विस्तार गरी भौगोलिक एकीकरणको जग बसाए । उनले छरिएर रहेका बाइसी, चौबसी राज्यलगायत काठमाडौँ उपत्यकाका कान्तिपुर, पाटन र भक्तपुरका साथै वरिपरिका नुवाकोट मकवानपुरलगायतका राज्यलाई मिलाई एउटा सबल र सिङ्गो नेपाल निर्माण गरेका थिए ।

नेपालको एकीकरण अभियान गोरखाका राजा, भारदार र गोरखाली सेनाबाट सुरुवात गरिए तापनि सम्पूर्ण नेपाली जनताको त्याग,बलिदान र समर्थनले सफल भएको थियो । यसलाई निम्नानुसार अझ प्रस्ट पार्न सकिन्छ :

- एकीकरणको समयमा गोरखा राज्यको आर्थिक अवस्था कमजोर थियो । हातहतियार किन्न र सैन्य व्यवस्थापनमा धेरै पैसाको जरुरत थियो । यस्तो अवस्थामा स्थानीय वासिन्दा बिसे नगर्चीले सल्लाह दिएबमोजिम गोरखा राज्यका १२००० घरधुरीबाट पैसा सङ्कलन गरिएको थियो । त्यहाँका जनताले आफ्नो क्षमताअनुसार आफ्नो राज्यलाई आर्थिक सहयोग गरेका थिए । जनताको सानो सानो सहयोगले ठुलो हतियार किन्ने पैसा जम्मा भई एकीकरण अभियानलाई अघि बढाउन पृथ्वीनारयण शाहलाई सहज भएको थियो ।

- गोरखाका १६ देखि ३० वर्ष उमेरका सबै यूवाहरू युद्धमा सहभागी भई एकीकरण अभियान सफल गराइएको थियो ।

- ज्योतिष कुलानन्द ढकालले शुभ साइत पत्ता लगाई सोहीअनुसार अगाडि बढ्दा दुई पटकसम्म पनि असफल गोरखाली सेनाले नुवाकोट र कीर्तिपुरमाथि तेस्रो आक्रमण गर्दा सफल भएका थिए ।

- कीर्तिपुरमा जयप्रकाश मल्लको सेनाले पृथ्वीनारायण शाहलाई काट्न हतियार उठाउँदा त्यहाँका सर्वसाधारण जनताले राजा काट्न हुँदैन भनी सल्लाह दिई राजालाई काट्न रोकेका थिए । त्यसपछि उनलाई रातारात नुवाकोट पुऱ्याइएको थियो । यसरी एकीकरणका मुख्य अभियन्त पृथ्वीनारायण शाहलाई सुरक्षित गर्ने काम सर्वसाधारण नागरिकले नै गरेका थिए ।

- दहचोकका जनताले कीर्तिपुर आक्रमण गर्न पृथ्वीनारायण शाहलाई सहयोग गरेका थिए ।

- दोस्रो पटक कीर्तिपुर आक्रमण गर्दा सुरप्रताप शाहको आँखा फुट्दा चिकित्सक माइकेल एन्जेलोले उपचार गरेका थिए ।

- कान्तिपुरको विजयपश्चात् कान्तिपुरका जनताले पृथ्वीनारायण शाहलाई स्वागत गरेका थिए ।

- श्री हर्ष पन्तले पाटन विजय गर्न सहयोग गरेका थिए ।

- बहादुर शाहको पालामा पश्चिम एकीकरणमा निस्केका सेनालाई जनताद्वार स्वागत गरिएको थियो ।

- कलु पाण्डे, दामोदर पाण्डे, रामकृष्ण कुँवर, वंशराज पाण्डे, अमरसिंह थापा, अभिमानसिंह बस्नेत आदि जस्ता योद्धाहरूले आफ्नो ज्यानको समेत पर्वाह नगरी युद्धमा होमिएकाले यो अभिनय

- सफल भएको हो ।

## क्रियाकलाप

१. तपाईँको समुदायमा विगतदेखि हालसम्मको धार्मिक ऐतिहासिक तथा पुरातात्त्विक ठाउँहरूको संरक्षण तथा विकासमा समुदायको के भूमिका छ ? छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. एकीकरण अभियनमा गोरखाली युवा र दहचोकको जनताहरूको भूभिका उल्लेख गरी निम्नलिखित व्यक्तिहरूको योगदानलाई तालिकामा प्रस्तुत गर्नुहोस् :

| व्यक्तिको नाम | योगदान |
|---|---|
| बिसे नगर्ची | |
| अमरसिंह थापा | |
| कुलानन्द ढकाल | |
| एन्जेलो | |

## अभ्यास

१. नेपालको एकीकरणपूर्व कुनकुन क्षेत्रमा बाइसी र चौबिसी राज्यहरू रहेको थियो ?

२. नेपालको एकीकरणमा जनताको भूमिका उल्लेख गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

३. बिसे नगर्ची जस्ता सर्वसाधारण जनताको विचारलाई मान्नुले पृथ्वीनारायण शाहलाई कस्तो व्यक्तित्वको रूपमा प्रस्तुत गर्छ र किन ?

४. पृथ्वीनारायण शाहलाई किन राष्ट्रनिर्माता भनिन्छ ? उनी कस्ता व्यक्तित्वका रूपमा प्रस्तुत भएका थिए रुलेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा समाजको हितमा योगदान पुऱ्याउने व्यक्तित्वलाई विद्यालयको जन्मजयन्तीका दिन पारी सम्मान गर्ने कार्यक्रम बनाउनुहोस र सो घटना समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

## पाठ २ : नेपाल एकीकरणको अभियान



नेपाल एकीकरणको सुरुवात प्राचीनकालमा नागराज र मानदेवले पनि गरेको कुरा इतिहासमा पाइन्छ । आधुनिक नेपालको एकीकरणको जस भने पृथ्वीनारायण शाहलाई नै जान्छ । आफ्ना बुबा नरभूपाल शाहको मृत्यपछि पृथ्वीनारायण शाह वि. सं. १७९९ चैत्र २५का दिन गोरखाका राजा भए । राजा भएलगत्तै वि.सं. १८०० मा नुवाकोटमाथि आक्रमण गरी नेपाल एकीकरणको अभियान सुरु गरे । यो अभियान उनका छोरा नातिको पालासम्म जारी रह्यो । स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न नेपालको एकीकरणको यो अभियानलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- पृथ्वीनारायण शाहका पालामा भएको नेपाल एकीकरणको अभियानमा भएको मुख्य मुख्य घटनाहरू यसप्रकार छन् :

| मिति (वि. सं.) | घटना |
|---|---|
| १८०० | नुवाकोटमा आक्रमण र पराजय |

| | |
|---|---|
| १८०१ असोज १५ | नुवाकोट विजय |
| १८११ श्रावण | दहचोक, नाल्दुम, महादेव पोखरी विजय |
| १८१४जेठ १८ | गोरखालीहरूद्वारा कीर्तिपुरमा पहिलो आक्रमण र कालु पाण्डेको मृत्यु |
| १८१९ भदौ ९ | मकवानपुर विजय |
| १८१९असोज २२ | गोर्खाली सैनिकबाट हरिहरपुरमाथि कब्जा |
| १८१९ पुस २७ | गुरगिन खाँको नेतृत्वमा आएको बङ्गालको नवाब मिरकासिमको फौजको हार |
| १८२१ भदौ ३० | कीर्तिपुरमाथि दोस्रो असफल आक्रमण |
| १८२२ चैत्र ३ | लामो समयसम्मको घेराबन्दी पछि कीर्तिपुरमाथि विजय प्राप्त |
| १८२४असोज२४ | सिन्धुलीको युद्धमा गोर्खाली फौजद्वारा अङ्गेज फौज पराजित |
| १८२५असोज १३ | काठमाडौँ विजय |
| १८२५असोज २४ | पाटन विजय |
| १८२६ मङ्सिर १ | भक्तपुर विजय |
| १८३० साउन ४ | चौदन्डीमाथि अधिकार |
| १८३१ साउन ५ | विजयपुरमाथि अधिकार |

- नेपालको नेपालको पुर्बी सिमाना मेची नदीसम्म पुऱ्याई वि.सं. १८३१ माघ १ गते पृथ्वीनारायण शाहको मृत्यु नुवाकोटको देवीघाटमा भएको थियो । उनको मृत्युपछि

उनका छोरा प्रतापसिंह शाह नेपालका राजा भए । वि.सं. १८३६मा २६ वर्षकै उमेरमा उनको मृत्यु भएकाले उनी लामोसमय नेपालको राजा हुन पाएनन् । उनको छोटो कार्यकालमा उपरदाङगढी, कविलासपुर गढी, सुमेश्वर गढी र चितवन नेपालमा गाभ्ने काम भयो ।

- प्रतापसिंह शाहको मृत्युपछि उनका नाबालक छोरा रणबहादुर शाह वि.सं १८३४ मङ्सिर ५ गते नेपालका राजा भए । आफ्ना नाबालक छोराको नयवी भएर रानी राजेन्द्र लक्ष्मीले शासन् सञ्चालन गर्न थालिन् । उनको नयवी कालमा चौबिसी राज्यहरू तनहुँ, कास्की, पयुँ, रिसिङ र भिरकोटलाई नेपालमा मिलाउन सफल भइन् । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानमा केही इँटाहरू थप्ने गर्दागर्दै उनको मृत्यु वि.सं. १८४२ मा भयो ।
- आफ्नी भाउजु राजेन्द्र लक्ष्मीको मृत्युपछि पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहले आफ्नो भतिज रणबहादुर शाहको नयवीको रूपमा शासन् सञ्चालन गरे । वीर र दूरदर्शी बहादुर शाहको नायवी कालमा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा कुमाउँ गढवालसम्म पुगेको थियो । उनको पालमा गल्मी, अर्घाखाँची, धुर्कोट, प्युठान, दाङ, रोल्पा, जाजरको आदि लगायतका थुप्रै बाइसी र चौबिसी राज्यहरू नेपालमा मिलाउने काम भयो । बाइसी र चौबिसी राज्यहरूलाई नेपालको अधिनमा पारी सकेपछि बडाकाजी अमरसिंह थापाको नेतृत्वमा नेपाली सेना कुमाउँ र गढवाल क्षेत्र जित्दै अलकानन्दासम्म पुगेको र गढवाल राज्यले नेपाललाई कर बुझाउने गरेका प्रसङ्ग इतिहासमा पाइन्छ । त्यसैगरी नेपाली सेनाले वि.सं. १८४७ चैत ११ मा कुमाउँको राजधानी अल्मोडा र वि.सं. १८४८ असार १२मा गढवालको राजधानी श्रीनगर जितेका थिए ।
- वि.सं. १८०० देखि निरन्तर चलेको नेपालको एकीकरणको अभियान वि.सं. १८४६ को नेपाल तिब्बत युद्धपछि केही समय सुस्ताए पनि अमरसिंह थापाले पाल्पालाई नेपालमा मिलाएपछि नेपालको एकीकरणको अभियान अन्त्य भएको हो ।

## क्रियाकलाप

१. नेपाल एकीकरणका निम्नलिखित घटना र मितिहरू लेखी तलका तालिका पूरा गर्नूहोस् र त्यसलाई समय रेखामा देखाउनुहोस् :

| मिति (वि. सं.) | घटना |
|---|---|
| १८०१ असोज १५ | ........................ |
| ....................... | मकवानपुर विजय |
| १८२५ असोज १३ | ...................... |
| १८२६ मङ्सिर १ | भक्तपुर विजय |
| १८३१ साउन ५ | ........................ |

२. पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानमा प्रदर्शन गर्नुभएको साहस र दृढतालाई समेटेर गीत वा कविता तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. नेपाल एकीकरणको थालनी नुवाकोटबाट गर्नुपर्नाका कारणहरू के के होलान् ?

२. पृथ्वीनारायण शाहका पालामा नेपाल एकीकरणको अभियानमा भएको मुख्य मुख्य घटनाहरूका बारेमा छोटो चर्चा गर्नुहोस् ।

३. नेपाल एकीकरण अभियानमा बहादुर शाह र राजेन्द्र लक्ष्मीको भूमिका बारे एक अनुच्छेद लेख्नुहोस् ।

४. यदि पृथ्वीनाराण शाहले नेपाल एकीकरण नगरेको भए के हुन्थ्यो होला? आफ्नो तर्क लेख्नुहोस् ।

# पाठ ३ : सुगौली सन्धिपछिको राजनीतिक घटना क्रम

सन् १८१४ देखि १८१५ मा नेपाल र अङ्ग्रेजबिच युद्ध भएको थियो । यस अवधिमा चलेको यो युद्धको २ डिसेम्बर १८१५ को सुगौली सन्धिबाट अन्त्य भएको हो । दुवै पक्षबिच भएको सहमतिमा नेपालले कुमाउँ, गढवाल, नैनीताल तथा दार्जिलिङ जस्ता महत्त्वपूर्ण भूभाग गुमाउनुपऱ्यो । यसपश्चात् नेपालमा अङ्ग्रेजले राजदूतावास खोल्न पाउने भयो । त्यसपछि उनीहरूले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्न थालेको पाइन्छ । सुगौली सन्धिपश्चात् नेपालको सिमाना विस्तारको क्रम पनि रोकियो । त्यसपछि नेपालको राजनीतिमा गुटबन्दी र षड्यन्त्र प्रारम्भ भयो । सुगौली सन्धिपश्चात् राणा शासनको उदयसम्म नेपालमा अस्थिर राजनीतिको अवस्था थियो ।

भारदारहरूबिच शक्तिशाली बन्ने होडबाजी सुरु हुन थाल्यो । यसले देशको राजनीतिमा अस्थिरता वृद्धि गराई राष्ट्रियता कमजोर बनायो । सुगौली सन्धि भएको ७ महिनापश्चात् श्री ५ गीवार्णयुद्ध वीरविक्रम शाहको मृत्यु भयो । यस घटनाले नेपालको राजनीतिमा ठुलो प्रभाव परेको थियो । यस अवस्थामा भीमसेन थापाले मुलुकलाई बचाएर राख्न सफल भए । दुई वर्षका राजा राजेन्द्र वीरविक्रम राजगद्दीमा बसे र ललित त्रिपुरासुन्दरीको सहयोगमा मुख्तियारीको जिम्मा भने भीमसेन थापाले नै लिए ।

वि. सं. १८८८ मा ललित त्रिपुरासुन्दरीको मृत्यु भएपछि भीमसेन थापाको शक्ति पनि कमजोर हुँदै गयो । उनलाई राजकुमारलाई विष खुवाएर मारेको झुठो आरोप लगाई जेल हालियो । त्यसपछि रङ्गनाथ पौडेलको समयमा भीमसेन थापाको विषमुद्दा फिर्ता लिइयो । त्यसपछि रणजङ पाण्डेले मुख्तियारी सम्हाले । उनको मुख्तियारीका समयमा उनले आफ्ना बाबु दामोदर पाण्डेलाई हत्या गरेको बदला लिन भीमसेन थापाको विष मुद्दा पुनः उल्टाए र भीमसेन थापालाई जेल हालियो । पछि उनलाई श्रीमतीको अपमान गर्ने खबर सुनाएर जेलभित्र नै आत्महत्या गर्न बाध्य बनाइयो । राजेन्द्र विक्रमका दुई रानीहरू थिए । जेठी रानीको मृत्युपश्चात् कान्छी रानी राज्यलक्ष्मी देवीले शक्ति वृद्धि हुन थाल्यो । वि. सं. १९०० मा यिनले आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउन माथवरसिंह थापालाई प्रधानमन्त्री बनाइन् । रोलक्रममा जेठी रानीपट्टिका राजकुमार सुरेन्द्र हुँदाहुँदै त्यसो गर्नु उचित नहुने सल्लाह माथवरसिंहले दिए । यसबाट रुष्ट भएकी रानीले

माथवरसिंहकै भान्जा जङ्गबहादुरद्वारा उनको हत्या गराइन् । यसरी नेपालको अस्थिर राजनीतिमा शक्तिको होडवाजी चलेकाले यस अवसरबाट फाइदा उठाई जङ्गबहादुर शक्तिशाली बन्न पुगे ।

## क्रियाकलाप

१. कक्षामा विभिन्न समूहहरू बनाई सुगौली सन्धिपश्चात् भएका राजनीतिक घटना क्रमका बारेमा छलफल गरी बुँदा टिपोट गर्नुहोस् ।

२. नेपालमा सुगौली सन्धिपश्चात्का घटनाहरूलाई समय रेखामा देखाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. सुगौली सन्धि भनेको के हो? यो सन्धि किन गरिएको होला? आफ्नो विचार लेख्नुहोस् ।

२. भीमसेन थापा को हुन र उनको पतन कसरी भयो ? उल्लेख गर्नुहोस् ।

४. सुगौली सन्धिपछिका घटना क्रमहरूलाई बुँदागत रूपमा प्रस्ट पार्नुहोस् ।

५. “सुगौली सन्धिपछिको समय नेपालको राजनीतिक अन्योल र अस्थिरताको समय थियो ।” यो भनाइलाई पुष्टि पार्नुहोस् ।

# पाठ ४ : राणाकालीन राजनीतिक क्रियाकलाप



नेपालमा वि.सं. १९०३ देखि २००७ सालसम्म निरङ्कुश राणा शासन् थियो । जङ्गबहादुर राणाले विभिन्न समयमा आफ्ना विरोधी भारदारहरूको हत्या गरी वि.सं. १९०३ मा राणा शासनको सुरुवात गरेका थिए । यो १०४ वर्षको लामो समयमा विभिन्न राजनीतिक घटनाहरू घटे । ती राजनीतिक क्रियाकलापहरूले राणा शासन् टिकाउन वा हटाउन भूमिका खेलेका थिए । तीमध्ये केही प्रमुख क्रियाकलापहरूको छोटो चर्चा यस पाठमा गरौँ ।

१. **जङ्गबहादुरको युरोप यात्रा (वि. सं. १९०६-१९०७) :** आफ्ना भाइ बमबहादुरलाई शासनसत्ताको जिम्मा लगाएर जङ्गबहादुर राणा वि.सं. १९०६ मा आफ्ना दुई भाइहरू र केही महत्त्वपूर्ण व्यक्तिहरू लिएर बेलायत भ्रमणमा निस्के । यो भ्रमणको मुख्य उद्देश्य बेलायतको सामाजिक, आर्थिक,राजनीतिक, भौगोलिक र सैनिक गतिविधिको अध्ययन गर्ने र बेलायती महारानीसँग सम्बन्ध सुमधुर बनाउने थियो । एक वर्ष २९ दिन लामो युरोप भ्रमणबाट प्रभावित भइ उनले नेपालमा अङ्ग्रेजी शिक्षाको सरुआत र मुलुकी ऐन जारी गरेका थिए ।


२. **नेपाल तिब्बत युद्ध (वि. सं. १९१२–१९१३ :** जङ्गबहादुरको समयमा ल्हासामा रहेका नेपालीहरूलाई गरेको दुर्व्यवहार, सीमा विवाद र नेपाली वकिललाई तिब्बतबाट निष्कासित गरिनु आदि कारणले नेपाल र तिब्बतबिच युद्ध भएको थियो ।

३. **थापाथली सन्धि :** यो वि. सं.१९१२ साल चैत ३ गते नेपाल र तिब्बतबिच थापाथली दरबारमा भएको सन्धि हो । नेपाल तिब्बत यद्धलाई अन्त्य गर्न यस सन्धि भएको थियो । यस सन्धिअनुसार नेपाललाई बर्सेनितिब्बत सरकारबाट १०००० (दस हजार) रुपियाँ सलामी पाउने भयो । ल्हासामा नेपाली दूत राख्न पाउने व्यवस्था पनि यस सन्धिले पुनः ब्युँझायो । नेपाली व्यापारीहरूले लगेका कुनैपनि सामानमा तिब्बत सरकारले कुनै किसिमको करहरू नलगाउने र उनीहरूले त्यहाँ बिना रोकतोक व्यापार गर्न पाउने व्यवस्था सन्धिले गरेको थियो । त्यसैले यो सन्धि नेपालको पक्षमा भएको मानिन्छ ।

४. **३८ सालको पर्व :** युवराज त्रैलोक्यले शासनसत्ता पुनः शाहवंशीय शासकमा फिर्ता गर्न चाहन्थे । त्यसैले उनले केही भारदारहरूको सहयोगमा तत्कालीन प्रधानमन्त्री रणोद्दीप सिंह र उनका भाइ धीरसमसेरको हत्या गर्ने षड्यन्त्र गरे । वि. सं. १९३८ सालमा गरिएको यो षड्यन्त्रलाई ३८ सालको पर्व भनिन्छ । यस पर्वमा जगतजङ, सुब्बा होमनाथ खतिवडा, उत्तरध्वज खवास आदिको पनि संलग्नता थियो । पछि उत्तरध्वज खवासले षड्यन्त्रको पोल खोली दिएकाले धेरैको गिरफ्तारी र केहीले ज्यान सजाय पाए ।

५. **४२ साल पर्व :** धीर शम्सेरका छोराहरूद्वारा आफ्नै काका रणोद्दीप सिंहको हत्या गरी सत्ता कब्जा गरिएको घटनालाई ४२ सालको पर्व भनिन्छ । यस घटना वि. सं. १९४२ सालमा भएका हुनाले पनि यसलाई ४२ सालको पर्व भनिन्छ । यस घटनापछि जङ्गबहादुर परिवारको शासन् समाप्त भई शम्सेर परिवारको शासनमा वर्चस्व कायम भएको थियो ।

६. **प्रचण्ड गोरखा :** प्रचण्ड गोरखा राणा शासनको विरुद्धमा उमेश विक्रम शाह, रङ्गनाथ शर्मा, खड्गमान सिंह, मैनाबहादुरलगायतका केही व्यक्तिहरूले स्थापना गरेको संस्था हो । यस संस्थाको वि. सं. १९८८ श्रावण २८ मास्थापना गरिएको हो । उहाँहरूले यस संस्थामार्फत देशमा जनजागरण ल्याएर राणा शासनको अन्त्य गर्ने प्रयत्न गरेका थिए । सो कुराको भेद लक्ष्मणप्रसादबाट खोलिएकाले उमेश विक्रमलाई सर्वस्वहरण, निर्वासन् र अन्यलाई कैद गरियो । यो घटनालाई नेपालको इतिहासमा प्रचण्ड गोरखा पर्व भनिन्छ । राणा शासनको अन्त्य गर्न यसले महत्त्वपूर्ण भूमिका खेलेका थियो ।




त्यसैगरी वि.सं. १९९३ जेठ २० धर्मभक्त माथेमा, टङ्कप्रसाद आचार्य, दशरथ चन्द, जीवनराज शर्मा र रामहरि शर्माको नेतृत्वमा गठित पहिलो राजनीतिक पार्टी, वि.सं. १९९४ शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलीधर शर्मा, गङ्गालाल आदि युवाहरू संलग्न नेपाली नागरिक अधिकार समिति र वि. सं. २००४ असार १ देखि संस्कृत

विद्यालयका विद्यार्थीहरूले गरेको जयतु संस्कृतम् आन्दोलनले पनि नेपाली जनतामा राणाहरू विरुद्ध जागरण ल्याएको थियो ।

## क्रियाकलाप

१. विभिन्न राजनीतिक घटना क्रमलाई तलको तालिकामा उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

| राजनीतिक घटना | घटेको वर्ष | संलग्न व्यक्तिहरू | उपलब्धि/असर |
|---|---|---|---|
| ३८ सालको पर्व | वि.सं. १९३८ | धीर समसेरका छोराहरू | जङ्ग परिवारको शासन् समाप्त |
| | | | |

२. नेपालमा राजनीतिक एवम् सामाजिक जागरण फैलाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट भएको प्रयासलाई समेटेर एक संवाद तयार पारी कक्षामा अभिनय गर्नुहोस् ।

## अभ्यास

१. नेपालमा राणा शासन् विरुद्ध जनजागरण फैलाउने संस्था वा सङ्गठनहरूको सूची निर्माण गरी ती संस्थाहरूले गरेका क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।

२. नेपाल प्रजापरिषद् र प्रचण्ड गोरखाको छोटो परिचय दिनुहोस् ।

३. लाइब्रेरीमा भएको इतिहासको किताबहरू अध्ययन गरी जयतु संस्कृतम् आन्दोलनका बारेमा लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै सामाजिक समस्या निराकरण गर्नकालागि जनचेतना फैलाउने काम गरिरहेका संस्थाहरूको खोजी गरी कुनै एउटा संस्थाले गरेका कामका आधारमा एक प्रतिवेदन तयार गर्नुहोस् ।

## पाठ ५ : राणाकालीन आर्थिक तथा सामाजिक उपलब्धिहरू



जङ्गबहादुरले राणा शासनको स्थापना गरेका थिए भने मोहनसमसेर अन्तिम राणा प्रधानमन्त्री थिए । करिब १०४ वर्षको शासन् अवधिमा नौ जना राणा प्रधानमन्त्रीहरू भए । राणा शासन् पक्कै निरङ्कुश र एकतन्त्री थियो । जनतालाई हिँड्डुल गर्न, शिक्षा हासिल गर्न र आफ्ना कुरा खुलेर राख्न छुट थिएन । समयभन्दा बलवान् कोही हुन सक्दैन । त्यसैले नराम्रा कुराहरू भित्र पनि केही राम्रा कुरा लुकेका हुन्छन् भन्ने कुरा सत्य हो । उनीहरूको शासन् कालमा केही न केही आर्थिक तथा सामाजिक उपलब्धिहरू भएका थिए ।

राणाहरूले मन्दिर र धर्मशालाहरूको निर्माण गरी गुठी राख्ने तथा देवदेवालयहरूको संरक्षण गर्ने गर्थे । मन्दिर, गुम्बा, पाटी, सत्तल, नाच, जात्रा, मेला, पूजा, उत्सव, भोज आदि कार्यहरूलाई संस्कृतिका रूपमा विकास गरे । राणाकालमा जनतालाई समाजसेवा गर्ने अधिकार थिएन । लेखक, विद्वान्, वैज्ञानिक र शिल्पकारहरू पुरस्कृत हुनुको सट्टा दण्डित भई कुण्ठित हुन्थे । विद्यालय खोल्ने अनुमति थिएन ।

राणाहरूले निरङ्कुश भए पनि आफ्नो शासन् टिकाउन बाध्य भएर केही सुधार गरे । जस्तै : वि. सं. १९१० मा मुलुकी ऐनको घोषणा गरियो । देवसमसेरले शिक्षा विकासमा जोड दिए । वीरसमसेरको पालामा वीर पुस्तकालय, वीर अस्पताल, वीर धारा, घण्टाघर, पुल, नहर, बाटोघाटो आदि बनेका थिए । राणा शासनकालमा विभिन्न समयमा विद्यालय, कलेज आदि निर्माण गर्नु सकारात्मक कुरा हो । चन्द्रसमसेरले वि.सं. १९७७ सतीप्रथा र वि.सं. १९८१ मा दासप्रथा जस्तो कुप्रथाको अन्त्य गरे । गोरखा भाषा प्रकाशिनी समितिको स्थापना, भक्तपुर अस्पताल, रेल यातायात, रज्जुमार्ग, सिंहदरबार आदिको निर्माण जस्ता कार्य पनि भएका थिए । विभिन्न उद्योगहरूको स्थापना गरी प्रत्यक्ष अप्रत्यक्ष रूपमा जनतालाई रोजगारी दिएका थिए ।

## क्रियाकलाप

१. राणाकालीन समयमा निर्माण भएका मठ, मन्दिर, गुम्बा, विद्यालय, अस्पतालहरूका फोटोहरू सङ्कलन गरी विद्यालयमा प्रदर्शन गराउनुहोस् ।

## अभ्यास

१. राणाकालीन समयमा भएका सामाजिक कार्यहरू उल्लेख गर्नहोस् ।

२. देवसमसेरलाई किन शैक्षिक सुधार गर्ने प्रधानमन्त्रीका रूपमा लिइन्छ ? उदाहरणसहित आफ्नो तर्क लेख्नुहोस् ।

३. राणाकालीन समयमा भएका  आर्थिक उपलब्धिहरूको सूची बनाउनुहोस्  ।

४. किन समयभन्दा बलवान् कोही हुन सक्दैन ? राणाहरूको उदाहरण दिइएर आफ्नो तर्क लेख्नुहोस् ।

# पाठ ६ : २००७ साल पछिको प्रमुख घटनाक्रम र उपलब्धि

वि.सं. २००७ साल फाल्गुन ७ गतेका दिन राणा शासनको अन्त्य भई नेपालमा प्रजातन्त्रको घोषणा भयो । प्रजातन्त्रको स्थापना पछि नेपालमा विभिन्न खालका राजनीतिक उतार चढाव चल्दै गए । तीमध्ये केही घटनाहरू यहाँ उल्लेख गरिएको छ ।

- २००७ सालमा प्रजातन्त्रको स्थापना
- वि.सं. २०११ फागुण ३० गते राजा त्रिभुवनको देहावसान
- २०१५ फागुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ जारी
- २०१७ पुस १ जननिर्वाचित सरकार विघटन गरी राजा महेन्द्रको अध्यक्षतामा मन्त्रिमण्डल गठन
- २०१७ पुस २२ गते नेपालमा पञ्चायती प्रणालीको घोषणा
- २०१९ पुस १ गते नेपालको संविधान, २०१९ घोषणा
- २०२४ गाउँफर्क राष्ट्रिय अभियान लागू
- वि.सं. २०३० असार २५ मा सिंहदरबारमा आगलागीले राष्ट्रका महत्त्वपूर्ण कागजातहरू नष्ट
- वि.सं. २०३७ वैशाख २० गते भएको जनमत सङ्ग्रहमा पञ्चायत पक्ष विजयी
- वि.सं. २०४६ चैत्र २६ गते राजाबाट बहुदलीय व्यवस्थाको घोषणा
- वि.सं. २०४७ वैशाख ६ गते कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा अन्तरिम सरकार गठन
- वि.सं. २०५२ फाल्गुन १ गते नेकपा माओवादीको गठन र सशस्त्र सङ्घर्ष सुरु
- वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी राजदरबारमा हत्याकाण्ड र राजा वीरेन्द्रको वंश नै समाप्त
- वि.सं. २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालगायत सबै नेताहरूलाई नजरबन्द गरी आफ्नो अध्यक्षतामा सरकार गठन

- वि.सं. २०६२ चैत्र २४ जनआन्दोलन दुई सुरु भई १९ दिनसम्मको अन्दोलन
- वि.सं. २०६३ मङ्सिर ५ नेपाल सरकार र नेकपा माओवादीबिच विस्तृत शान्ति सम्झौता
- वि.सं. २०६४ चैत्र २८ संविधान सभाको निर्वाचन र नयाँ संविधान लेखन प्रक्रिया सुरु
- वि.सं. २०६५ जेठ, १५ नेपालमा गणतन्त्रको घोषणा
- वि.सं. २०६९ जेठ १४ पहिलो संविधान सभा विघटन
- वि.सं. २०७० मङ्सिर ४ संविधान सभाको दोस्रो निर्वाचन र नयाँ संविधान लेखनलाई निरन्तरता
- वि.सं. २०७३ असोज ३ गते नेपालको संविधान घोषण गरी लागु
- वि.सं. २०७४ मङ्सिर १० र २१ प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो र दोस्रो चरणको निर्वाचन

नेपालमा २००७ सालपछि हालसम्मका केही महत्त्वपूर्ण सामाजिक तथा आर्थिक उपलब्धिहरू

- वि. सं.२००८ बजेटको सुरुआत
- वि. सं. २०१० नेपाल शिक्षा योजना आयोगको गठन
- वि. सं. २०१३ प्रथम पञ्चवर्षीय योजनाको सुरुआत
- वि. सं. २०१३ वैशाख १४ नेपाल राष्ट्र बैङ्कको स्थापना
- वि. सं. २०१६ पुस ७ विर्ता उन्मूलन
- वि. सं. २०२० मुलुकी ऐन लागु
- वि. सं. २०२१ भूमि सुधार लागु
- वि. सं. २०२८ राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु
- वि. सं. २०५७ साउन २ कमैया प्रथा उन्मूलन

- वि. सं. २०६३ जेठ ४ धर्म निरपेक्ष राष्ट्र घोषणा
- वि.सं.२०७६ पुस १६ देखि एक वर्षमा २० लाख विदेशी पर्यटन भित्र्याउने लक्ष्यसहित नेपाल भ्रमण २०२० सुरुवात

### क्रियाकलाप

१. समूहमा विभाजित भई एउटा समूहले २००७ देखि हालसम्मको राजनीतिक घटना क्रम र अर्को समूहले सामाजिक तथा आर्थिक सुधाारका पक्षहरू उल्लिखित चार्ट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. माथिका मुख्य मुख्य घटना क्रमलाई समय रेखामा देखाउनुहोस् ।

## अभ्यास

१. वि.सं. २००७ सालदेखि हालसम्म भएका आर्थिक सुधारका कुनै पाँचओटा घटनाहरूको सूची बनाउनुहोस् ।

२. तपाईं जान्ने बुझ्ने र सम्झने उमेरपछि थाहा पाएका केही महत्त्वपूर्ण घटनाहरूको सूची बनाउनुहोस् ।

३. नेपालमा हालसम्मका राजनीतिक उपलब्धिहरूलाई बचाई राख्न नागरिकले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ? उल्लेख गर्नुहोस् ।

# पाठ ७ : ग्रिस र रोमको सभ्यता


## ग्रिसको सभ्यता




ग्रिस युरोपको दक्षिण पश्चिम किनारामा अवस्थित देश हो । ग्रिसको पुरानो नाम युनान हो । यसको राजधानी एथेन्स थियो । युनानबाट नै युनानी सभ्यताको नामकरण भएको हो । प्राचीन युनान धेरै ससाना नगर राज्यहरूमा बाँडिएको थियो । ती मध्ये स्पार्टा ३००० वर्गमाइल र एथेन्स १०९० वर्गमाइल ठुला राज्यहरू हुन् । यीबाहेक मेसेडोनिया र ओलम्पिया पनि ठुला नगर राज्यहरू हुन् ।

युनानी सभ्यता आजभन्दा २६०० वर्ष पुरानो हो । प्राचीन युनान कला साहित्य, खेलकुद,राजनीति, विज्ञान र दर्शनका क्षेत्रमा निकै समृद्ध थियो । युनानी साहित्यलाई विश्व साहित्यको भण्डार भनी युनानी साहित्यकारहरूले व्याख्या गरेका पाइन्छ । सेफो प्राचीन युनानका प्रसिद्ध कवयित्रि हुन् । सुकरात, प्लेटो, अरस्तु र थेल्स आदिजस्ता विद्वान्हरू ग्रिस मै जन्मेका हुन् । सत्य र न्यायको पक्षमा सुकरातले विषपान पनि गरेका थिए भन्ने कुरा इतिहासमा पाइन्छ । विश्व खेलकुद प्रतियोगिता ओलम्पिकको प्रारम्भ पनि इसापूर्व ७७६मा युनानबाटै भएको थियो । युनान संविधान बनाउने पहिलो राष्ट्रका रूपमा चिनिन्छ । यसले विश्वलाई संवैधानिक मूल्य र मान्यतासँग परिचित गरायो । त्यसै गरी प्रसिद्ध गणितिज्ञ तथा भौतिक शास्त्री आर्कमिडिज, एलोपेथिक चिकित्साशास्त्रका पिता हिपोक्रेटस, खगोलशास्त्री पाइथागोरस, भूगोलबेत्ता इराटौसथनिज आदिको जन्म पनि ग्रिसमै भएको थियो । विज्ञानका क्षेत्रमा युनानी सभ्यताले दिएको योगदानले सम्पूर्ण मानव समुदायलाई खोजपूर्ण बनाइदिएको छ । प्राचीन ग्रिसमा शिल्पकला, वास्तुकला, चित्रकला र मूर्तिकलाका क्षेत्रमा राम्रो विकास भएको थियो । कवि होमरले इलियड र ओडिसी जस्ता महाकाव्य सिर्जना गरेका थिए । जुन पूर्वीय संस्कृतिको रामायण र महाभारतसँग तुलना गर्न सकिन्छ । यसरी आधुनिक विश्वलाई युनानी सभ्यताले निकै ठुलो योगदन दिएको छ । आज हामी जे जति वस्तु देख्छौँ ती सबैको उत्पति युनानी सभ्यताबाट भएको हो भन्ने भनाइ सर हेनरी मेनको रहेको छ ।

## रोमको सभ्यता




प्राचीन कालमा इटली रोमन साम्राज्यका रूपमा प्रसिद्ध थियो । इसापूर्व ७५३ मा नगरराज्यका रूपमा रोमको स्थापना भएको विश्वास गरिन्छ। रोमुलस रोम सहरका संस्थापक हुन् । उसैको नामबाट रोमको नाम राखिएको विश्वास गरिन्छ।

धेरै लामो समयसम्म रोममा पेट्रिसियन (धनी) र प्लेबियन (गरिब) नामका दुई जातिहरूबिच सङ्घर्ष चलिरह्यो। पेट्रिसियनहरू अधिकार सम्पन्न थिए भने प्लेबियनहरूलाई कुनै पनि अधिकार दिइएको थिएन। उनीहरूको लामो सङ्घर्षपछि प्लेबियनहरूले एक सम्झौता मार्फत केही अधिकारहरू प्राप्त गरे। यसलाई बाह्र पाता (Twelve Table) पनि भनिन्छ। यसैकारण प्रजातन्त्रको सुरुवात प्रचिन रोमबाट नै भएको मानिन्छ।

रोमको इतिहासमा जलियस सिजरको शासनकाल निकै महत्त्वपूर्ण मानिन्छ। उनकै पालामा रोमन साम्राज्य पश्चिममा स्पेनदेखि पूर्वमा युक्रेटस र उत्तरमा बेलायतदेखि दक्षिणमा सहारासम्म फैलिएको थियो । उनको मृत्युपछि उनका भतिजा अगस्टस सिजर रोमका शासक बने। उनले Right man in right place को सिद्धान्त अवलम्बन गरी देशमा धेरै राम्रा परिवर्तन गरे । त्यसैले उनको शासन् काललाई स्वर्ण युग भनिन्छ । झन्डै २८०० वर्ष पहिले पनि त्यहाँ विशाल रङ्गशाला र भवनहरू बनेका थिए। यसको भग्नावशेष अहिले



पनि देख्न सकिन्छ । रोमले युनानबाट वर्णमाला, युनानी शब्द, राजनीतिक विचार, ईश्वर र धर्मसम्बन्धी ज्ञान प्राप्त गरेको थियो । रोमको सभ्यताले विश्वमा सबैभन्दा बढी कानुनका क्षेत्रमा योगदान दिएको थियो । मध्यकालीन चर्चको धार्मिक कानुनमा पनि यसको प्रभाव परेको पाइन्छ । प्रशासनमा चुस्त बनाउने र स्थानीय शासनसम्बन्धी धारणा रोमकै उपज हो । यहाँ कला, साहित्य, विज्ञान र दर्शनको समेत विकास भएको पाइन्छ । त्यस बेला बनेका विशाल भवन, रङ्गशाला र वास्तुकलाको नमुना आज पनि देख्न सकिन्छ ।

## क्रियाकलाप

१. ग्रिस र रोमको सभ्यताका बारेमा पुस्तकालय वा इन्टरनेटका माध्यमबाट विभिन्न क्षेत्र, ठाउँ, अवस्था झल्कने चित्रहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

२. संविधानको विकास युनानी सभ्यताको देन हो भन्ने विषयमा छलफल गर्नुहोस् ।

३. प्रस्तुत चित्र रोमको प्राचीन रङ्गशालाको हो । हजारौँ वर्षपहिले यस्तो भौतिक संरचना निर्माण भएको रोमको सभ्यता कति विकसित थियो होला ? समूहमा छलफल गरी त्यस बेलाको रोमको अवस्थाको कल्पना गरी बुँदा तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. रोमको सभ्यताले आधुनिक विश्वलाई कस्तो योगदान पुऱ्याएको छ ? चर्चा गर्नुहोस् ।

२. रोम सभ्यताको विकासका क्रममा के कस्ता घटनाहरू घटे? उल्लेख गर्नुहोस् ।

३. किन पेट्रिसियन र प्लेबियनका बिचमा युद्ध भएको थियो ? उल्लेख गर्दै त्यस्तो अवस्था नेपाली समाजमा नओस भन्नाका निम्ति के गर्नुपर्दछ ?लेख्नुहोस् ।

४. "संविधानको विकास युनानी सभ्यताको देन हो" भन्ने विषयमा एक अनुच्छेद लेख्नुहोस् ।

## पाठ ८ : पुनर्जागरण

पुनर्जागरणको शाब्दिक अर्थ पुनः जाग्नु वा पुनः ब्युझनु  वा पुन सचेत हुनु भन्ने हो । रोम र युनानको सभ्यता पढेपछि यो कुरा हामीलाई थाहा भयो कि प्राचीन समयमा युरोप शिक्षा संस्कृति र कला अनि सभ्यता र भाषाको क्षेत्रमा सम्पन्न र समुन्नत थियो । पछि छैटौँ शताब्दी देखि तेह्रौँ शताब्दीसम्म धार्मिक अन्धविश्वास र आडम्बरले ती सम्पूर्ण सभ्यता र समुन्नतिमा ह्रास आयो । सबै क्षेत्रमा अवनति सुरु भयो र निराशाहरू बढ्न थाले । चौधौँशताब्दीदेखि पुनः शिक्षा संस्कृति,कला र वैज्ञानिक खोज र विकासमा उन्नति, नयाँ नयाँ खोज र आविष्कारहरू भई ज्ञानको पुनर्जन्म भयो । यसैलाई  नै युरोपको इतिहासमा पुनर्जागरण  भनिन्छ ।

पुनर्जागरणको प्रारम्भ इटलीबाट भएको मानिन्छ । पुनर्जागरणले धार्मिक ठगीको पर्दाफास हुन थाल्यो । अन्धविश्वासलाई तर्क र प्रमाणले सिद्ध गर्न थालियो । यसका कारण वैज्ञानिक खोजले स्थान पाउन थाल्यो । पोप पादरीको चाकडीमा साहित्य रचना गर्ने प्रवृत्तिलाई अन्त्य गर्दै स्वतन्त्र अभिव्यक्तिमा जोड दिन थालियो ।

युरोपमा पुनर्जागरण हुनुका मख्य कारणहरू निम्नलिखित थिए :

- सामुद्रिक यातयातको विकास भई मानिसहरू टाढा टाढासम्म यात्रा गर्नु
- व्यापार र भ्रमणका कारण ज्ञान र अनुभवमा वृद्धि भई धार्मिक आडम्बरको विरोध हुनु
- विकासको गति तीव्र भई सहरीकरण तीव्र हुनु
- विभिन्न पुस्तक तथा पत्रपत्रिकाको प्रकाशन भई मानिसमा जागरण ल्याउनु
- युरोपमा अरबी सभ्यताको प्रभाव पर्नु

पुनर्जागरणको प्रभाव साहित्य, कला,विज्ञान,गणित र भौतिक खोजको क्षेत्रमा परेको थियो । दाँतेले डिभाइन कमेडी  महाकाव्य लेखेर इटालियन साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए । जसमार्फत उनले धर्मान्ध पोप,पादरी र सामन्तहरूको कुकृत्यको विरोध गरेका थिए । त्यस्तै प्राचीन साहित्यलाई पुनर्जिवन दिने काम अर्का साहित्यकार पेट्राकले गरेका थिए । उनीले तर्क र वैज्ञानिकतामा आधारित साहित्य रचना गरेका थिए । त्यस्तै

इरासमस अर्का प्रतिभाशाली साहित्यकार हुन जसले द प्रेज अफ द फुल्ली भन्ने कृतिमार्फत तत्कालीन आडम्बर र अन्धविश्वासमाथि कडा प्रहार गरेका थिए । कवि स्पेन्सरले मध्यकालीन कवितालाई छोडी आधुनिक कवितामार्फत चेतना फैलाउने काम गरेका थिए ।

त्यस समयमा  लियोनार्दो दा भिन्ची ,माइकल एन्जेलो र राफेल जस्ता चित्रकारहरूको जन्म भएको थियो । उनीहरूले कलाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका थिए । लियोनार्दो दा भिन्चीले  विश्व प्रसिद्ध चित्रकला मोनालिसा बनाएका थिए जुन सौन्दर्य, सजीवता र भावुकताको कारण आजसम्म पनि चर्चित छ ।  अर्का मूर्तिकार गिवर्टीले फ्लोरेन्सको गिर्जाघरका लागि वनाएको पित्तलको ढोकालाई स्वर्गको ढोकामा राख्न मिल्ने भनी एन्जेलोले तारिफ गरेका थिए । ब्रुनलेस्कीले वास्तुकलाको विकासमा गरेको योगदान महत्त्वपूर्ण मानिन्छ  ।





पुनर्जागरण कालमा विज्ञानका क्षेत्रमा धेरै  वैज्ञानिकहरूले योगदान गरेका थिए । हामीले निकोलस कोपर्निकस, गिलवर्ट,ग्यालिलियो र न्युटन जस्ता वैज्ञानिक अनि केपलर र निपिथर जस्ता गणितज्ञको योगदानलाई बिर्सनु हुँदैन । निकोलस कोपर्निकसले सूर्य स्थिर छ र पृथ्वीलगायत अन्य ग्रहले सूर्यको परिक्रमा गर्छन् भन्ने सिद्धान्त प्रतिपादन गरे ।  केपलरले कपरनिकसको सिद्धान्तलाई गणितीय आधारमा प्रमाणित गरेर देखाइ दिए । ग्यालिलियोले दुर्बिनको आविष्कार गरे भने न्युटनले गुरुत्वाकर्षणको सिद्धान्त प्रतिपादन गरे ।

भौगोलिक खोजको क्षेत्रमा कोलम्बस,भास्को डी गामा र मार्कोपोलोको योगदान उल्लेखनीय रहेको पाइन्छ । अमेरिका पत्तालगाउनमा कोलम्बसको अनि भारत र चिन पत्तालगाउन भास्को डी गामा र मार्कोपोलोको  भूमिका रहेको थियो ।

## क्रियाकलाप

१. समुदायमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यकार, कलाकार वा मूर्तिकार वा चित्रकारको योगदान उल्लेख भएको तालिका र कक्षामा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

## अभ्यास


१. पुनर्जागरण भनेको के हो ? यसको आवश्यकता किन परेको होला? लेख्नुहोस् ।

२. पुनर्जागरणले हालको समाजलाई कस्तो प्रभाव पारेको छ ? लेख्नुहोस् ।

३. तपाईंको समुदायमा पुनर्जागरण कालमा भएका पुराना मूर्ति र चित्रहरूको खोजी गरी लेख्नुहोस् ।

एकाइ सात

# हाम्रो आर्थिक क्रियाकलाप



## सिकाइ उपलब्धि

- नेपालको पर्यटन उद्योग र वैदेशिक व्यापारको वर्तमान अवस्था, महत्त्व, समस्या र समाधानका उपायहरू उल्लेख गर्न
- सहकारिता, मुद्रा, बैङ्क, मूल्य निर्धारण, बचत, लगानी, पुँजी निर्माण, आन्तरिक एवम् वैदेशिक रोजगार आदिको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न

# पाठ १ : पर्यटन उद्योग

मनोरञ्जन, कला संस्कृति र रहनसहनको अध्ययन, तीर्थाटन, दृश्यावलोकन, पर्वतारोहण आदि उद्देश्यले मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्दछन् । यसरी कुनै उद्देश्य लिएर निश्चित समयावधिका लागि एक ठाउँबाट अर्को ठाउँमा भ्रमण वा घुमफिर गर्नुलाई पर्यटन भनिन्छ । यी घुमफिर गर्ने मानिसलाई पर्यटक भनिन्छ । पर्यटकहरूलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कुनै देशका बासिन्दा आफ्नो देशभित्रै भ्रमण गर्दछन् भने तिनलाई आन्तरिक/स्वदेशी पर्यटक र अन्य देशमा भ्रमण गर्दछन् भने तिनलाई बाह्य/विदेशी पर्यटक भनिन्छ ।

पर्यटकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले सञ्चालित व्यवसाय वा उद्योगलाई पर्यटन व्यवसाय वा पर्यटन उद्योग भनिन्छ । होटल, लज, रेस्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, प्याराग्लाइडिङ, स्नो स्केटिङ, र्‍याफटिङ, ट्रेकिङ, हट एयर बेलुनिङ, गल्फ, पोलो, हर्स राइडिङ, इलिफेन्ट राइडिङ, बर्ड वाचिङ, स्विमिङ, हिमाल आरोहण, दृश्यावलोकन, रक क्लाइम्बिङ आदिसँग सम्बन्धित व्यवसायलाई पर्यटन उद्योग अन्तर्गत लिन सकिन्छ ।

नेपालको पश्चिमी क्षेत्रका बागेश्वरी, स्वर्गद्वारी, मुक्तिनाथ र लुम्बिनी, मध्य भागमा रहेका देवघाट, त्रिवेणी धाम, पशुपतिनाथ, गोरखा, मनकामना, गोसाइँकुण्ड र तातोपानी र पुर्बी भागमा रहेका बराह क्षेत्र, इलाम, चतरा धाम र जनकपुर जस्ता तीर्थस्थलहरू पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । त्यस्तै यहाँ रहेका सगरमाथा, अन्नपूर्णलगायतका उच्च

हिम शृखला, यहाँको हावापानी, जैविक र वनस्पतिक विविधता, विभिन्न ताल तलैया र झरना, विभिन्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आदि कारणले नेपालमा पर्यटन उद्योगका प्रसस्त सम्भावनाहरू छन् ।

## नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था

१. **पर्यटकको आगमन र औसत बसाइ अवधि :** सन् २०१८ मा स्थलमार्गबाट नेपाल आएका भारतीय पर्यटक (भारतीय पर्यटकबाहेक)को सङ्ख्या१ लाख ७३ हजार ७२ रहेको छ । सन् २०१८ मा स्थलमार्गबाट १७.२ प्रतिशत र हवाई मार्गबाट ८२.८ प्रतिशत पर्यटक नेपाल आएका छन् र प्रति पर्यटकको नेपालमा औसत बसाइ अवधि १२.४ दिन रहेको छ ।

२. **भ्रमणको उद्देश्य :** नेपाल भ्रमणमा आउने पर्यटकहरू मनोरञ्जन, पदयात्रा र पर्वतारोहण, तीर्थयात्रा, व्यापार, औपचारिक भ्रमण, सभा/गोष्ठी, र्‍याफ्टिङ,अध्ययन/रोजगार आदि उद्देश्य लिएर आएको पाइन्छ । यीमध्ये मनोरञ्जनको उद्देश्यले आउने पर्यटकहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ ।

३. **नेपालमा पर्यटक आउने मुलुकहरू :** सन् २०१८ मा नेपालमा सबैभन्दा बढी पर्यटक आउने ५ मुलुकहरू क्रमशः भारत,चीन, अमेरिका, श्रीलङ्का र बेलायत रहेका छन् ।

४. **विदेशी मुद्रा आर्जन :** आर्थिक वर्ष २०७४/७५मा पर्यटन क्षेत्रबाट रु.६७अर्ब ९ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको थियो ।

५. **होटल सुविधा :** नेपालमा आर्थिक वर्ष २०७५/७६ को पुससम्ममा तारास्तरका होटल १२९, तारा स्तरबाहेकका पर्यटक स्तरीय होटल,लज तथा रिसोर्टको सङ्ख्या १,१२५ र ३२४ होमस्टे गरी सञ्चालनमा रहेका छन् ।

६. **पर्वतारोहीको सङ्ख्या :** सन् २०१८ मा नेपाल सरकार र पर्वतारोहण सङ्घबाट अनुमति लिएका पर्वतारोहण दलको सङ्ख्या जोड्दा जम्मा पर्वतारोहण दलको सङ्ख्या १९१० र पर्वतारोहीको सङ्ख्या ८६४१ रहेको छ । यसबाट नेपाल सरकार र पर्वतारोहण सङ्घ दुबैतर्फको गरी कुल रोयल्टी रकम रु.५८ करोड १५ लाख प्राप्त भएको थियो ।

७. **तालिम** : पर्यटन क्षेत्रको बिकासका लागि उच्च स्तरीय तथा आधारभूतस्तरको जनशक्ति उत्पादनका लागि सरकारी स्तरबाट नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (Nepal Academy of Tourism and Hotel Managemant/NATHM) स्थापना भएको छ । यसले त्रिविबाट सम्बन्धन लिएर सन् १९९९ देखि होटल व्यवस्थापनमा र सन् २००३ देखि ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्टमा स्नातक तह र सन् २०११ देखि हस्पिट्यालिटी म्यानेजमेन्टमा स्नातकोत्तर तहका कक्षाहरूसञ्चालन गर्दै आएको छ । प्रतिष्ठानले होटल व्यवस्थापनसम्बद्ध फुडप्रिपरेसन, फुड एन्ड वेभरेज सर्भिस, हाउस किपिङ, फ्रन्ट अफिस,ट्राभल/ट्रेकिङ/रिभर गाइड, क्यानोनिङ तथा घुम्ती तालिम, साना होटल तथा लज व्यवस्थापन, होमस्टे व्यवस्थापन, कृषि पर्यटन साहसिक पर्यटनलगायतका विषयमा तालिमको व्यवस्था गरेको छ । प्रतिष्ठानबाट आर्थिक वर्ष २०७५/७६ को फागुनसम्म शैक्षिक कोर्सतर्फ ४२० र अन्य तालिमतर्फ ११९३ पर्यटनसँग सम्बन्धित थप जनशक्ति तयार भएका छन् ।

## पर्यटन उद्योगको महत्त्व

नेपाल प्राकृतिक सुन्दरता, ऐतिहासिक र धार्मिक स्थलहरू, प्राचीन कला, सांस्कृतिक विविधता, हावापानीमा विविधता, दुर्लभ वन्यजन्तु भएको देश हो । यहाँ प्रशस्त हिमशृङ्खला, नदीनाला, तालतलैया र झरनाहरू रहेका छन् । यिनै कारणलेगर्दा नेपालमा पर्यटन उद्योगको विकासका प्रशस्त सम्भावनाहरू छन् । नेपालको चौतर्फी विकासका लागि पर्यटन उद्योगको राम्रो विकास हुनु आवश्यक छ । नेपालको सर्वाङ्गीण विकासका लागि पर्यटन उद्योगको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. विदेशी मुद्रा आर्जनको स्रोत

२. रोजगारीका अवसरमा सिर्जना

३. घरेलु तथा साना उद्योगहरूको विकास

४. सरकारी आम्दानीमा वृद्धि

५. ग्रामीण पूर्वाधारको विकास

६. मानव स्रोतको विकास

७. व्यापारमा वृद्धि

८. क्षेत्रीय सन्तुलन

९. कला र संस्कृतिको आदानप्रदान

१०. राष्ट्रको प्रचार प्रसार

## पर्यटन उद्योगका समस्या

नेपालमा पर्यटन उद्योगसँग सम्बन्धित समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. सञ्चार र यातायात सुविधाको अभाव

२. मनोरञ्जनका साधनहरूको अभाव

३. प्रचार प्रसारको अभाव

४. स्तरीय होटलहरूको अभाव

५. प्रदुषणको समस्या

६. तालिम प्राप्त जनशक्तिको अभाव

७. असुरक्षा

८. वैकल्पिक पर्यटन केन्द्रको अभाव

९. राजनीतिक अस्थिरता

१०. प्रभावकारी सरकारी नीति र त्यसको कार्यन्वयनको अभाव

## समस्या समाधानका उपायहरू

नेपालमा पर्यटन उद्योगसँग सम्बन्धित समस्या समाधानका लागि निम्नलिखित उपायहरू अपनाउनुपर्ने देखिन्छः

१ वैकल्पिक पर्यटक केन्द्रहरूको विकास

२. यातायात तथा सञ्चारसुविधाको विस्तार

३. अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचारप्रसार

४. शान्ति र सुरक्षाको प्रत्याभूति

५. पर्यटकका लागि आवश्यक पर्ने गुणस्तरीय वस्तु तथा सेवा, बजार, बैङ्क आदिको व्यवस्था

६. उच्च स्तरीय तथा आधारभूत स्तरको जनशक्तिको उत्पादनमा वृद्धि

७. जनसख्या वृद्धि र वातावरण प्रदूषण नियन्त्रण आदि

## क्रियाकलाप

१. तपाईँको समुदायको नजिकमा रहेको कुनै एउटा धार्मिक वा ऐतिहासिक वा प्राकृतिक पर्यटकीय स्थलको वर्णन गर्नुहोस् ।

२. तपाईँको समुदायमा अर्को जिल्लाबाट भ्रमण गर्न आउने कुनै एउटा साथीलाई तपाईँको क्षेत्रमा भ्रमण गराउनका लागि तीन दिने भ्रमण योजना बनाउनुहोस् ।

## अभ्यास

१. पर्यटक कसलाई भनिन्छ ?

२. नेपाल भ्रमण वर्ष २०२० (Visit Nepal 2020) को नारा उल्लेख गर्नुहोस् ।

३. पर्यटन उद्योग केलाई भनिन्छ ?

४. नेपालको विकासमा पर्यटन उद्योगको महत्त्वका बारेमा वर्णन गर्नुहोस् ।

५. नेपालमा कुन कुन उद्देश्यले पर्यटकहरू आउने गर्दछन् ?

६. पर्यटन उद्योगका समस्या र समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

# पाठ २ : नेपालको वैदेशिक व्यापार

वस्तु तथा सेवाहरू खरिद बिक्री गर्ने कार्यलाई व्यापार भनिन्छ । व्यापारबाट क्रेता र विक्रेता दुवै लाभान्वित हुन्छन् । व्यापार आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । देशको भौगोलिक सीमा घेराभित्र मात्र सीमित हुने व्यापारलाई आन्तरिक व्यापार भनिन्छ । आन्तरिक व्यापारमा स्वदेशी मुद्राको प्रयोग हुन्छ ।

एउटा देशले अन्य देशहरूसँग गर्ने व्यापारलाई वैदेशिक वा अन्तर्राष्ट्रिय वा बाह्य व्यापार भनिन्छ । वैदेशिक व्यापारमा विदेशी मुद्राको प्रयोग गरिन्छ । वैदेशिक व्यापार भन्सार महसुल, कोटा प्रणाली, विदेशी विनिमय दर र व्यापार नीतिद्वारा नियन्त्रित हुन्छ । सबै देशमा एकै प्रकारको भौगोलिक अवस्था हुँदैन । त्यस्तै प्राकृतिक स्रोत साधन, मानव संसाधन, पुँजी तथा प्रविधिको विकासको अवस्था र कच्चा पदार्थको उपलब्धता पनि एकैनासको हुँदैन । यिनै भिन्नताले गर्दा कतिपय देशले कुनै खास वस्तु अन्य देशको तुलनामा कम लागतमा ठुलो परिमाणमा उत्पादन गर्न सक्छन् । देशमा खपत भएर बाँकी रहेको मात्रा अन्य देशमा निर्यात गर्न सक्छन् । त्यस्तै आफ्नो देशमा उत्पादन गर्दा बढी लागत पर्ने वस्तुहरू त्यो भन्दा कम लागतमा अन्य देशबाट आयात गर्न सक्दछन् । यसरी देशहरू वैदेशिक व्यापारमा संलग्न भएर तुलनात्मक लागत भिन्नता वा विशिष्टीकरणबाट एकआपसमा फाइदा लिन सक्दछन् । यसैकारणले गर्दा विभिन्नदेशहरू वैदेशिक व्यापारमा सहभागी हुन्छन् ।

नेपालले पनि छिमेकी मुलुकहरू भारत र चीनका साथै अन्य विदेशी मुलकहरूसँग व्यापार गर्दै आएको छ । नेपालले अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा काम गर्दै आएको विश्व व्यापार सङ्गठन (Word Trade Organization) को सदस्यता सन् २००४ मा प्राप्त गरिसकेको छ ।



## नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था

नेपालको कुल वैदेशिक व्यापारको झन्डै दुई तिहाइ व्यापार भारतसँग हुनेगरेको छ । निर्यात व्यापारको दाँजोमा आयात व्यापार उच्च हुनाले नेपालले वस्तु व्यापारमा घाटा व्यहोर्दै आएको छ । एक दशकभन्दा अघिदेखि नै नेपालको व्यापार घाटा विस्तार हुँदैगएको देखिन्छ । आर्थिक वर्ष २०५९ /६० मा नेपालको व्यापार घाटा कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत रहेकामा आर्थिक वर्ष २०६७/६८ मा २४ प्रतिशत र आर्थिक वर्ष २०७४/७५ मा ३८.६ प्रतिशत पुगेको छ । नेपालबाट भारत तर्फ विशेषगरी जडीबुटी, अदुवा, पिना जुटका सामान, पोलिस्टर धागो, कर्कट पाता र अलैँचीलगायतका वस्तुको निर्यात बढेको छ । त्यस्तै चीनतर्फ हस्तकलाका सामान,चाउचाउ, तयारी पोसाक, प्रशोधित छाला, उनी गलैँचा लगायतका वस्तुहरूको निर्यात वृद्धि भएको छ भने अन्य मुलुकतर्फ जडीबुटी,छाला, तयारी पोसाक, गरगहना लगायतको निर्यात वृद्धि भएको छ । नेपालमा भारतबाट मुख्यतयाः पेटोलियम पदार्थ, इलेक्ट्रिकल सामान, यातायातका सामान, औषधी, रासायनिक मल, सिमेन्टलगायत वस्तुको आयात बढेको छ भने चीनबाट रासायनिक पदार्थ, विद्युतीय उपकरण, मेडिकलका सामान तथा पाटपुर्जा, औषधी, तयारी पोसाक, स्टिल रड तथा सिट, दूरसञ्चारका उपकरण, यातयातका साधन तथा पाटपुर्जा,भिडियो,टेलिभिजन तथा पार्ट्स आदिको आयात बढेको छ । यसैगरी अन्य मुलुकबाट विशेषगरी सुन, चाँदी,भटमासको कच्चा तेल, औषधी, हवाई जहाजका पार्ट्स, तामाको तार, यातयातका सामान र अन्य मेसिनरी तथा पार्ट्स लगायतका वस्तुको आयातमा वृद्धि भएको छ ।

## वैदेशिक व्यापारको महत्त्व

विश्वका प्रायः सबै देशको अर्थव्यवस्थामा वैदेशिक व्यापारको महत्त्वपूर्ण स्थान रहेको छ । नेपाल एउटा विकासोन्मुख र भूपरिवेष्ठित मुलुक भएकाले वैदेशिक व्यापारको अझ बढी महत्त्व देखिन आउँछ । नेपालमा वैदेशिक व्यापारको महत्त्व/भूमिकालाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

१. आवश्यक उपभोग्य र पुँजीगत वस्तुहरूको आपूर्ति

२. उत्पादित वस्तुहरूका लागि बजार विस्तार

३. विदेशी मुद्रा आर्जन

४. तुलनात्मक लागत भिन्नता तथा विशिष्टीकरणबाट लाभ

५. देशमा उपलब्ध साधन र स्रोतको सदुपयोग

६. औद्योगिकीकरण

७. सरकारी आम्दानीमा वृद्धि

८. रोजगारीका अवसरहरूको सिर्जना

९. विपत् न्यूनीकरण

१०. अन्तर्राष्ट्रिय सम्बन्धको विकास आदि

## नेपालको वैदेशिक व्यापारमा देखापरेका समस्याहरू

१. भूपरिवेष्ठित अवस्थिति

२. खुला/अनियन्त्रित सीमाना

३. घट्दो निर्यात र बढ्दो आयात (व्यापार घाटा)

४. मुख्यतः प्राथमिक वस्तुहरूको उत्पादन र निर्यात

५. वस्तुको उच्च उत्पादन लागत र न्यून गुणस्तर

६. व्यापार विविधीकरणको अभाव

७. उपयुक्त औद्योगिक र व्यापार नीति तथा त्यसको प्रभावकारी कार्यानयनको अभाव आदि ।

## नेपालको वैदेशिक व्यापारका समस्या समाधानका उपायहरू

१. वैदेशिक व्यापारमा देशगत र वस्तुगत विविधीकरण

२. कृषि र वनमा आधारित उद्योगहरूको विकास

३. विश्व व्यापार सङ्घबाट विशेष सुविधा

४. औद्योगिक पूर्वाधारको विकास र औद्योगिकीकरण

५. कम लागतमा गुणस्तरीय वस्तुहरूको उत्पादन र निर्यात

६. उपयुक्त औद्योगिक र व्यापार नीति निर्माण र त्यसको कार्यान्वयन

७. उपलब्ध साधन र स्रोतको समुचित सदुपयोग

८. विनासर्त पारवहन सुविधाको व्यवस्था

९. पर्याप्त पुँजीको व्यवस्था आदि

## क्रियाकलाप

**१. आर्थिक वर्ष २०७४/७५ मा नेपालको वैदेशिक व्यापारसम्बन्धी केही तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ :**

**रु. करोडमा**

| | कुल | भारत | चीन | अन्य मुलुकहरू |
|---|---|---|---|---|
| १. वैदेशिक व्यापार | **१३२४४६.०** | **८५६४१.९** | **१६२५१.६** | **३०५५२.५** |
| १. निर्यात | **८१६३.३** | ४६६०.५ | २८७.९ | **३२१४.९** |
| २. आयात | **१२४२८२.७** | **८०९८१.४** | **१५९६३.६** | **२७३३७.६** |
| २. व्यापार सन्तुलन (निर्यात-आयात) | **-११६११९.४** | **-७६३२०.९** | **-१५६७५.७** | **-४१२२.७** |

*स्रोत : आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५/७६, नेपाल सरकार अर्थ मन्त्रालय*

१. उक्त तालिकाको आधारमा निम्नलिखत प्रश्नहरू समाधान गर्नुहोस् :

(क) नेपालको वैदेशिक व्यापारमा आयात र निर्यातको अंश (प्रतिशत) पत्ता लगाउनुहोस् ।

(ख) कुल निर्यातमा भारत,चीन र अन्य मुलुकतर्फको अंश (प्रतिशत) गणना गर्नुहोस् ।

(ग) कुल आयातमा भारत,चीन र अन्य मुलुकतर्फको अंश (प्रतिशत) उल्लेख गर्नुहोस् ।

(घ) निर्यात आयात अनुपात निकाल्नुहोस् ।

(ङ) नेपालको वैदेशिक व्यापार सन्तुलनको अवस्था कस्तो छ ? चर्चा गर्नुहोस् ।

२. तपाईँको घर, छिमेक, विद्यालय वा स्थानीय समुदायमा प्रयोग हुने विदेशमा बनेका (विदेशबाट आयात गरिएका) वस्तुहरूको नाम सङ्कलन गरी तिनीहरू कुन कुन देशमा बनेका हुन्, छुट्याउनुहोस् ।

## अभ्यास

१ वैदेशिक व्यापार भनेको के हो ?

२. आन्तरिक व्यापार र वैदेशिक व्यापारबिच फरक छुट्याउनुहोस् ।

३. नेपालबाट भारत, चीन र अन्य मुलुकतर्फ निर्यात हुने मुख्य वस्तुहरूको सूची बनाउनुहोस् ।

४. नेपालको व्यापार घाटा कम गर्न अपनाउन सकिने कुनै पाँचओटा उपायहरू लेख्नुहोस् ।

५. नेपालको बिकासमा वैदेशिक व्यापारको महत्त्वबारे चर्चा गर्नुहोस् ।

# पाठ ३ : सहकारिता

सहकारिता शब्द 'सह' र 'कारिता' दुईओटा शब्दहरू मिलेर बनेको हो । सहको अर्थ सँगसँगै र कारिताको अर्थ काम गर्नु भन्ने हुन्छ । यसरी शाब्दिक अर्थमा सबै जना सँगै मिलेर काम गर्ने भावनालाई सहकारिता भनिन्छ । सहकारिताका आधारमा गठन हुने संस्थालाई सहकारी भनिन्छ । सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एउटै हुनुपर्दछ । त्यस्तो उद्देश्य वा सहकार्य सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्मअनुरूप हुनुपर्दछ । समान उद्देश्यका लागि पेसागत समानता, पुँजीगत समानता, सोचाइ र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्त्वपूर्ण हुन्छन् ।

सहकारी भनेको नाफाका लागि केवल व्यापार र व्यावसाय गर्ने संस्था होइन । त्यस्तै यो बैङ्किङ कारोवार मात्र गर्ने बैङ्क पनि होइन । यो त समुदायमा आधारित रही सदस्यकै हितका लागि सदस्यहरूमाझ व्यवसाय गर्ने र सदस्यहरूलाई उद्यमशील र क्षमतावान् बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सबल संस्थागत माध्यम हो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घको परिभाषाअनुसार सहकारी भनेको आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्नका लागि स्वैच्छिक रूपमा एकजुट भई बनेको व्यक्तिहरूको सङ्गठन हो ।

## सहकारिताका मूल्य र सिद्धान्तहरू

सहकारिताका आफ्नै मूल्य र सिद्धान्तहरू हुन्छन् । सहकारिताका मूल्यहरूलाई आधारभूत मूल्यहरू र नैतिक मूल्यहरू गरी दुई भागमा बाँड्न सकिन्छ । आधारभूत मूल्यहरूले संस्था र सदस्यबिचको सम्बन्ध निर्धारण गर्न मद्दत गर्दछन् । यसमा आफैँले आफैँलाई सहयोग गर्ने, आफैँ जिम्मेवार र जवाफदेही बन्ने, सदस्यहरूले सदस्यहरूद्वारा सदस्यहरूकालागि व्यवस्थापन गर्ने,सदस्यहरूबिच धर्म, जात, पेसा आदिका आधारमा भेदभाव नगर्ने, लगानीको आधारमा बराबर प्रतिफल प्राप्त गर्ने, एकताबाट बलियो हुने र विश्वास आदि पर्दछन् । त्यस्तै नैतिक मूल्यहरूले संस्था र समाजबिच सम्बन्ध निर्धारण गर्न सहयोग पुऱ्याउँछन् । नैतिक मूल्यहरूमा इमान्दारी, स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, सामाजिक उत्तरदायित्व, अरुलाई आघात नपुऱ्याउने बरु सहयोग गर्ने जस्ता कुराहरू पर्दछन् ।

सहकारी ऐन,२०७४ अनुसार सहकारी मूल्य भन्नाले स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाहलगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारीसम्बन्धी मूल्य सम्झनुपर्दछ ।

त्यसैगरी सहकारिताका आफ्नै सिद्धान्तहरू हुन्छन् । सहकारी ऐन,२०७४ अनुसार सहकारी सिद्धान्त भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी सहकारीबिच पारस्परिक सहयोग र समुदायप्रतिको चासोलगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारीसम्बन्धी सिद्धान्त सम्झनुपर्दछ ।

## सहकारिताको महत्त्व

सहकारिताको सामाजिक र आर्थिक महत्त्व हुन्छ । सहकारिताले यसमा सहभागी सदस्यहरूबिच सद्भाव, सहयोग र एकता कायम गर्न मद्दत गर्दछ । सहकारिताले सामाजिक उत्तरदायित्व वहन गर्ने इमानदार बन्ने भावना र नेतृत्वको विकासमा पनि सहयोग पुऱ्याउँछ । सहकारिता समानताको आधारमा सञ्चालन हुन्छ । यसका सदस्यहरूमा जातजाति, धर्म, वर्ग राजनीति आदिका आधारमा कुनै भेदभाव हुँदैन । सहकारिताले सहकार्यद्वारा /सामूहिक रूपमा समाजका जटिल समस्या सामाधान गर्न मद्दत गर्दछ ।

सहकारी सङ्गठनहरू सहकारितामा आधारित भएर स्थापना गरिएका हुन्छन् । यिनले विभिन्न क्षेत्रमा छरिएर रहेको बचतलाई एकीकृत गरी उत्पादनशील कार्यमा लगाउन सहयोग पुऱ्याउँछन् ।सहकारिताबाट स्थानीय स्रोत र साधनको उपयोग गर्न, सामाजिक एकीकरण गर्न, गरिबी न्यूनीकरण गर्न,उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्न,मर्यादित एवम् सकारात्मक श्रम सम्बन्ध कायम राख्न,वातावरण संरक्षण गर्न,समतामूलक समावेशी समाजको निर्माण गर्न,उद्यमशीलताको विकास गर्न,स्वच्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरणको सिर्जनागरी उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन,उत्पादन र आन्दानीमा वृद्धि गर्न र ऋणको चर्को ब्याजबाट जनतालाई मुक्ति दिलाउन सहयोग पुग्दछ ।

## सहकारीका कार्य क्षेत्रहरू

नेपालमा कृषि,वित्त,स्वास्थ्य,शिक्षा,यातायात,सञ्चार,विद्युत्,आवास,पर्यटन, बिमाजस्ता क्षेत्रहरूमा सहकारी पद्धतीबाट उद्योग व्यवसाय सञ्चालन भइरहेका छन् । नेपालमा सहकारी संस्थाको प्रकृति,व्यावसायिक क्षेत्र, आवश्यकता,सदस्यहरूको सिप, पेसा, प्रकृति,बसोवास आदिका आधारमा सहकारी ऐन २०७५ र सहकारी नियमावली २०७५ को प्रतिकूल नहुने गरी महानगरपालिका र उपमहानगरपालिकाको एउटा वडादेखि लिएर एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा एकभन्दा बढी प्रदेशसम्म सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्न सकिने व्यवस्था रहेको छ ।

## क्रियाकलाप

तपाईंको घरछिमेक वा विद्यालयवाट नजिक रहेको कुनै एउटा सहकारी संस्थाको नाम र यसले गर्ने कामहरूटिपोट गर्नुहोस् ।

## अभ्यास

१. सहकारिता भनेको के हो ?

२. सहकारिताका मूल्य र सिद्धान्तहरू के के हुन् ?

३. सहकारिताबाट हुने फाइदाहरू के के हुन्?

४. सहकारी व्यावसाय र निजी व्यावसायबिच फरक छुट्याउनुहोस् ।

५. सहकारीका कार्य क्षेत्रहरूको सूची बनाउनुहोस् ।

# पाठ ४ : मुद्रा

मुद्राको प्रचलन हुनुपूर्व वस्तु विनिमय प्रथा प्रचलनमा थियो । मानिसहरूले एकआपसमा वस्तुले वस्तु साटासाट गरी आआफ्ना आवश्यकता पूरा गर्ने प्रथालाई वस्तु विनिमय प्रथा भनिन्छ । वस्तु विनिमय प्रथामा मुद्राको प्रयोग हुँदैनथ्यो । आवश्यकताको दोहोरो मेलको अभाव, मूल्यको मापनमा कठिनाइ, वस्तुहरूको अविभाज्यता, वस्तुको सञ्चयको कठिनाइ, भावि भुक्तानीको मापदण्ड तय गर्न नसकिनु जस्ता कठिनाइहरूले गर्दा वस्तु विनिमय प्रथा अव्यावहारिक बन्दै गयो । परिणमस्वरूप विनिमयको माध्यमका रूपमा सर्वस्वीकार्य वस्तुको खोजी हुन थाल्यो । यसै क्रममा कुनै खास अन्न, प्वाल पारिएका कडा ढुङ्गा, जनावर, जनावरका छाला, सिपी/कछुवाका खोल, मुगा, धातुका टुक्रा आदि वस्तुहरू वस्तु मुद्राको रूपमा विनिमयको माध्यमका रूपमा प्रयोग हुन थाले ।

मानिसका आर्थिक क्रियाकलापमा भएको वृद्धिसँगसँगै वस्तु मुद्रालाई विनिमयको माध्यमका रूपमा प्रयोग गर्दा विभिन्न समस्याहरू देखा पर्न थाले । तत्पश्चात् सुन र चाँदी जस्ता धातु मुद्रालाई प्रचलनमा ल्याइयो । यी धातु मुद्रा पनि बढी खर्चिलो र सबै देशले अपनाउन नसक्ने भएपछि वर्तमान समयमा पत्रमुद्रा बढी लोकप्रिय बनेको छ । आजकल पत्रमुद्राका साथसाथै साख मुद्रालाई पनि प्रचलनमा ल्याइएको छ ।

मानव सभ्यताको विकास सँगसँगै मुद्राको रूप र परिभाषा पनि परिवर्तन हुँदै आएको देखिन्छ । सर्वस्वीकार्य विनिमयको माध्यम, मूल्यको मापक, भावी भुक्तानीको मापदण्डका साथै मूल्यको सञ्चय र हस्तान्तरणको कार्य गर्ने वस्तुलाई मुद्रा भन्न सकिन्छ । मुद्रा सरकारद्वारा मान्यता प्राप्त हुन्छ ।

बजारमा वस्तु तथा सेवाहरूको किनबेच मुद्राकै माध्यमबाट हुने गर्दछ । वस्तु तथा सेवाहरू उत्पादन गर्दा लाग्ने खर्चलाई लागत भनिन्छ । सामान्यतया यही लागतका आधारमा वस्तुको मूल्य तय गरिन्छ । वस्तुको लागत तथा मूल्य मुद्रामा व्यक्त/मापन गरिन्छ । मुद्राले कुनै वस्तु एक समयमा लिएर निश्चित समयपछि तिर्न सम्भव तुल्याएको छ । वस्तु तथा सेवा बिक्री गरेर प्राप्त मुद्रालाई सजिलै सञ्चय गरेर राख्न सकिन्छ । तर मुद्राको अभावमा वस्तु तथा सेवालाई लामो समय सम्म सञ्चय गरेर राख्न गाह्रो

हुन्छ । एउटा व्यक्तिको कुनै ठाउँमा रहेको घरजग्गा बेची त्यसै मुद्राले उसले अर्को ठाउँमा घरजग्गा खरिद गर्न सक्दछ ।

असल मुद्रामा सर्वस्वीकार्यता, टिकाउपन, विभाजनीयता, मूल्यमा स्थिरता, परिचयता, बहनीयता, एकाइमा समरूपता जस्ता गुण /विशेषता हुन्छन् ।

सबै देशको आआफ्नै मुद्रा हुन्छ । नेपालको मुद्रालाई रुपियाँ भनिन्छ । नेपाली रुपियाँलाई नोट तथा सिक्काको रूपमा पाउन सकिन्छ । नेपालमा नोट निष्कासन् गर्ने काम नेपाल राष्ट्र बैङ्कले मात्र गर्दछ । नेपाल राष्ट्र बैङ्क नेपालको केन्द्रीय बैङ्क हो । यसको स्थापना वि.सं २०१३ वैशाख १४ गते भएको हो । यूरोपका केहि देशहरूमा एउटै/साझा मुद्रा प्रचलनमा ल्याइएको छ । यसलाई युरो डलर भनिन्छ । अमेरिकाको मुद्रालाई यु.एस. डलर भनिन्छ । त्यस्तै बङ्गलादेशमा टाका, भारतमा भारतीय रुपियाँ, चीनमा युआन, मालद्वीभ्समा रुफिया, पाकिस्तानमा पाकिस्तानी रुपी, भुटानमा नेगुल्ट्रम प्रचलनमा रहेका मुद्रा हुन् ।

विदेशबाट वस्तु आयात गर्न हामीलाई विदेशी मुद्रा आवश्यक हुन्छ । त्यस्तै विभिन्न उद्देश्यले विदेश भ्रमण गर्नका लागि पनि हामीलाई विदेशी मुद्रा आवश्यक हुन्छ । स्वदेशमा वस्तु उत्पादन गरी निर्यात गर्दा विदेशी मुद्रा प्राप्त हुन्छ । त्यस्तै विदेशी पर्यटकबाट पनि विदेशी मुद्रा प्राप्त हुन्छ । रोजगारीका लागि विदेश गएका स्वदेशी नागरिकले त्यहाँ काम गरेर आर्जन गरेर कमाएको रकम स्वदेशमा पठाउँछन् भने त्यस्तो रकमलाई विप्रेषण भनिन्छ । यो पनि विदेशी मुद्रा आर्जनको एउटा स्रोत हो ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा कुन कुन काममा मुद्राको प्रयोग भएको छ, खोजी गरी तिनको सूची बनाउनुहोस् ।

२. नेपाल राष्ट्र बैङ्कले प्रचलनमा ल्याएका नेपाली रुपियाँका नोटहरू कुन कुन दरका छन् ? तिनको सूची बनाई कुनै एउटा नोटमा अङ्कित तथ्यहरूको बारेमा वर्णन गर्नुहोस् ।

## अभ्यास

१. वस्तु विनिमय प्रथाका कठिनाइहरूबारे चर्चा गर्नुहोस् ।

२. मुद्राले हाम्रो आर्थिक क्रियाकलाप सञ्चालनमा कसरी सहयोग पुऱ्याएको छ ? छोटकरीमा चर्चा गर्नुहोस् ।

३. मुद्राको परिचय दिई असल मुद्राका /विशेषताहरूउल्लेख गर्नुहोस् ।


४. जोडा मिलाउनुहोस् :

| देशको नाम | विभिन्न देशका प्रचलित मुद्रा |
|---|---|
| नेपाल | अफगानी |
| भारत | टाका |
| पास्कितान | रुपैया |
| बगलादेश | नेगुल्ट्रम |
| भुटान | रुपी |
| श्रीलङ्का | डलर |
| अफगानिस्तान | रुपी |
| माल्दीप्स | रुपियाँ |
| अमेरिका | रुपैया |

# पाठ ५ : बैङ्क

मुद्रा तथा साखसम्बन्धी काम गर्ने कानुनी रूपले सङ्गठित वित्तीय संस्थालाई बैङ्क भनिन्छ । व्यक्ति तथा संस्थाहरूले विभिन्न स्रोतबाट आफूलाई प्राप्त नगद मुद्रा त्यत्तिकै राखि रहन चाहँदैनन् । आफूसँग नगद मुद्रा राख्दा सुरक्षित नहुने र कुनै प्रतिफल पनि प्राप्त नहुने हुँदा उनीहरू मुद्रा बैङ्कमा राख्न चाहन्छन् । व्यक्ति वा संस्थाहरूबैङ्कमा मुद्रा राख्न जाँदा सम्बन्धित बैङ्कले उनीहरूको नाममा खाता खोल्ने व्यवस्था मिलाउँछ । तत्पश्चात् उक्तमुद्रालाई बैङ्कले निक्षेप वा जम्माको रूपमा स्वीकार गर्दछ । बैङ्कको नियम र जम्माकर्ताको मागअनुसार पछि रकम दिलाउने गरी बैङ्कले जम्मा कर्तालाई चेक प्रदान गर्दछ । बैङ्कले चेकका साथसाथै रकम जम्मा गरेको भरपाई पनि उपलब्ध गराउँछ । अर्कोतिर बैङ्कले रकम आवश्यक पर्ने व्यक्ति वा संस्थाहरूलाई पर्याप्त धितो जमानतका आधारमा निक्षेप रकमबाट ऋण पनि प्रदान गर्दछ ।






निक्षेप स्वीकार गर्ने र ऋण प्रदान गर्ने कार्यका अतिरिक्तबैङ्कले साख सिर्जना र त्यसको कारोबार पनि गर्दछ । व्यक्ति वा संस्थाले आफ्नो खातामा जम्मा हुने गरीबैङ्कमा दाखिला गरेको नगद रकमलाई निक्षेप भनिन्छ । बैङ्कले आफनो कुल निक्षेपको एउटा निश्चित प्रतिशत रकम नगद कोषमा राखी बाँकी रकम ग्राहकहरूलाई ऋणको रूपमा

प्रवाह गर्दछ। यसरी ऋण दिँदा बैङ्कले नगद रकम नदिएर ऋण लिने व्यक्ति वा सस्थाको नाममा खाता खोल्न लगाउँछ। त्यसपछि उक्त खातामा रकम जम्मा गरिदिन्छ र चेक प्रदान गर्दछ। यसरी ऋणीले ऋण लिएको रकम फेरि बैङ्कले निक्षेपको रूपमा प्राप्त गर्दछ। यो निक्षेप रकमको पनि एउटा निश्चित प्रतिशत नगद कोषका लागि छुट्याएर बाँकी रकम फेरि अर्को व्यक्ति वा संस्थालाई ऋणको रूपमा उपलब्ध गराउँछ। यस्तो क्रम चलि नै रहन्छ। यसरी बैङ्कले आफ्नो कुल निक्षेप भन्दा धेरै गुणा बढी रकम ऋण दिएर साखको निर्माण गर्दछ। बैङ्कले ऋण दिएर वा सुरक्षण आदि खरिद गरेर जुन निक्षेप निर्माण गर्दछ त्यसैलाई साख सिर्जना भनिन्छ। बैङ्कले सबै जम्मा कर्ताहरू जम्मा गरेको रकम एकै पटक झिक्न आउँदैनन् भन्ने मान्यता राख्दछ। यही मान्यताको आधारमा बैङ्क आफैँले निक्षेप वृद्धि गर्दछ अथवा साख सिर्जना गर्दछ। यसबाट बैकले आय आर्जन गर्दछ।

अतः कानुनबमोजिम स्थापित, निक्षेप (जम्मा) स्वीकार गर्ने, कर्जा (ऋण) प्रदान गर्ने, साख सिर्जना र त्यसको कारोबार गर्ने वित्तीय संस्थालाई बैङ्क भनिन्छ।

बैङ्कले देशका विभिन्न ठाउँमा व्यक्ति वा संस्थासँग छरिएर रहेका ससाना रकमलाई एकीकृत गर्ने काम गर्दछ। देशको विकासका लागि आवश्यक पर्ने पुँजी निर्माणमा बैङ्कको महत्त्वपूर्ण भूमिका हुन्छ। बैङ्कलाई आर्थिक प्रगतिको परिणाम र कारण दुबै मानिन्छ। स्थापनाको उद्देश्य र सम्पादन गर्ने कार्य प्रकृतिका आधारमा बैङ्कलाई फरक फरक किसिमले वर्गीकरण गर्ने गरिन्छ। यहाँ केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क र विकास बैङ्कको बारेमा मात्र छोटकरीमा चर्चा गरिएको छ।

१. **केन्द्रीय बैङ्क :** प्रायः प्रत्येक देशमा एउटा केन्द्रीयबैङ्क हुन्छ। यो मुद्रा र बैङ्किङ क्षेत्रको सर्वोच्च संस्था हो। यसले मुद्रा निष्कासन, नियन्त्रण र व्यवस्थापन गर्दछ। देशमा रहेका अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई नियन्त्रणमा राख्ने र आवश्यक निर्देशन दिने काम गर्दछ। यसलाई बैङ्कहरूको बैङ्क र सरकारको पनि बैङ्क भन्ने गरिन्छ। नेपालमा नेपाल राष्ट्र बैङ्क, भारतमा रिर्जभ बैङ्क अफ इन्डिया र बेलायतमा बैङ्क अफ इङ्ल्यान्ड केन्द्रीयबैङ्क हुन्। केन्द्रीय बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सरकारको मौद्रिक उद्देश्य र सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्दछन्।

नेपालको केन्द्रीयबैङ्क नेपाल राष्ट्र बैङ्कको स्थापना वि स.२०१३ साल वैशाख १४ गते भएको हो। यसले निष्कासन् गर्ने विभिन्न दरका नोट वा सिक्काहरूले विनिमय र भुक्तानीमा सहयोग पुगेको छ। अन्य विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र विकासका साथै साख नियन्त्रणमा केन्द्रीयबैङ्कले कार्य गर्दै आइरहेको छ। विदेशी विनिमयमा दरमा स्थायित्व, ग्रामीण क्षेत्रमा मौद्रीकरण जस्ता कार्यमा पनि राष्ट्र बैङ्कको महत्त्वपूर्ण भूमिका रहेको छ।

२. **वाणिज्य बैङ्क :** वाणिज्य बैङ्क नाफा कमाउने उद्देश्यले स्थापना गरिएको हुन्छ। यसले विभिन्न खातामा सर्वसाधारणहरूवाट निक्षेप स्वीकार गर्दछ। सर्वसाधारण र व्यापारीहरूका लागि पर्याप्त धितोमा विभिन्न प्रकारका अल्पकालीन ऋण उपलव्ध गराउँछ। साख सिर्जना र विनिमय पत्र, शेयर तथा ऋण पत्रहरूको खरिद बिक्री पनि यसले गर्दछ। विभिन्न माध्यमद्वारा एक ठाउँबाट अर्को ठाउँमा मुद्राको स्थानान्तरण गर्दछ। विदेशी मुद्राको सटही,साखका साधनहरूको निष्कासन् र खरिद बिक्री गर्ने जस्ता काम पनि वाणिज्य बैङ्कले गर्दछ। वाणिज्य बैङ्कले ग्राहकहरूको आवश्यकताअनुसार बहुमुल्य वस्तु तथा धातुहरू सुरक्षित राख्न लकरको पनि व्यवस्था गरेको हुन्छ। वि. सं.१९९४ मा स्थापित नेपाल बैङ्क लिमिटेड नेपालको पहिलो वाणिज्यबैङ्क हो। त्यस्तै राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क, नबिल बैङ्क लिमिटेड, नेपाल इन्भेस्टमेन्ट बैङ्क लिमिटेड आदि नेपालमा रहेका वाणिज्यबैङ्क हुन्।

३. **विकास बैङ्क :** कृषि उधोग र अन्य प्रमुख क्षेत्रको विकास र प्रवर्धन गर्ने उद्देश्यले स्थापना गरिएका वित्तीय संस्थालाई विकास बैङ्क भनिन्छ। पूर्णरूपमा बचत परिचालनमा निर्भर हुने वाणिज्य बैङ्क र अन्य वित्तीय संस्थाहरू जस्तो विकास बैङ्कले सर्वसाधारणबाट निक्षेप स्वीकार गर्दैनन्। यिनले निजी तथा सार्वजनिक संस्थानहरूलाई मध्यकालीन र दीर्घकालीन ऋण सहयोग उपलब्ध गराउँछन्। विकास बैङ्कले वित्तीय सहयोगका अतिरिक्त प्रवर्धनात्मक क्रियाकलाप पनि सञ्चालन गर्दछन्। विकास बैङ्कले उद्यम वा संस्थानहरूलाई योजना निर्माणदेखि कार्यसञ्चालनको स्तरसम्म सहयोग गर्दछन्। साथै यस्ता संस्थानहरूलाई अन्य स्रोतबाट प्राप्त सहयोग अपुग भएमा सहयोग गर्दछन्। विकास बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्दछन्।

नेपालमा वि. सं.२०१६ मा स्थापित नेपाल औद्योगिक विकास निगमलाई विकास बैङ्कको रूपमा लिन सकिन्छ ।

## क्रियाकलाप

तपाईंको घर छिमेकबाट नजिक रहेको एउटा वित्तीय संस्थाको नाम दिनुहोस् र उक्तसंस्थाबाट प्राप्त/ उपलब्ध हुने सेवाहरूको सूची बनाउनुहोस् ।

## अभ्यास

१. बैङ्क भनेको के हो ?

२. मानिसहरूले बैङ्कमा रकम जम्मा गर्नका कारणहरूउल्लेख गर्नुहोस् ।

३. वाणिज्य बैङ्क आफैँले कसरी निक्षेप वृद्धि गर्दछन् ?

४. केन्द्रीय बैङ्क र वाणिज्य बैङ्क विचका भिन्नताहरूउल्लेख गर्नुहोस् ।

५. विकास बैङ्कको परिचय दिनुहोस् ।

६. बैङ्कले हाम्रो जीवनलाई कसरी सहयोग पुऱ्याएको छ ? चर्चा गर्नुहोस् ।

७. नेपालको आर्थिक विकासमा बैङ्कको भूमिका/महत्त्व उल्लेख गर्नुहोस् ।

## पाठ ६ : वस्तुको मूल्य निर्धारण

वस्तु उत्पादन गर्दा लाग्ने खर्चलाई लागत भनिन्छ । लागतअन्तर्गत वस्तुउत्पादन गर्दा भूमिको प्रयोग गरेबापत भूमिपतिलाई तिरिएको लगान, पुँजीको प्रयोग बापत पुँजीपतिलाई भुक्तान गरिएको ब्याज,श्रमको प्रयोगबापत श्रमिकलाई दिइने ज्याला र उद्यमीले लिने नाफा समावेश हुन्छन् । सामान्यतया यही उत्पादन लागतका आधारमा वस्तुको मूल्य निर्धारण गरिन्छ । सामान्यत वस्तुको उत्पादनलागत भन्दा वस्तुको मूल्य बढी हुन्छ । यदि उत्पादित वस्तुमा सरकारले कर लगाएको रहेछ भने उक्त कर रकम पनि जोडेर वस्तुको मूल्य तय गरिन्छ । त्यस्तै कतिपय वस्तु उत्पादनमा सरकारले उत्पादकलाई अनुदान दिएको हुन सक्दछ । यस्तो अवस्थामा वस्तुको मूल्य उत्पादन लागत भन्दा पनि कम हुन सक्दछ ।

वस्तुको मूल्य निर्धारण बजारको प्रकृतिमा पनि भर पर्दछ । एकाधिकार र पूर्ण प्रतिस्पर्धा बजारका दुई रूप हुन् । कुनै वस्तु उत्पादन गर्ने उत्पादकको बजारमा एकाधिकार छ अथवा बजारमा उक्तवस्तु उत्पादन गर्ने अन्य प्रतिस्पर्धी छैनन् भने त्यस्तो बजारलाई एकाधिकार र बजार भनिन्छ । यस्तो बजारमा उत्पादकले वस्तुको मूल्य आफैं निर्धारण गर्दछ । तर एकाधिकारी उत्पादकले वस्तुको बढी परिमाण बिक्री गर्न मूल्य घटाउनुपर्दछ भने बढी मूल्यमा उसले वस्तुको कम परिमाण मात्र बिक्री गर्न सक्दछ ।

पूर्ण प्रतिस्पर्धाको बजारमा एकै किसिमको वस्तुको उत्पादक र उपभोक्ताको सङ्ख्या धेरै हुन्छ । यस्तो बजारमा वस्तुको माग र पूर्तिको आपसी अन्तरक्रियाद्वारा वस्तुको मूल्य निर्धारण हुन्छ । वस्तुको माग उपभोक्ताले गर्दछन् । उपभोक्ताहरूले कम मूल्य हुँदा वस्तुको बढी परिमाण माग गर्दछन् र बढी मूल्य हुँदा वस्तुको कम परिमाण माग गर्दछन् । त्यस्तै उत्पादकले बढी मूल्य हुँदा वस्तुको बढी परिमाण पूर्ति गर्दछन् भने मूल्य कम हुँदा वस्तुको कम परिमाण पूर्ति गर्दछन् । अन्त: वस्तुको त्यो मूल्य निर्धारण हुन जान्छ जुन मूल्यमा उत्पादकको पूर्ति परिमाण र उपभोक्ताले गरेको माग परिमाण आपसमा बराबर हुन्छन् । कुनै कारणले यसरी निर्धारित मूल्यभन्दा वस्तुको मूल्य बढी हुन गएमा वस्तुको मागभन्दा पूर्ति बढ्न जान्छ ।पूर्ति बढी भएकाले उत्पादकहरूबिच मूल्य घटाउने प्रतिस्पर्धा हुन थाल्छ । फलस्वरूप वस्तुको मूल्य घट्न थाल्दछ । त्यसैगरी कुनै

कारणले वस्तुको मूल्य निर्धारित मूल्यभन्दा कम हुन गएमा वस्तुको पूर्तिको तुलनामा माग बढी हुन्छ। पूर्तिको तुलनामा माग बढी भएकाले उपभोक्ताहरूबिचवस्तुप्राप्त गर्ने प्रतिस्पर्धा हुन्छ र उक्त वस्तुको मूल्य बढ्न थाल्दछ। यो मूल्य घटने र बढने प्रक्रिया त्यतिन्जेल सम्म चलिरहन्छ जति बेलासम्म वस्तुको मूल्य पहिला निर्धारण भएको मूल्य सम्म पुग्दैन। यसरी पूर्ण प्रतिस्पर्धाको बजारमा वस्तुको माग र पूर्तिको आधारमा वस्तुको मूल्य निर्धारण हुन जान्छ।

बजारमा वस्तुको मागको तुलनामा पूर्ति कम गराएर वस्तुको मूल्य बढाई नाफा अत्यधिक बनाउने जस्ता कालो बजारी गर्ने प्रवृत्ति देखा पर्न सक्छ। कृतिम अभाव सृजना गरेर मूल्य वृद्धि हुन जाँदा यसबाट उपभोक्ताहरू मर्कामा पर्दछन्। देशमा बन्द,हड्ताल, प्राकृतिक विपत्ति भएका बेला मौकामा चौका हान्न अथवा वस्तुको मूल्य बढाउन यस्ता व्यापारीहरू उद्यत हुन्छन्। त्यस्तै भूमिको लगान, पुँजीको ब्याज,श्रमका ज्याला, र उद्यमीको नाफा, वृद्धि हुन पुगेमा यसबाट वस्तुको उत्पादन लागतमा वृद्धि हुन जान्छ। फलस्वरूप वस्तुको मूल्यमा वृद्धि हुन जान्छ। त्यसै गरी उपभोक्ताको आम्दानीमा वृद्धि भएमा उनीहरूको क्रय शक्तिमा पनि वृद्धि हुन्छ। उनीहरूले वस्तुको पहिला भन्दा बढी माग गर्न सक्दछन्। मागको तुलनामा पूर्ति बढाउन नसकिएमा वस्तुको मूल्य वृद्धि हुन थाल्दछ। कतिपय अवस्थामा सरकारले बजारमा हस्तक्षेप गरी आफैं वस्तु तथा सेवाको मूल्य तय गर्न पनि सक्दछ।

## क्रियाकलाप

१. आफ्नो घर नजिकमा रहेको पसलमा जानुहोस्। विभिन्न वस्तुहरूको मूल्य सूची/तालिका टाँस गरिएको छ छैन हेर्नुहोस्। यदि छैन भने मूल्य सूची टाँस नगर्नुका कारणहरू सोधेर पत्ता लगाउनुहोस्। कक्षामा साथीहरूबिच मूल्य सूची टाँस नगर्नुका कारणहरू र मूल्य सूची टाँस नगर्दा यसबाट उपभोक्तालाई पर्ने समस्याहरूबारे छलफल गरि निष्कर्ष निकाल्नुहोस्।

२. व्यापारीहरूले खाद्य पदार्थहरूको बिक्री मूल्य आफ्नो पसलमा सबैले देख्ने गरी टाँस गर्नुपर्दछ।त्यस्तै कतिपय वस्तुहरू उत्पादकले प्याकिङ गरेर बजारमा पठाउँछन्। यस्ता वस्तु प्याकिङ गर्दा वस्तु बनेको / तयार भएको मिति, त्यसको तौल,मूल्य र

म्याद सकिने मिति उल्लेख गरिएको हन्छ । कुनै छओटा वस्तुहरूको खोजी गरी तलको तालिका भर्नुहोस् :

| क्र.स | वस्तुको नाम | वस्तुको मूल्य (रु.) | तौल कि. ग्रा./लि.) | बनेको मिति | म्याद सकिने मिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

म्याद नाघिसकेका वस्तु उपयोग गर्न नहुने कुराबारे  कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।

## अभ्यास

१. कस्तो बजारलाई एकाधिकार बजार भनिन्छ ?

२. पूर्ण प्रतिस्पर्धाको बजारमा वस्तुको मूल्य कसरी निर्धारण हुन्छ ?

३. वस्तुको मूल्य निर्धारण हुने कुनै तीनओटा आधारहरू लेख्नुहोस् ।

४. बजारमा वस्तुको मूल्य वृद्धि हुनाका कारणहरू के के हुन्  ? लेख्नुहोस् ।

५. कालो बजारी भनेको के हो ? यसको नियन्त्रण गर्ने उपायहरू लेख्नुहोस् ।

# पाठ ७ : पुँजी निर्माण

कुनै पनि देशको विकास पुँजी निर्माणको दरमा भर पर्दछ। पुँजी निर्माणबारे चर्चा गर्नुअघि पुँजीको अवधारणा प्रस्ट हुनु जरुरी हुन्छ।

**पुँजी :** पुँजी उत्पादनका विभिन्न साधनहरूमध्ये एक हो। वस्तु उत्पादन गर्नका लागि प्रयोग गरिने मानिसद्वारा उत्पादित/निर्मित विभिन्न भौतिक वस्तुहरू(जस्तैः हलो, कुटो, कोदालो, मल, बिउ, मेसिन, यन्त्र उपकरण, भवन आदि)लाई पुँजी भनिन्छ। अतः आर्थिक क्रियाकलापको प्रतिफल स्वरूप प्राप्त हुने र अन्य वस्तु उत्पादनका लागि प्रयोग गरिने वस्तुलाई पुँजीअन्तर्गत लिइन्छ।

मानवीय अवाश्यकता सन्तुष्ट गर्नका लागि प्रत्यक्ष रूपमा उपभोग गरिने वस्तुलाई पुँजीअन्तर्गत लिन सकिँदैन। त्यस्तै भविष्यमा उपभोग गर्नका लागि थन्काएर राखिएका वस्तुलाई पनि पुँजी भन्न सकिँदैन। तसर्थ आय आर्जन गर्न वा अन्य वस्तु उत्पादन गर्नका लागि उपयोग गरिने वस्तु वा धन (मुद्रा वा सम्पत्ति) लाई पुँजी भनिन्छ। पुँजी मानवनिर्मित हुन्छ।

यसै सन्दर्भमा एक जना अर्थशास्त्री अल्फ्रेड मार्सलले भनेका छन्- प्रकृतिले निःशुल्क उपहारस्वरूप दिएभन्दा बाहेकका आम्दानी प्राप्त हुने सबै धन पुँजीअन्तर्गत पर्दछन्। एउटै पुँजीलाई धेरै पटक प्रयोगमा ल्याउन सकिन्छ भने त्यस्तो पुँजीलाई स्थिर वा टिकाउ पुँजी भनिन्छ। यसको उदाहरणको रूपमा हलो, मेसिन, भवन आदिलाई लिन सकिन्छ। एकपटक भन्दा बढी पटक प्रयोग गर्न नसकिने पुँजीलाई कार्यकारी पुँजी भनिन्छ। मल, बिउ, कच्चा पदार्थ आदिलाई यस्तो पुँजीअन्तर्गत राख्न सकिन्छ। कुनै खास किसिमको वस्तु उत्पादन गर्न सकिने पुँजीलाई विशिष्ट पुँजी भनिन्छ। जस्तैः धानको बिउ धान उत्पादन गर्नका लागि मात्र प्रयोग गर्न सकिन्छ। यसलाई मकै वा तोरी उत्पादन गर्नका लागि प्रयोग गर्न सकिँदैन। विभिन्न वस्तु उत्पादनका लागि प्रयोग गर्न सकिने पुँजीलाई अविशिष्ट वा चल्ती (Floating) पुँजी भनिन्छ। यसको उदाहरणको रूपमा कोदालो, भवन, कोइला आदिलाई लिन सकिन्छ।


सङ्कुचित अर्थमा उत्पादनका लागि उपयोग गरिने मानव निर्मित भौतिक वस्तुहरूपुँजी हुन् । बृहत् अर्थमा भौतिक वस्तुका अतिरिक्त उच्च स्तरको ज्ञान, सिप र दक्षता हासिल गरेको मानिसहरूको समूहलाई मानव पुँजी (Human Capital) भनिन्छ ।

## पुँजी निर्माण

पुँजी निर्माण देशको विकासलाई निर्धारण गर्ने एउटा प्रमुख तत्त्व हो । जुन देशमा पुँजी निर्माण को दर बढी हुन्छ ती देशमा छिटो आर्थिक विकास हुन्छ । पुँजी निर्माणको दर न्यून भएका देशहरू आर्थिक विकासमा पछाडि परेका हुन्छन् । अब प्रश्न उठ्छ देशको विकासलाई अगाडि बढाउन आवश्यक पर्ने महत्त्वपूर्ण तत्त्व पुँजी निर्माण भनेको के हो ?

पुँजी निर्माण भनेको एउटा निश्चित समयावधिमा कुनै पनि देशमा पुँजीको मौज्दात (Stock of Capital) मा हुने वृद्धि हो । अर्को शब्दमा, पुँजीको मात्रामा हुने वृद्धिलाई पुँजी निर्माण भनिन्छ । सङ्कुचित अर्थमा पुँजीगत भौतिक वस्तुको मौज्दात वा मात्रामा हुने वृद्धि पुँजी निर्माण हो । बृहत् अर्थमा पुँजीगत भौतिक वस्तुको उत्पादन अतिरिक्त मानवीय पुँजी बढाउन गरिने खर्चलाई पुँजी निर्माण भनिन्छ ।

**पुँजी निर्माण प्रक्रिया :** पुँजी निर्माण एउटा निश्चित प्रक्रिया वा चरणबाट गुज्रन्छ । पुँजी निर्माण प्रक्रियालाई तीन चरणमा व्यक्त गर्न सकिन्छ :



## १. बचतको सिर्जना

आम्दानीबाट उपभोगखर्च घटाउँदा प्राप्त हुने परिणाम नै बचत हो । अर्को शब्दमा, बचत भनेको आम्दानीको त्यो भाग हो जुन उपभोगमा खर्च गरिँदैन । मानिसहरू विभिन्न उद्देश्यले बचत गर्ने गर्दछन् । बचतलाई मुख्यत: बचत गर्ने इच्छा, बचत गर्ने क्षमता र बचत गर्ने सुविधाले निर्धारण गर्दछन् ।

बचत गर्ने इच्छालाई व्यक्तिको स्वभाव, दूरदर्शितासम्बन्धी ज्ञान, सामाजिक प्रतिष्ठा, बचत गर्दा हुने लाभ आदिले प्रभाव पार्दछन् । त्यस्तै बचत गर्ने क्षमतालाई आम्दानीले निर्धारण गर्दछ । आम्दानी बढ्दै जाँदा बचत गर्ने क्षमता पनि बढ्दै जान्छ । यसको विपरीत आम्दानी घट्दै जाँदा बचत गर्ने क्षमतामा पनि कमी आउँछ । उत्पादन कार्यमा योगदान गरेवापत भूमिपतिले प्राप्त गर्ने लगान, श्रमिकले प्राप्त गर्ने ज्याला पुँजीपतिले प्राप्त गर्ने व्याज, उद्यमीले प्राप्त गर्ने नाफा आदीलाई आम्दानीअन्तर्गत राख्न सकिन्छ । बचत गर्ने क्षमतालाई आम्दानीका साथ साथै खर्च गर्ने तरिकाले पनि निर्धारण गर्दछ । बचतको सिर्जनाका लागि बचत गर्ने इच्छा र क्षमता मात्र भएर हुँदैन । यसका लागि बचत गर्ने सुविधा पनि हुनुपर्दछ । बैङ्क तथा वित्तीय संस्थाहरूको राम्रो विकासले बचत गर्नलाई सुविधा प्रदान गर्दछ । साथै बचतको सुरक्षाको ग्यारेन्टी, मुद्राको मूल्यमा स्थिरता र सरकारको सहयोगबाट बचत गर्ने इच्छामा प्रोत्साहन मिल्छ ।

## २. बचतको सङ्कलन र परिचालन

यो पुँजी निर्माण प्रक्रियाको दोस्रो चरण हो । यस चरणमा देशभरि छरिएर रहेको बचतलाई लगानी प्रयोजनका लागि सङ्कलन गरिन्छ । यसका लागि जनताको पहुँचमा प्रभावकारी सेवा दिने पर्याप्त बैङ्क तथा वित्तीय संस्था हुनुपर्दछ । यी संस्थाहरूले देशभरि छरिएर रहेको बचतलाई एकीकृत गरी लगानी कर्तालाई उपलब्ध गराउँछन् । यसरी बैङ्क तथा वित्तीय संस्थाले बचत कर्ता र लगानी कर्ताको बिच पुलको रूपमा काम गर्दछन् ।

## ३. लगानी

सङ्कलित बचत जतिबेला लगानी कर्ता, उद्योगपति, उत्पादक अथवा व्यापारीहरूले पुँजीगत वस्तु उत्पादनमा लगानी गर्दछन्, त्यतिबेला पुँजी निर्माण हुन पुग्दछ ।

पुँजीगत वस्तुहरूको उत्पादनमा बचतको प्रयोग गर्नु नै लगानी हो। यही लगानीलाई पुँजी निर्माण भनिन्छ।

पुँजी निर्माण अथवा लगानीका लागि सरकारले लगानी मैत्री वातावरणको सिर्जना गर्नुपर्दछ। लगानी मैत्री वातावरण भनेको लगानीको प्रतिफलको सुनिश्चितता भएको अवस्था हो।

## अभ्यास

१. पुँजी भनेको के हो ?

२. नेपालको आर्थिक विकासमा पुँजीको महत्त्वबारे वर्णन गर्नुहोस्।

३. बचत वृद्धि गर्न अपनाउन सकिने कुनै चारओटा उपायहरू लेख्नुहोस्।

४. बचत र लगानीबिच फरक छुट्याउनुहोस्।

५. पुँजी निर्माण प्रक्रिया छोटकरीमा वर्णन गर्नुहोस्।

## पाठ ८ : रोजगारी

रोजगार भनेको भुक्तानी पाउने गरी मानिसले काम पाएको अवस्था हो । मानिसले काम बापतको भुक्तानी  नगद वा जिन्सीको रूपमा प्राप्त गर्न सक्दछन् । यसलाई ज्याला वा तलब वा परिश्रमिक भनिन्छ र यो आवधिक रूपमा प्राप्त हुन्छ । रोजगारीमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूह वा काम गर्ने उमेर समूहको जनसङ्ख्यालाई मात्र लिइन्छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने,श्रमिक र उद्यमीबिच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित पुँजी,सिप,प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण,२०७४/७५ अनुसार नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसङ्ख्या २,०७,४४,००० रहेको छ । यो जनसङ्ख्यामध्ये ७०,८६,००० जनसङ्ख्या  रोजगारीको क्षेत्रमा रहेको छ भने ९,०८,००० जनसङ्ख्या बेरोजगार छ । आर्थिक वर्ष २०७४/७५ मा औसत श्रम उत्पादकत्व वार्षिक रु १ लाख ८४ हजार रहेको छ । नेपालमा रोजगारीसम्बन्धी मुख्य सूचकहरू तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | मुख्य सूचक | प्रतिशत |
|---|---|---|
| १. | रोजगारीको क्षेत्रमा रहेको जनसङ्ख्या | ३४.३ |
| २ | श्रमशक्तिमा सहभागिता दर | ३८.५ |
| ३. | बेरोजगारी दर | ११.४ |
| ४. | श्रमको अल्पउपयोग दर | ३९.३ |
| ५. | औपचारिक  रोजगारी | १५.४ |
| ६ | अनौपचारिक  रोजगारी | ८४.६ |
| ७ | बाध्यकारी श्रमको दर | १.२ |

*स्रोत : नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५*

नेपालमा प्रत्येक वर्ष करिब ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन्। नेपालको श्रमशक्तिको स्वदेशमा न्यून उपयोग हुँदा अतिरिक्त श्रमशक्ति विदेशीने गरेको अवस्था छ । दैनिक १ हजार नेपाली युवा विदेशीने गरेको अवस्था छ। विप्रेषण आय कुल गार्हस्थ उत्पादनको अनुपातमा २५.१ प्रतिशत रहेको छ। त्यस्तै नेपालमा रहेको उदार श्रमनीति, सिपमूलक श्रमशक्तिको अपर्याप्तताले गर्दा विदेशी श्रमिक नेपाल भित्रिने क्रम बढ्दो छ। यसबाट स्वदेशी श्रमिक विस्थापित हुदै जाने अवस्था छ।

आर्थिक वर्ष २०७४/७५ सम्ममा नेपालबाट ४३ लाख ६५ हजार ४ सय पन्ध्र कामदार वैदेशिक रोजगारिमा गएका छन। यसमध्ये ४१ लख ६७ हजार ३ सय १० पुरुष र १लाख ९८ हजार १ सय ५ महिला रहेका छन्। नेपाल सरकारले ११० मुलुकलाई संस्थागत रूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ। व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपालीहरू कामका लागि वैदेशिक रोजगारिमा गएका छन्। नेपाली कामदारहरूको मुख्य गन्तव्यका रूपमा मलेसिया, कतार, कुवेत, बहराइन साउदि अरेविया र संयुक्त अरब इमिरेट्स रहेका छन्।

आर्थिक वर्ष २०७४/७५मा विभिन्न देशमा वैदेशिक रोजगारमा रहेका ८०१ पुरुष र २० महिला गरि ८२१ नेपाली श्रमिकको मृत्यु भएको छ। आर्थिक वर्ष २०७४/७५ मा घाइते र अपाङ्ग हुनेको सङ्ख्यामा ३६१ रहेको छ। नेपालमा आइ काम गर्ने विदेशी नागरिकले अनिवार्य रूपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ। नेपालमा काम गर्न अनुमति लिने विदेशी नागरिकको सङ्ख्यामा पनि प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७३/७४मा १,२४५ विदेशी नागरिकले नेपालमा काम गर्न श्रम स्वीकृति लिएका थिए भने २०७४/७५मा यो सङ्ख्या बढेर १,६०८ पुगेको छ।

## नेपालको रोजगारीसँग सम्बन्धित समस्या वा चुनौतीहरू

१. श्रम, सिप र उत्पादनबिच तालमेल हुन नसक्नु
२. श्रमप्रतिको सम्मानमा कमी हुनु
३. उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त नहुनु
४. वैदेशिक रोजगारीबाट प्राप्त सिप र पुँजीको न्यून परिचालन हुनु
५. विभिन्न प्रकृतिको बालश्रम विद्यमान रहनु

६. पर्याप्त मात्रामा व्यावसायिक,प्राविधिक र सिपमूलक तालिमको व्यवस्था हुन नसक्नु
७. पर्याप्त सङ्ख्यामा रोजगार सूचना केन्द्र स्थापना भई त्यस मार्फत देशमा रहेका सम्पूर्ण दक्ष बेरोजगार, अर्धबेरोजगार तथा बेरोजगारहरूको लगत सङ्कलन र विश्लेषण हुन नसक्नु
८. वैदेशिक रोजगारी तथा आन्तरिक रूपमा श्रमिक आपूर्ति गर्ने निकायहरूसहितको स्पष्ट दूर दृष्टि र नीति निमार्ण भई कस्तो जनशक्ति उत्पादन गर्ने, कहाँ के कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा स्पष्ट योजना नहुनु तथा भविष्यमा सञ्चालन हुने कार्यक्रम र त्यसका लागि चाहिने जनशक्तिको उत्पादन सम्बन्धि स्पष्ट योजना नहुनु
९. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई समयमै आवश्यक आधारभूत सूचना प्राप्त नहुनु, प्रस्थान विन्दुबाटै ठगिनु,गन्तव्यमा सम्झौताबमोजिम काम र तलब नपाउनु

## क्रियाकलाप

१. तपाईंको समुदायका मानिसहरू कुन कुन व्यावसायमा संलग्न छन्, तिनको सूची बनाउनुहोस् ।
२. तपाईंको समुदायमा रोजगारीका अवसर वृद्धि गर्नका लागि के के उपायहरू अपनाउन सकिन्छ ? छलफल गरी पत्ता लगाउनुहोस् ।

## अभ्यास

१. रोजगारी भनेको के हो ? नेपालमा रोजगारीको वर्तमान अवस्था चर्चा गर्नुहोस् ।
२. नेपालमा रोजगारीका अवसरहरू सिर्जना गर्ने कुनै चारओटा उपायहरू उल्लेख गर्नुहोस् ।
३. वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षहरूको सूची बनाउनुहोस् ।
४. नेपाली युवा रोजगारीका लागि विदेशिनुका कुनै छओटा कारणहरू लेख्नुहोस् ।


## सामुदायिक कार्य


नेपालमा एकातिर देशका लागि चाहिने आवश्यक जनशक्तिको कमी छ भने अर्कोतिर हरेक वर्ष श्रम बजारमा थपिने बेरोजगारहरूको संङ्ख्या बढिरहेको छ। यो समस्या उत्पन्न हुनका कारणहरू र समस्या समाधानका उपायहरू पत्तालगाउन समुदायमा छलफल कार्यक्रम आयोजना गर्नुहोस् । छलफलबाट प्राप्त निष्कर्षहरू टिपोट गरी शिक्षकलाई सुनाउनुहोस् ।

एकाइ आठ

# हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग





## सिकाइ उपलब्धि

- मित्रराष्ट्रहरूको परिचय दिन तथा नेपालसँगको आपसी सम्बन्ध र सहयोगको खोजी गर्न
- संयुक्त राष्ट्रसङ्घमा नेपालको सहभागिता उल्लेख गर्न
- सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समसामयिक गतिविधिहरूको जानकारी लिन र सोअनुरूप समायोजन हुन

# पाठ १ : हाम्रा मित्रराष्ट्रहरू




नेपाल, चीन र भारत जस्ता विशाल राष्ट्रहरूको बिचमा रहेको भूपरिवेष्ठित देश हो । यसलाई पूर्व, पश्चिम र दक्षिणबाट भारतले र उत्तरबाट चिनले घेरिएको छ । नेपालले सदियौँदेखि आफ्ना छिमेकी र विश्वका धेरै देशहरूसँग सम्बन्ध फैलाएको छ । यसरी नेपालसँग सम्बन्ध भएका राष्ट्रहरू नेपालका मित्रराष्ट्र हुन् । नेपालले आफ्ना छिमेकी मुलुकलगायत विश्वका अन्य मुलुकहरूसँग समानताका आधारमा आर्थिक, सामाजिक तथा अन्य क्षेत्र मा आपसी सम्बन्ध र सहयोग विस्तारका साथै असल मित्रता कायम राख्दै आएको छ । नेपालको परराष्ट्र नीति असंलग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतामा आधारित रहेको छ । नेपालले हालसम्म विश्वका १६६ ओटा देशसँग दौत्य सम्बन्ध कायम गरिसकेको छ । नेपाल असंलग्न आन्दोलन, संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्ट संस्थाहरूको सक्रिय सदस्य रहेको छ ।

चीन, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिप्स, अफगानिस्तान जस्ता देशहरू हाम्रो छिमेकी देशहरू हुन् । छिमेकी देशहरूसँगको सौहार्द्रपूर्ण सम्बन्धले आपसी सद्भाव र सहयोगमा वृद्धि भएको छ । नेपाल दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को संस्थापक सदस्य पनि हो । त्यस्तै समुद्रपारका मुलुकहरू बेलायत, जापान, संयुक्त राज्य अमेरिका, जर्मनी, फ्रान्स, नेदरल्यान्ड, डेनमार्क, अस्ट्रेलिया, कोरिया, थाइल्यान्ड, क्यानडा जस्ता राष्ट्रहरू नेपालका मित्रराष्ट्र हुन् । यी मित्रराष्ट्रहरूले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ ।

त्यसैगरी हिजोआज अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका, जापान, चिन, भारत, बेलायत, बङ्गलादेशलगायतका मित्रराष्ट्रहरूले लाखौँ नेपालीहरूलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर दिइराखेका छन् । त्यसरी नै लाखौँ नेपाली कामदारहरू संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, कुबेत, इजरायल, कोरिया, सिङ्गापुर, मलेसिया, लगायतका विभिन्न देशहरूमा रोजगारीका लागि गइरहेका छन् । यसले नेपालमा बेरोजगारीको समस्या न्यूनीकरणमा सहयोग गर्नुकासाथै नेपालमा विदेशी रेमिटेन्स बढाउने काम भएको छ । यसबाहेक मित्रराष्ट्रहरूसँगको हाम्रो सम्बन्धले गर्दा हाम्रो देशलाई निम्नलिखित फाइदा पुगेको छ :

(क) हाम्रो देशका समस्याहरू सामधान गर्ने काममा मित्रराष्ट्रहरूले सहयोग पुऱ्याएको छ ।

(ख) देशको आर्थिक, समाजिक तथा सांस्कृतिक विकासमा वैदेशिक सहायता प्राप्त भएको छ ।

(ग) देशमा औद्योगिक विकास गर्नका लागि विदेशी लगानी भित्रिएको छ । यसले देशको विकासमा सहयोग पुगेको छ ।

(घ) अन्य देशको आर्थिक, सामाजिक तथा प्राविधिक विकासको अवस्था बारेमा जानकारी प्राप्त भई उनीहरूका राम्रा कुराहरू सिक्न पाइएको छ ।

(ङ) हाम्रो देशका बारेमा अन्तर्राष्ट्रिय स्तरमा परिचय गराई देशको गौरव बढाउन मदत पुगेको छ ।

(च) विभिन्न मित्र राष्ट्रहरूबाट नेपालमा पर्यटकहरू घुम्न आउने हुनाले विदेशी मुद्रा आर्जन हुनुको साथै मानवीय सम्बन्धको विकास भएको छ ।

## क्रियाकलाप

१. विश्वको नक्सा हेरेर पाठमा दिइएका, तपाईँले पढेका वा सुनेका मित्रराष्ट्रहरूको पहिचान गरी नक्सामा उतार्नुहोस् ।

२. पुराना पत्र पत्रिकाहरू वा इन्टरनेटबाट नेपालका मित्रराष्ट्रहरूले नेपाललाई गरेको सहयोगसम्बन्धी समाचारहरू सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

३. नेपालको मित्रराष्ट्रसँगको सम्बन्धका बारेमा प्रकाश पार्दै एक संवाद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. नेपालको परराष्ट्र नीतिको परिचय एक छोटो अनुच्छेदमा लेख्नुहोस् ।

२. हाम्रो मित्रराष्ट्रहरूमध्ये कम्तीमा पाँच देशको झन्डा बनाउनुहोस् ।

३. मित्रराष्ट्रसँगको सम्बन्धबाट नेपालाई के फाइदा पुगेको छ ? सूची तयार पार्नुहोस् ।

४. नेपालको विकासमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएका कुनै १० ओटा देशहरूको नाम उल्लेख गर्नुहोस्

५. सामान्यतय नेपाली कामदारहरू कुन कुन देशमा जाने गर्दछन् ? ती देशहरूको सूची बनाउनुहोस् ।

## पाठ २ : संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू



गोकर्ण मा.वि.मा आधारभूत तह तेस्रो अन्तर्गतको प्रौढ कक्षामा सामाजिक अध्ययन विषयको अध्यापन भइराखेको छ । यहाँ सहपाठीहरूमध्ये एक जनाले संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू विषयमा तयारी गरी कक्षामा प्रस्तुत गरिरहनुभएको छ । बिचबिचमा शिक्षकले विषयवस्तु प्रस्ट पार्ने काम भइरहेको छ ।

सहजकर्ता सहपाठीले प्रोजेक्टरमा पावरपोइन्ट स्लाइड देखाउदै संयुक्त राष्ट्रसङ्घको स्थापनाको बारेमा निम्नलिखित विषयवस्तु प्रस्तुत गर्नुभयो :

दोस्रो विश्वयुद्ध चलिरहेको बेलामा विश्वमा धेरै राष्ट्रहरूले स्थायी शान्तिको कामना गरिरहेका थिए । त्यसै बेलामा ग्रिस, चेकोस्लोभाकिया, लक्जेम्वर्ग, नर्वे, बेलायत, क्यानाडा, अस्ट्रेलिया आदि देशका प्रतिनिधिहरूले १२ जुन सन् १९४१ मा लन्डनको सेन्ट जेम्स दरबारमा भेला भई शान्ति स्थापना गर्ने कार्यमा एकताबद्ध भई काम गर्न जोड दिँदै अन्तरसम्बन्ध घोषणामा (Inter-allied Declaration) मा हस्ताक्षर गरेका थिए । त्यसपछि विभिन्न समयमा भएका निम्नलिखित घोषणा र सम्मेलनहरूले संयुक्त राष्ट्र सङ्घको स्थापनामा सहयोग गरेका थिए :

१. **१४ अगस्त १९४१ :** बेलायतका प्रधानमन्त्री विन्सटन चर्चिल र अमेरिकाका राष्ट्रपति फ्रेन्कलिन रुजवेल्टद्वारा - हस्ताक्षरित Atlantic charter

२.**१** **जनवरी १९४२ :** फाँसीवाद र नाजीवादका विरुद्ध अमेरिका, बेलायत, चीनलगायत २६ राष्ट्रद्वारा - वासिङ्गटन घोषणा

३. **३० अक्टोबर १९४३** : अमेरिका, बेलायत, सोभियत सङ्घ र चीनद्वारा हस्ताक्षर गरी शत्रु राष्ट्र विरुद्ध - गरिएको मस्को घोषणा

४. **१ जनवरी १९४३ :** अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न अमेरिका, बेलायत, सोभियत सङ्घका प्रतिनिधिहरूद्वारा हस्ताक्षरित तेहरान घोषणा ।

५. **२१ अगस्टदेखि २८ सेप्टेम्बर १९४४ :** संयुक्त राज्य अमेरिकाको डम्बटन ओक्समा सञ्चालन भएको डम्बर्टन ओक्स सम्मेलन

६. **११ फेब्रअरी १९४५ :** सोभियत सङ्घको याल्टामा सम्पन्न याल्टा सम्मेलन

७. **२५ अप्रिलदेखि २५ जुन १९४५ :** संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्कोमा एक बृहत् सम्मेलन आयोजना भएको थियो । यस सम्मेलनले अमेरिकी राष्ट्रपति फ्रैङ्कलिन रुजवेल्ट (Franklin Rooselvet) को सुझवबमोजिम प्रस्तावित विश्व संस्थाको नाम संयुक्त राष्ट्र सङ्घ (United Nation Organization,UNO) राख्यो र २६ जुन १९४५ मा ५१ राष्ट्रका (सुरुमा ५० ओटा राष्ट्र, पछि पोल्यान्डसहित ५१ ओटा राष्ट्र) प्रतिनिधिहरूद्वारा बडापत्रमा हस्ताक्षर गरी बडापत्रको धारा ११० अनुसार २४ अक्टोबर १९४५ मा वडापत्र लागु भई संयुक्त राष्ट्र सङ्घको विधिवत् स्थापना भयो ।

त्यसपछि उहाँले संयुक्त राष्ट्रसङ्घका छओटा अङ्गहरूका बारेमा निम्नलिखितslide हरू प्रस्तुत गरी प्रस्ट पार्नुभयो :

**सुरक्षा परिषद् (The Security Council)**

*सुरक्षा परिषद्अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न विशेष भूमिका निर्वाह गर्नेसंयुक्त राष्ट्रसङ्घको एक महत्त्वपूर्णा अङ्ग हो । यसले युद्धरत क्षेत्रमा शान्ति सेना परिचालन गर्ने, कुनै देशमा नाकाबन्दी गर्ने र अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गर्ने तथा राष्ट्रसङ्घको बडापत्र र निर्णयहरूको अपहेलना गर्ने सदस्य राष्ट्रलाई चेतावनी दिने आदि जस्ता निर्णयहरू गर्दछ । सुरक्षा परिषद्मा संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, रुस र चीन गरी जम्मा पाँचओटा स्थायी सदस्यहरू र अन्य १० ओटा अस्थायी सदस्यहरू रहन्छन् । महासभाबाट दुई वर्षका लागि अफ्रोएसियाबाट ५, ल्याटिन अमेरिकाबाट २, पुर्वी युरोपबाट १ र पश्चिम युरोप र अन्यबाट २ सदस्य अस्थायी सदस्यनिर्वाचित हुन्छन् ।स्थायी सदस्यहरूलाई सुरक्षा परिषद्को निर्णय उपर चित्त नबुझेमा सो निर्णय विरुद्ध निषेधाधिकार (Veto) प्रयोग गर्ने अधिकार रहन्छ । पाँच स्थायी सदस्य राष्ट्रमध्ये कुनै एक सदस्यले मात्र निषेधाधिकार प्रयोग गरी सो निर्णयको विपक्षमा बसेमा सो निर्णय पारित हुन पाउँदैन ।*

**महासभा (The General Assembly)**

महासभा संयुक्त राष्ट्रसङ्घको संसद्का रूपमा कार्य गर्ने एक महत्त्वपूर्ण अङ्ग हो ।सदस्य राष्ट्रहरूको साझा मञ्चका रूपमा महासभा रहेको छ । संयुक्त राष्ट्रसङ्घको बडापत्रको अधीनमा रही महासभामा एक राष्ट्र एक सदस्यका रूपमा सदस्य राष्ट्रहरूलाई आफ्नो कुरा राख्ने र विभिन्न विषयहरूमा मत दिने अधिकार हुन्छ । यसले संयुक्त राष्ट्रसङ्घको वार्षिक बजेट पारित गर्ने, सुरक्षा परिषद्का अस्थायी सदस्यहरू चयन गर्ने र महासचिवको चयन गर्ने कार्य गर्दछ । त्यसैगरी यसले राष्ट्रसङ्घका अन्य महत्त्वपूर्ण निर्णयहरू लिने गर्दछ । वर्षमा एक पटक सेप्टेम्बर महिनामा सबै सदस्य राष्ट्रहरूको सहभागितामा महासभाको बैठक बस्ने गर्दछ । यद्यपि आवश्यक परेको बेलामा अरू कुनैपनि समयमा यसको बैठक बस्न सक्ने प्रवधान छ ।

**आर्थिक तथा सामाजिक परिषद्**
**(The Economic and Social Council)**

यो संयुक्त राष्ट्रसङ्घको अर्को महत्त्वपूर्ण अङ्ग हो । यसले सदस्य राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य विश्व कल्याणकारी एवम् मानव हितकारी कार्यमा सहयोग गर्दछ । यस परिषद्मा जम्मा ५४ ओटा राष्ट्रहरू सदस्य रहेका हुन्छन् । यिनीहरूको कार्यकाल ३ वर्षको हुन्छ । प्रत्येक वर्ष एक तिहाइ अर्थात् १८ राष्ट्रहरूको पदावधि सकिन्छ र त्यति नै सङ्ख्यामा नयाँ सदस्यका रूपमा निर्वाचित हुन्छन् ।

**संरक्षण परिषद्**
**(The Trusteeship Council)**

विश्वयुद्धमा पराजित भएका र उपनिवेशबाट मुक्त भएका तर स्वतन्त्र राष्ट्र बन्न नसकेका राष्ट्रहरूको संरक्षण गर्ने उद्देश्यले यसको गठन भएको थियो । विश्वमा अब यस्ता भूमिहरू नभएको वा यसले आफ्नो कार्य सम्पन्न गरिसकेको हुनाले हाल यो अङ्ग निष्क्रिय अवस्थामा रहेको छ । सुरक्षा परिषद्का स्थायी सदस्यहरू नै यसका सदस्य हुन्छन् ।

| अन्तर्राष्ट्रिय न्यायालय<br>(The International Court of Justice) | सचिवालय<br>(Secrataraiate) |
| --- | --- |
| अन्तर्राष्ट्रिय न्यायालय सदस्य राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय कानुनको पालना गराउने एक महत्त्वपूर्ण अङ्ग हो । यो अन्तर्राष्ट्रिय अदालत हो ।सदस्य राष्ट्रहरूबिचको कानुनी विवाद सुल्भाउनु यसको प्रमुख कार्य हो । अन्तर्राष्ट्रिय न्यायालयमा फरक फरक राष्ट्रका महासभा र सुरक्षा परिषद्‍बाट निर्वाचित जम्मा १५ जना न्यायाधीशहरू रहन्छन् । यिनीहरूको कार्यकाल जम्मा ९ वर्षको हुन्छ । यस अङ्गको प्रधान कार्यालय हल्यान्डको हेगमा रहेको छ । | सचिवालय संयुक्त राष्ट्रसङ्घको निर्णय कार्यान्वयन गर्नेप्रशासकीय निकाय हो ।सचिवालयको प्रमुखका रूपमा पाँच वर्षका लागि महासभाबाट निर्वाचित महासचिव रहेका हुन्छ । महासचिवलाई सहयोग गर्ने विशेषज्ञ, प्राविधिक र अन्य प्रशासनिक कर्मचारीहरू पनि सचिवालयमा हुन्छन् । सचिवालयले महासभाबाट पारित निर्णयहरूको कार्यान्वयन गर्नुका साथै संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका सबै विशिष्टीकृत संस्थाहरूको परिचालन समेत गर्दछ । |

## क्रियाकलाप

१. कक्षाका सहपाठी सबैलाई छ समूहमा विभाजन गर्नुहोस् र आआफ्नो समूहमा बसी एक समूहले संयुक्त राष्ट्रसङ्घको एक अङ्गका बारेमा परिचयात्मक विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गनुहोस् ।

२. संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टीकृत एजेन्सीले गरेका कार्यका सम्बन्धमा रेडियो, टेलिभिजन तथा पत्र पत्रिकाहरूमा प्रकाशित समाचार तथा लेखहरूको सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. संयुक्त राष्ट्रसङ्घको स्थापना सहयोग पुऱ्याउने विभिन्न घटनाहरूलाई समय रेखामा देखाउनुहोस् ।

२. संयुक्त राष्ट्रसङ्घको स्थापना कसरी भएको थियो ? उल्लेख गर्नुहोस् ।

३. संयुक्त राष्ट्रसङ्घका महासभा र सुरक्षा परिषद्‍को मुख्य कार्यहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

४. संरक्षण परिषद् हाल निष्क्रिय हुनुका कारणहरू उल्लेख गरी आफन्तजनलाई चिठी लेख्नुहोस् ।

# पाठ ३ : संयुक्त राष्ट्रसङ्घ र नेपाल



नेपालले सन् १९४७ मा बेलायतस्थित दूतावासमार्फत संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गर्न पहल गरेको थियो । त्यसपछि सन् १९४८ मा नेपालले सदस्यताका लागि आवेदन दिई सन् १९५५ डिसेम्बर १४ मा सदस्यता प्राप्त गर्‍यो । सदस्यता प्राप्त भइसकेपछि नेपलले सक्रिय सदस्यका रूपमा धेरै काम गरिसकेको छ ।संयुक्त राष्ट्रसङ्घले पनि नेपालको विकासमा सहयोग पुऱ्याउँदै आएको छ। यसका बारेमा हामी छोटो चर्चा गरौँ ।

## संयुक्त राष्ट्रसङ्घमा नेपालले गरेका कार्यहरू



नेपालले सन् १९६८–६९ र १९८८-८९ दुई वर्षका लागि सुरक्षा परिषद्का सदस्य राष्ट्र भई काम गरिसकेको छ। त्यसैगरी नेपाल संयुक्त राष्ट्रसङ्घ महासभाको उपसभापतिको रूपमा नौ पटक (सन् १९५८, १९६८, १९७०, १९७४, १९७५, १९८३, १९८४, १९८८ र २००१. निर्वाचित भई काम गरिसकेको छ। नेपालले संयुक्त राष्ट्र सङ्घको सक्रिय सदस्यका रूपमा विश्वमा रङ्गभेद विरुद्धको विशेष प्रतिवेदन (१९६६) पारित गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। सन् १९६८–६९ सुरक्षा परिषद्का सदस्य राष्ट्र भएका बखत निशस्त्रीकरण तथा आणविक हतियार प्रतीव्रन्धसम्बन्धी प्रतिवेदन पारित गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो । संयुक्त राष्ट्र सङ्घमा क्षेत्रीय शक्ति सन्तुलनका निम्ति चीनको स्थायी सदस्यता तथा महासङ्घमा भूपरिवेष्ठित राष्ट्रको हक अधिकारका सम्बन्धमा भूमिका निर्वाह गरेको छ । वर्तमान सन्दर्भमा जलवायु परिवर्तन तथा समसामयिक चुनौती समाधान गर्न संयुक्त राष्ट्रसङ्घले चालेको कदमहरूमा सक्रिय चासो र सहभागिता रहेको छ ।

नेपालले संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा सन् १९५८ मा पहिलो पटक पर्यवेक्षकको रूपमा सहभागिता जनाएको थियो । सन् १९७८ मा लेवनानको शान्ति सेनामा मिसनमा

आफ्नो सेना पठाएर नेपालले संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा सहभागी पहिलो पटक जनाएको हो । त्यसपछि यसले विश्वका विभिन्न देशहरू जस्तै : इजिप्ट, क्रोसिया, हैटी, सोमालिया, कम्बोडिया, पुर्बी टिमोर र सेरालोनामा आफ्नो सेना र प्रहरी पठाई शान्ति स्थापना गर्न सहयोग पुऱ्याउँदै आएको छ । ती देशहरूमा नेपाली शान्ति सेना तथा प्रहरीका जवानहरूले शान्ति र सुरक्षा कायम गरी अन्तर्राष्ट्रिय जगत्को प्रशंसा समेत बटुलेका छन् ।

नेपालले संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू जस्तै विश्व खाद्य सङ्गठन (FAO), अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन (ILO), संयुक्त राष्ट्र सङ्घीय बालकोष (UNICEF), संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्र सङ्घीय शैक्षिक,वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO), विश्व स्वास्थ्य सङ्गठन (WHO), संयुक्त राष्टसङ्घीय जनसङ्ख्या कोष (UNFPA) आदिको सदस्य भई विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सयुक्त राष्ट्र सङ्घका तत्कालीन महासचिव ड्याग ह्यामरसोल्डको सन् १९६१ मा विमान दुघर्टनामा परी मृत्यु हुँदा त्यस घटनाको छानबिन गर्ने आयोगका अध्यक्ष तत्कालीन नेपाली स्थायी प्रतिनिधि ऋषिकेष शाह नै थिए । यसरी नेपालले अन्तराष्ट्रिय स्तरमा सक्दो सहयोग गरेको छ ।

## संयुक्त राष्ट्रसङ्घले नेपालका लागि गरेका सहयोगहरू

हामीलाई थाहा छ विभिन्न सङ्घ संस्थाले आफ्ना सदस्यहरूको व्यक्तित्व विकासमा सहयोग पऱ्याउँछ । त्यसैगरी संयुक्त राष्ट्रसङ्घले पनि नेपालका लागि ललितपुर जिल्लाको पुल्चोकमा रहेको आफ्नो कार्यालयबाट विविध प्रकारका कार्यक्रमहरू सञ्चालन गरी निम्नलिखित सहयोग पुऱ्याउँदै आएको छ ।

१. नेपालको विकास, लोकतन्त्र एवम् शान्ति सुव्यवस्थामा संयुक्त राष्ट्र सङ्घले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

२. नेपालमा महिला सशक्तीकरण, बालकल्याण, मानव अधिकारको संरक्षण संवर्धनमा संयुक्त राष्ट्र सङ्घले आफ्नो विभिन्न विशिष्टीकृत संस्थाहरूमार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

३. नेपालमा दश वर्षदेखि चल्दै आएको माओवादी द्वन्द्वको अन्त्य गर्न नेपाल सरकारको अनुरोधमा संयुक्त राष्ट्रसङ्घीय नियोग (अनमिन) ले कार्य गरेको थियो । यसले

संविधान सभाको निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न वातावरण निर्माण गर्नुका साथै हतियार व्यवस्थापनको मध्यस्थता समेत गरेको थियो । यसले आफ्नो जिम्मेवारी पूरा गरी फिर्ता भइसकेको छ ।

## क्रियाकलाप

आफ्नो कक्षाका सहपाठी सबैलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटा संस्था पर्ने गरी निम्नानुसारका सङ्घ संस्थाहरूमा रही नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका कार्यहरूका बारेमा समूहमा छलफल गर्नुहोस् र अन्त्यमा समूह नेताले आफ्नो समूहको विषयवस्तु प्रस्तुत गर्नुहोस् ।

१. संयुक्त राष्ट्र सङ्घ र शान्ति सेना

२. संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू

३. दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क )

४. असंलग्न आन्दोलन

## अभ्यास

१. संयुक्त राष्ट्र सङ्घ र नेपालको सम्बन्धबारे प्रस्ट पार्नुहोस् ।

२. आफ्नो समुदायमा शान्ति स्थापना गर्नका लागि हरेक व्यक्तिले खेल्नुपर्ने भूमिका प्रस्ट पार्नुहोस् ।

३. नेपाली सेना र प्रहरीले कुन कुन देशमा शान्ति स्थापना गर्न सहयोग पुऱ्याएको छ, भन्नुहोस् ।

४. के नेपाली सेनाले युद्धग्रस्त विदेशी भूमिमा शान्ति सेनाको रूपमा जानु उपयुक्त हो ? आफ्नो तर्क दिनुहोस् ।

५. नेपालमा संयुक्त राष्ट्रसङ्घले गरेको सहयोग उल्लेख गर्दै एक संवाद तयार पार्नुहोस् ।

## पाठ ४ : कुटनीतिक नियोग


*दोहा स्थित नेपाली राजदूतावास*

अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास र विस्तार गर्न र आपसी सहयोग आदानप्रदान गर्न औपचारिक रूपमा देशको प्रतिनिधित्व गरेर अर्को देशमा रहेको संस्थालाई कुटनीतिक नियोग भनिन्छ । अर्को देशमा रहेका राजदूतावास, महावाणिज्य दूतावास, संयुक्त राष्ट्र सङ्घस्थित स्थायी नियोग जस्ता विदेशी भूमिमा सरकारको प्रतिनिधित्व गर्ने संस्थाहरू नै कुटनीतिक नियोग हुन् । कुटनीतिक नियोगमा सम्बन्धित देशका राजदूत र उनलाई सहयोग गर्ने अन्य कर्मचारीहरू रहेका हुन्छन् । विदेशी मुलुकहरूसँग औपचारिक रूपमा सूचनाहरू आदानप्रदान गर्दा यिनै राजदूतमार्फत गरिन्छ ।यस्ता कुटनीतिक नियोगहरू प्राय: राजधानीमा अवस्थित रहन्छन् ।

- राजदूतावास एक उच्च स्तरीय कुटनीतिक नियोग हो । हाम्रो देशमा ३० विदेशी राष्ट्रहरूले राजदूतावास खोलेका छन् । हाम्रो देशले पनि २६ ओटा देशहरूमा राजदूतावास खोलेको छ । निम्नलिखित विदेशी राष्ट्रहरूले नेपालमा राजदूतावास खोलेको छ :

  १.अस्ट्रेलिया, २.बङ्गलादेश ३.बेल्जियम ४.चीन ५. डेनमार्क ६.इजिप्ट ७.फ्रान्स ८.जर्मनी ९.भारत १०.इजरायल ११.जापान १२. दक्षिण कोरिया १३. म्यानमार १४. मलेसिया १५. पाकिस्तान १६. कतार १७. रुस १८.साउदी अरब १९. श्रीलङ्का २०. थाइल्यान्ड २१. संयुक्त अरब इमिरेट २२. संयुक्त राज्य अमेरिका २३.क्यानाडा २४. कुवेत २५. बहराइन २६. ब्राजिल २७. ओमन २८. दक्षिण अफ्रिका २९. संयुक्त अधिराज्य ३०.स्पेन



**नेपालले निम्नलिखित राष्ट्रहरूमा राजदूतावास खोलेको छ :**

१. अस्ट्रेलिया, २. बङ्गलादेश ३. चीन ४. फिन्ल्याण्ड ५. डेनमार्क ६.इजिप्ट ७. फ्रान्स ८.जर्मनी ९.भारत १०. इजरायल ११. जापान १२. दक्षिण कोरिया १३. म्यानमार १४. मलेसिया १५. पाकिस्तान १६. उत्तर कोरिया १७. रुस १८.साउदी अरब १९. श्रीलङ्का २०. थाइल्यान्ड २१. नर्वे २२. संयुक्त राज्य अमेरिका २३.स्विट्जरल्यान्ड २४.कतार २५. ब्राजिल २६. संयुक्त अधिराज्य

यस्ता राजदूतावास खोल्नका लागि राष्ट्रहरूका बिच व्यापार सम्बन्ध, नागरिकको भ्रमण र शक्ति सन्तुलन आदि जस्ता कुराले प्रभाव पार्दछ । विभिन्न देशहरूमा रहेको हाम्रो राजदूतावासहरूले सम्बन्धित देशमा रहेका नेपालीहरूको सुरक्षा, उनीहरूको गुनासो व्यवस्थापन र समस्याको समाधान गर्ने काम गर्दछ । त्यसैगरी उक्त देशबाट नेपाल घुम्न आउने नागरिकहरूलाई प्रवेशाज्ञा (Visa) दिने काम गर्दछ । नेपालका उच्च पदस्थ व्यक्ति जस्तै राष्ट्रपति, प्रधानमन्त्री मन्त्रीहरू आदिका भ्रमणको व्यवस्थापन गर्दछ । दुई देशबिचमा आपसी सन्धि सम्झौताहरू हुने क्रममा छलफललाई अगाडि बढाउन काम पनि गर्दछ । त्यसैगरी नेपालस्थित विदेशी राजदूतावासहरूले पनि यस्तै खालका कामहरू गर्दछ ।

कुनै राष्ट्रहरूका बिचमा नजिकको सम्बन्ध राख्न आवश्यक नदेखिएको तर सम्बन्ध राख्न इच्छा रहेको अवस्थामा काउन्सिलको स्थापना गरिन्छ । जस्तै नेपालमा क्यानडाको राजदूतावास छैन तर काउन्सिलमात्रै छ । भारतस्थित राजदूतावासले नै काउन्सिलको सहायतामा नेपालमा काम गर्दछ । त्यस्तैगरी कुनै राष्ट्रसँग व्यापारिक सम्बन्ध स्थापित गर्नुपर्ने आवश्यकता भएमा महावाणिज्य दूतावासको स्थापना गरिन्छ ।

विभिन्न तहमा खोलिएका कुटनीतिक नियोगहरूले अर्को देशमा रहेर काम गर्दा कूटनीतिक मूल्य, मान्यता र मर्यादाभित्र रहेर देशको प्रतिनिधित्व गर्नुपर्दछ अन्यथा अर्को देशको स्वाभिमानमा आँच पुग्न सक्छ र यस्तो अवस्थामा दुई देशबिचको सम्बन्ध बिग्रन सक्छ ।

## क्रियाकलाप

१. नेपाल र भारतका बिचमा सदिऔँदेखि एकअर्का देशमा आवतजावत गर्दा प्रवेशाज्ञा लिनुनपर्ने व्यवस्था हालसम्म कायम छ । यो किन गरिएको होला ? यसका राम्रा र नराम्रा पक्षका बारेमा कक्षामा सहपाठीबिच छलफल गर्नहोस् ।

२. हाम्रो छिमेकी मुलुक भारत र चिनका लागि नेपाली राजदूतहरू को को हुनुहुन्छ ? विभिन्न स्रोतहरूबाट सोधखोज गरी लेख्नुहोस् ।

## अभ्यास

१. कुटनीतिक नियोग भनेको के हो ? कुटनीतिक नियोगले गर्ने प्रमुख कार्यहरूको सूची तयार पार्नुहोस् ।

२. विभिन्न देशका राजदूतावासहरूले के कस्ता कामहरू गर्दछन् ? उल्लेख गर्नुहोस् ।

३. विदेशस्थित नेपाली राजदूतावासहरूले के कस्ता कामहरू गर्दछन् ?

४. कुनै समूहको प्रतिनिधि भएर अन्य ठाउँमा बोल्दा किन व्यक्तिगत कुरा गर्नु हुँदैन ? आफ्नो तर्क लेख्नुहोस् ।

५. यदि तपाईँ राजदूत भएर कुनै मित्रराष्ट्रमा जानुभयो भने नेपालको पर्यटन विकासका लागि कस्तो भूमिका निर्वाह गर्नुहुन्थ्यो होला ?

६. समसामयिक सामान्य ज्ञान भनेको के हो ? हाम्रो दैनिक जीवनमा यसको महत्त्व उल्लेख गर्नुहोस् ।

७. विश्वको कुनै एक ठाउँमा भएको घटनाले अर्को ठाउँमा बस्नेलाई कसरी प्रभाव पार्दछ ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

८. समसामयिक घटनाहरूको अध्ययनले हामीलाई हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।

९. सामाजिक अध्ययनमा समसामयिक गतिविधि किन पढ्नुपर्दछ ? आफ्नो तर्क लेख्नुहोस् ।

**१०. तलका अनुच्छेद पढी दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

विश्व हाम्रो साझा घर हो । हामी सबै यस घरका सदस्यहरू हौँ । जसरी एउटा घरभित्र कुनै कोठामा भएको उतार चढावले अर्को कोठामा बस्नेलाई असर पार्दछ,

त्यसरी नै विश्वको कुनै एक ठाउँमा भएको घटनाले अर्को ठाउँमा बस्नेलाई प्रभाव पार्दछ । सञ्चार र यातयातको विकासले गर्दा विश्व साँघुरिँदै गएकाले यस्तो घटनाको प्रभाव छिटो पर्न गएको हो। स्वदेश तथा विदेशमा हुने आर्थिक, सामाजिक, राजनीतिक, खेलकुद, विज्ञान प्रविधि र यस्तै विविध क्षेत्रमा भएका परिवर्तनहरूका बारेमा जानकारी राख्ने काम समसामयिक सामान्य ज्ञान हो। हामीले आफ्नो बौद्धिक विकास गर्न, विभिन्न प्रतियोगितामा आफ्नो क्षमता प्रदर्शन गर्न, देशभरका निम्ति लिइने विभिन्न परीक्षाहरूमा सफलता हासिल गर्न आदिका लागि हामीलाई समसामयिक सामान्य ज्ञानको अध्ययनको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसैले विभिन्न स्रोतहरू (जस्तैः रेडियो, टेलिभिजन, इन्टरनेट, पत्रपत्रिका, फोन आदि)बाट विश्वका हरेक कुनामा घटेका महत्त्वपूर्ण घटनाहरूको जानकारी राख्नुपर्दछ । समसामयिक घटनाहरूको अध्ययनले हामीले निम्नलिखित फाइदाहरू प्राप्त गर्न सक्दछौँ ।

(क) विश्वमा विभिन्न क्षेत्रमा गरिएका खोज, अन्वेषण तथा अनुसन्धानहरूको जानकारी प्राप्त गर्ने र त्यसको जनजीवनमा पर्ने प्रभावप्रति सजक रहने

(ख) राष्ट्रहरूका बिच द्विपक्षीय र बहुपक्षीय सम्बन्धको स्थापना गरी विश्व पर्यटन विश्वभ्रातृत्व, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग विकास गर्ने

(ग) समसामयिक घटनाको जानकारीले व्यक्तिमा ज्ञान, सिप र अभिवृत्तिको विकास गराई परिवर्तित समाजमा सजिलै समायोजन हुन सहयोग गर्ने

(घ) जलवायु परिवर्तन, आर्थिक मन्दी, विभिन्न रोगका महामारी, युद्ध आदि जस्ता विषयवस्तुको जानकारी गराई त्यसबाट बच्च सचेत गराउने

एकाइ नौ

# जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था



## सिकाइ उपलब्धि

- जनसाङ्ख्यिक प्रक्रिया उल्लेख गरी जनसङ्ख्यिक दरहरूको मापन उल्लेख गर्न
- नेपालको बसाइँसराइका कारणहरू उल्लेख गर्न

# पाठ १ : जनसाङ्ख्यिकीको अवधारणा

कुनै निश्चित ठाउँ, सहर गाउँ, जिल्ला, क्षेत्र वा देशभित्र निश्चित समयमा बसोबास गर्ने सबै केटाकेटी, वृद्धवृद्धा, युवायुवती, महिला पुरुषको जम्मा सङख्यालाई जनसङ्ख्या भनिन्छ । यस पाठमा हामीले जनसाङ्ख्यिकीका बारेमा केही जानकारी लिने कोशिस गरौँ ।

जनसाङ्ख्यिकीलाई अङ्ग्रेजीमा डेमोग्राफी (Demography) भनिन्छ । डेमोग्राफी शब्द ग्रिक भाषाबाट आएको हो । ग्रिक भाषामा Demos को अर्थ मानिस र graphy को अर्थ अध्ययन भन्ने हुन्छ । त्यसैले मानव जनसङ्ख्याको अध्ययन गर्ने विषय नै डेमोग्राफी (Demography) हो । जनसाङ्ख्यिकीले जनसङ्ख्याको आकार, बनोट र परिवर्तनका सम्बन्धमा वैज्ञानिक अध्ययन गर्दछ । सर्वप्रथम सन् १६६२ मा बेलायतका विद्वान् जोन ग्रान्ट (John Grount) ले मृत्युदरसम्बन्धी अध्ययन गरी जनसङ्खिकीको विषयमा अध्ययन सुरु गरेका थिए । त्यसैले उनलाई जनसाङ्ख्यिकी विषयका पिता पनि भनिन्छ । जनसाङ्ख्यिकी शब्दको प्रयोग सर्वप्रथम बेल्जियमका नागरिक अकिले गुलार्ड (Achille Guilard) ले गरेका थिए । जनसङ्ख्या व्यवस्थापनका निम्ति जनसाङ्ख्यिकीका बारेमा शिक्षा दिनु आवश्यक हुन्छ । जनसङ्ख्या शिक्षा एक शैक्षिक कार्यक्रम हो । त्यसैले जनसङ्ख्या शिक्षाको विकास सन् १९६०-७० को अवधिमा भएको थियो ।

जनसाङ्ख्यिकीअन्तर्गत मुख्य गरी जन्म, मृत्यु र बसाइँसराइ जस्ता जनसङ्ख्यामा प्रत्यक्ष प्रभाव पार्ने तत्त्वहरूको अध्ययन गरिन्छ । यी तत्त्वहरूले जनसङ्ख्या बढ्ने र घट्ने कुरालाई निर्धारण गर्दछन् । कुनै ठाउँमा जन्मदर वृद्धि हुँदा र अन्य ठाउँबाट मानिसहरू बसाइँ सरेर आउँदा त्यस ठाउँको जनसङ्ख्या बढ्न जान्छ । मानिसहरूको मृत्यु हुँदा र त्यहाँका मानिसहरू बसाइँ सरेर अन्यत्र जाँदा जनसङ्ख्या घट्छ । तसर्थ कुनै ठाउँमा जन्म, मृत्यु र बसाइँसराइका कारण जनसङ्ख्यामा के कस्तो परिवर्तन आयो भनेर अध्ययन गर्नु नै जनसाङ्ख्यिकी हो । यसमा जन्मने दर, मृत्यु हुने दर र बसाइँ सरेर आउने वा जाने दरको गणना गरी विश्लेषण गरिन्छ ।

## जनसाङ्ख्यिकीको अध्ययनका अङ्गहरू

जनसाङ्ख्यिकीको बारेमा बुझ्न यसका निम्नलिखित अङ्गहरूको बारेमा जान्न आवश्यकता पर्दछ :

- **जनसङ्ख्याको तत्त्व, प्रक्रिया र मापनः** जन्म, मृत्यु र बसाइँसराइ जनसाङ्ख्यिकीका तत्त्वहरू हुन् । प्रजनन, मरण र बसाइँ सरी आउने जाने कार्य जनसाङ्ख्यिकीका प्रक्रिया हुन् । जन्मदर, मृत्यदर र बसाइँसराइदर जनसाङ्ख्यिकी मापन हुन् ।

| **तत्त्व** | **प्रक्रिया** | **मापन** |
|---|---|---|
| जन्म | प्रजनन | जन्मदर |
| मृत्यु | मरण | मृत्युदर |
| बसाइँसराइ | बसाइँ सरी जाने, आउने | बसाइँसराइ दर |

- **जनसाङ्ख्यिक तथ्याङ्क :** कुनै खास भौगोलिक क्षेत्र जस्तै देश, जिल्ला, गाउँ सहर आदि क्षेत्रहरूमा जन्मदर, मृत्युदर र बसाइँसराइ, जनसङ्ख्याको वृद्धि आदि विविध पक्षको अध्ययनका लागि जनसाङ्ख्यिक तथ्याङ्कको सहयोग लिनुपर्दछ ।

- **जनसङ्ख्याको वितरण :** कुनै देशको जनसङ्ख्यालाई भौगोलिक तथा प्रशासनिक क्षेत्रको आधारमा गरिने अध्यायन नै जनसङ्ख्याको वितरण हो । जनसङ्ख्याको वितरण सबै ठाउँमा एकैनासको हुँदैन । कुनै क्षेत्रमा जनसङ्ख्या बढी हुन्छ भने कुनै क्षेत्रमा कम हुन्छ । नेपालको हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या कम छ भने तराईमा बढी छ । त्यसैगरी गाउँमा भन्दा सहरमा जनघनत्व बढी छ । तसर्थ जनसाङ्ख्यिकीको अध्ययनमा जनसङ्ख्याको वितरणको अध्ययन आवश्यक हुन्छ ।

- **जनसङ्ख्या वृद्धिका कारणहरू :** जनसङ्ख्या वृद्धिका कारणहरू पहिचान गरी जनसङ्ख्या वृद्धिका कारण उत्पन्न समस्याहरूको पहिचान तथा समाधान गर्न सकिन्छ । त्यसैले जनसङ्ख्या वृद्धिका कारणहरू जनसाङ्ख्यिकीका महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ ।

- **जनसङ्ख्या वृद्धिका परिणाम :** जनसङ्ख्या वृद्धिका कारण विश्वमा अनेकौं प्रकारका समस्या उत्पन्न भएका छन् । यसले खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर, बसोबास आदिमा नकारात्मक असर परेको छ । त्यसैले जनसङ्ख्या वृद्धिका परिणाम जनसाङ्ख्यिकीको अध्ययनमा महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ ।
- **यौन तथा प्रजनन स्वास्थ्य शिक्षा :** महिला र पुरुषबिचको सम्बन्धबाट गर्भधारण गर्नु, गर्भमा बच्चा हुर्काउनु र जन्म दिनुसम्मको प्रक्रियाहरू प्रजननअन्तर्गत पर्दछन् । यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा महिला र पुरुषका बच्चा जन्माउने क्षमता, उमेर, मानिसको शारीरिक संरचना, जन्म निरोध आदि मानव यौन तथा प्रजननसँग सम्बन्धित विषयवस्तुहरू पर्दछन् ।
- **जनसङ्ख्या नीति तथा कार्यक्रम :** प्रत्येक राष्ट्रको आफ्नै नीति तथा कार्यक्रम हुन्छ । त्यस्ता नीति तथा कार्यक्रमले जनसङ्ख्याका विविध पक्षमा प्रत्यक्ष असर पार्दछ । त्यसैले जनसङ्ख्या नीति तथा कार्यक्रम जनसाङ्ख्यिकीको महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ ।

## क्रियाकलाप

१. जनसङ्ख्यामा परिवर्तन ल्याउने तत्त्व, प्रक्रिया र मापनसम्बन्धी धारणा बारेमा छलफल गर्न संवाद तयार पारी कक्षामा छलफल गर्नुहोस् ।

२. जनसाङ्ख्यिकीको अवधारणाबारे कक्षामा सहपाठीहरूसँग छलफल गर्नुहोस् र महत्त्वपूर्ण बुँदाहरू टिप्नुहोस् ।

## अभ्यास

**१. खाली ठाउँ भर्नुहोस् :**

(क) सर्वप्रथम मृत्यु सम्बन्धी अध्ययन ...................... ले गरेका थिए ।

(ख) मृत्युले जनसङ्ख्या .............................गर्दछ ।

(ग) जन्म, मृत्यु र ................ जनसङ्ख्या परिवर्तनका तत्त्व हुन् ।

(घ) जनसङ्खयाको मापनअन्तर्गत जन्मदर, बसाइँसराइ दर र .......... पर्दछन् ।

**२. तलको प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) जनसाङ्ख्यिकी भनेको के हो ?

(ख) जनसाङ्ख्यिकीमा कुन कुन अङ्गहरूको अध्ययन गरिन्छ ? कुनै दुईको सङ्क्षिप्त परिचय दिनुहोस् ।

(ग) जनसङ्ख्या नीति तथा कार्यक्रमले जनसाङ्ख्यिकीमा कस्तो प्रभाव पार्दछ ? छोटकारीमा लेख्नुहोस् ।

(घ) जनसङ्ख्याको तत्त्व, प्रक्रिया र मापनको बारेमा छोटो परिचय दिनुहोस् ।

# पाठ २ : जनसाङ्ख्खिक परिवर्तनका निर्धारकहरू

कुनै पनि स्थानको जनसङ्ख्या स्थिर नभई घटबढ भइरहन्छ ।जनसङ्ख्यामा परिवर्तन ल्याउन जन्म, मृत्यु र बसाइँसराइले प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन् । यिनलाई जनसाङ्ख्यिक परिवर्तनका तत्त्वहरू पनि भनिन्छ । यिनीहरू त्यतिकै परिवर्तन हुँदैनन् । यिनमा परिवर्तन ल्याउन प्राकृतिक, जैविक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक एवम् समसामयिक कुराहरूले भूमिका खेलिरहेका हुन्छन् । ती तत्त्वहरूले जनसाङ्खिकीमा कसरी प्रभाव पार्दछन् भन्ने सम्बन्धमा यस पाठमा बुझ्ने  प्रयास गरौँ ।

**जनसङ्ख्यामा परिवर्तन ल्याउने निर्धारकहरू निम्नलिखित प्रकार छन् :**

## प्रजनन वा प्रजनन दर (Fertility or Fertility Rate)

प्रजनन भन्नाले सन्तान उत्पादन कार्य भन्ने बुझिन्छ । यो जनसङ्ख्या निर्धारणको एक महत्त्वपूर्ण तत्त्व हो । जन्मदर बढी हुँदा जनसङ्ख्या बढ्ने र घट्दा जनसङ्ख्या घट्ने हुन्छ । विभिन्न तत्त्वहरूका कारण प्रजनन दर घटबढ हुन्छ । छिटो विवाह गर्दा धेरै बच्चा जन्मने सम्भावना हुन्छ भने ढिलो विवाह गर्दा कम बच्चा जन्मने सम्भावना हुन्छ । शिशु मृत्युदर बढी भएमा आमाबाबुले केही मर्छन् कि भन्ने डरले धेरै बच्चा जन्माउँछन् । जसले गर्दा जन्मदर बढ्न जान्छ अशिक्षा र जनचेतनाको कमीका कारण परिवार नियोजनका साधनको प्रयोग नगर्नु वा कम गर्नुले पनि जन्मदर बढ्न जान्छ । छोरा पाउने चाहनाले धेरै छोरी जन्माइरहनुले पनि जन्मदर बढ्न जान्छ । कुनै कुनै धार्मिक र सांस्कृतिक मान्यताका कारणले सन्तान जन्मने कार्यलाई रोक्नु हुन्न भन्ने मान्यता राखेमा पनि सो दर स्वतः बढ्न जान्छ । महिलाको स्वास्थ्य, पुरुषत्वको प्रदर्शन, धेरै हात धेरै काम भन्ने मान्यता, कमजोर आर्थिक अवस्था र महिला तथा पुरुषबिचको सम्पर्कका बेला हुने असावधानीले पनि जन्मदरलाई प्रभाव पार्दछ ।

## मरण वा मृत्युदर (Mortality)

जनसाङ्खिकीमा प्रभाव पार्ने अर्को तत्त्व मरण वा मृत्युदर पनि हो । मृत्युदरलाई प्रभाव पार्ने तत्त्वहरू पनि धेरै छन् । मृत्यु प्राकृतिक कुरा भएतापनि  कमजोर स्वास्थ्य अवस्था, रोग र महामारी, राम्रो पोषणको कमी र जोखिमपूर्ण काम तथा पेसामा धेरै संलग्नताका कारणले मृत्युदर बढ्छ । स्वास्थ्य शिक्षाको कमी, तनावमा बाँच्ने, धूमपान र लागु औषधको

प्रयोग, जाड रक्सीको प्रयोग, जथाभावी औषधीको सेवन आदिका कारणले पनि मृत्युदर बढाउँछ । विकसित मुलुकहरूमा भन्दा अल्पविकसित मुलुकहरूमा मृत्युदर बढी देखिन्छ । अशिक्षा, गरिबी, बेरोजगारी आदि यसको मुख्य कारणहरू हुन् ।

### बसाइँसराइ (Migration)

बासोबास गर्ने उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा सर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ । बसाइँसराइ हुनुका धेरै कारणहरू हुन्छन् । महिलाहरू विवाहपश्चात् पतिको घरमा जानुपर्ने हुन्छ । त्यसैगरी मानिसहरू जागिर, कामको खोजी र पेसाका कारण अर्को ठाउँमा बसाइँ सर्ने गर्दछन् । बसाइँसराइमा प्रभाव पार्ने तत्त्वहरू सामान्यतया दुई प्रकारका हुन्छन् । तिनलाई आकर्षण र विकर्षण तत्त्वका रूपमा अध्ययन गरिन्छ । मानिसहरू अर्को स्थानमा भएको सेवा सुविधा र अवसरबाट आकर्षित भएर आफ्नो ठाउँ छाडेर अन्यत्र बसाइँसराइ गर्दछन् । यस्ता सेवा सुविधा र अवसरहरूलाई आकर्षक तत्त्व भनिन्छ । कुनै स्थानमा कठिन जीवन पद्धति, सेवा र सुविधाको कमी कारणले आफ्नो ठाउँ छाडेर अन्यत्र जान्छन् । त्यस्ता तत्त्वहरूलाई विकर्षणका तत्त्व भनिन्छ । हिमाली क्षेत्रबाट तराईमा र गाउँबाट सहरमा हुने बसाइँसराइ यसका उदाहरण हुन् ।

### क्रियाकलाप

१. आफ्नो समुदायको जन्म, मृत्यु र बसाइँसराइको अवस्थाबारे छलफल गरी बुँदा टिपोट गर्नुहोस् ।

२. जन्म, मृत्यु र बसाइँसराइलाई प्रभाव पार्ने तत्त्वहरूको सूची तयार पारी तिनको प्रभावको सम्बन्धमा छलफल गर्नुहोस् ।

## अभ्यास

१. जन्मदरलाई प्रभाव पार्ने तत्त्वहरूको वार्णन गर्नहोस् ।

२. मृत्युदरलाई प्रभाव पार्ने कुराहरूको वर्णन गर्दै एउटा संवाद तयार पार्नुहोस् ।

३. बसाइँसराइलाई के के कुराले कसरी प्रभाव पार्दछ भन्ने कुरा समेटेर एक संवाद तयार पार्नुहोस् ।

४. “विकसित मुलुकहरूमा भन्दा अल्पविकसित मुलुकहरूमा मृत्युदर बढी देखिन्छ ।” यो भनाइलाई कारणसहित पुष्टि गर्नुहोस् ।

# पाठ ३ : जनसाङ्ख्यिक मापन



जन्म, मृत्यु र बसाइँ सराइका दरहरूको गणना गर्ने प्रक्रिया वा विधिलाई जनसाङ्ख्यिक मापन भनिन्छ । कुनै क्षेत्रको जनसङ्ख्याको परिवर्तनको अवस्था कस्तो छ भनी थाहा पाउन जनसङ्ख्या मापन गर्नुपर्छ । वैज्ञानिक मापनपश्चात् मात्र कुनै ठाउँमा जनसङ्ख्याको वृद्धि भइरहेको छ वा घटिरहेको छ भन्ने थाहा हुन्छ । जनसाङ्खिक मापनमा जन्म, मृत्यु र बसाइँसराइको दरहरू पर्दछन् ।

जन्मदर, मृत्युदर र बसाइँसराइको दर पत्ता लगाउन पहिले कुनै खास स्थानको मध्य वर्षको जनसङ्ख्या थाहापाउनुपर्ने हुन्छ । वर्षको पहिलो दिन र अन्तिम दिनको जनसङ्ख्याको औसतलाई नै मध्यवर्षको जनसङ्ख्या मानिन्छ । यसमा वर्षको पहिले दिन अङ्ग्रेजी मिति भए जनवरी १ तारिख र नेपाली मिति भए वैशाख १ गतेलाई मानिन्छ । त्यसै गरी वर्षको अन्तिम दिन अङ्ग्रेजी महिना भए डिसेम्बर ३१ तारिख र नेपाली महिना भए चैत्र ३० लाई मानिन्छ । यसलाई अङ्ग्रेजी मितिको भए जुलाई १ तारिख र नेपाली मिति भए कात्तिक १ गतेको जनसङ्ख्या मानिन्छ । जनसाङ्खिकीको मापन गर्दा मध्यवर्षको जनसङ्ख्याको आधार लिने गरिन्छ ।

$$\text{मध्यवर्षको जनसङ्ख्या} = \frac{\text{जनवरी १ को जनसङ्ख्या} + \text{डिसेम्बर ३१ को जनसङ्ख्या}}{२}$$

## जन्मदर (Birth rate)

जन्मदर भन्नाले १५ देखि ४९ वर्षसम्मका महिलाले जिउँदै जन्माएको शिशुको सङ्ख्यालाई बुझाउँछ । महिलाको प्रजनन क्षमता सामान्यतया १५ वर्षको उमेरमा सुरु हुन्छ र ४९ वर्षको उमेरमा टुङ्गिन्छ । यसलाई महिलाको प्रजनन उमेर भनिन्छ । महिलाको प्रजनन उमेर र जीवित जन्मको शिशुको सङ्ख्यालाई आधार मानेर जन्मदर गणना गरिन्छ । जन्म दर निम्नानुसार निकालिन्छ :

## १.	कोरा जन्मदर (Crude birth rate, CBR)

कुनै खास क्षेत्रमा एक वर्षभित्र एक हजार जनसङ्ख्यामा जन्मेका कुल शिशुहरूको सङ्ख्यालाई कोरा जन्म दर भनिन्छ ।जीवित शिशुहरूको सङ्ख्यालाई १००० को अनुपातमा हिसाब गरी निकालिएको सङ्ख्या नै कोरा जन्म दर हो ।

उदाहरण : वि.सं. २०७६ सालमा कुनै ठाउँको मध्यवर्षको जनसङ्ख्या ४०,००० रहेछ । उक्त ठाउँको १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले कुनै वर्षमा २००जीवित शिशुहरूको जन्म दिएका रहेछ। त्यस ठाउँको कोरा जन्मदर निम्ननुसार निकालिन्छ ।

जीवित शिशुहरूको सङ्ख्या = २००

मध्यवर्षको जनसङ्ख्या = ४०,०००

कोरा जन्मदर (CBR) = ?

सूत्र :

$$\text{कोरा जन्मदर (CBR)} = \frac{\text{वर्षभित्रमा जीवित जन्मेका शिशुहरूको सङ्ख्या (B)}}{\text{त्यस वर्षको मध्यतिरको कुल जनसङ्ख्या (P)}} \times १०००$$

माथिको तथ्याङ्कअनुसार

$$\text{कोरा जन्मदर (CBR)} = \frac{२००}{४००००} \times १०००$$

$$= ५ \text{ जना}$$

उक्त ठाउँको कोरा जन्म दर प्रति एक हजारमा ५ जना रहेछ। अर्थात् उक्त ठाउँमा प्रति एकहजार जनसङ्ख्यामा ५ जना बच्चा जन्मने रहेछन् ।

## २. उमेर विशिष्ट प्रजनन दर (Age specific fertility rate, ASFR)

कुनै खास उमेर समूहका महिलाले एक वर्षभित्रमा जन्मएको शिशुहरूको सङ्ख्यालाई उमेर विशिष्ट प्रजननदर भनिन्छ। जन्मदर सबै उमेरमा एउटै नभई फरक फरक हुन्छ। सामान्यतया महिलाहरूको २० देखि २९ वर्ष उमेर समूहमा जन्मदर उच्च रहेको पईएको छ। उमेर विशिष्ट प्रजननदर गणनाका लागि निश्चित क्षेत्रका बच्चा जन्माउने उमेर समूहका महिलाहरूलाई पाँच पाँच वर्षको उमेरको फरक पारी विभिन्न उमेर समूह बनाइन्छ। त्यसपछि प्रत्येक उमेर समूहको छुट्टा छुट्टै प्रजनदर निकालिन्छ। यसमा निश्चित क्षेत्रका निश्चित उमेर समूहका प्रति एक हजार महिलाले एक वर्षमा कति बच्चा जन्माएका रहेछन् भनी जान्न सकिन्छ। निम्नलिखित सूत्र प्रयोग गरी उमेर विशिष्ट प्रजननदर निकालिन्छ।

$$\text{उमेर विशिष्ट प्रजननदर (ASFR)} = \frac{\text{एक वर्षमा एक खास उमेर समूहका महिलाले जन्माएको जीवित शिशुहरूको सङ्ख्या (B)}}{\text{त्यस वर्षको मध्यतिरको सोही उमेर समूहको कुल महिलाहरूको सङ्ख्या (P)}} \times १०००$$

### कुल प्रजननदर (Total fertility rate, TFR)

उमेरअनुसारको जन्मदरको योगलाई कुल प्रजननदर भनिन्छ। कुल प्रजननदर खास स्थानमा बस्ने १५ देखि ४९ वर्ष सम्मका प्रति महिलाले आफ्नो सो उमेरभित्र बच्चा जन्माउने दर हो। यसले सामान्यतया उक्त क्षेत्रका महिलाले आफ्नो बच्चा जन्माउने उमेरमा कति बच्चा जन्माउने रहेछन् भन्ने देखाउँछ। यसका लागि प्रत्येक विशिष्ट प्रजननदरलाई जोडेर उमेरको वर्गान्तर ५ ले गुणा गरिन्छ र १००० ले भाग गरिन्छ।५ ले गुणा गर्नुको अर्थ पाँच पाँच वर्षको उमेरको फरक निकालिएकाले हो। जस्तै,

$$\text{कुल प्रजननदर (TFR)} = \frac{\text{उमेर विशिष्ट प्रजननदरहरूको योग}}{१०००} \times ५$$

## क्रियाकलाप

१. स्थानीय समुदायको खास क्षेत्रभित्रको सर्वेक्षण गरी विभिन्न उमेर समूहका महिलाले गत एक वर्षभित्र जन्म दिएका शिशुहरूको सङ्खया निकाली तलको तालिकामा भर्नुहोस् । त्यसपछि उक्त समुदायको कोरा जन्मदर, उमेर विशिष्ट प्रजननदर र कुल प्रजननदर निकाल्नुहोस् :

| उमेर समूह | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४४-४९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| महिलाको सङ्ख्या | | | | | | | | |
| जीवित जन्म भएको शिशुको सङ्ख्या | | | | | | | | |
| उमेर विशिष्ट प्रजननदर | | | | | | | | |

२. आफ्नो समुदायमा जन्मदर बढी हुनाका कारणहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. मानौँ वि. सं. २०७५ सालमा पुतलीबजार नगरपालिकाको ११ नं वडामा ३०० जना शिशुको जन्म भएको रहेछ । उक्त वर्ष त्यहाँको जनसङ्ख्या १०,००० रहेछ भने उक्त वडाको कोरा जन्म दर कति होला पत्तालगाउनुहोस् ।

२. मानौँ वि.सं. २०७६ सालमा कुनै एक गाउँपलिका महिलाहरूको कुल उमेर विशिष्ट प्रजननदर ६०० रहेछ भने त्यहाँका महिलाको कुल प्रजनन दर कति होला ?

३. तलका जन्मदरहरूको छोटो परिचय दिनुहोस् :

(क) कोरा जन्मदर (ख) कुल प्रजनन दर

(ग) उमेर विशिष्ट प्रजनन दर

# पाठ ४ : मृत्युदरको मापन

कुनै प्राणीले यस पृथ्वीमा जन्म लिएपश्चात् उसका जीवित प्रमाणहरू (जस्तैः रक्त सञ्चार, श्वासप्रश्वास, चाल आदि) सधैँलाई लोप भएर जानुलाई मृत्यु भनिन्छ ।मृत्युलाई जनसाङ्ख्यिक प्रक्रियाको दोस्रो महत्त्वपूर्ण तत्त्व मानिन्छ। कुनै ठाउँको मृत्युको अवस्थालाई विश्लेषण गर्न मृत्युदरको मापन गर्नुपर्दछ । मुख्य गरी मृत्युदरका मापनहरू निम्नअनुसार निकालिन्छ ।

## १. कोरा मृत्युदर (Crude Death Rate)

कुनै क्षेत्रमा एक वर्षभित्रमा प्रतिहजार जनसङ्ख्यामा मर्ने व्यक्तिहरूको सङ्ख्यालाई कोरा मृत्युदर भनिन्छ । यो मत्यदुर मापन गर्ने सर्वाधिक सरल विधि हो । कोरा मृत्युदर गणना गर्न कुनै क्षेत्रमा एक वषभित्रमा मर्ने व्यक्तिहरूको सङख्या र मध्यवर्षको जनसङख्या आवश्यक पर्दछ । कोरा मृत्युदरको गणनाका लागि निम्नलिखित सूत्रको प्रयोग गरिन्छ :

$$\text{कोरा मृत्युदर (CDR)} = \frac{\text{कुनै ठाउँमा वर्ष भित्रमा मर्ने व्यक्तिहरूको सङ्ख्या (D)}}{\text{त्यस वर्षको मध्यतिरको कुल जनसङ्ख्या (P)}} \times १००० $$

## २. शिशु मृत्युदर (Infant Mortality Rate)

कुनै क्षेत्रमा एक वर्षभित्र प्रतिहजार जिउँदै जन्मेका शिशुहरूमध्ये सोही वर्षका शिशुहरूको मृत्यु सङ्ख्यालाई शिशु मृत्युदर भनिन्छ। शिशु मृत्युदर मापनको निम्ति निम्न सूत्र प्रयोग गरिन्छ।

$$\text{शिशु मृत्युदर} = \frac{\text{कुनै एक वर्ष भित्रमा मृत्यु हुने एकवर्षभन्दा कम उमेरका शिशुहरूको सङ्ख्या}}{\text{त्यस वर्षको जीवित जन्मेका शिशुहरूको कुल सङ्ख्या}} \times १००० $$


## ३. उमेर विशिष्ट मृत्युदर (Age specific death rate, ASDR)

कुनै खास उमेरका प्रतिहजार जनसङ्ख्यामा मर्नेहरूको सङ्ख्यालाई उमेर विशिष्ट मृत्युदर भनिन्छ । यो कोरा मृत्युदर भन्दा परिष्कृत हुन्छ । मानिसको मृत्यु एकै उमेरमा नभई फरक फरक उमेरमा हुन्छ । उमेर विशिष्ट मृत्युदर गणनाका लागि निश्चित क्षेत्रका जनसङ्ख्यालाई पाँच पाँच वर्षको उमेरको फरक पारी विभिन्न उमेर समूह बनाइन्छ । त्यस पछि प्रत्येक उमेर समूहको छुट्टा छुट्टै मृत्युदर निकालिन्छ । निम्नलिखितसूत्र प्रयोग गरी उमेर विशिष्ट प्रजननदर निकालिन्छ :

$$\text{उमेर विशिष्ट मृत्युदर (ASDR)} = \frac{\text{कुनै ठाउँमा कुनै वर्षमा कुनै खास उमेरमा मर्ने व्यक्तिहरूको सङ्ख्या}}{\text{त्यस ठाउँको मध्यवर्षको सोही उमेरका व्यक्तिको कुल जनसङ्ख्या}} \times १०००$$

### क्रियाकलाप

१. तलका चित्रको अध्ययन गरी मृत्यहुने कारणहरूको सूची बनाउनुहोस् ।

| | |
|---|---|
|  |  |
|  |  |

## अभ्यास

१. मानौँ वि. सं. २०७५ सालमा पोखरा महानगरपालिकाको १२ नं वडामा ३०० जना मानिसको मृत्यु भएको रहेछ । उक्त वर्ष त्यहाँको जनसङ्ख्या १०,००० रहेछ भने उक्त वडाको कोरा मृत्युदर कति होला,पत्तालगाउनुहोस् ।

२. मानौँ वि.सं. २०६९ सालमा कुनै एक गाउँपलिकामा ५०देखि ५४ वर्ष उमेर समूहका मानिसहरूको कुल सङ्ख्या ६०,००० रहेछ र सोही उमेर समूहका ६०० मानिसहरूको मृत्यु भएको रहेछ भने त्यहाँका उमेर विशिष्ट मृत्युदर कति होला?

३. तलका मृत्युदरहरूको छोटो परिचय दिनुहोस् :

(क) कोरा मृत्युदर

(ख) शिशु मृत्युदर

(ग) उमेर विशिष्ट मृत्युदर

# पाठ ५ : बसाइँसराइ दरको मापन

आफू बसेको ठाउँ छोडेर अर्को क्षेत्रमा बसोबासका लगि जाने प्रक्रिया नै बसाइँसराइ हो । बसाइँसराइ मुख्यतया आन्तरिक र बाह्य गरी  दुईप्रकारको हुन्छ । एउटै देशभित्र एक ठाउँबाट अर्कोठाउँमा भएको बसाइँसराइलाई आन्तरिक बसाइँसराइ भनिन्छ भने एक देशबाट अर्को देशमा हुने बसाइँसराइलाई बाह्य बसाइँसराइ भनिन्छ।  त्यसैगरी अन्यत्रबाट बसाइँ सरेर आउनेलाई आप्रवासन् र अन्यत्र बसाइँ सरेर जानेलाई उत्प्रवासन्  भनिन्छ । कुनै खास क्षेत्रमा एक वर्षभित्र अन्यत्रबाट बसाइ सरेर आउने र त्यस स्थानबाट बसाइँ सरेर अन्यत्र जाने व्यक्तिहरूको सङ्ख्याको  विश्लेषण गर्न बसाइँसराइदरको मापन गरिन्छ । बसाइँसराइका केही  मापकहरू निम्नानुसार निकालिन्छ :

१. **भित्री बसाइँसराइ दर (In-migration rate, IMR) :** कुनै खास स्थानमा प्रति एक हजार जनसङ्ख्यामा अन्यत्रबाट एक वर्षभित्र बसाइँ सरी आउने जनसङ्ख्यालाई भित्री बसाइँसराइ दर भनिन्छ । यसको मापन निम्नलिखित सूत्रअनुसार गरिन्छ :

$$\text{भित्री बसाइँसराइ दर (IMR)} = \frac{\text{खास स्थानमा एक वर्षभित्र बसाइँ सरी आउने मानिसको सङ्ख्या}}{\text{सो स्थानको मध्यवर्षको कुल जनसङ्ख्या}} \times १००० $$

**उदाहरण :**

मानौँ कुनै एउटा सहरमा  वि.सं. २०७२ मा  २००० जना अन्यत्रबाट बसाइँ सरी आएछन् । उक्त सहरको मध्यवर्षको कुल जनसङ्ख्या ४०,००० रहेछ भने उक्त स्थानको आप्रवासन् दर यसप्रकार निकालिन्छ ।

यहाँ,  बसाइँ सरी आउनेको सङ्ख्या = २०००

मध्यवर्षको कुल जनसङ्ख्या =  ४०,०००

भित्री बसाइँसराइ दर = ?

$$\text{भित्री बसाइँसराइ दर (IMR)} = \frac{\text{खास स्थानमा एक वर्षभित्र बसाइँ सरी आउने मानिसको सङ्ख्या}}{\text{सो स्थानको मध्यवर्षको कुल जनसङ्ख्या}} \times १००० $$

$$\text{भित्री बसाइँसराइदर (IMR)} = \frac{२,०००}{४०,०००} \times १००० $$

$$= ५० \text{ जना}$$

उक्त सहरमा १ वर्ष भित्रमा प्रति एक हजारमा ५० जना बसाइ सरेर आउने रहेछन् ।

२. **बाह्य बसाइँसराइ दर** (Out migration rate, OMR ) : कुनै स्थानबाट एक वर्षमा प्रति एक हजार जनसङ्ख्यामा अन्यत्र बसाइ सरेर जाने मानिसहरू सङ्ख्यालाई बाह्य बसाइँसराइ दर भनिन्छ । यसको मापन निम्नलिखित सूत्रअनुसार गरिन्छ :

$$\text{बाह्य बसाइँसराइ दर (OMR)} = \frac{\text{खास स्थानबाट एक वर्षभित्र बसाइँ सरी गएका मानिसको सङ्ख्या}}{\text{सो स्थानको मध्यवर्षको कुल जनसङ्ख्या}} \times १०००$$

**उदाहरण :**

मानौं ४०,००० जनसङ्ख्या भएको कुनै एउटा गाउँबाट वि.सं. २०७५ सालमा १००० जना बसाइँ सरेर अन्यत्र गएछन् भने उक्त गाउँको बाह्य बसाइँसराइ दर निम्नानुसार निकालिन्छ ।

$$\text{बाह्य बसाइँसराई दर (OMR)} = \frac{\text{खास स्थानबाट एक वर्षभित्र बसाइँ सरी गएका मानिसको सङ्ख्या}}{\text{सो स्थानको मध्यवर्षको कुल जनसङ्ख्या}} \times १०००$$

$$\text{बाह्य बसाइँसराइ दर (OMR)} = \frac{१,०००}{४०,०००} \times १०००$$

$$= २५ \text{ जना}$$

उक्त गाउँबाट १ वर्ष भित्रमा प्रति एक हजारमा २५ जना बसाइँ सरेर गएका रहेछन् ।

३. **कुल बसाइँसराइ दर (Gross migration rate, GMR)** : कुनै स्थानमा एकवर्षको प्रति एक हजार जनसङ्ख्यामा अन्यत्रबाट बसाइँ सरेर आउने र अन्यत्र बसाइँ सरेर जाने मानिसहरूको कुल सङ्ख्यालाई कुल बसाइँसराइ दर भनिन्छ । कुल बसाइँसराइदर निम्नलिखितसूत्र प्रयोग गरी निकालिन्छ :

कुल बसाइँसराइ दर (GMR)=

$$\frac{\text{खास स्थानमा एक वर्षभित्र आएकाहरूको सङ्ख्या + बाहिर गएकाहरूको सङ्ख्या}}{\text{सो स्थानको मध्य वर्षको कुल जनसङ्ख्या}} \times १०००$$

## ४. खुद बसाईंसराइ दर (Net migration rate, NMR)

कुनै स्थानमा एकवर्षको प्रति एक हजार जनसङ्ख्यामा अन्यत्रबाट बसाइँ सरेर आउने र अन्यत्र बसाइँ सरेर जाने मानिसहरूको कुल सङ्ख्याबिचको फरकलाई खुद बसाइँसराइ दर भनिन्छ । खुद बसाइँसराइ दर निम्नलिखित सूत्र प्रयोग गरी निकालिन्छ :

खुद बसाइँसराइ दर (NMR)=

$$\frac{\text{खास स्थानमा एक वर्षभित्र आएकाहरूको सङ्खया - बाहिर गएकाहरूको सङ्ख्या}}{\text{सो स्थानको मध्य वर्षको कुल जनसङ्ख्या}} \times १०००$$

## क्रियाकलाप

१. प्रत्येक नागरिकले नियमित रूपमा स्थानीय गाउँपालिका र नगरपालिकामा जन्म, मृत्यु र बसाइँसराइ दर्ता गराउनुपर्दछ । सो बारेमा जनचेतना जगाउन पोस्टर वा पम्पलेट तयार पारी समुदायमा प्रचार गर्नुहोस् र त्यसको प्रभाव के रहयो पत्ता लगाई एक प्रतिवेदन तयार पार्नुहोस् ।

२. कक्षामा छलफल गरी बसाईंसराइका कारणहरू त्यसका समाधानका उपायहरू पत्ता लगाउनुहोस् ।

## अभ्यास

१. भित्री बसाइँसराइको दर र बाह्य बसाइँसराइको दरका बिचको फरक छुट्याउनुहोस् ।

२. मानौँ कुनै एक नगरपालिकामा २०७१ सालको मध्यवर्षको जनसङ्ख्या ८०,००० थियो । सो वर्ष उक्त नगरपालिकामा ४,००० मानिस बसाइँ सरेर आएछन् र १५०० मानिस बसाइ सरेर बाहिर गएछन् भने उक्त नगरपालिकाको कुल बसाइँसराइदर र खुद बसाइँसराइदर निकाल्नुहोस् ।

३. मानौँ कुनै सहरमा २०७२ भित्र ३६००० जना अन्यत्रबाट बसाइम सरी आएछन् । उक्त सहरको सो वर्षको मध्यतिरको कुल जनसङ्ख्या ६०,००० रहेछ भने उक्त स्थानको भित्री बसाइँसराइको दर निकान्नुहोस् ।

४. वि.सं.२०६८ सालमा कुनै गाउँपालिकाको मध्यवर्षको जनसङ्ख्या १४००० थियो । त्यही वर्ष त्यस गाउँपालिकाबाट१०५० जना अन्त्रय बसाइँसरेर गएभने त्यस गाउँपालिकाको बाह्य बसाइँसराइ दर  कति होला, पत्ता लगाउनुहोस् ।

## सामुदायिक कार्य

तपाईंको  गाउँ/टोलबाट गत एक वर्षभित्र बसाइँसराइ गरी कति व्यक्ति बाहिर गएका थिए, त्यसको तथ्याङ्क सङ्कलन गरी बसाइँसराइ गर्नाका कारणहरू के के थिए, पत्ता लगाई छोटो प्रतिवेदन तयार पार्नुहोस्  ।

# पाठ ६ : नेपालको जनसङ्ख्याको बनोट

आवश्यकताअनुसार जनसङ्ख्यालाई लिङ्ग, उमेर, जाति, भाषा, धर्म, साक्षरता, पेसा, बसोबास क्षेत्र आदिका आधारमा विभाजन गर्न सकिन्छ। जनसङ्ख्याको यस्तो समूहलाई जनसङ्ख्याको बनोट भनिन्छ । जनसङ्ख्याको बनोटले समाज र समुदायको यर्थाथ वस्तुस्थितिको चित्रण गर्दछ। यसले राष्ट्रको गतिविधिमा पनि प्रत्यक्ष प्रभाव पार्दछ। त्यसैले जनसङ्ख्याको अध्ययनमा लिङ्ग, उमेर, जाति, भाषा, धर्म, साक्षरता, पेसा, बसोबास क्षेत्र आदिको आधारमा तथ्याङ्क सङ्कलन गर्न जरुरी छ।

- **लिङ्गअनुसारको जनसङ्ख्याको बनोट :** लिङ्गको आधारमा जनसङ्ख्यालाई तीन समूहमा विभाजन गरिएको छ। त्यसमा महिला, पुरुष र तेस्रो लिङ्गी पर्दछन्। वि.सं. २०६८को जनगणनाअनुसार महिला र पुरुषको लैङ्गिक अनुपात ९४.१६ थियो । कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये १,२८,४९,०४१ महिला र १,३६,४५,४६३ पुरुष थियो।

- **उमेरअनुसारको जनसङ्ख्याको बनोट :** सामान्यतया उमेरअनुसार मानिसलाई शिशु, बालक, युवा, प्रौढ र वृद्ध गर विभाजन गर्ने चलन छ। नेपालमा पेसागत क्षमताको आधारमा जनगणना गर्ने क्रममा ०-१४, १५-५९ र ६० वर्ष भन्दा बढी गरी तीन समूहमा विभाजन गरी तथ्याङ्क सङ्कलन गरिन्छ। वि.सं. २०६८को जनगणनाअनुसार उमेरअनुसार जनसङ्ख्याको बनोट तालिकामा प्रस्तुत गरिएको छ।

| उमेरअनुसार जनसङ्ख्याको बनोट, २०६८ | | |
|---|---|---|
| उमेर समूह | जनसङ्ख्या | प्रतिशत |
| ० देखि १४ वर्ष | ९२,४६,९४६ | ३६.३१ |
| १५ देखि ५९ वर्ष | १,५०,९१,८४८ | ५२.०९ |
| ६० भन्दा माथि | २१,५४,७१० | ११.६० |
| जम्मा | २,६४,९४,५०४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

- **धर्मअनुसार जनसङ्ख्याको बनोट :** वि.सं.२०६८ को जनगणनाअनुसार नेपालमा हिन्दु धर्म मान्नेहरू ८१.३ प्रतिशत छन् । यो अन्य धर्म मान्नेहरूको सङ्ख्याभन्दा निकै धेरै छ । त्यसपछि बौद्ध धर्म मान्नेहरू ९प्रतिशत छन् भने मुस्लिम धर्म मान्नेहरू ४.४ प्रतिशत छन् र अन्य धर्म मान्नेहरू त्यो भन्दा पनि कम रहेको पाइन्छ ।

| धर्मअनुसार जनसङ्ख्याको बनोट, २०६८ | | | | | |
|---|---|---|---|---|---|
| धर्म | **जनसङ्ख्या** | **प्रतिशत** | **धर्म** | **जनसङ्ख्या** | **प्रतिशत** |
| हिन्दु | २,१५,५१,४९२ | ८१.३ | बौद्ध | २३,९६,०९९ | ९.० |
| इस्लाम | ११,६२,३७० | ४.४ | किरात | ८,०७,१६९ | ३.१ |
| क्रिस्चियन | ३,७५,६९९ | १.४ | प्राकृत | १,२१,९८२ | ०.५ |
| | | | अन्य | ७९,६९३ | ०.३ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

- **मातृभाषाअनुसारको जनसङ्ख्या बनोट :** वि.सं.२०६८ को जनगणनाअनुसार नेपालमा हाल १२३ भाषाभाषी रहेको छ। नेपालमा मातृभाषाअनुसारको जनसङ्ख्या बनोट निम्नलिखित तालिकामा देखाइएबमोजिम छ :

| **मातृभाषाअनुसारको जनसङ्ख्या बनोट,२०६८** | | |
|---|---|---|
| **मातृभाषा** | **जनसङ्ख्या** | **प्रतिशतमा** |
| नेपाली | १,१८,२६,९५३ | ४४.६ |
| भोजपुरी | १५,८४,९५८ | ६.० |
| तामाङ | १३,५३,३११ | ५.१ |

| | | |
|---|---|---|
| मगर | ७,८८,५३० | ३.० |
| उर्दु | ६,९१,५४६ | २.६ |
| अन्य | ३१,९९,०४९ | १२.० |
| मैथिली | ३,०९,५८० | ११.७ |
| थारु | १५,२९,८७५ | ५.८ |
| नेवारी | ८,४६,४५७ | ३.२ |
| डोटेली | ७,८७,८२७ | ३.० |
| बज्जिका | ७,९३,४१८ | ३.० |
| जम्मा | २,६४,९४५०४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

- **जातजातिअनुसार नेपालको जनसङ्ख्या बनोट :** वि.सं.२०६८ को जनगणानाअनुसार नेपालमा हाल १२५ जातजाति रहेको छ। नेपालमा जातजातिअनुसारको जनसङ्ख्या बनोट निम्नलिखित तालिकामा देखाइएबमोजिम छ :

| जातजातिअनुसार नेपालको जनसङ्ख्या बनोट | | | |
|---|---|---|---|
| **जाति समूह** | **जनसङ्ख्या (प्रतिशतमा)** | **जाति समूह** | **जनसङ्ख्या (प्रतिशतमा)** |
| क्षेत्री | १६.६ | यादव | ४.० |
| बाहुन | १२.२ | मुसलमान | ४.४ |
| मगर | ७.१ | राई | २.३ |

| | | | |
|---|---|---|---|
| थारु | ६.६ | गुरुङ | २.३९ |
| नेवार | ५.० | दमाइँ | १.७२ |
| तामाङ | ५.८ | लिम्बु | १.५८ |
| कामी | ४.८ | सार्की | १.४० |
| अन्य | २४.४२ | जम्मा | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग,सन् २०१२*

- **साक्षरताको आधारमा जनसङ्ख्याको बनोट :** साक्षरताका आधारमा जनसङ्ख्याको अध्ययन गर्दा छ वर्ष उमेरभन्दा माथिको जनसङ्ख्यालाई समावेश गरिएको हुन्छ । नेपालमा वि.सं २०६८ को जनगणनाअनुसार साक्षरता प्रतिशत ६५.९ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ७५.५१ र महिला साक्षरता दर ५७.४ छ ।
- **पेसाको आधारमा जनसङ्ख्याको बनोट :** पेसाको आधारमा जनसङ्ख्यालाई विभिन्न समूहमा वर्गीकरण गर्न सकिन्छ । नेपालमा पेसाको आधारमा जनसङ्ख्याको वर्गीकरण निम्नअनुसार गर्न सकिन्छ :

| नेपालमा जनसङ्ख्याको पेसाको बनोट २०६८ | | | | |
|---|---|---|---|---|
| पेसा | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | वि.सं. २०४८ | वि.सं. २०५८ | वि.सं. २०४८ | वि.सं. २०५८ |
| कृषि | ८१.१० | ५९.६१ | २३.८० | ३८.१६ |
| गैरकृषि | १८.६२ | ४०.४७ | ७५.६ | ६१.७४ |
| पेसा नखुलेको | ०.२८ | ०.०८ | ०.६ | ०.१० |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५० र २०६०*

## क्रियाकलाप

१. पाठमा दिइएको विषयवस्तुका आधारमा उमेरअनुसारको जनसङ्ख्याको बनोटलाई वृत्तचित्र वा चक्रचित्रमा प्रस्तुत गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. धर्मअनुसार जनसङ्ख्याको बनोटको तालिकामा दिइएको तथ्याङ्क समूहमा छलफल गरी विश्लेषण गर्नुहोस् ।

## अभ्यास

१. पुरुष साक्षरता दर भन्दा महिला साक्षरता दर किन कम भएको होला ? तर्कसहित वर्णन गर्नुहोस् ।

२. ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा कृषिमा आबद्ध जनसङ्ख्या कमहुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

३. मातृभाषाअनुसारको जनसङ्ख्या बनोट छोटकरीमा व्याख्या गर्नुहोस् ।

४. तपाईँको समुदायको जनसङ्ख्याको बनोट कस्तो छ ? बयान गर्नुहोस् ।

# पाठ ७ : नेपालमा जनसङ्ख्याको वितरण

नेपाललाई प्राकृतिक रूपमा तीनओटा भौगोलिक क्षेत्रहरूमा विभाजन गरिएको छ । त्यसैगरी प्रशासनिक रूपमा ७ प्रदेश ७७ जिल्ला र ७५३ स्थानीय निकायमा विभाजन गरिएको छ । देशको कुल जनसङ्ख्यालाई यीनै प्राकृतिक तथा प्रशासनिक विभाजनको आधारमा वितरण गरी अध्ययन गरिन्छ । यसैलाई नै जनसङ्ख्याको वितरण भनिन्छ । तसर्थ कुनै प्राकृतिक तथा प्रशासनिक क्षेत्रमा बसोबास गर्ने जम्मा जनसङ्ख्यालाई जनसङ्ख्याको वितरण भनिन्छ ।

## भौगोलिक क्षेत्रका आधारमा जनसङ्ख्या वितरण

नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । भौगोलिक क्षेत्रका आधारमा नेपालको जनसङ्ख्यालाई निम्नअनुसार वितरण गरी अधययन गरिन्छ :

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण २०६८**

| क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिमाल | १७,८१,७९२ | ६.७३ |
| पहाड | १,१३,९४,००७ | ४३.०१ |
| तराई | १,३३,१८,७०५ | ५०.२७ |
| जम्मा | २,६४,९४,५०४ | १००.०० |


*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

प्रस्तुत तालिकाअनुसार नेपालको जनसङ्ख्या तराई प्रदेशमा धेरै र हिमाली प्रदेशमा थोरै देखिन्छ । तराईको जनसङ्ख्या एक करोड ३३ लाख १८ हजार सात सय पाँच रहेको छ । पहाडी क्षेत्रमा एक करोड १३लाख ९४ हजार सात र हिमाली प्रदेशमा १७लाख ८१ हजार सात सय बयानब्बे जनसङ्ख्या मात्र रहेको छ । हिमाली प्रदेशको भूबनोट अत्यन्त विकट

र बाँझो जमिनले भरिएको हुनाले त्यहाँको जनसङ्ख्या न्यून रहेको हो । तराई प्रदेशमा उर्वरा र समथर भूमि भएका कारणले हिमाली र पहाडी प्रदेशबाट तराईतर्फ बसाइँ सर्ने क्रम तीव्ररूपमा भइरहेको देखिन्छ । यसले गर्दा हिमाली र पहाडी प्रदेशको जनसङ्ख्या घट्दै जाने र तराईको जनसङ्ख्या बढ्दै जाने क्रम देखिन्छ ।

## ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण

प्राकृतिक विभाजनजस्तै प्रशासनिक विभाजन तथा बस्तीका आधारमा पनि जनसङ्ख्याको वितरणलाई अध्ययन गर्न सकिन्छ । नेपालको कुल जनसङ्ख्यालाई ग्रामीण र सहरी क्षेत्रको आधारमा वितरण गरी हेर्न सकिन्छ । त्यसैलाई ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण भनिन्छ । नेपालमा ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण निम्नलिखित तालिकाबाट प्रस्ट पार्न सकिन्छ :




| ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण, वि.सं. २०४८-२०६८ | | |
|---|---|---|
| **वर्ष** | **ग्रामीण** | **सहर** |
| २०४८ | ९०.४९ | ९.५१ |
| २०५८ | ८५.८ | १४.२ |
| २०६८ | ८२.९३ | १७.०७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

नेपालमा विगत ३ दशकको जनसङ्ख्यालाई हेर्ने हो भने ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या घट्दो क्रममा देखिन्छ भने सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या बढ्दो क्रममा देखिन्छ । सहरी क्षेत्रमा सुविधा र अवसरहरू बढी हुने हुनाले गाउँबाट सहरतर्फ बसाइँ सर्ने क्रम बढेको छ भने । त्यसै गरी सहर नजिकका र सदरमुकाम रहेका गाउँहरूलाई विभिन्न सुविधाहरू पुऱ्याई नगरपालिका घोषणा गर्नेक्रम बढेको हुनाले पनि सहरको जनसङ्ख्या बढ्दै गएको देखिन्छ ।

### क्रियाकलाप

१. पाठमा दिइएको तथ्याङ्कको आधारमा भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्याको वितरणलाई वृत्तचित्र वा चक्रचित्रमा प्रस्तुत गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. जनसङ्ख्याको वितरण किन समान नभएको होला समूहमा बसी छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरणबारे वर्णन गर्नुहोस् ।

२. ग्रामीण क्षेत्रमा जनसङ्ख्या घट्दै जानुका कारणहरू उल्लेख गर्नुहोस् ।

३. तपाईंको समुदायको जनसङ्ख्याको बनोट कस्तो छ ?

**पाठ ८ :** 

# नेपालमा बसाइँसराइ

| विकर्षण तत्त्व | | आकर्षक तत्त्व |
|---|---|---|
| खेतीयोग्य जमिनको कमी | | उर्वर खेतीयोग्य जमीन |
| प्राकृतिक प्रकोप(बाढी, पहिरो, भुँइचालो आदि) |  | शिक्षा, स्वस्थ्य तथा यातायातको सुविधा |
| शिक्षा, स्वस्थ्य तथा यातायातको कमी | | शान्ति सुरक्षा |
| असुरक्षा | | रोजगारीको अवसर |
| रोजगारीको अवसरको कमी | | महिलाहरूको वैवाहिक सम्बन्ध |
| सामाजिक दमन | | |
| अशान्ति र द्वन्द्व | | |

**माथिको चित्र हेरेर निम्नलिखित प्रश्नहरूमा आधारित भई कक्षामा छलफल गरौं :**

(क) मासिहरू कतातिर बसाइँ सरिरहेको छ ?

(ख) कस्ता ठाउँ छोडेर मानिस बसाइँ सर्दा रहेछन् ?

(ग) किन मानिसहरू बसाइँ सर्दछन् ?

(घ) आकर्षक तत्त्व भनेको के हो?

(ङ) तपाईंको क्षेत्रका आकर्षक र विकर्षक तत्त्वहरू के के होलान्?

मानिसहरू एक स्थानबाट अर्कोस्थानमा बसोबास गर्न जानुलाई बसाइँसराइ भनिन्छ । मानिसहरू आफ्नो वासस्थान छाडेर बसाइँ सर्नुका धेरै कारणहरू हुन सक्दछन् । ती

कारणहरूलाई आकर्षक र विकर्षणका तत्त्वहरूले प्रभाव पार्दछन् । अर्को ठाउँमा भएको सेवासुविधा र अवसर जस्ता आकर्षक तत्त्वहरूका प्रभावका कारण मानिस आफ्नो बासस्थान छाडेर त्यसतर्फ बसाइँ सर्दछन् । सहरी क्षेत्रहरूमा भइरहेको तीव्र जनसङ्ख्या वृद्धिको मुख्य कारण त्यहाँ भएको सेवा सुविधा र आयआर्जनको अवसर नै हो ।

मानिसहरू आफू बसेको स्थानमा भएको दुःख कष्टका कारण अन्यत्र जान बाध्य हुन्छन् । कुनै स्थानमा आफूलाई आवश्यक सेवासुविधा नभएका कारण कष्टकर जीवन बिताउनुपर्ने अवस्था भएमा मानिसहरू बाध्य भएर उक्त स्थान छोडेर अन्यत्र जान्छन् । महामारी रोग फैलिएमा, अशान्ति र द्वन्द्व भएमा, युद्ध भएमा, प्राकृतिक प्रकोप भएमा, अनिकाल भएमा पनि मानिसहरू उक्त स्थान छाड्न बाध्य हुन्छन् । नेपालमा हिमाली प्रदेशबाट तराईतर्फ बसाइँ सर्नु, द्वन्द्व कालमा मध्यपश्चिमबाट अन्यत्र बसाइ सर्नु । नेपालीहरू बिदेसिनु यसका उदाहरण हुन् ।

## नेपालमा आन्तरिक बसाइँसराइ

एकै देशभित्र एक स्थानबाट अर्को स्थानमा बसाइँ सर्ने कार्यलाई आन्तरिक बसाइँसराइ भनिन्छ । नेपालमा सयौँ वर्षदेखि आन्तरिक बसाइँसराइ हुँदै आएको देखिन्छ । हिमाली र पहाडी क्षेत्रबाट तराईतिर, गाउँबाट सहरतिर हुने बसाइँसराइ यसका उदाहरण हुन् । तराई प्रदेश उर्वर भूमिले बनेको हुँदा कृषिको प्रशस्त सम्भावना छ । त्यसै गरी यहाँ उद्योग र व्यापारको समेत अवसरहरू उपलब्ध छन् । हिमाली प्रदेश विकट भूबनोट र अत्यन्त चिसो हावापानी भएको क्षेत्र हो । त्यहाँ सधैँ खाद्यान्नको अभाव हुने गर्दछ । जनजीविका पनि कष्टकर छ । यातायातको अभावका कारण ओहोरदोहोर गर्न र सामान ओसारपसार गर्न पनि कठिन र खर्चिलो हुन्छ । त्यसैगरी पहाडी क्षेत्रमा पनि विकट भूभागहरू प्रशस्तै छन् । त्यहाँको जमिन त्यति उर्वर छैन । खानेपानी, बिजुली बाटो, स्वास्थ्य सुविधा आदिको अभावका कारण त्यहाँका जनता कष्ट सहन बाध्य छन् । आफ्नो उत्पादनलाई बजारमा लगेर बिक्री गर्न समेत नसक्ने हुनाले त्यहाँका अधिकांश मानिसहरू सधैँ आर्थिक अभावको जीवन गुजार्न बाध्य छन् । यस्तो दुःखी जीवन बिताउनुभन्दा सहर वा तराई पसी सानो व्यवसाय गरेर जीवन यापन गर्न सकिन्छ भन्ने धारणाको विकास पहाडी क्षेत्रका जनतामा भएको पाइन्छ । यस्ता कारणहरूले गर्दा नेपालमा आन्तरिक बसाइँसराइले प्रोत्साहन पाइरहेको छ ।

## बाह्य बसाइँसराइ

एक देशको सिमाना पार गरेर अर्को देशमा बसाइँ सरेर आउने वा जाने कार्यलाई बाह्य बसाइँसराइ भनिन्छ । साधरणतया अध्ययन, रोजगारी व्यापार वा अन्य कारणले बाह्य बसाइँसराइको प्रवृत्ति बढ्दो छ । खास गरी नेपालबाट कामको खोजीमा र अध्ययनका सिलसिलामा विदेसिने क्रम तीव्र गतिमा बढेको छ । खास गरी नेपालीहरू खाडी मुलुक, मलेसिया, जापान, हङ्कङ, अस्ट्रेलिया, युरोपेली मुलुकहरू र अमेरिकालाई मुख्य गन्तव्य बनाएर बाहिरिएको देखिन्छ ।

## क्रियाकलाप

१. एक सफा चार्टपेपरमा बसाइँसराइका आकर्षक र विकर्षणका तत्त्वहरू झल्कने पोस्टर तयार गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।

२. 'नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइ' शीर्षकमा एक पृष्ठको कार्यपत्र तयार पार्नुहोस् कक्षामा प्रस्तुति र छलफल गर्नुहोस् ।

## अभ्यास

१. बसाइँसराइको भनेको के हो ? छोटकारीमा परिचय दिनुहोस् ।

२. नेपालमा बसाइँसराइ हुने कुनै पाँच कारणहरू उल्लेख गरी कुनै तीनओटाको व्याख्या गर्नुहोस् ।

३. नेपालमा आन्तरिक बसाइँसराइ र त्यसले उत्पन्न गरेका समस्याहरू उल्लेख गर्दै बिदेशमा बस्ने साथीलाई चिठी लेख्नुहोस् ।

एकाइ दश

# जनसङ्ख्या वृद्धि र व्यवस्थापन



## सिकाइ उपलब्धि

- जनसङ्ख्या वृद्धिका कारण, गुणस्तरीय जीवनमा ह्रास, गुणस्तरीय जीवनका उपायहरू र पारिवारिक जीवन शिक्षाका बारेमा वर्णन गर्न
- जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय सङ्घसँस्थाहरूको भूमिका उल्लेख गर्न

## पाठ १ : जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवन



जनसङ्ख्या व्यवस्थापन भन्नाले देशको प्राकृतिक स्रोत र साधनले धान्न सक्ने गरी जनसङ्ख्यालाई सही रूपले वितरण गर्ने कार्यलाई बुझाउँछ । जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । जनसङ्ख्या वृद्धिदर उच्च रहेमा गुणस्तरीय जीवनमा प्रतिकूल प्रभाव पर्छ । प्राप्त स्रोत साधन अपर्याप्त हुन्छन् । जनसङ्ख्या वृद्धि व्यवस्थापन गर्न कठिन हुन्छ । गुणस्तरीय जीवनमा निम्नलिखित तत्त्वहरूले प्रभाव पार्दछ :

- जनसङ्ख्याको आकार, वृद्धिदर, बसाइँसराइ जस्ता जनसाङ्खिक तत्त्वहरू
- सामाजिक प्रणाली, राजनीतिक प्रणाली, सांस्कृतिक मूल्य मान्यताहरू र उपभोगको ढाँचा
- विकास प्रक्रिया, विज्ञान प्रविधिको विकास, बजारको विकास, क्रय शक्ति
- स्रोत साधनको उपलब्धता र त्यसको उपयोगको अवस्था
- कुल राष्ट्रिय उत्पादन, प्रतिव्यक्ति आय, मानव विकासको अवस्था
- व्यक्तिगत जीवनस्तरको अवस्था (जस्तैः शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, भोजन,सुरक्षा)
- राज्य व्यवस्था, ऐन कानुन र त्यसको कार्यान्वयनको अवस्था
- धार्मिक एवम् सांस्कृतिक आवस्था, आस्था, चेतना, विश्वास र अन्ध विश्वासको अवस्था

मानवीय आवश्यकता र गुणस्तरीय जीवनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । सबै आवश्यकता पूरा भई शिक्षा, स्वास्थ्य जस्ता विविध क्षेत्रमा उच्चस्तर कायम हुन सकेमा मात्र गुणस्तरीय जीवनको परिकल्पना गर्न सकिन्छ । मानव शरीर र स्वास्थ्यका लागि

अत्यन्त आवश्यक पर्ने आधारभूत गाँस, बास र कपास हुन् । खानका लागि भोजन, शरीर रक्षाका लागि वस्त्र र सुरक्षाका लागि आवासको आवश्यकता पर्छ ।

मानिस स्वभावैले सुख सुविधा र आनन्द खोज्ने प्राणी हो । पहिले उसले आफ्नो भौतिक सुख सुविधा नै खोज्दछ । जब मानिसले समयअनुसारको प्रविधि र उपकरण प्रयोग गर्न पाउँछ तब उसले सुखको अनुभूति गर्न थाल्दछ । ऊ स्वस्थ हुन्छ । काम गर्न सक्ने हुन्छ । बुद्धिको प्रयोग गरेर धेरै आम्दानी हुने काम गर्न सक्छ । जो स्वस्थ, शिक्षित, चेतनशील र क्रियाशील छ उसलाई कामको खाँचो हुँदैन । जब काम हुन्छ दाम र नाम दुबै हुन्छ । नाम पनि हुन्छ ।

त्यसका अलावा सानो र सुखी परिवार भएकाहरूले त बचत समेत गर्न सक्दछन् । फलस्वरूप विद्यालय, पाटी, चौतारो, बाटो आदिको निर्माण गर्नर सार्वजनिक हितको कार्यमा समेत सहयोग गर्न सकिन्छ । मानव भौतिक तथा आध्यात्मिक सुखसुविधासहित सन्तुष्ट छ भने त्यसलाई गुणस्तरीय जीवन भन्न सकिन्छ । मानव जीवनको गुणस्तर यसरी फरक फरक हुनुमा विभिन्न तत्त्वहरूले प्रभाव पारेको हुन्छ ।

परिवार, समुदाय र राष्ट्रमा जनसङ्ख्या धेरै वा अनियन्त्रित छ भने गुणस्तरीय जीवन प्राप्त गर्न सकिँदैन । त्यहाँ साधनस्रोतको अभाव हुन जान्छ र जीवनको गुणस्तर खस्किन पुग्छ । तसर्थ पहिलो प्राथमिकता जनसङ्ख्या व्यवस्थापनलाई नै दिनुपर्छ ।

वि.सं. २०६८ सालको जनगणनाको तथ्याङ्कअनुसार नेपालमा औसतमा एउटा परिवारमा ४.८८ जना मानिस बस्छन् । यसै गरी जनसङ्ख्या वृद्धिदर १.३५ छ । पुरुष र महिलाको लैङ्गिक अनुपात १०० बराबर ९४.२ छ । यस जनगणनाअनुसार आफ्नै घर बस्ने नेपालीको सङ्ख्या ८५.२६% छ । भाडाको घरमा बस्न नेपालीको सङ्ख्या १२.८१% छ । त्यसै गरी ३८.१७% घर परिवारको आफ्नै घरमा शौचालय नभएको अवस्था पनि देखिन्छ यसले पनि गुणस्तरीय जीवनमा ठुलो प्रभाव पारेको छ ।

## क्रियाकलाप

१. जनसङ्ख्या र गुणस्तरीय जीवन शीर्षकमा एक चित्र तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. गुणस्तरीय जीवन भनेको भौतिक सुख सुविधा प्राप्त गर्नु मात्र होइन त्यसमा आध्यात्मिक सुखसमेत जोडिनुपर्दछ भन्ने विषयमा वक्तृत्व कला कार्यक्रम आयोजना गर्नुहोस् ।

## अभ्यास

१. गुणस्तरीय जीवन भनेको के हो ?

२. "गुणस्तरीय जीवन र जनसङ्ख्या बिचमा प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. जनसङ्ख्या बढ्दा जीवनको गुणस्तरमा कस्तो प्रभाव पार्दछ ?व्याख्या गर्नुहोस् ।

४. गुणस्तरीय जीवनलाई प्रभाव पार्ने तत्वहरूको सूची बनाई कुनै दुईको छोटो परिचय दिनुहोस् ।

# पाठ २ : जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरू

काठमाडौँमा क्याम्पस पढ्न बसेको प्रमिलाले आफ्नो रुकुमको एउटा गाउँमा बसेको आफ्नो भाइलाई लेखेको यो चिठी अध्ययन गरी जनसङ्ख्या व्यवस्थापन गर्ने उपाय बारेमा बुझौँ ।

प्यारो भाइ सुवास,

आशीर्वाद छ । तपाईँले पठाएको चिठी मैले हिजो पाएँ । तपाईँले जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरूका बारेमा जिज्ञाशा राख्नुभएको रहेछ । हामीले पनि कलेजमा त्यही विषयका बारेमा अध्ययन गरिरहेका छौँ ।

भाइ, धेरैजसो मानिसको बुझाइमा जनसङ्ख्या व्यवस्थापन भनेको जनसङ्ख्या नियन्त्रण हो भन्ने छ, तर त्यसो होइन ।

जनसङ्ख्या व्यवस्थापन जनसङ्ख्या नियन्त्रणभन्दा अलि फरक छ । जन्म, मृत्यु र बसाइँसराइसँग सम्बन्धित विभिन्न पक्षलाई सम्बोधन गर्ने र स्रोत साधनसँग सन्तलुन कायम राख्दै जनसङख्यालाई परिचालन गर्ने कार्य जनसङ्ख्या व्यवस्थापन हो । यसमा खाद्यान्न, कपडा,आवास, शिक्षा, स्वास्थ्योपचार, रोजगारी आदि आधारभूत आवश्यकता उपलब्ध गराई जीवनलाई गुणस्तरीय बनाउनपुर्छ । त्यसैले जनसङ्ख्या व्यवस्थापनमा जनसङ्ख्या नियन्त्रण मात्र नभई आवश्यकताअनुसार जनसङ्ख्या वृद्धि गर्नु पनि पर्दछ ।

उदाहरणका लागि अमेरिकाले आफ्नो देशमा जनसङ्ख्या नपुगेर बर्सेनि अन्य मुलुकबाट डिभीमार्फत पचास हजारको हाराहारीमा मानिस भित्राउँछ । चिनले देशमा जनसङ्ख्या बढी भयो भनेर विदेशबाट बसाइँ सरी आउन प्रतीबन्ध लगाउनुको साथै आफ्नो देशमा एक सन्तान नीति लागु गऱ्यो । नेपाललगायत कैयौँ एसियाली र अफ्रिकी राष्ट्ररूमा परिवार नियोजन कार्यक्रमलाई सघन रूपमा लागु गरी जनसङ्ख्या नियन्त्रण गर्ने कार्य भइरहेको छ । सिङ्गापुरले भने दुईभन्दा बढी सन्तान जन्माउने दम्पतीलाई पुरस्कृत गर्ने योजना अघि सारेको छ । यसरी कुनै ठाउँमा जनसङ्ख्या बढी भएर घटाउनुपर्ने हुन्छ भने कुनै ठाउँमा जनसङ्ख्या कमी भएर बढाउनुपर्ने हुन्छ ।

भाइ, हाम्रो देशमा जनसङख्या व्यवस्थापनका लागि जनसङ्ख्याको नियन्त्रण आवश्यक छ । त्यसैले हाम्रो देशले जनसङ्ख्या व्यवस्थापन गर्न निम्नानुसार गर्नुपर्दछ :

- जनसङ्ख्या वृद्धि र स्रोत साधनबिच सधैँ सन्तलुन कायम राख्ने
- जन्मदर, शिशु मृत्युदर, बाल मृत्युदर र आप्रवासनदर घटाउने
- विवाहको उमेर र जन्मान्तर बढाउने नीति अपनाउने
- महिला शिक्षा र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- परिवार नियोजनको कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने
- परिवार नियोजनका साधनहरू र सेवाहरू सर्वसुलभ रूपमा उपलब्ध गराउने

## क्रियाकलाप

१. आफ्नो समुदायमा उपलब्ध स्रोत, साधन र रोजगारिको अवस्थाबारे समूहमा छलफल गर्नुहोस् ।

२. आफ्नो समुदायको जनसङ्ख्या सम्बन्धी समस्याको सूची तयार पारी समाधानका उपायहरूका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

१. जनसङ्ख्या व्यस्थापन भनेको के हो ? कुनैपनि देशमा यसको आवश्यकता किन पर्दछ ?

३. हाम्रो जस्तो विकासोन्मुख देशहरूमा जनसङ्ख्या व्यवस्थापनका उपायहरू के हुनसक्छन्, उल्लेख गर्नुहोस् ।

४. तपाईंको समुदायमा जनसङ्ख्या व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची तयार पार्नुहोस् ।

# पाठ ३ : नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू

आज रूपा गाउँपालिकाको सभा हलमा विभिन्न क्षेत्रबाट आउनुभएका मानिसहरू जम्मा भइसकेको छ । आयोजकको भनाइअनुसार यहाँ जनसङ्ख्या विज्ञको उपस्थितिमा जनसङ्ख्याको समस्याहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन हुनलागेको कुरा थाहा पाएँ । जनसङ्ख्या व्यवस्थापनका समस्याका बारेमा आधारभूत तहमा अध्ययन गर्नुपर्ने हुनाले मलाई पनि यो कार्यक्रम अन्यन्तै फलदायी हुन्छ भन्ने लाग्यो । त्यसैले मलाई नबोलाइएको कार्यक्रम भए तापनि आयोजकमध्ये एकजनासँग अनुमति मागेर म पनि हल भित्र प्रवेश गरेँ । हल मानिसहरूले खचाखच भरिएको थियो । उद्घोषकले आसन् ग्रहण गराउँदै जनसङ्ख्याविद् विना थापा मगरको परिचय गराई माइक्रोफोन हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा सहभागी सबैलााई सम्बोधन गरिसकेपछि विज्ञ थापा मगरले आफ्नो भनाइ यसरी राख्नुभयो :

उपस्थित सहभागीज्यूहरू, जनसङ्ख्या गतिशील छ । यो घट्ने बढ्ने भइरहन्छ । जनसङ्ख्या तीव्र गतिमा बढ्न थाल्यो भने त्यसलाई जनसङ्ख्या वृद्धि भनिन्छ । नेपालमा वि.सं. १९६८मा पहिलो पटक जनगणना भएको थियो र वि.सं. २०६८ सालको जनगणना हालसम्म अन्तिम जनगणना हो भन्दै प्रोजेक्टरबाट निम्नलिखित तथ्याङ्क प्रस्तुत गर्नुभई आफ्नो भनाइ राख्दै जानुभयो । मैले पनि झोलाबाट कापी र कलम निकालेर टिप्ने कोसिस गरेँ ।

**नेपालको जनसङ्ख्याको आकार र वार्षिक वृद्धि दर**

| जनगणना वर्ष (वि.सं.) | जनसङ्ख्या | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|
| १९६८ | ५६,३८, ७४९ | ...... |
| १९७७ | ५५,७६,७८८ | -0.१२ |
| १९८७ | ५५,३२,५७४ | -0.0७ |

| जनगणना वर्ष (वि.सं.) | जनसङ्ख्या | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|
| १९६८ | ६२,८३,६४९ | १.२७ |
| २००९-११ | ८२,५६,६२५ | २.७३ |
| २०१८ | ९४,१२,९९६ | १.३१ |
| २०२८ | १,१५,५५,९८३ | २.०५ |
| २०३८ | १, ५०,२२,८३९ | २.६२ |
| २०४८ | १,८४,९१,०९७ | २.०८ |
| २०५८ | २,३१,५१,४२३ | २.२५ |
| २०६८ | २,६४,९४,५०४ | १.३५ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२*

नेपालमा पहिलो जनगणनादेखि हालसम्मका जनसाङ्ख्याको विश्लेषण गर्दा वि.सं. १९६८ देखि १९८७ सम्म जनसङ्ख्या वृद्धिदर घटेको देखिए तापनि वि.सं. २०१८ देखि वि.सं. २०५८ सम्ममा नेपालको जनसङ्ख्या तीव्र रूपले वृद्धिदर बढेको देखिन्छ । यसका कारणहरू बालविवाह, बहुविवाह, अशिक्षा, बेरोजगार, गरिबी, उच्च शिशु मृत्युदर आदि हुन् । अघिल्लो जनगणनाको तुलनामा वि.सं.२०६८ को जनगणनामा नेपालको जनसङ्ख्याको वृद्धिदर घटेको पाइन्छ । नेपालको जनसङ्ख्या २६४९४५०४ पुगेको छ ।

जनसङ्ख्या वृद्धिलाई उपर्युक्त ढङ्गबाट व्यवस्थापन गर्नुपर्छ । यसो नगरेमा मानिसको जीवन नै सङ्कटमा पर्न सक्छ। जनसङ्ख्या वृद्धिलाई देशमा प्राप्त स्रोत तथा साधनका आधारमा सीमित गर्नुपर्छ । विभिन्न कारणले गर्दा नेपालको जनसङ्ख्या व्यवस्थापनमा नयाँनयाँ समस्याहरू थपिँदै गएको देखिन्छ ।

यति भनिसकेपछि उहाँले एउटा एउटा स्लाइड देखाउँदै नेपालमा जनसङ्ख्या व्यवस्थापनका निम्नलिखित समस्याहरूका बारेमा भन्नुभयो :

- **कम उमेरमा विवाह गर्ने प्रचलन हुनु :** विवाहको उमरे पनि नेपालको जनसङ्ख्या व्यवस्थापनमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्त्व हो । नेपालमा अझै पनि कम उमेरमा विवाह गर्ने प्रचलन रहेको छ । एक सर्वेक्षणअनुसार विवाहित कुल जनसङ्ख्या मध्ये १५ देखि १९ वर्ष उमेरमा विवाह गर्नेहरूको सङ्ख्या ४८.९ प्रतिशत अर्थात् झन्डै आधा रहेको छ ।

- **विवाहपछि छिट्टै सन्तान जन्माउने र जन्मान्तर कम हुने :** हाम्रो समाजमा विवाह भएपछि छिटै सन्तानजन्माउने प्रचलन रहेको छ । छोराछोरीको विवाह गरेपछि आमाबाबुको छिटै नातिनातिना हेर्ने तीव्र इच्छा रहन्छ। विवाह भएको दुईतीन वर्षमा नै सन्तान भएन भने आमाबाबु दुवै चिन्तित हुन्छन् । त्यसैले दम्पतीहरू छिटो सन्तान जन्माउँछन् । त्यसले जनसङ्ख्या व्यवस्थापनमा चुनौति थपिन्छ ।

- **जन्मान्तर कम हुने :** दुई सन्तान बिचको जन्मान्तर अत्यन्त न्यून रहेका कारण पनि जनसङ्ख्या व्यवस्थापनमा समस्या देखिएको छ ।

- **छोराको चाहना :** छोरा नभए वंश चल्दैन, मरेपछि पिण्डदिन छोरा नै चाहिन्छ आदि भन्ने धार्मिक मान्यतालाई हटाउन नसकेको कारणले नेपालको जनसङ्ख्या व्यवस्थापनमा समस्या थपिएको छ ।

- **महिलाको निर्णायक भूमिका कम हुनु वा नहुनु :** हाम्रो देशको परिवेशमा ढिलो सन्तान जन्माउने वा जन्मान्तर धेरै राख्ने, परिवार नियोजनका उपाय अपनाउने, ढिलो विवाह गर्ने आदि जस्ता कुराको महिलाको निर्णायक भूमिका नहुनाले जनसङ्ख्या व्यवस्थापनमा समस्या परेको छ ।

- **शिशु तथा बाल मृत्युदर उच्च रहनु :** वर्ल्ड पपुलेसन् डाटा सिट २०११ का अनुसारनेपालको शिशु मृत्युदर प्रतिहजार ५३ रहेको छ । यो दर निकै उच्च दर हो । शिशु मृत्युदर बढ्दा जन्मेका छोरा छोरीमध्ये कति बाँच्छन् भन्ने थाहा हुँदैन । त्यसैले बाबु आमा धेरै सन्तान जन्माउन चाहन्छन् । यसले जनसङ्ख्या व्यवस्थापनमा समस्या थपिदिएको छ ।

- **न्यून साक्षरता र शैक्षिक स्तर :** नेपालको साक्षरता प्रतिशत वि.सं. २०६८ मा ६५.९ पुगेको छ । अझै पनि ३४.१ प्रतिशत जनता निरक्षर नै छन् । निरक्षर जनता बढी

भएको कारणले खाने मुखको भन्दा काम गर्ने हात गन्नेहरू धेरै हुन्छ । त्यसैले जनसङ्ख्या व्यवस्थापन गर्ने कार्य अझै जटिल हुँदैछ ।

त्यसपछि विज्ञज्यूले जनसङ्ख्या व्यवस्थापनका समस्याहरू समाधानमा आआफ्नो क्षेत्रबाट सबैलाई लाग्न अनुरोध गर्दै धन्यवाद दिनुभयो । कार्यक्रम असाध्यै फलदायी भएकाले मैले आयोजकमध्ये एकजनालाई भेटेर धन्यवाद दिएर त्यहाँबाट हिँडे ।

## क्रियाकलाप

१. तपाईँका वरिपरिका जनसङ्ख्या व्यवस्थापनका समस्याहरू बारेमा समूहमा बसी छलफल गरी कक्षमा प्रस्तुत गर्नुहोस् ।

२. स्थानीय समुदायमा भएका जनसङ्ख्या व्यवस्थापनका लागि जनचेतना जगाउन विभिन्न प्रकारका नारा, कविता, चित्र, पोष्टर, पाम्प्लेट, प्लेकार्ड आदि तयार पारी समुदायमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरूको सूची तयार पार्नुहोस् ।

२. जनसङ्ख्या व्यवस्थापनका समस्या र समाधानका उपाय उल्लेख गर्दै संवाद तयार पार्नुहोस् ।

३. जनसङ्ख्या नियन्त्रण र जनसङ्ख्या व्यवस्थापनबिचको फरक छुट्याउनुहोस् ।

४. नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू बारेमा उल्लेख गर्दै चिठी लेख्नुहोस् ।

# पाठ ४ : जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

तीव्र जनसङ्ख्या वृद्धि विश्वभरिको समस्या हो । यसले विश्वमा धेरै खालका समस्याहरू उत्पन्न गराएको छ । त्यसैले जनसङ्ख्या व्यवस्थापन विश्वभरिको चासोको विषय हो । जनसङ्ख्या व्यवस्थापनका लागि विश्वमा विभिन्न सङ्घसंस्थाहरू क्रियाशिल छन् । तीमध्ये हामी यहाँ संयुक्त राष्ट्र जनसङ्ख्या कोष (United Nations Population Fund, UNFPA) बारेमा अध्ययन गर्दछौँ ।

## संयुक्त राष्ट्र जनसङ्ख्या कोष (United Nations Population Fund, UNFPA)

संयुक्त राष्ट्र जनसङ्ख्या कोष United Nations Fund for Population Activities (UNFPA) अन्तर्राष्ट्रिय संस्था हो ।

यसको स्थापना सन् १९६९ मा भएको थियो । स्थापना कालमा यसको नाम United Nations Fund for population Activities थियो । पछि सन् १९८७ मा यसको नाम परिवर्तन गरी United Nations Population Fund राखियो । यसको छोटकरी नाम UNFPA र लोगो भने उही नै रहेको छ । यसको प्रधान कार्यालय न्युयोर्कमा रहेको छ । सले प्रत्येक वर्ष विश्वको जनसङ्ख्या प्रतिवेदन (The State of World Population) प्रकाशित गर्छ । यसले प्रत्येक वर्ष प्रकाशित गर्ने विश्व जनसङ्ख्या प्रतिवेदनमा महिला स्वास्थ्य, प्रजनन स्वास्थ्य, परिवार नियोजन र जनसङ्ख्यासम्बन्धी विभिन्न तथ्य र तथ्याङ्को विश्लेषण समावेश गरिएको हुन्छ । यसले जनसाङ्ख्यिक सर्वेक्षण तथा जनगणना लिने कार्यमा विभिन्न राष्ट्रहरूलाई सहयोग पुऱ्याउँदै आएको छ । यसले सदस्य राष्टरूहरूमा जनसङ्ख्या नीति र कार्यक्रम बनाउन पनि सहयोग गर्दछ ।

यस संस्थाले सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा पारित कार्ययोजनाका आधारमा कार्य गर्दछ । सम्बन्धित देशको सरकारसँग मिलेर विश्वमा जनसङ्ख्यासम्बन्धी समस्या समाधान र गरिबी निवारणका लागि काम गर्दछ । समुदाय र परिवारलाई यौन तथा प्रजनन स्वास्थ्य

सेवा सम्बन्धमा शिक्षा दिने, स्रोत र साधनहरूको विश्व्यापी पहुँच पुऱ्याउने कार्यसमेत यस संस्थाले गर्दछ । संयुक्त राष्ट्र जनसङ्ख्या कोषका उद्देश्यहरू यसप्रकार रहेका छन् :

- यौन तथा प्रजनन स्वास्थ्यमा विश्वव्यापी पहुँच पुऱ्याउनु
- मातृशिशु मृत्युदर घटाउनु
- प्रजनन अधिकारलाई प्रवर्धन गर्नु

UNFPA को मूल ध्येय नै विश्वका प्रत्येक महिलाले गर्भवती हुन पाउन्,प्रत्येक जन्म सुरक्षित रहोस् र प्रत्येक युवाले आफ्नो क्षमता प्रदर्शन गर्न पाओस् भन्ने नै हो ।

## क्रियाकलाप

१ विश्व जनसङ्ख्या कोषको लोगो तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. नेपालमा विश्व जनसङ्ख्य कोष र अन्य संस्थाले गरेको कार्यबाट जनसङ्ख्या व्यवस्थापनमा के कस्तो सहयोग पुगेको होला ? समूहमा छलफल गरी पालैपलो कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. विश्व जनसङ्ख्या कोषको छोटो परिचय दिनुहोस् ।

२. विश्व जनसङ्ख्या कोषले गर्ने कार्यहरूको सूची तयार पार्नुहोस् ।

३. विश्व जनसङ्ख्या कोषको मुख्य समस्या र नेपालमा यसले गरेका कार्यहरू बारे एक समाचार तयार पार्नुहोस् ।

४ **तलको अनुच्छेदहरू अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

### ज्येष्ठ नागरिकको बढ्दो सङ्ख्या नयाँ अवसर र चुनौती

मानिस जन्मन्छ, बढ्छ, बुढो हुन्छ र अन्त्यमा मर्छ । यो प्रकृतिको नियम हो । हामी सबै जना एक दिन बुढो हुन्छौं । नेपालमा पेसागत क्षमताको आधारमा गरिएको उमेरको संरचनाअनुसार साठी वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक

भनिन्छ । स्वास्थ्य सेवा विस्तार, जीवनस्तरमा सुधार र औषधी उपचार सुविधाका कारण हिजोआज मानिसहरू धेरै उमेरसम्म बाँच्ने गर्दछन् । उमेर लम्बिँदा मानिसको औसत आयु र समाजमा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्छ । बढ्दो ज्येष्ठ नागरिक सङ्ख्या आज विश्वमा नयाँ अवसर र चुनौतीका रूपमा लिन सकिन्छ ।

ज्येष्ठ नागरिकसँग लामो जीवनको अनुभव हुन्छ । उहाँहरूले आफ्नो लामो जीवनबाट धेरै कुरा सिकेका र जानेका हुनुहुन्छ। उहाँहरूसँग धेरै ज्ञान छ। अहिलेका ज्येष्ठ नागरिकहरू पहिले समाजका सक्रिय युवाशक्ति हुनुहुन्थ्यो । आफ्नो सक्रिय जीवनकालमा उहाँहरूले बनाएका संरचना, आविष्कार गरेका साधन तथा सिर्जना गरेका साहित्यलगायतका कुराहरूबाट आजको समाज समृद्ध भएको छ। उहाँहरूले आफ्नो उमेरमा गरेका कामबाट हाम्रो पुस्ताले लाभ लिइरहेको छ । त्यसैले बढ्दो ज्येष्ठ नागरिक सङ्ख्या आज विश्वमा नयाँ अवसर रूपमा लिइन्छ। सबै समाजमा उहाँहरूको सम्मान गरिन्छ। ज्येष्ठ नागरिकलाई जिउँदा देवता पनि भन्ने गरिन्छ। आफ्नो इच्छा र क्षमताअनुसार समाजमा सकृय रहने अवसर पाउनु ज्येष्ठ नागरिको हक पनि हो । हाम्रो समाजमा प्रचलित “आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको भन्ने ”उखान, महाभारतमा भिष्म पितामह जस्ता ज्येष्ठ नागरिकको सम्मान गर्ने र कुरा सुन्ने पाण्डवको विजय र उनको अपमान गरी उनका कुरा लत्याउने कौरवको हार भएको थियो । यी कुराहरू हामीले भुल्नुहुँदैन ।

हिजोआज ज्येष्ठ नागरिकको बढ्दो सङ्ख्या चुनौतीपूर्ण हुँदैछ । उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकको स्वास्थ्य बिग्रन्छ । उहाँहरूलाई स्वास्थ्य उपचार, स्याहार र सुसारको आवश्यकता पर्न थाल्दछ । आजको आधुनिक जीवनशैली यति महँगो र यान्त्रिक बन्दै गइरहेको छ कि काम गर्न सक्नेहरू अहोरात्र काममा व्यस्त हुन्छन् । केटाकेटीहरू विद्यालय र महाविद्यालयमा हुन्छन् । घरमा भएका जेष्ठ नागरिकको स्याहार र हेरचाह गर्ने कोही हुँदैनन् । जनसङ्ख्या व्यवस्थापन र सामाजिक जीवनका क्षेत्रमा यो नौलो चुनौतीका रूपमा देखा परेको छ । अहिलेका ज्येष्ठ नागरिकले विगतमा आफ्नो सक्रिय जीवनकालमा कमाएको आम्दानीबाट कर तिरेर सरकारलाई सहयोग पुऱ्याएका थिए। हामीलाई हुर्काएका थिए। शिक्षा दिक्षा दिएका थिए। आज उहाँहरू कमाउन नसक्ने, असक्त र रोगी हुनुहुन्छ । त्यसैले उहाँहरूको सामजिक सुरक्षा गर्नु, उपचारको व्यवस्था गर्नु, स्याहारको व्यवस्था गर्नु र

चिन्ताविहीन अवस्थाको सिर्जना गरिदिनु उहाँका सन्तति हामी  र राज्य दुवैको दायित्व र कर्तव्य हो ।

**प्रश्नहरू**

१. कुल जनसङ्ख्यामा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएका कारण आएका समस्याहरूको समूहमा छलफल गरी सूची बनाउनुहोस् ।

२. तपाईंको परिवार वा छिमेकका ज्येष्ठ नागरिकले परिवार र समुदायमा फाइदा हुने या सजिलो हुने खालका के कस्ता कामहरू गर्नुहुन्छ ? आफूले देखेको वा सुनेको आधारमा बुँदा टिपोट गर्नुहोस् ।

३. ज्येष्ठ नागरिकप्रति अरूले के कस्तो व्यवहार गर्नुपर्छ, सूची बनाउनुहोस्  ।

| सरकार | छिमेकी र टोलका मानिस | सेवा प्रदायी संस्था (यातायातको साधन, अस्पताल आदि) | परिवारका सदस्य |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. ज्येष्ठ नागरिकको महत्त्व झल्काउने खालका प्रचलित उखान र भनाइहरूको सूची तयार पार्नुहोस् ।

## पाठ ५ : विश्वमा जनसङ्ख्याको आकार र वृद्धिदर

विकल थापा आधारभूत तहका विद्यार्थी हुन् । विभिन्न अवधिमा विश्वको जनसङ्ख्या सम्बन्धि निम्नलिखित तालिका हेरेर उनले निम्नलिखित वाक्यहरू बुँदा टिपोट गर्नुहोस् :

| विभिन्न अवधिमा विश्वको जनसङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अवधि | सन् १८०० | १९३० | १९६० | १९७४ | १९८७ | १९९९ | २०११ | २०१५ | २०२४ |
| एक अर्ब जनसङ्ख्या थपिन लागेको समय (वर्षमा) | ससुरु देखि | १३० | ३० | १४ | १३ | १२ | १२ | ४ | १३ अनुमानित |
| जनसङ्ख्या अर्बमा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ७.३ | ८ |

पृथ्वी मानवको घर हो। यहाँ विश्वका कुना कुनासम्म मानव बस्ती फैलिएको छ। विभिन्न अवधिमा विश्वको जनसङ्ख्या यसप्रकार रहेको छ ।

१. सन् १८०० मा विश्वको जनसङ्ख्या १ अर्ब थियो ।

२. करिब १३० वर्षपछि सन् १९३० मा विश्वको जनसङ्ख्या २ अर्ब पुगेको थियो ।

३. सन् १९६० मा ३० वर्षकै अवधिमा एक अर्ब थपिएर विश्वको जनसङ्ख्या र ३ अर्ब पुगेको थियो ।

४. सन् १९७४ मा १४ वर्षकै अवधिमा विश्वमा एक अर्ब जनसङ्ख्या थपिएर ४ अर्ब पुगेको थियो ।

५. सन् १९८७ मा १३ वर्षकै अवधिमा विश्वमा एक अर्ब जनसङ्ख्या थपिएर ५ अर्ब पुगेको थियो ।

६. सन् १९९९ अक्टोबर १२ का दिन १२ वर्षकै अवधिमा विश्वमा एक अर्ब जनसङ्ख्या थपिएर ६ अर्ब पुगेको थियो ।

७. सन् २०११ अक्टोबर ३१ का दिन १२ वर्षकै अवधिमा विश्वमा एक अर्ब जनसङ्ख्या थपिएर ७ अर्ब पुगेको थियो ।

८. सन् २०१५ मा विश्वको जनसङ्ख्या ७.३ अर्ब पुगेको थियो । यही दरमा जनसङ्ख्या वृद्धि हुँदै जाने हो भने सन् २०२४ मा विश्वको जनसङ्ख्या आठ अर्ब पुग्नेछ ।

तलको तलिकामा विश्वको जनसङ्ख्याको क्षेत्रीय वितरणलाई प्रस्तुत गरिएको छ । उक्त तालिकाको तथ्याङ्कलाई आधार बनाएर विकलले जस्तै कक्षामा छलफल गरेर केही बुँदा टिपोट गर्नुहोस् :

**विश्वको जनसङ्ख्याको क्षेत्रीय वितरण, २०१५**

| क्षेत्र / परिसूचक | जनसङ्ख्या दश हजारमा | जन्मदर प्रति हजारमा | मृत्युदर प्रति हजारमा | बसाइँसराइ दर प्रति हजारमा | जनघनत्व प्रति वर्ग किमि | कुल प्रजनन दर |
|---|---|---|---|---|---|---|
| **विश्व** | ७३३७ | २० | ८ | | ५२३ | २.५ |
| **विकसित** | १२५१ | ११ | १० | २ | २३८ | १.७ |
| **कम विकसित** | ६०८२ | २२ | ७ | -१ | ६९६ | २.६ |
| **कम विकसित चीनबाहेक** | ४७०२ | २४ | ७ | -० | ६१२ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **अति कम विकसित** | ९३८ | ३४ | ९ | -१ | ५२१ | ४.३ |
| **अफ्रिका** | ११७१ | ३६ | १० | -० | ४८७ | ४.७ |
| **उत्तर अमेरिका** | ३५७ | १२ | ८ | ३ | १७८ | १.८ |
| **मध्य अमेरिका** | १७३ | २० | ५ | -२ | ५८५ | २.४ |
| **दक्षिण अमेरिका** | ६३० | १८ | ६ | -१ | ३७१ | २.१ |
| **एसिया** | ४३१७ | १८ | ७ | -० | ९३८ | २.२ |
| **युरोप** | ७४२ | ११ | ११ | -२ | २६९ | १.४ |
| **ओसेनिया** | ४० | १८ | ७ | ६ | ३८ | २.१ |

*स्रोतः पपुलेसन् रिफरेन्स ब्युरो २०१५*

## क्रियाकलाप

१. विश्वको जनसङ्ख्याको अवस्था सम्बन्धमा एटलस वा इन्टररनेटबाट जानकारी प्राप्त गरी कक्षामा छलफल गर्नुहोस् ।

२. विश्वको जनसख्या तीव्र गतिमा बढिरहनुका कारणहरू केके होलान् ? छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

१. विश्वमा जनसङ्ख्या वृद्धि हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

२. विश्वको कुन क्षेत्रमा बढी जनसङ्ख्या छ ? त्यहाँ जनसङ्ख्या बढी हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

३. विश्वका विकसित र अल्प विकसित देशका जन्मदर र मृत्युदरको तुलना गर्नुहोस् ।